प्रलेसको संक्षिप्त इतिहास

विष्णु प्रभात

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

प्रलेसको संक्षिप्त इतिहास

लेखक

विष्णु प्रभात

प्रकाशक

विवेक सिर्जनशील प्रकाशन

अनामनगर, काठमाडौं

लेखक : विष्णु प्रभात (☎-४४३०३२६)
सर्वाधिकार: लेखकमा
संस्करण : २०६३, एक हजार प्रति
आवरण : योगेश खपाङ्गी
प्रकाशक : विबेक सिर्जनशील प्रकाशन
अनामनगर, काठमाडौं, ☎- ४२१८०६३, ४३३४५०१
मुद्रण : बंगलामुखी अफसेट प्रेस, कुपण्डोल
मूल्य : रु. १००/-

जनकवि गोकुल जोशी, साहित्यकार नेत्रलाल अभागी
तथा शहीदकवि कृष्णसेन इच्छुक प्रति समर्पण !

-लेखक

लेखकीय

नेपाली साहित्यको प्रगतिवादी फाँटमा प्रतिबध्द लेखनलाई हुर्काउने काम प्रगतिशील लेखक सङ्घले गऱ्यो । प्रलेसले नै नयाँ साहित्य-शास्त्रको बहस नेपाली साहित्यको इतिहासमा भित्र्यायो । यसले प्रगतिशील र प्रगतिवादलाई सहयात्री बनाएर हिँडायो । यी दुई लेखनमा रहने पृथकता औँल्यायो । मैले प्रगतिशील लेखनको इतिहास लेख्ने अभिप्रायबाट प्रेरित भएर पनि संस्थागत गतिविधिको मेहीमा घुमेर यो शोध कार्यलाई खुम्च्याएँ र त्रिविको निश्चित ढाँचा र पाठ्यक्रमको परिधिमा एम.ए.को जाँच पासका लागि केन्द्रित गरेर लेखक सङ्घको योगदान तर्फ मोडें । वास्तवमा यो त्यही एक दशक अघि (२०५२) तयार भएको सामग्री हो । यस बीचमा प्रगतिशील लेखनमा आएका थुप्रै रचना, स्रष्टा र प्राप्तिलाई यसमा समावेश गरेर अलिराम्रैसँग कतिपय मित्रहरूका सुझावअनुसार परिमार्जन गर्ने इच्छा हुँदाहुँदै पनि प्रलेसको सातौं राष्ट्रिय सम्मेलन २०६३ जेठ २८-२९ कै अवसरमा छाप्ने हुटहुटी र मैले त्यस अवधिमा केही गर्न नसक्ने परिस्थितिले गर्दा सँच्याउन सकिन । यो मेरो कमजोरी हो । परन्तु आवश्यक सशोधन गर्न नसके पनि पाँचौं र छैठौं सम्मेलनका गतिविधिहरू यसमा थपेको छु । जे-जति सोच, सामग्री र सूचनाहरू यसमा समावेश छन् त्यसले हाम्रो आन्दोलनलाई फाइदा नै पुऱ्याउने आशा मैले राखेको छु । यसमा छुटेका कुराहरू तथा भएका भूलहरूलाई अर्को संस्करणमा अवश्यनै सँच्याइने छ र त्यसका लागि मित्रहरुको सहयोग, सद्भाव तथा लिखित सुझावहरू अवस्य नै प्राप्त हुने छ । यही आशामा अहिले छलफलका लागिनै यस पुस्तकलाई सार्वजनिक गरिएको छ ।

प्रलेसको संक्षिप्त इतिहास नामक यो पुस्तकलाई यस रूपमा ल्याउने क्रममा मलाई विभिन्न सल्लाह, सुझाव र स्रोत सामग्री दिएर सघाउनु हुने प्राध्यापक राजेन्द्र सुवेदी तथा साहित्यकार श्यामप्रसाद शर्मा, निनु चापागाई, गोविन्द भट्ट, आनन्ददेव भट्ट, जीवेन्द्रदेव गिरी, वासुदेव अधिकारी, विनय कसजु, कृष्णचन्द्र सिंह प्रधान, जनकप्रसाद हुमागाईं लगायत प्रलेस केन्द्रीय कार्यालयप्रति हार्दिक कृतज्ञता एवम् धन्यवाद प्रकट गर्न चाहान्छु । पुरानो शोध-प्रबन्धलाई पुस्तकका रूपमा प्रकाशित गर्न अनुमति दिने त्रिवि नेपाली केन्द्रीय विभागलाई पनि यस अवसरमा धन्यवाद दिन चाहान्छु । अत्यमा घरेलु अप्ठेरो झेल्दै लेखनमा अभिप्रेरित गर्ने जीवनसङ्गीनी लक्ष्मीदेवी अर्याल, पुस्तक प्रकाशनको भार बहन गर्ने विवेक सिर्जनशील प्रकाशनका साथी बालसाहित्य-स्रष्टा विजयराज आचार्यलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

२०६३ जेठ २२ — *विष्णु प्रभात*

केही मन्तव्यहरू

नेपाली साहित्यमा प्रगतिशील लेखक सङ्घको योगदान जस्तो अत्यन्त महत्वपूर्ण विषयलाई परिश्रम पूर्वक शोधखोज गरी त्यसैका वरिपरी प्रगतिशील लेखनको संक्षिप्त इतिहास समेटेर तयार गरिएको यो शोधग्रन्थ ज्यादैनै उपयोगी र सराहनीय छ।

–श्यामप्रसाद शर्मा

प्रगतिशील लेखक सङ्घको इतिहासलाई सामान्य रूपमा लिपिबद्ध गरेर यतिञ्जेल उपेक्षित रहेको नेपाली साहित्यको महत्वपूर्ण पाटो माथि प्रकाश पार्ने प्रशंसनीय कामका लागि लेखक धन्यवादका पात्र बनेका छन्। साँस्कतिक इतिहास विचार प्रवृतिहरूको निर न्तरता र त्यसका निम्ति हुने विभिन्न विचारहरूको द्वन्द्व पनि हो। प्रलेस भित्र प्रवाहित विचारहरूको द्वन्द्वलाई यसले राम्ररी अघि ल्याउन सकेको छैन, पुनर्लेखन गर्दा त्यसपक्षमा ध्यान जानु आवश्यक छ।

–निनु चापागाईं

यो पुस्तक धेरै महत्वपूर्ण छ र प्रगतिशील तथा प्रगतिवादी क्षेत्रमा यसले एउटा ठूलो ऐतिहासिक कार्य पूरा गरेको छ। यसका निम्ति लेखक बधाइका पात्र हुनुहुन्छ। यसमा छुट भएका वा अपुग रहन गएका विषय र विश्लेषणका लागि थप खोजविन आवश्यक छ। हामीहरूले स्रोत र सूचनाको सहयोग गर्नु पर्छ। ग्रन्थको सुरुमा दिइएको प्रगतिशील र प्रगतिवादको परिभाषा धेरै राम्रो छ। चिन्तनको गतिशीलतामा देखापर्ने सङ्ख्यात्मक विकास प्रगतिशीलता हो भने त्यसको गुणात्मक विकास प्रगतिवाद हो भन्ने मलाई लाग्छ। पछिल्लो समयको विशेषगरी वि.सं.२०५४ पछिको वस्तुगत स्थिति र जनयुद्धले पारेका प्रभावहरूको पक्ष अलि विस्तृत मात्रामा आएको भए अझ राम्रो हुने थियो।

–आनन्ददेव भट्ट

शब्द-संक्षेप

प्रलेस- प्रगतिशील लेखक सङ्घ
प्रलेक सङ्घ- प्रगतिशील लेखक कलाकार सङ्घ
रासतस- राष्ट्रिय सम्मेलन तयारी समिति
के.स.- केन्द्रीय समिति
रा.प.- राष्ट्रिय परिषद्
वि.सं.- विक्रम सम्वत्
इ.सं.- इश्वी सम्वत्
पृ.- पृष्ट
ने.क.पा.- नेपाल कम्युनिष्ट पार्टी
सम्पा.- सम्पादक
त्रि.वि.- त्रिभुवन विश्वविद्यालय
प.सं.- पहिलो संस्करण
दो.सं.- दोस्रो संस्करण
भू.प्र.- भूमिका प्रकाशन
छोक- छोटा कविता
ने.प्र.प्र.- नेपाल प्रज्ञा-प्रतिष्ठान
ने.रा.प्र.प्र.–नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान
सा.प्र.- साझा प्रकाशन
गो.प.- गोरखापत्र
प्र.प्र.म.- प्रगतिशील प्रकाशन मण्डल
म.प्र.हि.ग्र.- मध्यप्रदेश हिन्दी ग्रन्थ
अभाप्रलेस- अखिल भारतीय प्रगतिशील लेखक सङ्घ
प्रलेक- प्रगतिशील लेखक सङ्घको मुखपत्र पत्रिका
प्रलेस- प्रगतिशील लेखक कलाकार सङ्घको मुखपत्र पत्रिका
सूधपा- सूर्यविक्रम ज्ञवाली, धरणीधर र पारसमणि प्रधान
प्र.म.- प्रधानमन्त्री
राजसा मञ्च- राष्ट्रिय जनसाँस्कृतिक मञ्च
राजसा सङ्घ- राष्ट्रिय जनवादी साँस्कृतिक सङ्घ
इसास- इन्द्रेणी साँस्कृतिक समाज
गसास- गण्डकी साहित्य सङ्गम

विषय सूची

अध्याय एक : प्रगतिशीलता र प्रगतिवाद-९-१९
१.१ शब्दार्थमा भेद-९
१.२ प्रगतिशीलता र प्रगतिवादका मान्यताहरू-१०
१.३ फरक हेराइ, फरक अर्थ-१२
१.४ प्रगतिशील साहित्य र प्रगतिवादी साहित्यमा भेद-१३
१.४.१ मान्यता र रचना-पद्धतिको भेद-१६
१.४.२ यर्थाथवाद र प्रगतिवादको सम्बन्ध-१९

अध्याय दुई : नेपाली साहित्यमा सङ्गठित लेखनको परम्परा-२०-२६
२.१ मोती मण्डली पूर्वको स्थिति-२०
२.२ मोती मण्डलीदेखि गोरखा भाषा प्रकाशिनी समितिसम्म-२१
२.३ नेपाली भाषा प्रकाशिनी समिति-२३
२.४ निजी क्षेत्रका अन्य प्रयत्नहरू-२४

अध्याय तीन : प्रगतिशील सिर्जनामा संस्थागत थालनी-२७-३५
३.१ राष्ट्रिय जागरणको परिवेश र प्रेरणा-२७
३.२ अन्तर्राष्ट्रिय गतिविधिको प्रेरणा-२९
३.३ प्रलेसको जन्म: उद्देश्य र कार्यक्रम-३०
३.३.१ प्रलेस जन्मका सम्बन्धमा वीरगञ्जको अपिल-३१
३.३.२ प्रलेस जन्मका सम्बन्धमा काठमाडौंको चर्चा-३२
३.३.३ प्रलेसको जन्म र प्रथम कार्य समिति-३३
३.३.४ प्रलेस र प्रगतिशील प्रकाशन-३४
३.३.५ प्रलेसको नेतृत्वमा नयाँ साहित्यको विकास-३५

अध्याय चार : प्रलेसको विकासक्रम, चरण विभाजन र त्यसको औचित्य-३६-३९
४.१ प्र.ले.स.को विकास यात्रा-३६
४.२ प्र.ले.स.को चरण विभाजन-३७
४.३ चरण विभाजनको औचित्य-३७

अध्याय पाँच : प्रगतिशील लेखक सङ्घको प्रथम चरण (२००९-२०१५)-४०-५२
५.१ साहित्य सिर्जनामा योगदान-४०
५.१.१ नयाँ मान्यताको स्थापना-४१
५.१.२ यथार्थवादी धारामा थप योगदान-४४
५.१.३ विधागत सिर्जनामा पुऱ्याएको योगदान-४५
५.१.३.१ भाषाका सन्दर्भमा पुऱ्याएको योगदान-४६
५.१.३.२ गद्य साहित्यका विविध विधामा योगदान-४७
५.१.३.३ पद्य साहित्यको सिर्जनामा विशेष योगदान-४८
५.२ साहित्यिक पत्रकारिताको विकासमा योगदान-५९
५.३ प्रलेसले गरेका सामुदायिक सेवा कार्यहरू-५१

अध्याय छ : प्रलेसको दोस्रो चरण (२०१६ देखि २०३५)-५३-८०
६.१ समकालीन परिवेश र प्रलेस -५३
६.२ प्रलेसको पहिलो पुनर्गठन र दोश्रो कार्य समिति-५४
६.३ प्रलेसमा विवादको थालनी, तेस्रो कार्य समिति र सङ्घ दर्ताको प्रसङ्ग-५७
६.४ प्रलेसको निस्क्रियता र स्थानीय उत्साह-६०
६.४.१ पुष्पलालको अगुवाइमा तयार गरिएको नयाँ जनवादी संस्कृति-७०
६.५ प्रगतिशील लेखन र सडक कविता आन्दोलन-७५
६.६ दोस्रो चरणका प्रकाशन र प्रतिभाहरू-७७

अध्याय सात : प्रलेसको तेस्रो चरण (२०३६-२०४६)-८१-१२८
७.१ प्रलेसको दोस्रो पुनर्गठन: त्यसको उद्देश्य र अपील-८१
७.२ प्रलेक सङ्घको साङ्गठनिक विस्तार-८६
७.३ प्रलेक सङ्घको विधान- २०३९ र त्यसको कार्यक्रम-८७
७.४ प्रथम सम्मेलन अघिका संस्थागत गतिविधिहरू-८९
७.४.१ प्रलेक सङ्घको जनकपुर सम्मेलन-८९
७.४.२ प्रलेक सङ्घको कोशी अञ्चल सम्मेलन-९६
७.४.३ प्रलेक लुम्बिनी अञ्चल सम्मेलन-९९
७.५ प्रलेकद्वारा युद्धप्रसाद मिश्रको अभिनन्दन-१०४
७.६ प्रलेक सङ्घको प्रथम राष्ट्रिय सम्मेलन अघि र पछिका गोष्ठीहरू-१०७
७.७ प्रलेसको प्रथम राष्ट्रिय सम्मेलन(२०४४)-१११
७.७.१ प्रथम राष्ट्रिय सम्मेलन पछिका विवादहरू-११७
७.७.२ प्रथम राष्ट्रिय सम्मेलन पछिका गतिविधिहरू-११८
७.८ तेस्रो चरणका प्रकाशन तथा प्रतिभाहरू-१२१
७.९ तेस्रो चरणको विधागत प्राप्ति-१२४

अध्याय आठ : प्रलेसका राष्ट्रिय सम्मेलनहरू (२०४७-२०६२)-१२९-१५८
८.१ प्रलेसको दोश्रो राष्ट्रिय सम्मेलन(२०४८)-१३०
८.२ प्रलेसको तेस्रो राष्ट्रिय सम्मेलन(२०५०)-१३२
८.२.१ सम्मेलन पछिका गतिविधिहरु-१३७
८.३ प्रलेसको चौथो राष्ट्रिय सम्मेलन(२०५२)-१३७
८.३.१ चौथो सम्मेलन पछिका गतिविधिहरू-१३९
८.३.२ चौथो राष्ट्रिय सम्मेलनको विवाद र त्यसपछिका गतिविधि-१४६
८.४ विधागत लेखनको तत्कालीन स्थिति-१५०
८.५ प्रलेसको पाँचौ राष्ट्रिय सम्मेलन(२०५६)-१५४
८.६ प्रलेसको छैठौ राष्ट्रिय सम्मलेन(२०५९)-१५६

अध्याय नौ : लोकतान्त्रिक सङ्घर्षमा प्रलेसका सष्टाहरूको योगदान र निष्कर्ष-१५९
- सन्दर्भ पुस्तक/पत्रिकाहरू

अध्याय एक

प्रगतिशीलता र प्रगतिवाद

१. विषय प्रवेश

प्रगतिशील लेखन नेपाली साहित्यको एउटा सशक्त, प्रभावकारी सिर्जनशील धारा रहेको छ। यसले आफ्नो मौलिक साहित्यिक सोच, कलात्मक पद्धति र सौन्दर्यशास्त्रका मान्यतालाई विकास गर्दै नेपाली साहित्यलाई विश्वसाहित्यसँग सम्बन्धित, तुलनीय र प्रतिश्पर्धी बनाएको छ। नेपाली साहित्यको लामो इतिहासमा प्रगतिशील लेखनले भाषासुधार आन्दोलन, भावको सहज संप्रेष्यताका लागि सरलीकरणको अभियान र स्तरीयताका निम्ति परिस्कृत अभिव्यञ्जनालाई समेत ध्यानदिंदै आएको छ। प्रगतिशील लेखनलाई सुव्यवस्थित गर्ने काममा भएका संस्थागत प्रयासहरूमा प्रगतिशील लेखक संङ्घको स्थापना महत्वपूर्ण रहेको छ। प्रलेसको स्थापनासँगै त्यसले साहित्य गोष्ठी, सभा-सम्मेलन, पुस्तक-पत्रिकाहरूको प्रकाशन, वैचारिक दृष्टिकोण निर्माण र रचनापद्धतिमा परिस्कार गर्ने काम गर्दै आएको छ। त्यसैले प्रगतिशील लेखनका सन्दर्भमा ऐतिहासिक अवलोकन गर्दा वैचारिक र व्यवहारिक दुवैपक्षको सिङ्गो अध्ययन जरुरी हुन गएको छ। यहाँ अब प्रगतिशीलता र प्रगतिवादको भिन्नता के छ ? भन्ने मूल विषयलाई सर्वप्रथम प्रवेश दिइन्छ।

१.१ शब्दार्थमा भेद

सामान्य अर्थमा प्रगति भन्नाले कुनै पनि काम, कुरा, वस्तु वा जीवको विकासलाई बुझ्ने-बुझाउने शब्दको रूपमा लिइन्छ। पुरानो गुण, अवस्था र अस्तित्वको विकल्प नयाँ गुण, अवस्था र अस्तित्वको उत्पादन क्रियाका रूपमा पनि प्रगति रहेको छ। समाज, प्राणी र वनस्पतिमा पनि प्रगतिको यो प्रक्रिया- विकासमान् गुण, रहेको हुन्छ। यही विकासमान् गुणको गतिशीलताले विकसित अवस्था पैदा गर्दछ। त्यसो हुँदा प्रगतिको तात्पर्य सामान्य अर्थमा राम्रोसँग अघि बढ्ने, माथि चढ्ने, बृद्धि हुने, कुशल बन्ने, विकास गर्ने भए पनि विशिष्टतामा यो त्यो विकास प्रक्रिया हो जो एउटा क्रमबद्धता पार गरेपछि मात्र देखापर्ने गर्दछ। अग्रगतिको अर्थमा प्रगति विकासको नियम अनुरूप अघि बढ्ने गर्दछ। यथार्थको साक्षात्कार बिना प्रगति परिभाषित हुँदैन। यथार्थ अन्तरसम्बन्धित, परिवेशबद्ध र गतिशील हुन्छ। त्यसैले प्रगतिशील हुनुको तात्पर्य नै यथार्थसँगको सम्यक सुन्तुलन, परिवेशको अग्रगामितामा आबद्ध खण्डखण्डको अखण्डतालाई अङ्गिकार गर्नु, मात्रात्मक हेरफेर ठम्याउँदै अघि बढ्नु, साधारण अवस्थाबाट

विशिष्ठतातर्फ लम्कनु, सकारात्मक र नकारात्मक पक्ष देख्नु हुन पुग्दछ। यही गुणले नै वस्तु र विचारलाई प्रगतिशील बनाउँछ। त्यति भएर पनि प्रगति, प्रगतिक्रम, प्रगतिशील, प्रगतिशीलता र प्रगतिवादले व्युत्पतिमूलक समताका सापेक्षतामा भिन्नाभिन्नै अर्थ राख्दछन्। फादर कामिल बुल्केले यी शब्दहरूलाई Progress, Progression, Progressive, Progressiveness र Progresivism भनी अलग-अलग र समानार्थीसमेत भावार्थमा प्रयोग गरेका छन्।[१]

प्रगतिशील कला र साहित्यका सन्दर्भमा पनि यो कुरा लागु हुन्छ। साहित्यको सन्दर्भमा प्रगतिशीलता मानव जीवनलाई स्वस्थता प्रदान गर्ने, जनशक्तिलाई प्रगतिपथमा अघि बढ्न प्रेरणा दिने र व्यापक जनताको हित प्रबर्द्धन गर्ने अर्थमा लिइएको छ। नेपालमा खासगरी राणाशाहीको अन्त्यपछि प्रगतिशील साहित्यको चर्चा भएको पाइन्छ, तर प्रगतिशीलताको सन्दर्भ कुन मान्यताको सापेक्षतामा भनिएको हो भन्ने कुरा खोतल्ने काम भने भएको देखिँदैन। यसर्थ समकालीन सन्दर्भलाई पूर्ववर्ती सन्दर्भको सापेक्षातामा मात्र तुलना गर्दै त्यसो भनिएको हो भने पुँजीवादी साहित्य पनि प्रगतिशील देखापर्न जान्छ। यथार्थवादी साहित्य पनि गतिशील ठहर्न जान्छ। त्यसैले सामाजिक विकासको कालक्रमिक यथार्थभित्र ठिंगुरिएका मान्यताहरूको विपक्षमा खडा भएर नयाँ-नयाँ विकल्पहरू दिनु वा दिने चिन्तन ग्रहण गर्नु पनि तुलनात्मक अर्थमा प्रगतिशील भइदिन पुग्छ। सन्दर्भ र समयको सापेक्षतामा तौलिने प्रगतिशीलता र एक विशिष्ठ दर्शनमा आवध्द प्रगतिवाद दुई भिन्न भावार्थका शब्दहरू हुन्। प्रगतिशील साहित्य र प्रगतिवादी साहित्य भन्दा यिनै दुई पृथक विशेषता, मान्यता र गुणसम्पन्न साहित्यलाई बुझाउँछ।

समाजलाई अग्रगति दिने भावधारा सामान्य सुधारका कुरादेखि आमूल परिवर्तनसम्मका हुन सक्दछन्। नेपाली साहित्यको प्रगतिशील भावधारा पनि यसै किसिमका प्रगतिक्रममा विभक्त छन्। समयको चेतनाद्वारा समाजलाई अघि बढाउने अभिप्रायले सिर्जना भएका त्यस्ता रचनालाई सामान्य अर्थमा नै प्रगतिशील भन्ने गरिन्छ। कतिपयले लोकतान्त्रिक साहित्य, जनसाहित्य र जनपक्षीय साहित्यका रूपमा पनि प्रगतिशील साहित्यको चर्चा गरेका छन्। उनीहरू मध्ये कतिपय पुराना लेखकहरूले प्रगतिशीलतालाई समकालीन सन्दर्भमामात्र नहेरी प्रगतिवादकै समानार्थी मानेर पनि हेरेका छन्। यस्तो हेराई सही हेराइ होइन।

१.२ प्रगतिशीलता र प्रगतिवादका मान्यताहरू

सामान्यतया श्रमप्रति आस्था ब्यूँझाउने, सर्वसाधारण जनताको पक्षपोषण गर्ने, मात्रात्मक रूपमा सुधार वा परिवर्तनको पक्षपोषण गर्ने आमूल परिवर्तनको विचारसँग वैरभाव नराख्ने वा त्यसलाई अँगाल्न प्रेरित गर्ने खालका साहित्यलाई प्रगतिशील साहित्य भन्ने गरेको पाइन्छ। परन्तु यी दुई बीच निकै भिन्नताहरू रहेका छन् र तिनलाई यसरी प्रष्ट्याया उन सकिन्छ-

---

१ फादर कामिल बुल्के, अंग्रेजी-हिन्दी शब्दकोश, हिन्दी तेस्रो संस्करण १९९४। पृ. ५१७।

१.२.१ प्रगतिशीलता

(क) प्रगतिशीलताको तात्पर्य प्रगतिमुखी गुण हो । यो विकासको सामान्य प्रक्रिया हो । निरन्तर उन्नतितर्फ अग्रसर हुने विकासशील गुण हो । त्यसैले रचना प्रक्रियाको रूपमा यसलाई लिँदा विकासशील गुण हुनुलाई नै प्रगतिशीलता मानेको पाइन्छ ।

(ख) विकासवादी सिद्धान्त अनुसार सामाजिक प्रगतिमा विश्वास राख्ने धारणाका रूपमा प्रगतिशीलता रहेको पाइन्छ । यथार्थ जे छ त्यसको बोधलाई आदर्शतर्फ लैजान चाहेर पनि आमूल परिवर्तनको विन्दुसम्म पुग्न धर्मराउने गर्दछ ।

(ग) प्रगतिशीलता मात्रात्मक परिर्वतनको चक्रमा रिङ्दै अल्मलिन सक्दछ । राष्ट्रियता र देश कालमा टाक्सिन सक्छ । विकासशील दृष्टिकोण भएर पनि विकासको वास्तविक आधार र प्रक्रिया ठम्याउने काममा सफलता हासिल गर्न नसकेको स्थिति पनि हो ।

(घ) प्रगतिशीलता समाजको समग्र विषमताका विरुद्ध जाँदैन । जातीय विभेदमा सीमित हुन, छुवाछुत विरुद्ध टाक्सिन सक्छ र जातभातको विभेदलाई वास्ता नगरेपनि मानवताको वर्गीय चरित्र ठम्याउन असमर्थ भएको पाईन्छ ।

(ङ) प्रगतिशीलता मार्क्सवादबाट स्वतन्त्र छ । यसको अग्रगामिता आलोचनात्मक यथार्थवादसम्म पुगे पनि त्यसलाई नाघ्न प्रायः सक्दैन । विश्वको अध्ययन र विश्लेपणमा प्रगतिशील दृष्टिकोणमा थुप्रै विभेदहरू छन् । प्रगतिशीलता सुधार र परिवर्तनको कामनामा सीमित रहन्छ र क्रियाशीलतामा भने प्रायः औंलिंदैन ।

१.२.२ प्रगतिवाद

(क)मार्क्सवादी दर्शनको द्वन्द्वात्मक भौतिकवादी पद्धति अनुरूप सामाजिक विकासलाई हेर्ने बुझ्ने र विश्लेषण गर्ने धारणा बनेर प्रगतिवाद कला-साहित्यका क्षेत्रमा स्थापित छ र यो स्वयं प्रगतिशील छ। यो सामान्य तथा प्रगतिशीलताको सीमा नाघेर अघि बढ्दछ ।

(ख)विकासको क्रन्तिकारी फड्कोसम्म पुग्न र विश्व विवेचक चिन्तनको परिधि नाघेर विश्व बदल्ने चिन्तनका रूपमा प्रगतिवाद रहेको छ । यो यथार्थलाई मानवीय खाँचो अनुरूप ढाल्ने प्रकृतिवादी मान्यताको विकल्पका रूपमा हुर्केको चिन्तन पनि हो ।

(ग)प्रगतिवाद मात्रात्मक होइन, गुणात्मक परिर्वतनका निम्ति कार्यरत रहने चिन्तन हो । यसले राष्ट्रियताबाट माथि उठेर अन्तर्राष्ट्रियताको स्वर मुखारित गर्छ । विकासशील दृष्ट्रिकोणमा अल्मलिई बस्दैन, बरु त्यस क्रममा विकासको वास्तविक आधार र प्रक्रिया ठम्याउँदै सफलतातर्फ लक्कन्छ ।

(घ) प्रगतिवाद समाजको समग्र विपमताका विरुद्ध आफ्नो स्वर घन्काउँदै आएको छ । जातीय, वर्गीय, धार्मिक, साँस्कृतिक विभेद अन्त्य गर्दै, मानवताको वर्गीय चरित्र समाप्त पार्दै, विश्व बन्धुत्व र समताको आधार निर्माण गर्ने काममा अग्रसर छ ।

राजनीतिमा समाजवाद र साहित्यमा प्रगतिवाद एउटै अर्थ र उद्देश्य प्राप्तिका दुई भिन्न चिन्तन हुन् ।[२]

(ङ) प्रगतिवाद मार्क्सवादसँग पूरै आबद्ध छ । यसको अग्रगामिताले आलोचनात्मक यथार्थवादको सीमा पार गर्दै समाजवादी यथार्थवादलाई आत्मसात् गर्दछ । विश्वलाई हेर्ने, बुझ्ने, विश्लेषण गर्ने कुरामा संसारैभरिका प्रगतिवादीबीच आधारभूत समता रहेको छ । यसले सुधार वा परिवर्तन दुवैका लागि मानिसलाई क्रियाशील बनाएर सङ्घर्षमा ओराल्छ ।

प्रगतिशीलता र प्रगतिवादलाई एकै ठाउँमा जोडेर गज्जागोल पार्नु हुँदैन । प्रगतिवाद यथार्थतः मार्क्सवादकै साहित्यिक अवतरण हो, यसलाई प्रगतिशील साहित्यको पर्यायका रूपमा लिन मिल्दैन[३] प्रगतिशीलताको उच्चतम प्राप्ति आलोचनात्मक यथार्थवादसम्म पुग्छ भने प्रगतिवाद त्यसको पनि सकारात्मक उन्नति हो । त्यसैले प्रगतिशील साहित्यलाई सकारात्मक दृष्टिले हेर्नुपर्छ र प्रगतिवादसम्म पुऱ्याउने प्रयत्नमा जुट्नु पर्दछ ।

१.३ फरक हेराइ, फरक अर्थ

प्रगतिवाद र प्रगतिशीलता शाब्दिक र तात्विक दुवै किसिमले फरक भए पनि नेपाली साहित्यमा प्रगतिशीलतालाई प्रगतिवादी अर्थमा लिने गल्ती र दुबैलाई समानार्थी ठानेर प्रयोग गर्ने भ्रम अहिलेसम्म नै रहेको छ । हाम्रो नेपाली साहित्यमा प्रगतिवादी आन्दोलन प्रारम्भ भएका बखत यस विषयमा व्यापक चिन्तन-मननको अनुकूलता थिएन । तर अहिले त्यो स्थिति छैन । त्यतिखेर अर्थात् २००८ साल कार्तिकतिर 'सेवा' पत्रिकामा प्रगतिशील साहित्यको सन्दर्भमा भनिएको छ- "प्रगतिशील साहित्यमा रस, भाव, कला, छन्द सबै प्रगतिवान् स्वस्थ जीवनतिर डोऱ्याउने, स्वाभाविक र हृदयमा प्रभावपार्ने हुन्छन् । यी सबै अङ्गहरूलाई समेटेर नै प्रगतिको विरुवा फष्टाउन सक्छ ।"[४] यसमा प्रगतिशील साहित्यको सन्दर्भ उल्लेख भएको छ, प्रगतिवादी साहित्यको होइन । परन्तु प्रगतिशील साहित्य र प्रगतिवादी साहित्यलाई समानार्थी ढङ्गले लिने काम अहिले पनि भएको छ । डा. ऋषिराज बरालको ठम्याइ छ- "सामान्यत प्रगतिशील शब्दको प्रयोग दुई किसिमले गर्ने गरिन्छ । एउटा तुलना गर्ने सन्दर्भमा, अर्को वस्तुमा रहेको गुण चरित्रको मूल्याङ्कन गर्ने सन्दर्भमा । परन्तु नेपाली समाजमा प्रगतिशील शब्दले अर्थ सङ्कोचनको स्वरूप ग्रहण गरिसकेको छ र यो वामपन्थी विचारधारा तथा मार्क्सवादीहरूलाई सम्बोधन गर्न प्रयोग गरिन्छ । अर्थात् प्रगतिशीलहरू भन्नाले वामपन्थीहरूलाई बुझाउने गर्दछ[५]

---

२. कृष्णचन्द्रसिंह प्रधान, भञ्ज्याङ निरै, प्रथम संस्करण २००८ पृ.३ ।
३. डा. ऋषिराज बराल, प्रगतिवाद, प्रसं २०४९ पृ.४८ ।
४. श्यामप्रसाद शर्मा, (सम्पादक) सेवा वर्ष १ अङ्क- २, २००८ कार्तिक ।
५. डा. ऋषिराज बराल, साथी वर्ष १२ अङ्क ३, भाद्र-आश्वीन २०५३ ।

भारतीय साहित्यकार मन्मथनाथ गुप्त भने प्रगतिशील साहित्यलाई अग्रगामी गुण भएको साहित्यिक मूल्यका रूपमा उल्लेख गर्दछन्- "स्वाभाविक रूपवाट त्यही साहित्य प्रगतिशील हो, जसले समाजलाई अगाडि लैजान मद्दत पुऱ्याउँछ ।"[६] गुप्तले लेखकहरू जुन दलमा बाँधिएका भए पनि, जानेर वा नजानेरै भए पनि, जसले प्रगतिशील उद्देश्यलाई टेवा पुऱ्याउने साहित्य सिर्जना गर्दछ, त्यो प्रगतिशील हुन्छ भन्दै गोर्कीको उदाहरण दिन्छन् । प्रेमचन्द्र पनि चिन्तनको उच्चता, स्वाधीनताको भाव, सौन्दर्यको सार, सिर्जनशीलता एवम् जीवनका आधारमा हामीमा गति, सङ्घर्ष र छट्पटी ब्यूँझाउने साहित्यलाई प्रगतिशील मान्ने धारणा व्यक्त गर्दछन् ।[७] तर अर्का भारतीय साहित्यकार हंसराज रहवर भने आफ्नो धारणालाई यसरी व्यक्त गर्दछन्- "आजको युगमा जो लेखक कलाकार मार्क्सवादी होइन, उसले आफूलाई जनवादी वा प्रगतिशील भनी लाखौं घोषणा गरे पनि प्रगतिशील भूमिका पूरा गर्न सक्दैन ।"[८] भारतीय प्रलेसका एक संस्थापक सज्जाद जहिर भन्दछन्- "स्वाधीनताप्रिय, सम्राज्यवाद विरोधी लेखक चाहे त्यो कुनै पनि धार्मिक सम्प्रदाय वा राजनैतिक विचारधारामा विश्वास राखोस्, प्रगतिशील हो ।"[९] यी थरीथरीका अभिमत बीच के कुरामा समानता देखिन्छ भने सबैका भनाईहरू आफ्नो देश, काल र परिस्थिति अनुरूप रहेका छ । औपनिवेशिक भारतको सन्दर्भमा स्वाधीनताको प्रश्नलाई मुख्य बनाइएको छन् र प्रगतिशीलतालाई हेर्ने आ-आफ्ना दृष्टिविन्दु रहेको देखिन्छ । त्यसैले सामाजिक विकासका सन्दर्भमा, विचारधाराका सन्दर्भमा, सिर्जनात्मक सोच र दार्शनिक हेराइका सन्दर्भमा पनि प्रगतिशीलतालाई सापेक्ष, तुलनात्मक र विकासमान् पक्ष मानेर हेरिन्छ भने प्रगतिवादलाई व्यवस्थित दर्शन, पद्धति, चिन्तनधारा, रचनात्मक सोच एवं प्रतिबद्धतामा हेरिन्छ । प्रगतिशीलता र प्रगतिवादका बीचको भिन्नतालाई दार्शनिक आर्थिक, सामाजिक र साँस्कृतिक फाँटका विभेद सँगसँगै यी दुई गुणलाई कला साहित्यको प्रयोजन, प्रस्तुति र प्रभावपरकताको आयामवाट समेत हेरिनु जरुरी भएको छ । त्यसो भयो भने मात्र प्रगतिशील साहित्य र प्रगतिवादी साहित्यका अन्तरहरूलाई ठम्याउन सकिन्छ । यी दुई लेखन कलाका सोच, हेराई र रचना प्रक्रियालाई सुस्पष्ट देख्न सकिन्छ । आधारभूत मान्यतादेखि अभिव्यञ्जनासम्मका विशिष्टता बुझ्न सकिन्छ ।

१.४ प्रगतिशील साहित्य र प्रगतिवादी साहित्यको भेद

१.४.१ मान्यता र रचना पद्धतिमा भेद

प्रगतिशील साहित्य प्रगतिशीलतामा आधारित हुन्छ । त्यसैले यसको मान्यता सदैव समकालीन परिवेशको पूर्ववर्ती आधारसँग दाँजिएर हिँड्छ । भावी सम्भावनाहरूलाई

---

६. मन्मथनाथ गुप्त, प्रगतिवाद कि रूपरेखा, प्रकाशन: पृ.६ ।

७. प्रेमचन्द, अभा-प्रलेसको प्रथम सम्मेलनमा दिएको वक्तव्य ।

८. हंसराज रहबर बहस हिन्दी पत्रिका १९८४ अङ्क ५ ।

९. सज्जाद जहिर रोसनाई हिन्दी पत्रिका पृ.१२८ ।

हेर्दा गुणात्मक परिवर्तन प्राप्तिमा भन्दा विरोध, सुधार र सम्झौताको प्रगतिक्रमलाई अँगाल्छ । साहित्यमा यथार्थ अङ्कन गरे पनि यथार्थको गतिशीलता ठम्याउन सक्षम हुँदैन । रचना पद्धतिमा केही कुराहरू प्रगतिवादसँग मिल्दा-जुल्दा हुन्छन् । जनचाहनालाई पक्रने र जनभाषालाई अँगाल्ने, मानवीय समता भावलाई स्वीकार्ने एवम् शोषण र अन्यायका विरुद्धमा बिद्रोही स्वर घन्काउने काम गरे पनि दृष्टिकोणको ढुलमुलपनबाट मुक्त भएको हुँदैन । त्यसैले प्रगतिशील साहित्य र प्रगतिवादी साहित्यमा तुलनात्मक भेद हर्दम रहिआएको पाइन्छ । सामान्यतया यी दुई बीचको मान्यता र रचना पद्दतिमा रहने भेदलाई यसरी उल्लेख गर्न सकिन्छ -

प्रगतिशील साहित्य

(क)प्रगतिशील साहित्य पूँजीवादको विरोधी नहुन पनि सक्छ र सामन्तवादको विरोधी हुँदा पूँजीवाद समर्थक हुन पनि सक्दछ । सामाजिक विकासका दृष्टिले हेर्दा त्यस्तो साहित्य पनि प्रगतिशील हुन सक्छ । समग्र विकासका सन्दर्भमा यो सुधारात्मक अग्रगमनको पक्षधर हुन्छ । त्यसैले प्रगतिशील साहित्य प्रगतिवादको सहयोगी धार हो ।

(ख)जीवनप्रति सुस्पष्ट दृष्टिकोण नभए पनि, कतिपय सन्दर्भमा गलत दार्शनिकता अङ्गिकार गरे पनि, यथार्थको विकासशील पक्ष पक्रनु, शोषण अत्याचारको विरोधी हुनु, मानव कल्याणको भावना अँगाल्नुका कारणबाट प्रगतिशील साहित्य प्रगतिवादी साहित्यका केही विशेषतासँग मेलखान्छ । लेखक ईश्वरवादी भएपनि उसले सिर्जना गरेका रचनाहरू सामाजिक रूपमा प्रगतिशील बन्न पुग्दछ । सुधारवादी भावना र उदारवादी सोच राख्ने प्रगतिशील लेखनले आर्थिक विषमताको मूल कारण ठम्याएर सङ्घर्षशील पक्षमा चेतनालाई डोऱ्याउनुभन्दा विधिथितिलाई सराप्ने, मागपत्रको शैली अँगाल्ने र सुधारको चेतनादिनेकाम गरेको हुन्छ ।

(ग) कलालाई जीवनको यथार्थमा उभ्याउनु, आफ्नो निष्ठामा पात्र-पात्रालाई प्रस्तुत गर्नु, सरल रचनाशिल्प अँगाल्नुका कारण प्रगतिशील साहित्यले यथार्थवादको आलोचनात्मक अवस्थासम्म आफूलाई पुऱ्याउन सक्छ । तर पनि आशा र निराशाको द्वन्द्वमा अल्झेर अग्रगामिताको उच्चतम प्राप्ति समाजवादी यथार्थवादमा नपुग्ने जस्ता दुर्गुणबाट यो बाँधिएको हुन्छ ।

(घ) "प्रगतिशील साहित्य आनन्दवादी मूल्यमा आधारित नभै चेतनाविकासी नैतिकमूल्यमा आधारित छ ।[१०] त्यसैले यो जनवादीसाहित्य, लोकतान्त्रिकसाहित्य र जनपक्षीय साहित्यका नाममा पनि रचिएको पाइन्छ । युद्धको निन्दा गरे पनि युद्ध विरोधी मोर्चामा संलग्न हुन भने हच्कन्छ । वर्ग चेतनालाई चित्रणमा समावेश गरे पनि वर्गबद्ध हुँदैन ।

(ङ) प्रगतिशील साहित्यको आरम्भ प्रत्येक देशमा आ-आफ्नो निजत्वसाथ भिन्नभिन्न रूप र गुणमा विकसित हुँदै आएका छन् । पश्चिममा इटालीका साहित्यकार मार्नेतीको भविष्यवादबाट यसले आफूलाई रूढीवाद विरोधी धाराका रूपमा हुर्काएर ल्याएको मानिन्छ । पूर्वमा मार्क्सवाद प्रभावित लेखनको रूपमा छ । यान्त्रिक भौतिकवादी

---

१० भानुभक्त पोखरेल, 'साहित्यमा प्रगतिवादको सिद्धान्त,' निर्माण (पत्रिका) वर्ष १ पूर्णाङ्क ३०, १९९६ पृ. ७५ ।

जीवन दर्शनसम्म पुगे पनि यसको रचना-पद्धतिमा परम्परागत छन्दविधान, रूप, व्याकरणको विरोध जस्ता कुराहरू रहेका छन् र यो रूपवादी पद्धति नेपाली साहित्यमा पनि प्रकट छ। प्रगतिशील लेखन कहिलेकाहीँ पूँजीवादी लेखनमा विसर्जित हुन पुग्छ। रूसका भविष्यवादी भनेर चिनिने मायाकोब्स्की प्रगतिवादी धारमा आए भने नेपालमा प्रगतिशील कविका रूपमा चिनिने भूपि शेरचन पूँजीवादी धारामा विसर्जित भए।

(च) प्रगतिशील साहित्य प्रगतिवादको विरोधी होइन, समर्थक हुन्छ। यो यथास्थितिका विरुद्ध लक्षित, जीवन र जगतप्रति विकासशील रचना-दृष्टि राख्ने साहित्य सिद्धान्त पनि हो। सामाजिककल्याणमुखी परिवर्तनपक्षधर एवम् यथार्थपरक लेखनका रूपमा रहे पनि यसको कुनै निश्चित दार्शनिक प्रतिबद्धता हुँदैन।

(छ) प्रगतिशीलता उच्चस्तरमा व्यक्त हुँदा पनि आलोचनात्मक यथार्थवादको वृत्तभन्दा पर पुग्न नसक्ने हुँदा वैचारिक निचोडमा पनि वैज्ञानिक सुस्पष्टता साथ निष्कर्ष दिन सक्दैन।

प्रगतिवादी साहित्य

(क) प्रगतिवादी साहित्य सामन्तवाद, पूँजीवाद र साम्राज्यवादजस्ता शोषणमूलक व्यवस्थाको विरोधमा हुर्केको नयाँ साहित्य हो र यो स्वभावैले सामन्ती चिन्तन, व्यवहार, साम्राज्यवादका सबै रूप र सोँचको विरोधी हुन्छ। सामाजिक विकासका दृष्टिले यो वैज्ञानिक समाजवादको पक्षधर हुन्छ।

(ख) जीवन र जगतप्रति सुस्पष्ट दृष्टिकोण हुन्छ र खासगरी द्वन्दात्मक भौतिकवादी जीवन दर्शनमा पूर्णतः आश्रित हुन्छ। त्यसैले प्रगतिवाद ईश्वरवादप्रति विश्वस्त छैन र सबैखाले धार्मिक-सम्प्रदायवादको विरोधी रहेको छ। शोषण, अत्याचार, वर्गीय विषमता, अमानवीय व्यवहारजस्ता मानवघाती कार्यको डटेर विरोध गर्ने, सङ्घर्षमा जुट्न हौस्याउने र अतिरिक्त श्रमको शोषणबाट मुक्ति प्राप्त गर्ने कार्यप्रति प्रतिबद्धता रहन प्रेरित गर्दछ। मानवकल्याण, समानता र विश्व बन्धुत्वको भाव अँगाल्ने हुँदा राष्ट्रिय परिवेशबाट अन्तर्राष्ट्रिय मानव चरित्र निर्माण गर्ने कार्यमा प्रेरित गरेको हुन्छ।

(ग) कलालाई जीवनको यथार्थमा खडा गर्दा श्रमजीवी वर्गध्येय अङ्गिकार गर्नु प्रगतिवादी साहित्यको मूल चिन्हारी बन्दछ। किनभने- "काव्यमा प्रगतिवाद एउटा विशिष्ट राजनैतिक विचारधारा कार्ल मार्क्सको द्वन्दात्मक ऐतिहासिक वस्तुवादमा आधारीत छ।" यो निरन्तर आशामा अघि बढ्दछ।

(घ) बहुसंख्यक जनताका निम्ति उनीहरूको क्रियाशीलतामा श्रमजीवी जनताकै पङ्तिबाट आएका स्रष्टाहरूले सिर्जना गर्ने साहित्यको रूपमा पनि प्रगतिवादी साहित्य रहेको छ। यसले युद्ध र हिंसाको अन्त्य चाहान्छ, शान्ति र समृद्धियुक्त समाज निर्माणमा मद्दत पुऱ्याउँछ।

(ङ) प्रगतिवाद मार्क्स, एंगेल्सको विश्वविख्यात कम्युनिष्ट घोषणापत्रको प्रकाशन

११.कृष्णलाल हंस, प्रगतिवादी काव्य साहित्य, (हिन्दी सस्करण१९७१) पृ १३।

पछि तिख्खर र व्यवस्थित बनेर संसारभरी फैलियो । त्यस अघि निकोलाई चेर्निशेब्स्की, हर्जेन, युजेपोत्तरहरूले यस धारालाई जन्म दिएका थिए । अक्टुवर क्रान्तिपछि यसले यथार्थवादको सर्वोच्च प्राप्तिका रूपमा समाजवादी यथार्थवादलाई श्रमपरक जीवनधाराको सम्वाहक बनाएर कलासाहित्यलाई अघि बढायो । यान्त्रिक भौतिकवादी दृष्टिकोणलाई खण्डन गर्दै द्वन्दात्मक ऐतिहासिक भौतिकवादलाई अपनायो । यसरी प्रगतिवादी साहित्यले दर्शन, राजनीति, अर्थतन्त्र र संस्कृतिको अन्तरसम्बन्धमा जीवन र जगतको यथार्थ अघि सार्दछ र परिवर्तनको सन्देश फिँजार्छ । मानव जातिको समता र एकतामा जोडदिन्छ ।

(च) प्रगतिवाद निर्माणको साहित्य-चिन्तन हो । प्रगतिवादी साहित्यले व्यक्तिको सर्वतोमुखी सामञ्जस्यपूर्ण विकासका लागि सही मार्ग निर्देशन गर्दछ । समाजवादी राज्यव्यवस्थाको पक्षपोषण गरी शोषण विहीन, वर्गविहीन सामाजिक संरचना निर्माणका निम्ति अग्रसर हुन श्रमजीवीवर्गमा आधारित भई सम्पूर्ण मानव जातिलाई अभिप्रेरित गर्दछ । साम्यवादी समाजको परिकल्पनालाई साकार पार्न मद्दत पुऱ्याउनु यसको अन्तिम लक्ष्य हो । सुस्पष्ट दार्शनिक सोच, जनप्रतिबद्धता र मानव कल्याणको मीयोमा प्रगतिवाद परिचालित छ ।

(छ) प्रगतिवादलाई आलोचनात्मक यथार्थवादभन्दा गुणात्मक भिन्नता भएको उच्चस्तरको यथार्थवाद मान्न सकिन्छ र यसले आफ्नो रचना दृष्टि एवम् मूल्याङ्कनमा वैज्ञानिकता अँगाली सही विकल्प प्रस्तुत गर्दछ ।

यत्रा भिन्नता हुँदाहुँदै पनि प्रगतिशील साहित्य र प्रगतिवादी साहित्यलाई समानार्थी मान्ने भ्रम अझै पनि कतिपय विद्वान्हरूले छाड्न सकेका छैनन् । भानुभक्त पोखरेल भन्छन्- "प्रगतिवादको व्यवहारिक पक्षको लोकप्रिय नाम प्रगतिशील हो ।"[१२] यसरी नै स्थापित कथाकार रमेश विकल पनि प्रगतिशीलता र प्रगतिवादको अस्पष्टतामा हराएका देखिन्छन् । उनी भन्छन्- "मेरो प्रगतिशील यात्रा कुनै राजनैतिकवादप्रति प्रतिबद्ध प्रगतिशीलता नभएर एउटा निरन्तर सिर्जनशील प्रगतिशीलता हो ।" विकल अगाडि भन्दछन्- "म सत्ता निर्मित प्रगतिवादको सर्जक होइन, म जीवन सापेक्ष, समय र देश सापेक्ष प्रगतिशीलताको हिमायती हुँ र त्यही नै मेरो रूप हो, मेरो चिन्तन हो ।"[१३] अर्थात् उनी प्रगतिशीलता मै रमाउँछन्, प्रगतिवादसम्म पुग्न चाहान्नन् । प्रगतिवाद सत्ता निर्मित चिन्तन पनि होइन । चिन्तनको गुणात्मक विकासद्वारा जब विचार भौतिक शक्तिमा बदलिन्छ तब राज्यसत्तासमेत परिवर्तन हुने स्थिति पैदा हुन्छ । प्रगतिवादको आरम्भ हुँदा यसले यथार्थवादको मान्यता र पद्धतिलाई अँगाल्दै आएको भए पनि, त्यसलाई उपजिव्य स्रोत माने पनि, मार्क्सवादी दर्शनको जगमा उभिएको, द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी पद्धति स्वीकारेको, राजनीतिमा लोकतन्त्रवाद, समाजवाद र साम्यवादी परिकल्पनापरक कला चिन्तनको रूपमा नै प्रगतिवादलाई हेरिन्छ । श्रमजीवी जनसंस्कृतिको एउटा विधा साहित्य पनि हो र त्यसलाई सामाजिक

१२. भानुभक्त पोखरेल ऐ.ऐ पूर्वबत् पत्रिका, पृ. ७५ ।

१३. झिसमिसे वर्ष १, अङ्क ३३ वि.सं. २०४५ पृष्ठ २९ ।

चेतनाका अनेक रूपहरूमध्ये एउटा मानिन्छ। त्यसैले साहित्य चिन्तनका सन्दर्भमा प्रगतिशील गुण र प्रगतिवादी मान्यता बीचको भेदलाई अलग-अलग ढङ्गल नै हेर्नु, बुझ्नु र बताउनु जरुरी भएको छ।

१.४.२ यथार्थवाद र प्रगतिवादको सम्बन्ध

साहित्य सिद्धान्तको विकासक्रममा यथार्थवादी धाराको अग्रगामी विशेषता लिई त्यसैको उच्चतम उत्पादन बनेर प्रगतिवाद विकसित भयो। प्रारम्भिक अवस्थामा यसले सामाजिक यथार्थको चित्रणलाई आफ्नो रचना पध्दति मानेको भए पनि पछि क्रमशः यो आलोचनात्मक यथार्थवाद हुँदै दार्शनिक रूपमा नै मार्क्सवादी दृष्टिकोणको द्वन्दात्मक भौतिकवादी मान्यता अनुरूप मूर्त बन्यो। त्यसैले यथार्थवादले यथार्थको नाङ्गो चित्र उतार्ने कुरामा बिमति व्यक्त गर्दछ। यद्यपि साहित्य चिन्तनको बिराट यात्रामा यथार्थको प्रश्नमा प्लेटो, अरस्तु आदि प्राचीन पाश्चात्य विद्वान्देखि लिएर पूर्वीय काव्य सिद्धान्तकारहरूले अनेकौं मत प्रकट गर्दै आएका छन्। प्लेटोले यथार्थलाई अलौकिकतासँग जोडेका छन् तर अरस्तु उनीभन्दा केही भिन्न मत व्यक्त गरेर कला साहित्यलाई वस्तुको पुनसंरचनाको अर्थमा लिन्छन्। यथार्थ वस्तुगत हुन्छ र कला त्यही बस्तुको पुनर्सिजना हो भन्दै वस्तुगततालाई प्रकृतिका रूपमा व्याख्या गर्दछन्। कतिपय प्रसङ्गमा उनी सम्भावनालाईसमेत ठानिएको वा मानिएको वस्तुका रूपमा ग्रहण गर्दछन्।[१४] तर यथार्थवाद प्रारम्भमा वर्णनात्मक सत्य बनेर रह्यो र त्यो आदर्शवादको उल्टो भौतिक अथवा लौकिक यथार्थको पक्षधर बनेर देखा पऱ्यो। प्राकृतिक यथार्थलाई टिप्ने क्रममा र प्रकृतिवादलाई परिस्कार गर्ने क्रममा बुद्धि र तर्कको माध्यमबाट काल्पनिक चुट्किलोपन हटाउँदै, तिलस्मी संसारबाट साहित्यलाई पृथ्वी र मानव समाजमा स्थापित गर्ने चिन्तन र सिर्जना पद्धतिका रूपमा यथार्थवाद हुर्क्यो। यसले त्यसबेला आध्यात्मिक जादू-टुनाको भ्रान्ति र स्वच्छन्दतावादको लहडी अभिव्यञ्जनालाई तथ्यपूर्ण वास्तविकता मार्फत परास्त गऱ्यो। विवेक र तर्कलाई तथ्ययुक्त सत्यको आसनमा बसाल्दै आफ्नो परिवेशको निर्भीक चित्रण गर्ने ध्येयको सुन्दर अङ्गन गऱ्यो र सामाजिक यथार्थलाई टिपेर जीवनलाई समुन्नत पार्न प्रेरित गर्ने खालको सिर्जनामा जोड दियो। यसै क्रममा सामन्तवाद र पूँजीवादले थुपारेका बिसङ्गति, विकार र विनाशकारी अभिप्राय उदाङ्गियो। फलस्वरूप कला साहित्य समाजको ऐनाका रूपमा सौन्दर्य बोधको साधन बन्न पुग्यो। यसरी यथार्थवादले सत्यको प्रतिबिम्बका रूपमा यथार्थ-छविलाई ग्रहण गऱ्यो र यथार्थको छवि नाङ्गो हुन नहुने कुरालाई पनि कला, चिन्तन र सिर्जनाको माध्यमबाट साथसाथै अघि बढायो।

यथार्थवादको यही अलोचनात्मक पद्धतिलाई अपनाउँदै यथार्थको कलात्मक पुनसंरचना गर्दा लोकहितको प्रश्न उब्जियो र कला साहित्यको मानवीय दायित्वको विवेचना हुन थाल्यो। समता, बन्धुत्व र जीवन समृद्धिका निम्ति श्रम र मूल्य, पूँजी र वस्तु, उत्पादन र वितरण, स्वामित्व र उपभोगजस्ता कुराहरूमा ध्यान दिदै चार्टिष्ट

---

१४. अभि सुवेदी पाश्चात्य काव्य सिद्धान्त, नेराप्रप, (२०३९) काठमाडौं पृ. ५४।

आन्दोलन, अमेरिकी स्वाधिनता सङ्ग्राम, फ्रान्सेली क्रान्ति जस्ता सामाजिक उथलपुथलहरू भए । यिनै उथलपुथल बीच यथार्थवादले फड्को मार्दै अघि बढ्यो र प्रगतिवादको उदय भयो । साहित्य सारतः यथार्थको प्रतिबिम्ब हो भन्ने कुरालाई सबैले स्वीकारेका छन् । जतिसुकै काल्पनिकताको पोसाक लगाए पनि, चरम व्यक्तिवादी अराजकता र आधुनिकताको रट लगाएपनि वस्तुतः सबै साहित्यिक रचनाहरू यथार्थकै प्रतिबिम्बत हुन् । कुनैले यथार्थलाई उल्टो र विकृत रूपमा त कुनैले सुस्पष्ट र सही रूपमा प्रतिबिम्बिन गर्छन् । यथार्थवादले सकेसम्म वस्तुपरक ढङ्गले सत्य-तथ्य अघि सार्दछ । त्यसैले आधुनिक साहित्य-शास्त्रमा यसको लोकप्रियता बढ्न गएको हो । यथार्थवादलाई साहित्य सिद्धान्त र त्यसको एउटा रचनापद्धति मात्रै मान्ने सोच पाइन्छ तर यथार्थवाद एउटा सुव्यवस्थित दर्शन पनि हो । त्यसैले यसका विशेषता र मान्यताहरूतर्फ हाम्रो ध्यान जानु जरुरी छ ।

प्रगतिवाद श्रमजीवी जनताको साँस्कृतिक आन्दोलन बनेर हुर्किएको छ । दर्शन, साहित्य, कला, भाषा र विज्ञानका नयाँ-नयाँ चिन्तन, आविष्कार र उपलब्धिहरूले गर्दा यो व्यापक जनताको जागरणका निम्ति नयाँ हतियार बन्यो । कतिपय देशमा स्वाधिनताको बिगुल बज्यो । जनतालाई सचेत र सङ्गठित पार्न, कुसंस्कार विरुद्ध लड्न, श्रमप्रति आस्था जगाउन, न्याय र समताको निम्ति एकजुट हुन र लिङ्ग, जाति र वर्णको भेदभावका विरुद्ध समानताको संस्कृति हुर्काउन प्रगतिवादी साहित्यले ठूलो टेवा दियो । औपनिवेशिक दासताका बिरुद्ध, निरंकुशतन्त्रका दमनहरूका विरुद्ध र नयाँ जनवादी क्रान्तिका निमित्त जनताको बलियो वैचारिक अस्त्र बनेर प्रगतिवादले समाजवादी क्रान्तिको गीत गायो । यस क्रममा मानवजातिको अतुलनीय साहस, पुरुषार्थ र समृद्धिका लागि यस धाराका स्रष्टाहरू बलिदेवीमा समेत होमिए ।

यसप्रकार प्रगतिशीलता र प्रगतिवादको तात्विक भिन्नता, यिनीहरू बीचका सामीप्यता र सहकारिता दुवै पक्ष देख्नुपर्दछ । एउटा पक्षलाई हेरेर दुवैलाई उही ठान्नु र उस्तै मान्नु दृष्टिदोष हो । समय, स्थान र अवस्थाका सान्दर्भिकतामा प्रगतिशीलतालाई ग्रहण गर्नु पर्दछ । नेपालको सन्दर्भमा हेर्दा पनि वैज्ञानिक दृष्टिकोण नभएका कतिपय लेखकहरूसमेत प्रगतिशील साहित्य स्रष्टाका रूपमा रहेका देखिन्छन् । भाषाको सन्दर्भमा शक्तिवल्लभ, उदयानन्द र भानुभक्त, सिर्जनाको सन्दर्भमा लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ र धरणीधर, चिन्तनको सन्दर्भमा महानन्द सापकोटा, हृदयचन्द्रसिंह प्रधान र गोपलप्रसाद रिमाल, दाशर्निक सोचको विकासक्रम हेर्दा पारिजात, युद्धप्रसाद मिश्र र गोकुल जोशीजस्ता स्रष्टाहरू हाम्रा सामु आइपुग्दछन् । सामाजिक विकासका दृष्टिले हेर्दा राजनैतिक क्षेत्रलाई हेर्ने हो भने-पृथ्वीनारायण, वि.पी. कोइराला र पुष्पलालसमेतमा त्यो गुण देखापर्दछ । पृथ्वीनारायण शाह अँग्रेजी साम्राज्यवादका विरोधीसमेत रहेको तथ्य हाम्रा सामु छ । परन्तु यीमध्ये कतिपयको दृष्टिकोण परमार्थमुखी र प्रगतिवाद विरोधीरहेका छन् । त्यसैले आंशिक आधारमा व्यक्तित्वको मूल्याङ्कन गरी सिङ्गो निष्कर्ष निकाल्नु उचित हुनुँदैन ।

सामाजिक अन्तरविरोधमा यथास्थितिको पक्षपोषण गर्ने पश्चगामी हुन्छ । सुधार र परिवर्तनका कामना र तदनुकूलका कार्यहरू अग्रगामी हुन्छन् । त्यसैले समाज

र सभ्यतालाई कुनै पनि क्षेत्रमा, कुनै पनि मात्रामा अघि बढाउने चेतना प्रगतिशील हुन्छ। धार्मिक सुधार आन्दोलन पनि एउटा खास अवस्थामा प्रगतिपरक रहेको तथ्य विश्व इतिहासमा मात्र हैन, हाम्रै मुलुकको इतिहासमा पनि छँदैछ। नित्य नवीनतातर्फ लम्कनु प्रगतिक्रम हो भने प्रकृति, समाज र जीवनलाई गतिशीलतामा देख्नु प्रगतिशीलता हो। सृष्टिको चक्र एकपल्ट घुमेर स्थीर रहन्छ भन्ने धारणा पुरातनपन्थमा पनि छ र यान्त्रिक भौतिकवादमा पनि छ तर प्रगतिवादमा त्यो धारणा छैन। निरन्तर गतिशीलतालाई पदार्थको शास्वत गुण मानेर नै प्रगतिवादीहरूले यथार्थलाई हेर्दछन्। बाङगो-टिङ्गो, मन्द-तीव्र गतिमा समाज अघि बढ्छ र समाजमा वर्गसङ्घर्ष, विचारधारा र वैज्ञानिक उन्ततिका क्षेत्रमा पनि बाद-प्रतिवाद र सम्वादको निरन्तरता रहन्छ भन्ने कुरालाई स्वीकार्छ। ज्ञानको परिस्कार जीवनका सागरमा हुन्छ। ठीक-बेठीकको द्वन्दमय प्रवाह पनि निरन्तर नै रहँदै आएको छ। त्यसैले गतिशीलता देख्नुमा सीमित प्रगतिशील भावधारा भन्दा प्रगतिवादी भावधाराले सही र वैज्ञानिक विकास पथ पक्रन्छ र त्यसले आफ्ना नियमको निर्माण गरी प्रकृति र समाजको उन्नति गर्छ भन्ने स्वीकार्नु दुई फरक आधार र अभिव्यक्तिहरू हुन्।

प्रगतिशील लेखक सङ्घ विश्वव्यापी रूपमा नै दुई भावधारामा-प्रगतिवाद र प्रगतिशीलतामा, प्रवाहित लेखकहरूको साझा संस्था बनेर आएको देखिन्छ। तर चिन्तनका क्षेत्रमा भने सुस्पष्टता कायम भएरै आएको छ। सामन्तवाद र साम्राज्यवाद विराधी सांस्कृतिक मोर्चाका रूपमा लेखकहरूको, कलाकर्मीहरूको मञ्च निर्मित भइआएको परिप्रेक्ष्यमा नेपाली साहित्यमा पनि प्रलेसको स्थापना, मान्यता र कार्यक्रमहरू सञ्चालित भएका देखिन्छन्। त्यसैले यथार्थवादी रचना-धर्मिता र प्रगतिवादी रचना-धर्मिताका बीच सापेक्ष सम्बन्ध रहेको देखिन्छ। यस सम्बन्धमा समाजवादी यथार्थवाद र सामाजिक यथार्थ बीचको भेद प्रष्ट्याउँदै दयाराम श्रेष्ठ भन्छन्- "समाजवादी यथार्थवादी लेखकको राजनैतिक प्रतिवद्धता हुन्छ, त्यो हो मार्क्सवाद । तर सामाजिक यथार्थवादी लेखक यस्तो प्रतिबद्धताबाट सर्वथा मुक्त हुन्छ। समातत्व यथार्थवादका यी दुवै रूपमा हुने भए तापनि यी दुईमा विचारधारागत विभिन्नता पाईन्छ।"[१५] कुरा साँचो हो- प्रगतिवादले सामाजिक यर्थाथ अङ्गनमा मात्र आफूलाई सीमित राख्दैन।

---

१५. दयाराम श्रेष्ठ सह-सम्पादक-पच्चीस वर्षका नेपाली कथा, ने.रा.प्र.प्र. प्रथम संस्करण २०३९, पृ. ११।

अध्याय दुई

नेपाली साहित्यमा सङ्गठितलेखनको परम्परा

नेपाली साहित्यमा सङ्गठित लेखनको आरम्भ मोतीराम भट्टबाट सुरु भएको हो । सङ्गठित लेखनलाई योजनाबद्ध लेखनका रूपमा पनि चर्चा गर्ने गरिन्छ । परन्तु आधुनिक अर्थमा भने सङ्गठित लेखनलाई प्रतिबद्ध लेखनका रूपमा लिइएको पाइन्छ । शब्दको अर्थलाई आधार मानेर हेर्दा प्रगतिका निम्ति प्रतिबद्ध भई लेखनकार्यमा जुट्ने लेखकहरूले कुनै सङ्गठन निर्माण गरेर निश्चित भाषा साहित्यको विकास गर्ने अभिप्रायले लेख्ने काम सुरु गरेको कुरालाई नै यिनले बुझाउँछन् । सङ्गठित लेखनको प्रसँग विशेषगरी प्रगतिशील लेखनसँग जोडिएको हुँदा त्यस फाँटमा केन्द्रित रहनु यस अध्यायको सीमा बनेको भए पनि पूर्व प्रसङ्गको रूपमा नेपाली साहित्यमा सङ्गठित लेखन परम्पराबारे संक्षिप्त चर्चा गरिन्छ ।

२.१ मोतीमण्डलीपूर्वको स्थिति

नेपाली साहित्यको इतिहासमा समकालीन परिवर्तनको गतिशीलतासँगै आफ्ना अनुभूतिलाई व्यक्त गर्ने क्रम नेपाली समाजको एकीकरण प्रक्रियासँगै हुर्किएको देखिन्छ । पृथ्वीनारायण शाहको दिव्यउपदेश लेखिदिने भानुजोशी अर्ज्याल तथा भक्तविजयकाव्य लेख्ने राधाबल्लभका समयमा भनौं अथवा शक्तिबल्लभ अर्यालले "हास्यकदम्ब' रचना गर्दाको समयतिर भनौं सङ्गठित लेखनको अपेक्षा राख्न सकिने अवस्था नै थिएन । उनीहरू स्वयं भारदार तथा कूटनीतिज्ञका रूपमासमेत क्रियाशील रहेको हुँदा साहित्य सिर्जना शायद मनोविलास मात्र थियो । आदिमहाकवि उदयानन्द अर्ज्याललगायत तत्कालीन अन्य साहित्यिक व्यक्तित्वहरूले सिर्जनालाई भक्तिभाव प्रकट गर्ने, वीरताको प्रशंसा गर्ने, यथार्थको चित्रण गर्ने र सामाजिक सुधारका निम्ति केही सन्देश दिने प्रवृति स्थापित गर्दै आए । आदिकवि भानुभक्तसम्म आइपुग्दा व्यङ्ग्यको प्रखरता निकै तिख्खरिँदै खिरिलो बनेर देखियो । त्यतिहुँदा पनि साहित्य लेखनको मूल विशेषता असङ्गठित नै थियो र मोतीराम भट्टको आगमनले मात्र त्यस प्रवृतिलाई अन्त्य गऱ्यो ।

मोतीराम भट्टको आगमनले नेपाली साहित्यमा धेरैकुराको थालनी विन्दु निर्माण गऱ्यो । विधागत दृष्टिले मात्र हेर्दा पनि उनकै प्रयत्नमा काव्य, महाकाव्य, निबन्ध, संस्मरण, जीवनी, समालोचनाको थालनी भएको पाइन्छ । उनले समकालीन लेखकहरूलाई एक ठाउँमा भेला गरेर भाषा साहित्यको सेवामा प्रेरित गर्ने काम गरे । साहित्य सिर्जनामा सामुहिक दायित्वबोध गराउने नयाँ परम्पराको थालनी गरे र

साहित्यिक शोध-खोजको अभियान सञ्चालन गरे । उनका यी कदमहरूको मूल्याङ्कन गर्दै समालोचक तारानाथ शर्मा भन्दछन्- "समकालीन लेखक कविहरूलाई एकठाउँ भेला पारेर साहित्यको सेवामा लागेका मोतीराम भट्टले हामीलाई उचित बाटो देखाएका छन् । साहित्यिक अनुसन्धानको परम्परा बसाएका छन् । यसरी प्रथम सङ्गठित अभियानका सञ्चालक मोतीरामले साहित्यिक अभिवृद्धिमा सामुहिकताको महत्व पनि देखाएका छन् ।"[१६]

२.२ मोतीमण्डलीदेखि गोरखाभाषा प्रकाशिनी समितिसम्म

साहित्य रचनालाई व्यक्तिवीरको पौरख नठानी सामुहिक योजना, जिम्मेदारी र खाँचो अनुरूप साझा प्रयत्नद्वारा प्रबर्द्धन गर्ने चिन्तन राख्ने काम गरिएको नभए पनि सङ्गठित रूपमा साहित्य सिर्जना गर्ने पहिलो संस्था मोतीमण्डली नै थियो । मोतीमण्डलीले "समस्यापूर्ति"लाई आफ्नो माध्यम बनायो । त्यसकालको कवितात्मक सन्देश भनेकै रसिकतापूर्ण मनोरञ्जन थियो । बनारसमा रहँदा मात्र होइन काठमाडौं आइसकेपछि पनि मोतीराम भट्टले साहित्यिक गतिविधि सञ्चालन गर्नका निम्ति सामुहिक शक्ति निर्माणमा ध्यान दिए । परन्तु त्यसकालमा लेखिएका रचनाहरू प्रायः श्रृङ्गारिक भावधाराका थिए । बनारसमा वि.सं. १९३८ तिर सञ्चालित मोतीमण्डलीमा रहेका कविहरूमा पद्मविलास पन्त, काशीनाथ, रङ्गनाथ, चेतसिंह र तेजबहादुर राना थिए भने काठमाडौंमा वि.सं. १९४८ तिर सञ्चालित हुँदा नरदेव पाण्डे, खड्गपाणी अर्ज्याल, पद्मविलास पन्त, गोपीनाथ लोहनी र राजीवलोचन जोशीहरू संलग्न थिए ।[१७] मोतीमण्डलीपछि बनारसमै **रसिक समाज** देखापऱ्यो । बनारसमा रहेका नेपाली साहित्यकारहरूद्वारा सञ्चालित त्यस समाजलाई नै 'सुन्दरी' पत्रिका प्रकाशन गर्ने आधारशक्ति मानिएको छ । रसिक समाजले वि.सं. १९६३ देखि सुन्दरी पत्रिका निकालेको थियो । यसलाई जनस्तरमा कवि-लेखकहरूले आफ्नै अग्रसरतामा गरेको दाम्रो साङ्गठनिक प्रयास मानेको पाइन्छ ।[१८] यसमा विशेषगरी देवीदत्त पराजुली (१९२९-२०१०)सोमनाथ सिग्देल (१९४१-२०२९) चक्रपाणी चालिसे (१९४०-२०१४) तथा दुर्गाप्रसाद घिमिरे आदि संलग्न थिए । यता काठमाडौंमा जोगवीर सिंह कंसाकारको घरमा उनकै अग्रसरतामा संञ्चालित **'जोगमण्डली'** सञ्चालित भएको र त्यसले नेपाली र नेवार भाषामा रचनाहरू लेख्न लेखाउन हौस्याउने रचनात्मक काम गऱ्यो । जोगमण्डलीमा कृष्णचन्द्र अर्याल, कोमलनाथ अधिकारी, चक्रपाणि चालिसे, जगन्नाथ रिमाल, दधिराम मरासिनी, दीपकेश्वर लोहनी, बाबुराम आचार्य, वीरेन्द्रकेशरी अर्ज्याल, नीलनाथ थपलिया, पुण्यनाथ लोहनी, शंभूप्रसाद ढुङ्ग्याल, सिद्धिदास अमात्म, श्यामजीप्रसाद अर्ज्यालहरू संलग्न थिए । जोगमण्डलीको "कविता-रजिष्टर" जसलाई 'सङ्ग्रह किताब' भनिएको पाइन्छ,

---

१६. ताना शर्मा, भानुभक्तदेखि तेस्रो आयामसम्म, पाँचौं संस्करण २०४१, पृष्ठ-१६

१७. ताना शर्मा- नेपाली साहित्यको इतिहास, दोश्रो संस्करण- २०३९, पृ. ५३।

१८. शरदचन्द्र शर्मा, जोगमण्डलीका कवि र कविता, काठमाडौं, पिलग्रिम्स बुक हाउस- २०५०, पृ. १४।

तत्कालीन बडागुरुज्यू तर्कराज पाण्डेले खोसेर लगेका थिए। त्यस घटनापछि उक्त मण्डली निस्क्रिय हुनपुग्यो।[१९] सङ्ग्रहकितावमा रहेका कविताहरू चार भाषामा रहेको कुरापनि भट्टराइले उल्लेख गरेका छन्। श्रृङ्गारिक कालको अत्यन्त चर्चित अनुरागात्मक कविता सङ्कलन-सूक्तिसिन्धु- जो श्यामजी अर्ज्यालको सम्पादनमा निस्केको थियो, त्यो पनि मोतीमण्डलीकै प्रस्तुति थियो। पुस्तक लेखनमा मात्र हैन, प्रकाशनमा पनि मोतिमण्डलीको अद्वितीय योगदान रहेको देखिन्छ। छापाखाना सञ्चालन गर्नु, सामुहिक कम्पनी सञ्चालन गर्नु- साहित्यको विकासका निम्ति गरिएको अर्को योजनाबद्ध आरम्भ थियो। लेखिएका कृति र कृतिकारका बारेमा विवेचना, विश्लेषण र मूल्याङ्कन गरिनु सङ्गठित प्रयत्नकै प्रतिफल हो। नेपाली साहित्यको इतिहासलाई अग्रगति दिनका लागि संस्थागत आधारमा लेखकहरूलाई क्रियाशील राख्ने यस प्रकारका कामकुराहरू देखेर पनि त्यस बखतका उनका सहयात्री एवम् पछिका साहित्यकारले उनको मृत्युपछि त्यसलाई निरन्तरता दिन सकेनन्। निकै समयपछि मात्र सङ्गठित लेखनको त्यो परम्परा पुनः अघि बढ्न थाल्यो।

गोरखा भाषा प्रकाशिनी समिति वि.सं. (१९७०) यस सिलसिलाको दोश्रो खुड्किलो हो। राममणि आ.दी.को अगुवाइमा बनाइएको यो संस्था सुरुमा एक प्रकारले चन्द्रशमसेरको सेन्सर बोर्ड जस्तै थियो र नेपालमा छापिने कुनै पनि पुस्तक यस समितिले परीक्षण गरेर स्वीकृति नदिएसम्म छापिन सक्दैनथ्यो।[२०] परन्तु त्यो सीमा अतिक्रमण गरिँदै गयो। यस समितिमा रहेर काम गर्नेहरूमा राममणि आ. दी. चक्रपाणी चालिसे, कृष्णप्रसाद रेग्मीहरू थिए। सत्ता पक्ष र विपक्षका लेखक जस्तै गरी त्यसबेलाका लेखकहरूले आ-आफ्ना धारामा नेपाली भाषा, साहित्य र संस्कृतिको राष्ट्रिय स्वरूप निमार्ण गर्न ज्यादै नै बल पुऱ्याएको पाइन्छ। यसमा विभिन्न साहित्यिक पत्रिकाहरूको योगदान छुट्टै मूल्याङ्कनको विषय बनेर रहेको छ। ती दुई लेखनधारामा चन्द्र शमशेरको गुणगान गर्ने सत्तामुखी धारामा राममणि आ. दी. हेमराज शर्मा, सोमनाथ सिग्द्याल, गिरीशवल्लभ जोशी थिए भने विपक्षमा जयपृथ्वीबहादुर सिंह, पहलमानसिंह स्वांर, रामप्रसाद सत्याल, सुब्बा कृष्णलाल अधिकारी र कृष्णचन्द्र अर्ज्यालहरूले कलम चलाएको देखिन्छ।

त्यसपछि १९८१ मा सूधपाको सक्रियतामा दार्जिलिङ्गमा नेपाली साहित्य सम्मेलन नामक संस्था गठन भएको देखिन्छ भने १९९४ को अन्त्यमा काठमाडौंमा भाषा परिषद्को स्थापना पुष्कर समशेर, लक्ष्मीप्रसाद देवकोटा लगायतका व्यक्तिहरूद्वारा गरियो। यस परिषद्ले अँग्रेजी नेपाली शब्दकोष, उखान टुक्का सङ्ग्रह र नेपाली व्याकरण तयार गऱ्यो। यसमा खड्गमान मल्ल, सागरमणी आचार्य, बाबुराम आचार्य, बदरीनाथ भट्टराई, बासुदेव लुइँटेल, गोपालप्रसाद रिमालहरू संलग्न रहेका थिए। निजी क्षेत्रमा पुस्तक प्रकाशनको क्रमलाई व्यवस्थित गर्ने हेतुले वि.सं. २००० सालमा रत्न पुस्तक भण्डार स्थापना गरिएको देखिन्छ र २००३ सालको

---

१९. शरदचन्द्र शर्मा भट्टराई, पूर्ववर्त पृ.१८।

२०. ताना शर्मा- उही पूर्ववत् पृ. ४५

अन्त्यतिर लक्ष्मीप्रसाद देवकोटा, केदारमान व्यथित, हृदयचन्द्रसिंह प्रधान र रेणुलालसिंह समेतको पहलमा साहित्यिक संस्था खोल्ने मागसहितको आवेदन पत्र डाइरेक्टर जनरल मार्फत प्र.मं. समक्ष पुग्यो र नेपाली साहित्य परिषद्को स्थापना गर्न, साहित्यिक पत्रिका निकाल्न र कवि सम्मेलन गर्न स्वीकृति मिल्यो। त्यसपछि २००४ सालमा साहित्य परिषद् गठन भयो। यस संस्थाले साहित्य स्रोत पत्रिका प्रकाशित गऱ्यो र २००४ साल जेठ १५, १६, र १७ गते एउटा बृहद कवि सम्मेलन आयोजना गऱ्यो। नेपाली साहित्यको इतिहासमा यही नै पहिलो राष्ट्रिय सम्मेलनका रुपमा रहेको छ। यस प्रकार नेपाली वाङ्मयको इतिहासमा सङ्गठित लेखन र प्रकाशनले क्रमशः एउटा आकार लिंदै गयो। नेपाली साहित्यको इतिहासमा यो एउटा महत्वपूर्ण घटना थियो र नेपाली साहित्यका विभिन्न धारा र प्रतिभालाई पनि यसले नयाँ सम्भावना देखाएको छ।[२१]

२.३ नेपाली भाषा प्रकाशिनी समिति

पहिले स्थापित विभिन्न समिति, परिषद् र प्रकाशन संस्थाहरूले विविध विषयका पुस्तकहरू छाप्दै प्रकाशित गर्ने काम अघि लगेका भए पनि ज्ञानको व्यापक परिधिलाई राम्ररी समेट्न सकेको थिएन। यसै बीच २००७ सालको उथलपुथलले नेपाली स्रष्टा चेतलाई एउटा नयाँ मोड प्रदान गऱ्यो। राष्ट्रिय भावधाराको नेपालीपनले सबैलाई क्रमशः बाँध्दै लग्यो। फलस्वरूप गोरखा भाषा प्रकाशिनी समितिलाई वि.सं. १८८९ मा जुद्धसमशेरसँग स्वीकृति लिएर नेपाली भाषा प्रकाशिनी समितिमा परिर्वतन गरियो। यसकाममा शुक्रराज शास्त्रीको र बालकृष्ण समशेरको टेकोपुँडो रह्यो।[२२] नेपाली भाषा प्रकाशिनी समितिमा पुष्कर समशेर, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, माधव घिमिरे, बदरीनाथ भट्टराई, बासुदेव शर्मा लुइँटेल, हरिहर शास्त्री, श्यामदास वैष्णव आदि प्रतिभाहरूले सिर्जनात्मक बल पुऱ्याए। त्यसक्रममा साहित्यका कुन विधामा कसले कलम चलाउने र के कस्ता रचनाको खाँचो छ भन्ने कुरा खोतलेर कृतिको सिर्जना हुने गर्दथ्यो। योजनाबद्ध लेखनसँगै सिर्जनात्मक प्रतिस्पर्धा पनि सँगसँगै सञ्चालन हुने गर्दथ्यो। देवकोटाले सुलोचना महाकाव्य भाषानुवाद परिषद्को साहित्यिक दौडमा नै रचेका थिए।

नेपाली भाषा प्रकाशिनी समितिले भाषा-साहित्यमा निकै महत्वपूर्ण कामहरू गरेको छ। त्यतिन्जेल प्रभुत्वमा रहेको संस्कृत व्याकरणलाई नेपाली विशेषतामा ढाल्ने प्रयास पनि यही संस्थाद्वारा थालिएको थियो। आफ्नो भाषाको आफ्नै विशेषतायुक्त व्याकरण हुनुपर्दछ भन्ने भावना समितिको थियो। यसले नेपाली साहित्यका विविध विधा- महाकाव्य, खण्डकाव्य, कविता, कथा, निबन्ध, समीक्षाका पुस्तकहरू लेखाउने/छपाउने काम पनि गऱ्यो। भाषिक प्रवर्द्धनका निम्ति- नेपाली शुद्ध कसरी लेख्ने ? जस्ता सरल रचनाहरू प्रचार-प्रसार गरायो। लोकसाहित्यका सन्दर्भमा पनि केही खोजविन सुरु भयो। सामाजिक परिर्वतनमा योगदान दिने यथार्थवादी रचनाको

---

२१. चूडामणि वन्धु देवकोटा (दोस्रो संस्करण, साझा प्रकाशन) पृष्ठ २३५

२२. चूडामणि वन्धु, ऐजन पृ. २६।

उत्पादन गर्दै क्रान्तिकारी परिवर्तनका लागि विद्रोह गर्ने सन्देश छर्दै नेपाली समाजलाई पूँजीवादी औद्योगीकरण तर्फ लम्कने आह्वान पनि गऱ्यो ।

२.४ निजी क्षेत्रका अन्य प्रयत्नहरू

काठमाडौं बाहिर भएका संस्थागत प्रयत्नमा महानन्द सापकोटाको नेतृत्वमा नरेन्द्रनाथ बाँस्तोला, पूर्णबहादुर मानव, भैरवप्रसाद आचार्य र देवीप्रसाद उप्रेतीहरूले इलामको करफोकमा वि.सं. २००८ सालमा नेपाली भाषा प्रचारक सङ्घ खोलेर यस कामलाई अघि बढाए ।[२३] यही संस्थाको आयोजनामा पछि २००९ साल असोज १९ देखि २२ गतेसम्म इलाममै शिक्षा तथा साहित्य सम्मेलन सम्पन्न भयो । उक्त सम्मेलनमा देवकोटा, सम र लेखनाथ पौडेल एवम् प्रवासबाट सूधपाहरू पनि सहभागी भएका थिए र त्यसको उद्घाटन कवि मविवि शाहले गरेका थिए । यसै सालमा श्यामप्रसाद शर्माले वीरगञ्जमा प्रगतिशील लेखक सङ्घको २००९ असौज ५ गते स्थापना गरी स्रष्टाहरूलाई लेखनकलाका बारेमा ज्ञान दिंदै- **लेखक कसरी बन्ने ? भन्ने गोरेटो देखाए ।**[२४]

यसपछि वि.सं. २०१०-११ तिर काठमाडौंमा **जनसाहित्य संघ** नामक संस्था देखापऱ्यो । त्यसले दुई महिने पत्रिका- 'जनसाहित्य' प्रकाशन गरेको थियो । केही अङ्क प्रकाशित भएर त्यो बिलायो । त्यसैगरी जनसाँस्कृतिक सभा नामक सङ्गठित अर्को संस्थाले तीन महिने प्रकाशन "नौलो पाइलो" पत्रिका निकालेको पाइन्छ । पहिलो अङ्क बनारसबाट र अरू अङ्क काठमाडौंबाट निस्केको **'नौलो पाइलो'** झर्रोवादी आन्दोलनको एउटा मुखपत्रजस्तै बन्न पुगेको थियो र जनसाँस्कृतिक सभाका केही शाखाहरू काठमाडौंबाहिर पनि खोलिएका थिए । त्यसमा पूर्व ६ नं. चैनपुरको शाखाले केही पुस्तकहरूसमेत प्रकाशित गरेको देखिन्छ ।

एकातर्फ प्रगतिशील लेखनको लहर तीव्र बन्यो भने अर्कोतर्फ कलावादी रुझानले पनि प्रभाव पार्दै गयो । नेपाली साहित्यको इतिहासमा यथार्थवादी धाराको विपक्षमा वादमुक्त (विचारहीन) साहित्यको चर्चा, कलाको चर्को माग र सङ्घबद्धताको विरोध जस्ता प्रवृति पनि हुर्किए । कालक्रममा यथार्थवादी धाराको एक हिस्सा कलावादी धारातर्फ र अर्को प्रगतिवादी धारातर्फ लम्किएको देखिन्छ । जतिसुकै संस्थागत आबद्धताको विपक्षमा बोले पनि त्यतिखेर सङ्गठनको खाँचोलाई कसैले नकार्न सकेका छैनन् । हो, सङ्गठनको स्वरूप साहित्यिक हुनुपर्ने कुरामा भने सबैको एकमत देखिन्छ । यही सङ्गठनात्मक लेखन तथा प्रकाशनका निम्ति नै वि.सं २०१२ सालतिर काठमाडौंमा अर्को एउटा संस्था- **काव्य प्रतिष्ठान** स्थापना भएको देखिन्छ । त्यसले **इन्द्रेणी** नामक कविता प्रधान मासिक पत्रिका प्रकाशित गऱ्यो । उक्त प्रतिष्ठानमा देवकोटा, सम, माधव घिमिरे, शङ्कर लामिछाने, केदारमान व्यथित, विजय मल्ल र ईश्वर बरालको पनि संलग्नता थियो । त्यस समयमा कला, साहित्य र सङ्गीतका क्षेत्रमा विशेष खोज

---

२३. जनकप्रसाद हुमागाईं, शृङ्खला पूर्णाङ्क २, पृ.१०-११ ।

२४. मोरास/दयाराम श्रेष्ठ: नेपाली साहित्यको इतिहास (चौथो संस्करण २०४९) पृ. २४० ।

गर्ने, नेपाली भाषा साहित्यलाई उभ्याउने कामनाले निकै प्रभाव पारेको थियो । शिक्षा विकासको आतुरताले पनि पुस्तक लेखनमा तीव्रता ल्याएको । संस्थागत रूपमा साहित्यलाई टेवा पुऱ्याउने, शिक्षा र साहित्यको विकाससँगै यसलाई अझ समृद्ध पार्ने भावनाले नेपाली स्रष्टाहरूलाई मात्र प्रेरित नगरी अन्य व्यक्तिलाई समेत प्रभावित गर्दै लग्यो । यही भावनाले कुतकुती लगाउँदा रानी जगदम्बा राणाले आफ्ना पति मदन समशेरको :d[t df @!@; fnd}मदन पुरस्कार गुठी स्थापना गरिन् र साहित्यकारहरूलाई सालिन्दा पुरस्कृत गर्न थालिन् । महाकवि देवकोटाले राष्ट्रको खाँचो औंल्याउँदै कला साहित्य प्रतिष्ठान स्थापना गर्नुपर्ने आवश्यकतामा जोड दिए र त्यसकै फलस्वरूप २०१४ सालमा नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापना भयो । प्रज्ञा-प्रतिष्ठानको स्थापनाले सङ्गठित लेखन परम्पराको नेपाली इतिहासमा एउटा नयाँ र महत्वपूर्ण मोड ल्याइदियो । योजनाबद्ध रूपमा कोशहरू तयार गर्ने, विद्वत्वृत्ति प्रदान गरेर रचनाहरू तयार गराउने, विधागत विकासका लागि प्रेरित गर्ने, पुस्तकहरू छपाउने र प्रदर्शनी आयोजना गरी फिंजार्ने कामहरू गर्दै प्रज्ञा-प्रतिष्ठानले आफ्नो पाँच दशक लामो इतिहास निर्माण गरिसकेको छ र थुप्रै महत्वपूर्ण कृतिहरू नेपाली समाजलाई लोकार्पण गरेको छ ।

नेपाली भाषा प्रकाशिनी समितिले गर्दै आएको कामलाई नै २०२१ मा साझा प्रकाशनको रूपमा पुनर्गठित गरिएको भए पनि अहिले त्यसको कार्य क्षेत्रलाई खुम्च्याएर फगत रचना प्रकाशनको दायित्व दिइएको छ । माध्यमिक स्तरसम्मका पाठ्यपुस्तकहरूको वितरकको दायित्व सुम्पिएको छ । तर एकेडेमीले भने सिर्जनात्मक जिम्मेवारी र प्रकाशन भार दुवै बहन गरेको छ । यी दुई संस्थामा फरक-फरक विशेषता रहेको देखिन्छ । साझा प्रकाशनले वितरणको क्षेत्रलाई अँगालेर विभिन्न ठाउँमा पुस्तक वितरण गर्ने बिक्रीस्थलहरू राखेको छ । एकेडेमीले रचना सिर्जनाका निम्ति योजनाबद्ध रूपमा विद्वत्वृति प्रदान गरी लेखन कार्यलाई अगाडि बढाएको छ । तर यी दुवै संस्थाले जति गर्नुपर्ने हो त्यति नगरेको तीतो यथार्थ भने निकै खट्किंदो छ । तैपनि यिनीहरूको योगदानलाई हेर्दा साझा र एकेडेमी जस्ता संस्थाहरू सबल र सक्षम भएका खण्डमा नेपाली वाङ्मयको विकास र विस्तारमा अझ बल पुऱ्याउन सक्ने देखिन्छ ।

यसैबीच त्रिभुवन विश्वविद्यालयको स्थापना (२०१३) र त्यसमा नेपाली विभागको गठनले पनि नेपाली भाषा र साहित्यमा सिर्जनात्मक तेज थपेको देखिन्छ । हाल आएर त्रिविले स्नातक र स्नातकोतर तहको एउटा पाठ्यांश शोधपत्रकै रूपमा राखेर शोधकार्य एवं सिर्जनात्मक लेखनको पनि व्यवस्था गरेबाट सङ्गठित लेखनलाई थप टेवा पुऱ्याएको छ । वैज्ञानिक-विधिसम्मत् ढङ्गले सिर्जना र शोधलाई अघि बढाउँदा यस निकायबाट पनि थुप्रै कृतिहरू हाम्रो नेपाली साहित्यले प्राप्त गरेको छ । जसमध्ये केही निकै राम्रा र चर्चित पनि रहेका छन् ।

केही पत्रिका परिवार एवम् साँस्कृतिक, साहित्यिक संस्थाहरूले पनि सङ्गठित लेखनलाई केही मात्रामा थप उर्जा प्रदान गरेका छन् । आ-आफ्ना विचार र कार्यक्रमको आवश्यकताअनुसार लेखिएका त्यस्ता रचनाहरू पनि प्रशस्तै छन् । वैचारिक प्रतिबद्धता अनुकूलका सिर्जनात्मक लेखनहरू आ-आफ्नै प्रकाशनमार्फत देखापरेका छन् । कतिपयले

विधागत एवम् शैलीगत परिधिमा पनि लेखन कार्यलाई अघि बढाएका छन् । कौवा प्रकाशन, हास्यव्यङ्ग्य समाज, पूर्वाञ्चल साहित्य प्रतिष्ठान, वाणी प्रकाशन, स्रष्टा प्रकाशन, पसिना प्रकाशन, लेकाली प्रकाशन, कल्पवृक्ष प्रकाशन गण्डकी साहित्य सङ्गम आदि यस क्रममा स्मरणीय रहेका छन् । अन्य सङ्घ संस्थाहरूमध्ये कुनैले वैज्ञानिक र कुनैले आध्यात्मिक भावधाराका, कुनैले नारी समता र मानवअधिकारको प्रवर्द्धनमा केन्द्रित गरेर विविधखालका रचनाहरू लेखाएर, प्रकाशित गरेर नेपाली साहित्यको भण्डार पुष्टपार्दै आएका छन् (विभिन्न संघ संस्था, क्लब, पत्रिका परिवारहरूले विधागत रूपमा साहित्य रचना प्रकाशन गर्ने क्रम अहिले झन् बढी तीव्र भएको छ) । यसरी सङ्गठित र योजनाबद्ध लेखन परम्पराले नेपाली साहित्यलाई प्रत्यक्ष एवम् अप्रत्यक्ष दुवै ढङ्गबाट बिचार-बद्धतामा सिर्जनशील बनाउँदै ल्याएका छन् । सङ्गठित लेखनको यही परम्पराले नै मूलतः प्रगति, परिस्कार र प्रयोजनशीलतालाई नेपाली साहित्यमा स्थापित गरेको छ । सारांशमा भन्दा सङ्गठित लेखनको परम्परामा वैचारिक प्रवृत्तिका भिन्नभिन्न सार र अभिव्यञ्जनाका अलग अलग रूपहरू रहेका छन् । नेपाली साहित्यको इतिहास र वर्तमान दुवैकालखण्डमा देखापरेको यथार्थ पनि यस्तै छ । यस तथ्यले हामीलाई विचारधारामा सामाजिक जीवनको वर्गवद्धता प्रतिबिम्बित भएकै हुन्छ, त्यसलाई घोषित, अघोषित दुवै किसिमबाट अँगाल्ने काम साहित्य स्रष्टाहरूले गर्दै आएको वास्तविकता स्वीकार्नुपर्ने बनाउँछ ।

अध्याय तीन

प्रगतिशील सिर्जनामा संस्थागत थालनी

प्रगतिशील शब्दले सामान्यतया कुनै पनि वस्तु, विचार वा विषयको क्रमबद्ध विकासको मात्रात्मक अवस्थालाई बुझाउँछ। प्रगतिको दिशामा अघि बढ्ने गुण वा प्रगतिशील गुणका रूपमा जुन विकासशील गुण क्रमशः बृद्धि भएर एउटा नयाँ अवस्थाको प्राप्ति हुन्छ र जो नाशवान् नभै विकासवान् हुन्छ, त्यस गुणलाई नै प्रगतिशील गुण मानिन्छ। प्रगतिप्रति उन्मुख प्रत्येक वस्तुको स्वभाव हो- प्रगतिशीलता। प्रगतिशीलता प्रगतिशील तत्वमा मात्र हुन्छ

बूढो रूख प्रगतिशील हुँदैन, सानो विरुवा प्रगतिशील हुन्छ भन्दै प्रकृतिको विकास प्रक्रियासँग मानिस र मानव चेतनालाई दाँज्ने पनि गरिन्छ तर स्वयं मानिसको जैविक विकास बृद्धिको मात्रात्मक चक्र पार गरेर अघि बढ्दाबढ्दै एउटा गुणात्मक फड्को मारेर अघि बढेको हुन्छ। यसरी हुर्कने क्रममा देखापर्ने शारीरिक विकासको प्रक्रिया जस्तै मानसिक विकासको प्रक्रिया पनि मात्रात्मक चरण पारगर्दै अघि बढेको हुन्छ। त्यसैले प्रगति, प्रगतिशीलता र प्रगतिवादको तात्विक भिन्नता देखापरेको हो।

यतिखेर हामी नेपाली साहित्यको प्रगतिशील भावधारामा सिर्जित विभिन्न विधाहरूको रचना-प्रक्रियामा संस्थागत पहल कहिलेदेखि कसरी हुँदै आयो ? त्यसको पृष्ठभूमिमा कस्ता वैचारिक एवम् सामाजिक सम्बलहरू रहेका थिए ? भन्ने कुरातर्फ संक्षेपमा नियालेर मात्र विषयको गहिराईतर्फ लम्कन सक्नेछौं। त्यसैले तत्कालीन परिवेशमा प्रगतिशील एवम् प्रगतिवादी साहित्यको विकासका लागि उपलब्ध भएका वा प्राप्त प्रेरणाका पक्षहरूलाई सरसर्ती हेरौं।

३.१ राष्ट्रिय जागरणको परिवेश र प्रेरणा

निरङ्कशतन्त्रका विरुद्धमा ब्यूँझेको नेपाली सामाजिक चेतनाले राणाशाहीलाई ढाल्ने अभियान अघि बढाउन, एकातर्फ राजनीतिक सङ्गठनहरू स्थापित गऱ्यो भने अर्कोतर्फ विभिन्न साँस्कृतिक संस्थाहरू बनाउने, पुस्तकालय खोल्ने र पत्रपत्रिका प्रकाशन गर्ने जस्ता कामहरूलाई तीव्र पाऱ्यो। यसवाट दुईवटा उपलब्धि प्राप्त भए- एउटा मानिसहरूमा पढ्ने प्रवृति बढ्यो, अर्को संस्थागत कार्यहरूका निश्चित उद्देश्यमा बाँधिएर लेख रचना तयार गर्ने काम अघि बढ्यो। फलस्वरूप जनताका विविध हितहरूमा आबद्ध भएर साहित्य सिर्जना हुन थाल्यो। जनताको हित सम्वर्द्धन गर्ने अभिप्रायवाट जनआन्दोलनमा संलग्न हुने बौद्धिक व्यक्तिहरूलाई राणाशाहीले जेल हाल्ने क्रम चलिरहेकै थियो। यसवाट जनचेतना हतोत्साही भएन। राजनीतिक

व्यक्तिहरूलेसमेत साहित्यिक चाख राखेर काम गर्ने गरेकाले जेलमै पनि सङ्गठित लेखन आरम्भ भयो । त्यतिबेलाको सङ्गठित लेखन परम्परामा दुई धाराहरू देखा परेका थिए - एउटा सत्तामुखी स्तुतिगानको धारा, अर्को सत्ताविरोधी आलोचक एवम् जनमुखी धारा । दोश्रो धारामा प्रगतिशील एवम् प्रगतिवादी साहित्य सर्जकहरू थिए र उनीहरू निरङ्कुशतन्त्रका विरुद्धमा थिए, त्यसैले राणाशाही जेलमा थुनिएका थिए ।[२५]

जेलमा परेका साहित्यिक अनुरागीहरूबाट नख्खुजेलमा २००७ साल भदौ ९ गते जनसाहित्य मण्डल खोलियो । श्यामप्रसाद शर्माको पहलमा बनाइएको त्यस संस्थामा सुरुमा, केशवनारायण भुजु र गणेशप्रसाद (भक्तपुर) केशवबहादुर (सर्लाही) गणेसबहादुर प्रसाई (झापा) सम्लग्न थिए । पछि धर्मरत्न यमी (काठमाण्डौ) र भोजविक्रम ज्ञवाली (दार्जिलिङ्ग) समावेश भए । गोपालप्रसाद रिमाल भने सस्थामा सामेल नभई साहित्यिक कार्यक्रममा मात्र समावेश हुनथाले । जेलभित्रै प्रगतिशील तरुण नामक अर्को संस्था पनि क्रियाशील थियो ।

त्यसअघि वीरगञ्जको गहवाटोल, माइस्थान नजिकै श्यामप्रसादकै घरमा सेवा सदन नामक पुस्तक पसल सञ्चालित थियो र पछि त्यो केही समय माइस्थान नजिकै छेदीलाल मारवाडीका घरमा पनि रह्यो । त्यही सेवा सदनका नामबाट वि.सं. २००८ मा सेवा पत्रिका पनि प्रकाशित भयो र त्यही पत्रिका नै नेपालको प्रगतिशील तथा प्रगतिवादी भावधाराको पहिलो ऐतिहासिक साहित्यिक पत्रिका बन्न पुग्यो । उक्त प्रत्रिकाको दोश्रो अङ्कमा प्रगतिशील साहित्यबारे उल्लेख गरिएको छ जसको चर्चा पहिले भैसकेको छ । (हेर्नुहोस् फूटनोटः ४) वीरगञ्जमा पहिलो सङ्गठित साझा मञ्चका रूपमा सेवासदन आरम्भ भए पछि त्यसले ख्याति आर्जन गर्दै गयो र सेवासदनको बनारस शाखासमेत खोलियो । सेवा सदनको बनारस शाखामा भवानीप्रसाद शर्मा अध्यक्ष, भरतमोहन अधिकारी सचिव र सूर्यमोहन अधिकारी कोषाध्यक्ष रहेका थिए ।[२६]

तत्कालीन राजनीतिमा नेपाल कम्युनिष्ट पार्टी (२००६) को गठन र त्यसको गतिविधिले बौद्धिक क्षेत्रलाई समेट्दै लगेपछि थुप्रै बुद्धिजीविहरू पार्टीमा सामेल भएका थिए । त्यसक्रममा मार्क्सवादी अध्ययनको गति पनि निकै तीव्र भएको थियो । पुष्पलालले २००५ सालमै विश्वविख्यात् कम्युनिष्ट घोषणापत्रको अनुवाद गरी नेपाली भाषामा हाम्रो समाजको थप विश्लेषण गरेको भूमिका सहित प्रकाशित गरको घटनाले यसलाई पुष्टि गर्दछ । २००७ साल पुष १३ गते नख्खु जेलभित्रै जनसाहित्य मण्डलको साप्ताहिक सभामा मार्क्सवादबारे लेख लेखेर सुनाएको कुरा श्यामप्रसादले आफ्नो रचनामा उल्लेख गरेका छन् ।[२७] मार्क्सवादी दर्शनको यस प्रभावले नै नेपाली साहित्यमा प्रगतिशील भावधारालाई दह्रो बनाउँदै प्रगतिवादतर्फ लम्कन, संस्थागत आधारमा प्रतिबद्ध लेखनलाई अघि बढाउन मद्दत गऱ्यो ।

---

२५. श्यामप्रसाद, थुनुवाको डायरी (लालीमा प्रकाशन-२०३८) पृष्ठ ४१-४४ ।

२६. श्यामप्रसाद, केही साहित्य र साहित्यकार- (प्रथम संस्करण २०४२) पृ.७ ।

२७. श्यामप्रसाद, थुनुवाको डायरी- ऐ.ऐ.पृ.४५

३.२ अन्तर्राष्ट्रिय गतिविधिको प्रेरणा

प्रलेस गठनको पृष्ठभूमिमा नेपाली समाजमा आएको वैचारिक परिर्वतन एउटा पक्ष थियो भने नेपाली बौद्धिक समुदायमा परेको मार्क्सवादी दर्शनको प्रभाव अर्को पक्ष थियो। यी दुवै पक्षका अतिरिक्त राणा- विरोधी सङ्घर्षका क्रममा अनुभूत जनतन्त्रका वैकल्पिक रूपहरूका कारण पनि सष्ट्राहरूले प्रगतिवादलाई अङ्गिकार गरी अघि बढ्न थालेका थिए। यसका साथै अन्तर्राष्ट्रिय परिवेशमा घटेका रुसी अक्टुबर क्रान्ति, चिनियाँ नयाँ जनक्रान्ति र भारतीय स्वाधीनता सङ्ग्रामले पनि विशेष प्रभाव पारेको देखिन्छ। फ्रेन्च क्रान्तिदेखि हुर्कंदै आएको नयाँ जनतान्त्रिक सोच र त्यसनिम्ति लडेका वीर वीरङ्गनाहरूको गाथाले पनि निकै प्रेरित गरेको पाइन्छ।

प्रथम विश्वयुद्धको आतङ्कबाट चिन्तित बुद्धिजीवीहरू साम्राज्यवादका विरुद्धमा जुर्मुराउँदै गरेका बेला सर्वहारा संस्कृतिको नाराले युरोप सग्वगाउँदै थियो र स्टालीनले आफ्ना नीतिहरूलाई कार्यान्वयन गर्नका निम्ति इ.सं १९२९ मा **सर्वहारा लेखकहरूको रसियाली सङ्घ** गठन गराएका थिए। यद्यपि त्यो सङ्घ लेखकहरू बीचको सैद्धान्तिक मतभेदका कारण दिगो बन्न सकेन। तीन वर्ष मै विघटन भयो। पछि इ.सं. १९३४ मा रुसी कम्युनिष्ट पार्टीकै पहलकदमीमा मैक्सिम गोर्कीलाई अध्यक्ष बनाएर- **रसियाली लेखकहरूको साहित्यिक सङ्घ** नामक संस्था बन्यो। त्यसले समाजवादी यथार्थवादको नवीन साहित्यिक मान्यता अघि साऱ्यो र सङ्गठित लेखन परम्परालाई श्रमपरक बनाउन पुग्यो।

यसै वर्ष फ्रान्समा हेनरी बारबुसको प्रयत्नमा विभिन्न देशका प्रगतिशील लेखकहरूको जमघट भयो। १९३४ को त्यस पेरिस भेलामा मैक्सिम गोर्की, रोमा रोला, आन्द्रेइ भ्यालेरो, थोमस मून आदि सहभागीहरू थिए। त्यही भेलाले ई. एम. फोष्टरको अध्यक्षतामा- **प्रगतिशील लेखक सङ्घ** नामक अन्तर्राष्ट्रिय संस्था गठन गऱ्यो।[२८] त्यसले विश्वव्यापी रूपमा सङ्गठित लेखनलाई अझै हौस्यायो। फलस्वरूप इ.सं. १९३५ मा लण्डनमा अध्ययनरत भारतीयहरूद्वारा प्रगतिशील लेखक सङ्घ, भारतको गठन गरियो र एउटा घोषणा पत्र जारी गरियो। भारतीय लेखकहरू डा. मुल्कराज आनन्द, सज्जाद जहीर, भवानी भट्टाचार्य, जे. सी. घोष र एम. सिन्हा त्यसका प्रस्तावक बने।[२९] अन्य व्यक्तिमा इकवाल सिंह, राजा राव, मुहम्मद असरफहरू मुख्य थिए।[३०] उनीहरूद्वारा प्रकाशित घोषणापत्रमा उक्त लेखक सङ्घको उद्देश्य औंल्याउँदै भनिएको थियो- "यस संस्थाको उद्देश्य भारतका विभिन्न भाषा-भाषी लेखकहरूलाई सङ्गठित गरी यस्तो प्रगतिशील साहित्य रचना गर्नु हो, जो कलात्मक दृष्टिबाट दोषमुक्त होस् र त्यसका माध्यमबाट देशको साँस्कृतिक दुःख (अवसाद) लाई

---

२८. देवीप्रसाद गौतम, प्रगतिवाद परम्परा र मान्यता (प्रथम संस्करण २०५९) पृ. ७५।

२९. डा. कृष्णलाल हंस, प्रगतिवादी काव्य साहित्य, संस्करण: १९७१ पृ.- १७)।

३०. शिवकुमार मिश्र, मार्क्सवादी साहित्य चिन्तन (म.प्र.हि.ग्रं.ए.भारत) पृ. ४९२।

३१ डा. कृष्णलाल हंस ऐ.ऐ.पृ.१८)

पन्छाएर हामी भारतीय स्वतन्त्रता एवम् सामजिक उत्थानको दिशामा प्रवृत्त हुन सकौं ।"[३१] त्यसको एक वर्षपछि इ.सं. १९३६ मा प्रेमचन्दको अध्यक्षतामा यसको प्रथम अधिवेशन लखनऊमा सम्पन्न भयो । दोश्रो रवीन्द्रनाथ ठाकुरको अध्यक्षतामा इ.सं. १९३५ मा कलकत्तामा, तेस्रो इ.सं १९४२ मा दिल्लीमा, चौथो श्रीपाद अमृत डाँगेको अध्यक्षतामा बम्बईमा, पाँचौं ई.सं. १९५० मा बम्बइमै र छैठौं इ.सं १९५३ मा दिल्लीमा भएको थियो । तर त्यसैबीच अखिल भारतीय स्तरमा हिन्दी भाषी प्रगतिशील लेखकहरूको सङ्गठन पनि निर्माण गरिएको थियो । जसको नाम थियो- अखिल भारतीय हिन्दी प्रगतिशील लेखक सङ्घ । राहुल साँकृत्यायनको अध्यक्षतामा गठित उक्त संस्थाले भारतमा प्रगतिवादी साहित्यको विकासमा महत्वपूर्ण बल पुऱ्याएको पाइन्छ । यसप्रकार भारतका विभिन्न प्रान्त र ठूला शहरमा त्यहाँको प्रलेस पुग्न सफल भएको देखिन्छ । उता चीनमा भने येनानको गोष्ठी पछि तीव्र क्रान्तिकारी लहर आएको भए पनि समग्र मुक्तिपछि इ.सं. १९४९ मा मात्र प्रगतिशील लेखकहरूको प्रथम अधिवेशन सम्पन्न भएको देखिन्छ । यी सब गतिविधिबाट क्रमशः परिचित हुँदै नेपाली लेखकहरू प्रगतिवादप्रति आकृष्ट भए र वि .स. २००९ असौज ५ गते प्रगतिशील लेखक सङ्घ, नेपाललाई जन्मदिए ।

३.३ प्रलेसको जन्मः उद्देश्य र कार्यक्रम

प्रलेसको गठनको पृष्ठभूमिमा रहेको राष्ट्रिय अन्तर्राष्ट्रिय गतिविधि, परिवेश र जागरणको परिप्रेक्ष्यले यसको जन्म व्यक्ति विशेषको स्वस्फूर्त चाहनाद्वारा नभएर तत्कालीन परिवेशमा निरङ्कुशता विरोधी सङ्घर्षको राष्ट्रिय चेतना, लोकतन्त्र र समाजवाद प्रतिको लगाव एवम् रुस, चीन र भारतमा भएका ठूलठूला क्रान्ति र परिवर्तनले नेपाली जनमासलाई पारेको प्रभाव, एउटा नयाँ सुन्दर भविष्यको सङ्केत गर्दै पथप्रदर्शक विचारधाराका रूपमा क्रियाशील मार्क्सवादी दर्शन, क्रान्तिकारी साहित्य र सञ्चेतनाले नेपाली स्रष्टालाई पारेको प्रभाव तथा नेपाल कम्युनिष्ट पार्टीको स्थापना र त्यसद्वारा अभिप्रेरित नयाँ साँस्कृतिक मूल्यबोधद्वारा भएको थियो । सामाजिक यथार्थको गतिशीलता ठम्याउने र त्यसलाई प्रतिबद्ध लेखन मार्फत व्यक्त गर्ने उद्देश्य अनुरूप भएको थियो । नयाँ नेपालको निर्माण गर्ने सुन्दर चाहनामा जुटेको नेकपा स्वयं लोकतान्त्रिक आन्दोलनमा संलग्न भएर नेपाली स्रष्टालाई यथासक्दो अगुवाई गरिरहेको थियो र त्यही अनुकुल परिवेशमा प्रलेसको जन्मभएको थियो । प्रगतिशील लेखन यही वैचारिक ज्योतिपुञ्जद्वारा अभिप्रेरित भएर आइरहेको पनि छ । त्यसैले प्रलेसको जन्म योजनाबद्ध ढङ्गले नै भएको थियो । प्रलेस गठनपछिको पहिलो सार्वजनिक अपील मा जनवादी साहित्यको प्रचार प्रसार गर्न र देशोन्नतिका लागि लेखकहरूलाई केन्द्रीय रूपमा सङ्गठित गर्न उक्त लेखक सङ्घ खुलेको कुरा उल्लेख हुनुले पनि प्रलेसको जन्म स्वस्फूर्त थिएन भन्ने तर्फ नै सङ्केत गर्दछ । यद्यपि सङ्घ-संस्थाको स्थापना र विकासमा व्यक्तिको संलग्नता, सक्रियता र सोचले महत्वपूर्ण स्थान राखेको पनि हुन्छ र त्यसलाई ऐतिहासिक सन्दर्भमा यथोचित मूल्याङ्कन तथा सम्मान गर्नु पर्दछ ।

प्रगतिशील लेखक सङ्घ नेपालको जन्मका सम्बन्धमा वीरगञ्जको नाम

सबभन्दा अगाडि आउँछ । तर यस सँगसँगै नेपाली जागरणको केन्द्रका रूपमा रहेको बनारस र काठमाडौंको प्रसङ्ग पनि साथै चर्चामा आईहाल्छ । खासगरी राणाशाहीका विरुद्धमा उर्लिएको मानसिकताले नेपाली लेखकहरूलाई क्रान्ति र परिवर्तनको अदम्य आस्था प्रदान गर्दै यथार्थवादी एवम् विद्रोही चेतनाका विविध बान्कीहरूमा साहित्य सिर्जना गऱ्यो । पूँजीवादी प्रजातन्त्रसँगै त्यसका अनेक साँस्कृतिक मान्यताहरू नेपाली जीवनमा प्रवेश गर्न थाले । सामन्ती प्रगतिशीलता पुरानिदै गएको परिपेक्ष्यमा पुँजीवादी विचारधाराले त्यो स्थान ग्रहण गर्ने प्रयत्न गर्नु स्वाभाविक पनि थियो । परन्तु त्यस सँगसँगै समाजवादी चेतना र लेखन पद्धति पनि हुकिँदो थियो । जसले प्रगतिको तात्पर्य स्वयं विकासशील हुनुमा मात्र होइन, निरन्तर विकासशील रहनुको अर्थमा प्रकट गर्दै आफूलाई अघि बढाउन थाल्यो । यसैक्रममा नेपाली लेखकहरूले संस्थागत प्रयत्नको परम्परामा नयाँ वैचारिक लक्ष्यलाई कला साहित्यमा स्थापित गर्न थाले र समाज कल्याणको जिम्मेवारीसँग आफूलाई गाँसेर जीवनका यथार्थलाई प्रयोजनपरक बनाए । यथार्थलाई एउटा निश्चित आकृतिमा ढाल्दै जान थाले र कला साहित्यको क्षेत्रमा संस्थागत प्रयत्नहरू तीव्र पार्न थाले । यसै वैचारिक आन्दोलनद्वारा नेपाली साहित्यमा प्रगतिशील लेखनको विस्तार एवम् प्रगतिवादी लेखनको थालनी भयो ।

३.३.१ प्रलेस जन्मका सम्बन्धमा वीरगञ्जको अपिल

प्रगतिशील लेखनको प्रयत्न जेलभित्र र वाहिर दुवै ठाउँबाट सुरु भयो । प्रारम्भमा सुधारवादी चिन्तन अँगाल्दै प्रगतिशील लेखन अघि बढयो । यसक्रममा हस्तलिखित पत्रिका प्रकाशन, पुस्तकालय स्थापना र अध्ययन मण्डलहरू समेत गठन भएका पाइन्छन् । श्यामप्रसाद जेलबाट छुटेपछि वीरगञ्जमा १९५२ सेप्टेम्वरमा (२००९ असोजको पहिलो सातातिर) प्रलेसको गठन गरियो । आफ्नो जन्मकालमा उक्त संस्थाले प्रलेसको उद्देश्य र कार्यक्रमका बारेमा एउटा निवेदन प्रकाशित गरेको थियो । प्रकाशक प्रलेस केन्द्रीय कार्यलय, सेवा सदन वीरगञ्जका तर्फबाट श्री शर्माको नाम उल्लेख गरिएको उक्त पर्चामा भनिएको छ- "देशलाई विकासको मार्गमा अग्रसर गराउन साहित्यिक र साँस्कृतिक उन्नति गराउनु आवश्यक छ । देशको साँस्कृतिक र साहित्यिक उन्नति गराउने भनिकन दिन-प्रतिदिन एउटा न एउटा संस्थाहरूले आफ्नो रूप देखाइरहेका छन् तर लेखकहरूको शक्तिको केन्द्रीयण गरेर त्यो शक्तिको राम्रो उपयोग गर्ने एउटा संस्था पनि खुलेको छैन अथवा खुलेको भए पनि त्यसले कुनै किसिमको ठोस रूप लिएर लेखकहरूलाई सङ्गठित गर्न सकेन । अतः जनवादी साहित्यको प्रचार एवम् नेपालका समस्त तरुण लेखकहरूको सङ्गठन गर्न हालै वीरगञ्जमा एउटा लेखक सङ्घ खुलेको छ । देशका प्रत्येक लेखकहरूले देशको उन्नतिको दृष्टिकोण लिएर यस लेखक सङ्घको सदस्य भइदिनु होला भन्ने पूर्ण विश्वास छ ।" प्रमाणित सामग्रीका आधारमा यही पर्चा नै प्रलेसको पहिलो दस्तावेज बन्न पुगेको छ । पर्चामा लेखक सङ्घ खुलेको कुरा मात्र उल्लेख छ । यसबारे श्यामप्रसादले 'प्रलेसको आरम्भिक अवस्था' नामक आफ्नो लेखमा विवरणात्मक जानकारी दिनुभएको त छ तर पर्चाको कुरा प्रष्टिदैन ।[३२]

---

३२. श्यामप्रसाद, 'प्रलेसको आरम्भिक अवस्था' प्रलेस वर्ष १९, पूर्णांक १३, २०६२ पृ. ५-७ ।

३.३.२ प्रलेस जन्मका सम्बन्धमाः काठमाडौँको चर्चा

यसै समयतिर काठमाडौँमा पनि एउटा लेखक सङ्घ बनाउने प्रयत्न सुरु भएको पाइन्छ। सातसालको परिवर्तनले ब्यूँझाएको नवीन सोचबाट प्रेरित भएर यहाँका उत्साही केही लेखकहरूले आलोपालो हरेक शनिवार जम्मा भएर साहित्य चर्चा गर्ने गरेको कुरा प्रा. चूडामणि बन्धुले उल्लेख गरेका छन्।[३३] तत्कालीन साहित्यिक पत्रिका शारदाले भने प्रलेस गठनको तयारी हुँदै गरेको र त्यसले आफ्नो मुखपत्र प्रगति प्रकाशन गर्ने सुरसार गरेको कुरालाई सम्पादकीयमा उल्लेख गरेको छ। "क्रान्तिलाई अमर राख्न र सामाजिक क्रान्ति गर्न प्रगतिशील लेखक सङ्घ खुली रहेछ। यसले आफ्नो मुखपत्र प्रगति नामक मासिक पत्रिका पनि निकाल्ने भएको छ।" उक्त लेखक सङ्घको कार्यभारका सम्बन्धमा शारदाले अगाडि लेखेको छ- "प्रगतिशील लेखक सङ्घले संसारमा भएका भुखमरीको विरोधमा कलमद्वारा सङ्घर्ष गर्ने र संसारमा भएका साम्राज्यवादी शक्तिसित, पूँजीवादी तथा सामन्तवादी शक्तिसित सङ्घर्ष गर्नेछ।"[३४] तर श्यामप्रसादका अनुसार नारायण बास्कोटाले प्रगतिलाई साहित्य हैन, राजनीति प्रधान पत्रिकाको रूपमा निकाल्न चाहेका थिए।[३५] त्यस अघि प्रगतिशील अध्ययन मण्डल नामक संस्थाले पनि यसमा टेवा पुऱ्याएको देखिन्छ। उक्त संस्था जातीय जनतान्त्रिक मोर्चामा समेत सहभागी भएको थियो।[३६] परन्तु यसबारे प्रगति पत्रिकाको भनाइ अलि बेग्लै रहेको छ। "नेपाली प्रगतिशील साहित्य सङ्कलन- एक" भनेर प्रकाशित उक्त पत्रिकाको पहिलो सम्पादकीयमा भनिएको छ- "प्रगति एउटा पुरानो स्वप्नको मूर्त रूप हो। हामीले यसको प्रथम अङ्कलाई डेढ वर्षपछि मात्र प्रकाशित गर्न सक्यौं। प्रारम्भमा हामीले प्रगतिशील लेखक सङ्घको निर्माण गरेर सङ्घका केही सदस्यहरूको सम्पादनमा एउटा मासिक सङ्कलन प्रगति र अरू मौलिक तथा अनुवादित साहित्य रचनाहरू प्रकाशन गर्ने आयोजना गरेका थियौं तर मूल योजनाअनुसार हामी अगाडि बढ्न असमर्थ जस्तै भएर प्रगतिको प्रथम अङ्क पाठकहरूको समक्ष उपस्थित गरिरहेका छौं।[३७] समालोचक कृष्णचन्द्रसिंह प्रधानका अनुसार प्रगतिको प्रकाशन साल २०१० बैसाखतिर भएको हुँदा लेखक सङ्घको चर्चा ९ साल पुष-माघतिर भएको हुनुपर्छ। तर काठमाडौँमा प्रलेस बनाउने काम भने हुन सकेन। यसैबेला- "कृष्णचन्द्र प्रधान र अरू लेखकहरू मिलि प्रगतिशील लेखक सङ्घको स्थापना गरे"[३८] भनेर पुष्पलालको अगुवाइमा तयार पारिएको नयाँ जनवादी संस्कृति नामक दस्तावेजमा उल्लेख गरिएको छ तर मिति र लेखक बारे प्रष्टता छैन। सुरुमा सिद्धिचरण श्रेष्ठ, नारायण बास्कोटा, लक्ष्मीप्रसाद देवकोटा, विजय मल्ल, शङ्कर लामिछाने, हेमराज श्रेष्ठहरूले खोलेको पुरानो लेखक सङ्घलाई पुनर्गठन गरिएको

---

३३. चुडामणि बन्धु- देवकोटा (दोस्रो संस्करण, साझा प्रकाशन) पृ.३१७।

३४. शारदा, सम्पादकीय, २००८ साल चैत्र पृ. ३८०।

३५. श्यामप्रसाद- केही साहित्य र साहित्यकार, प्रकाशक : विनोद अधिकारी बीरगञ्ज २०४२ पृ. ४।

३६. गीष्मबहादुर, देवकोटा, राजनैतिक दर्पण भाग १।

३७ नारायणप्रसाद बास्कोटा, (सम्पादक) प्रगति वर्ष १, अङ्क १, पृ. १४४।

३८ पुष्पलाल, जनवादी सांस्कृतिक कार्यक्रम, छानिएका रचनाहरू भाग ३, पृ. १२९।

थियो र त्यही लेखक सङ्घलाई कसैकसैले प्रलेस भनि चर्चा गरे, जसको अध्यक्ष सिद्धिचरण श्रेष्ठ र सचिवमा कृष्णचन्द्रसिंह प्रधान रहेका थिए ।"[३९] यससम्बन्धी अन्य ठोस प्रमाणहरू अहिलेसम्म फेला परेका छैनन् र पुष्पलालले २००७ सालको क्रान्तिपछि पार्टीले प्रलेस गठन गरेको कुरा नेकपाको इतिहासमा उल्लेख गरेको भए पनि कहिले, कहाँ, कसरी गठन भयो भन्ने विवरण दिएको देखिदैन[४०]

सामन्तवाद तथा साम्राज्यवाद विरोधी लेखन कार्यलाई अघि बढाउने सोच नेकपाको स्थापनासँगै व्यापक बनेको पाइन्छ । मार्क्सवादी दर्शनको प्रभाव प्रष्ट झल्काउने काम श्यामप्रसादका डायरीहरू र कृष्णचन्द्र सिंहको भञ्जाङनिरैको भूमिकाले गरेको छ । परन्तु प्रलेस गठनको सम्बन्धमा ठोस अभिव्यक्ति दिन पुराना सम्बन्धित लेखकहरूले पनि प्राय: चुकेको देखिन्छ । विचारगत रूपमा भने मार्क्सवादी दर्शन र प्रलेसका गतिविधि एवम् त्यसँसग सम्बन्धित स्रष्टाको प्रभाव निकै व्यापक हुँदै गएको थियो भन्ने कुरालाई २००९ साल माघ ८ गते जय बागेश्वरीमा सम्पन्न विराट साहित्य सम्मेलनले पनि दर्शाउँछ । महाकवि देवकोटाको सभापतित्वमा सम्पन्न सो सम्मेलन- "प्रगतिशील दृष्टिकोण भएका नयाँ साहित्यकारहरूको महत्वपूर्ण जमघट थियो ।"[४१]

३.३.३ प्रलेसको जन्म र प्रथम कार्य समिति

मार्क्सवादी विचारधाराको अध्ययन र प्रचार-प्रसारका लागि त्यस समयमा विभिन्न ठाउँमा प्रगतिशील अध्ययनमण्डलहरू खोलिएका थिए । वीरगञ्जमा पनि त्यो क्रियाशील थियो । काठमाडौँमा रहेको प्रगतिशील अध्ययनमण्डल त तत्कालीन जातीय जनतान्त्रिक मोर्चामासमेत सामेल भएको थियो । वीरगञ्जमा रहेको प्रगतिशील अध्ययनमण्डलकै आयोजनामा २००९ साल बैसाखमा त्यहाँ केही साहित्यकार तथा राजनैतिक व्यक्तिहरूको सभा डाकिएको थियो र त्यसले स्थानीय तहमा साहित्यकारहरूको सङ्गठन बनाउने निर्णय गरी सात सदस्यीय आयोजक समिति गठन गऱ्यो । रामहरी शर्मा र कमलराज रेग्मीसमेतले भागलिएको सो सभा पं. तारानाथ शर्माको सभापतित्वमा भएको थियो ।[४२] त्यसको तीन महिनापछि वीस सेप्टेम्बर १९५२ अर्थात् २००९ असौज ५ गते शनिवारका दिन कविराज बलभद्र शर्माको सभापतित्वमा आयोजित कार्यक्रममा भवानीप्रसाद शर्माबाट प्रगतिशील लेखक सङ्घको विधिवत उद्घाटन भयो । जसको पहिलो कार्यकारीणीमा श्यामप्रसाद शर्मा (अध्यक्ष) रत्नदास वैद्य(महासचिव) चित्तरत्न कंसाकार (सहायक सविच) देवीप्रसाद किसान (कोपाध्यक्ष) बालकृष्ण रूपावासी (सङ्गठन मन्त्री) महावीरप्रसाद अग्रवाल(प्रचार मन्त्री) र बलभद्र शर्मा बडाल (निरीक्षण मन्त्री) रहेका थिए । बालकृष्ण रुपावासीले २०१०।१२।७ मा श्यामप्रसादलाई चिठी लेखी प्रलेसबाट राजीनामा दिएका थिए । यस संस्थाको

---

३९. पुष्पलाल, नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास- दोश्रो संस्करण पृ. ८० ।

४०. पुष्पलाल, ऐजन इतिहास पृ.८० ।

४१. चुडामणि बन्धु- देवकोटा- (दोस्रो संस्करण साझा प्रकाशन) पृ ३३७ ।

४२. श्यामप्रसाद, केही साहित्यकार र साहित्य प्रथम संस्करण २०४२ पृ. ७ ।

गठनपछि लेखकहरूका निम्ति मार्क्सवादी सौन्दर्यशास्त्रको पहिलो नेपाली पुस्तक तयार पारियो । श्यामप्रसादद्वारा लिखित- **लेखक कसरी बन्ने ?** भन्ने उक्त पुस्तक लेखक सङ्घले छ महिनामै तयार गरी ई.सं. १९५३ अप्रिलमा कविवर युद्धप्रसाद मिश्रद्वारा बिमोचन गराई सार्वजनिक बनाएको थियो ।

बनारसमा अध्ययनरत अन्य युवाहरूले सञ्चालन गरेको प्रगतिशील प्रकाशन मण्डल काशीका मुख्य स्रष्टामा गोविन्दप्रसाद लोहनी, भवानीप्रसाद शर्मा, भरतमोहन अधिकारी, जगतमोहन अधिकारी रहेका थिए । उनीहरूमध्ये गोविन्द लोहनीले पुष्पलालको सम्पर्कबाट काठमाडौंमा **प्रगतिशील प्रकाशन मण्डल** सञ्चालन गरेका थिए । प्रगतिशील अध्ययन मण्डलमा सङ्गठित गोविन्द लोहनी, धुस्वां सायमी र नारायण गौतम लगायतका युवाहरूले सुरु गरेको सो प्रकाशन संस्थाले आफ्नो उद्देश्य प्रष्ट पार्दै भनेको छ- "प्रगतिशील रचनाहरू नेपाली भाषामा प्रकाशित गर्ने, अन्तर्राष्ट्रिय प्रगतिशील रचनाको नेपाली भाषामा अनुवाद गरेर प्रकाशित गर्ने, मार्क्सवाद-लेनिनवादका सिद्धान्त साधारण शिक्षित जनताले बुझ्ने भाषा र शैलीमा प्रकाशित गर्ने आदि ।"[४३] उक्त संस्थाले प्रगतिशील बालसाहित्य, प्रगतिशील नारी साहित्य पनि प्रकाशन गर्ने कामना राखेको देखिन्छ । संस्थाका तर्फबाट थुप्रै समकालीन प्रगतिशील स्रष्टाहरू जुर्मुराएको कुरा त्यतिखेर प्रगतिवादमा आस्था राख्ने तर अहिले प्रगतिवादबाट पलायित गोविन्द लोहनी यसरी स्वीकार्छन्- "निराशा र अन्धकारको जीवनमा, आत्महत्या र आत्महीनताको वातावरणमा मैले एउटा प्रकाश देखें- त्यो उज्यालो थियो मार्क्सवादको । जीवित रहेर कठोर सङ्घर्ष गर्ने प्रेरणा यसैबाट पाएँ ।" वास्तवमा यही प्रेरक चिन्तन-दृष्टिका आधारमा नेपाली प्रगतिवादी साहित्य खडा भयो । चिनियाँ क्रान्तिको प्रेरणा र रुसी क्रान्तिको प्रेरणा एवम् भारतीय स्वाधीनता सङ्ग्राम र विश्वयुद्धले पनि नेपाली जनमानसलाई एउटा नयाँ सोच स्वीकारेर अघि बढ्न मद्दत पुऱ्यायो । **चिनी जनसङ्घर्षको इतिहास**, यो हो **सोभियत रुस**, **जनताको जनवादी अधिनायकत्व** जस्ता पुस्तकहरूको अनुवादले पनि यही कुरा दर्शाउँछ ।[४४]

३.३.४ प्रलेस र प्रगतिशील प्रकाशन

प्रगतिशील लेखन परम्परामा उल्लेख गर्नुपर्ने अर्को संस्थागत प्रयत्न थियो- जन प्रकाशनालय । विक्रम सम्वत् २००५ सालतिर भारतको रक्सौलमा नेपालीहरूद्वारा यसको स्थापना भएको थियो । यसले आफ्नो पहिलो प्रकाशनका रूपमा महाकवि देवकोटाको क्रान्तिकारी कविता **पहाडी पुकार** प्रकाशित गरेको थियो । प्रेमबहादुर कंसाकार र निरञ्जन गोविन्द वैद्यसमेतका वामपन्थी युवाहरूद्वारा यो संस्था सञ्चालित थियो । "प्रगतिशील क्रान्तिकारी विचार भएका मौलिक तथा अनुदित किताबहरू

---

४३. गोविन्दप्रसाद लोहनी, यो हो सोभियत रुस, (प्र.प्र.मं २००९, प्रथम संस्करण) पृ. १

४४. गोविन्द लोहनी नेतृत्वको भोक (प्र.प्र.मं- २००९, प्रथम संस्करण) पृ. ६।

प्रकाशित गर्नु" नै यसको मुख्य उद्देश्य थियो ।[४५] पहाडी पुकारलाई प्रगतिशील साहित्यको इतिहासमा अत्यन्तै महत्वपूर्ण प्रारम्भिक रचनाका रूपमा लिइन्छ भने बासुपासाको किसान(नाटक) भवानीप्रसाद शर्माको 'नानी' लगायत बल्दो दियो, **कालो भूत** र **भेट** (२०११) जस्ता कथा सङ्ग्रह एवम् **हिमालको काखमा** जस्ता कविता सङ्ग्रहहरूको पनि आफ्नै विशिष्ठ स्थान छ। प्रगतिशील साहित्यलाई यथार्थवादको आधार प्राप्त हुने, विज्ञानसम्मत दृष्टिकोण रहने र गतिहीनताका विरुद्धमा जुध्न प्रेरित गर्ने लोककल्याणकारी चरित्रमा खडा भएको देख्न चाहने आनन्देव भट्ट मार्क्सवादी साहित्यको अर्थमा नै प्रगतिशील साहित्यलाई परिभाषित गर्न रुचाउँदैनन् । तर अर्थ सङ्कोचनको जुन स्थिति प्रगतिवाद विरोधीहरूबाट पैदा गरिएको छ त्यसलाई भने 'विपक्षीहरूको महान देन' मान्दछन् [४६]। र उनका रचनाहरू पनि यस सन्दर्भमा स्मरणीय छन् ।

३.३.५ प्रलेसको नेतृत्वमा नयाँ साहित्यको विकास

प्रगतिशील लेखक सङ्घको जन्मपछि त्यसले सङ्गठनात्मक रूपमा निरन्तरता कायम राख्न नसकेको प्रष्टै देखिए पनि विचारधारात्मक फाँटमा भने प्रगतिशीलताले प्रगतिवादतर्फ पाइला बढाउँदै निरन्तर अघि बढ्यो । बीसौं शताब्दीको सुरुदेखि नेपालको बौद्धिक क्षेत्रभित्र मार्क्सवादी चिन्तनले अत्यन्त शूक्ष्म रूपमा प्रवेश गऱ्यो र खास गरी १९१७ को सोभियत समाजवादी क्रान्तिपछि यसले अलि प्रत्यक्ष र विस्तृत रूपमा नेपालमा प्रभाव बढाउन थाल्यो[४७] फलस्वरूप २००९ सालमा प्रगतिशील लेखक सङ्घमा सङ्गठित भई पहिलो पल्ट नेपालमा प्रगतिवादी साहित्यिकहरूले सङ्गठित रूपमा आफ्नो दर्शन र सामाजिक दृष्टिकोण अनुसार नयाँ साहित्यको सिर्जना गर्न थाले ।४८ यसरी सिर्जना गर्न थालिएको साहित्यलाई जनसाहित्य, प्रगतिशील साहित्य, जनताको साहित्य र जनपक्षीय साहित्यसमेत भनिँदै गरेको पाइन्छ र वास्तवमा यी प्रगतिवादी साहित्यका सह-उत्पादन बनेर आएका छन् । त्यसैले प्रगतिशील साहित्य प्रगतिवादको सहयोगी हुन्छ, विरोधी होइन ।

---

४५. चूडामणि बन्धु- देवकोटा ऐ. संस्करण ऐ. पृ. २९६ ।

४६. आननदेव भट्ट- जनताको साहित्य (सं प्रथम: २०४८ । पृ. ६२ ।

४७. आनन्ददेव भट्ट ऐ.ऐ.पृष्ट १०६ ।

४८. आनन्ददेव भट्ट ऐ.ऐ. पृष्ट १०६ ।

अध्याय चार

प्रलेसको विकासक्रम र चरण विभाजन

४.१ प्रलेसको विकास यात्रा

प्रगतिशील लेखक सङ्घको स्थापना पछि यसको विकास यात्रा निरन्तर अघि बढ्दै आयो । सुरुमा सङ्गठनात्मक आधार निर्माणको पक्ष त्यति सबल देखिँदैन । पछि-पछि भने सङ्गठनको निमार्ण र विकासमा अलि बढी ध्यान दिएको देखिन्छ । सङ्गठित लेखनको परम्परामा बैचारिक प्रतिबद्धताका साथ सर्वसाधारण श्रमजीवी जनताको रुचिलाई परिस्कार गर्ने अभिप्राय लिएर प्रलेस अघि बढेको छ । २००९ साल पछि लगातार प्रगतिशील भावधारालाई प्रत्यक्ष रूपमा प्रेरित गर्दै प्रलेसका अगुवाहरू क्रियाशील रहेका देखिन्छन् । सुरुमा पत्रपत्रिका प्रकाशनमा जोड दिदै हस्तलिखित पत्रिका, प्रचारात्मक पुस्तिकाहरू र अन्य साहित्यिक रचनाहरू निकालेको र पछि क्रमशः व्यवस्थित ढङ्गले पत्रिका प्रकाशन, साहित्यिक छलफल, पुस्तक प्रकाशन, रचनाको विवेचना र साहित्यकारहरूलाई भौतिक-बौद्धिक सहयोग पुऱ्याउने काम गरेको देखिन्छ । प्रलेसको विकास यात्रामा पहिलो पर्चाको आह्वानका अतिरिक्त लेखक कसरी बन्ने ? पुस्तिका प्रकाशित देखिन्छ, जो स्वयं सौन्दर्यशास्त्रका दृष्टिले समेत महत्वपूर्ण रहेको छ । यसपछि प्रलेसले हृदयचन्दसिंह प्रधानको स्वास्थ्योपचारमा ध्यान दिंदै सरकारसँग गरेको प्रयास, देवकोटाको उपचारमा गरेको प्रयास आदि देखा पर्दछ । संस्थाको सार्वजनिक अस्तित्व लेखकहरूका माझमा मात्र सीमित नराखेर अन्य राष्ट्रिय प्रश्नमा समेत लगाएको तथ्य अफ्रो-एशियाली लेखक सङ्घसँगको सम्वन्धले पनि दर्शाउँछ । त्यस्तै रुसी एवम् चिनियाँ क्रान्तिकारी साहित्यको नेपालीमा रूपान्तरण गर्नु, भियतनामी र प्यालेष्टिनी साहित्यलाई नेपालीमा रूपान्तरण गर्नु र यहाँको समाजवादी साहित्य चिन्तनलाई गतिशील पार्नु पनि प्रलेसद्वारा अभिप्रेरित गरिएको सिर्जनात्मक प्रेरणा वन्न पुगेको छ ।

२००९ सालदेखि २०१५ सालसम्मको अवधिमा जे जति र जस्ता गतिविधिमा प्रलेस सक्रिय रह्यो, त्यसलाई हेर्दा नयाँ मान्यताको स्थापनामा साहित्य-समीक्षा लेख्नु, यथार्थवादी लेखन धारालाई अगाडि बढाउनु र साहित्यिक पत्रकारितालाई अघि बढाउनु मात्र नभई रचनाशिल्पका सन्दर्भमा विभिन्न मान्यता र सोचका बीच प्रगतिशील तथा प्रगतिवादी मूल्य स्थापना गर्नु पनि प्रलेसको महत्वपूर्ण काम बनेको छ । २०१६ सालमा पुनर्गठन हुँदा पनि यसमा वैचारिक भेद थिएन । १७ साल अघिकै अवधिमा गोकुल जोशी, केवलपुरे किसानका कविताले जनमानसलाई एउटा विद्रोही चेतना दिएको थियो । साम्राज्यवाद विरोधी चेतना, सामन्तवाद विरोधी सङ्घर्षको

मैदानमा प्रकट भईरहेको थियो । पञ्चायती शासनको आरम्भमा अर्थात् सत्र सालपछि पनि यो प्रतिपक्षी चेतना भुत्भुते खरानीमा पुरिएको आगो सरह रह्यो । भुसको आगो सल्केझैं देशव्यापी आकार ग्रहण गर्दै गयो । सुरुका कतिपय स्वच्छन्दतावादी कविहरू समेत प्रगतिशील तथा प्रगतिवादी भावधाराबाट प्रभावित भए । बीसको दशकमा थुप्रै नयाँ-नयाँ प्रतिभाहरू देखा परे । स्वयं प्रगतिशील लेखक सङ्घको विकासमा सात सत्रको अवधि निकै उर्वर रह्यो । त्यस समयमा मुलुकको राजनैतिक परिवेश खुकुलो रहनु र विचारको आधारमा दलहरू क्रियाशील रहनुले गर्दा सिर्जनामा सामाजिक यथार्थ अङ्कित गर्ने काम मात्र नगरी त्यसलाई उद्देश्यपूर्ण बनाएर प्रस्तुत गर्ने परिपाटी नै हुर्काएको देखिन्छ । आदर्शमय चिन्तनको बृत्तमा यथार्थलाई डोऱ्याउने काम हुँदा सामाजिक यथार्थको आदर्शोन्मुख चित्रण हुनपुगेको पाइन्छ । गीत, कविता, कथा र निबन्धमा मात्र हैन समालोचना र शोधप्रबन्धहरूमा समेत विचारधाराको प्रभाव सबल बनेको छ । एकातर्फ सङ्गठनात्मक रूपमा पनि विभिन्न मोडहरू देखापर्नु अर्कोतर्फ सिर्जनात्मक क्रियाशीलतामा प्रगतिवादले प्रभाव पार्दै जानुका बीच प्रगतिशील साहित्यले नयाँ उचाई हासिल गर्न थाल्यो र प्रलेसको विकास यात्रामा विभिन्न चरणहरू निर्माण भए ।

४.२ प्रलेसको चरण विभाजन

प्रलेसको विकासयात्रालाई विविध चरणमा हेर्नु उचित नै हुनेछ । किनभने सङ्गठनात्मक रूपमा भिन्नभिन्न मोड अथवा खण्डहरू निर्माण भएको सङ्केत २०१६ मा पहिलोपल्ट पुनर्गठन हुँदा र २०३६ मा दोश्रोपटक पुनर्गठन हुँदा पनि देखापर्छ । पहिलो पुनर्गठनको समयमा नेकपाको परोक्ष प्रेरणा रहेको तथ्य सरह नै दोश्रो पुनर्गठनमा पनि त्यो रहेको देखिन्छ । खासगरी नेकपाका विभिन्न समूहरूको प्रेरणा स्मरणीय रहेको छ । परन्तु २०४६ पछिको चरण भने सङ्गठनात्मक रूपमा देखापरेको नवीन मोड नभै सामाजिक परिवर्तनको उथल पुथलबाट निर्मित वैचारिक उदारता र अनुदारताको कारणबाट उत्पन्न मोड बन्न पुगेको छ । त्यसर्थ प्रलेसको विकास यात्रालाई विभिन्न चार चरणमा हेर्नु अहिलेका निम्ति उपयुक्त हुने देखिन्छ ।

क. प्रथम चरण (२००९-२०१५ को अवधि)
ख. दोस्रो चरण (२०१६-२०३५ को अवधि)
ग. तेस्रो चरण (२०३६-२०४६ को अवधि)
घ. चौथो चरण (२०४७-२०६३ को अवधि)

४.३ चरण विभाजनको औचित्य

सामान्यतया चरण विभाजनको आधार विचारधारात्मक मोड वा ऐतिहासिक कालक्रमलाई बनाएको पाइन्छ । सङ्गठनका सन्दर्भमा भने त्यसको क्रियाशीलता वा निस्क्रियताको पक्षलाईसमेत हेर्नु उचित हुनेछ । व्यक्ति साहित्यकारको विश्लेषणमा उसको जीवनका मोडहरूका साथै विधागत आधार, वैचारिक अडान र रचनागत थुप्रोलाई नियालेर पनि चरणबद्ध विश्लेषण गरिएको पाइन्छ । यसरी हेर्दा नै एउटा साहित्यकारको स्वच्छन्दतावादी काल, प्रगतिशील भावधारामा प्रवाहित समय र

प्रगतिवादमा प्रतिबद्ध स्थिति भन्ने निष्कर्ष झिक्ने गरेको पाइन्छ । साहित्यिक संस्थाका सन्दर्भमा त्यसको सङ्गठनात्मक संरचनामा हुने मौलिक हेरफेर, सिर्जनात्मक गतिशीलता, विस्तार र प्रकाशनहरूको मात्राद्वारा पनि चरण केलाउन सकिन्छ । यहाँ प्रलेसको चरण विभाजनमा यिनै कुराहरूको हेक्का राखिएको छ । पहिलो चरण सङ्गठनात्मक रूपमा स्थापना काल (२००९) देखि पहिलो पुनर्गठन अघिको ढाँचा, धारणा, सिर्जनात्मक सोच स्थापनाकालीन अवधारणामै सीमित रहेको छ । तर पछि वि.सं. २०१६ मा पुनर्गठन हुँदा केही भिन्नताहरू देखा पर्दछन् र ती भिन्नताहरू दुई रूपमा प्रकट हुन्छन्- एउटा सङ्गठनको नाममा र अर्को सञ्चालन पद्धतिमा । २०१६ को सुरुमा खिचापोखरीमा कार्यालय खोलेर व्यवस्थित गर्ने प्रयत्न भएको पाइन्छ तर २०१७ पछि सरकारी स्वीकृति लिएर वैधता प्राप्त गर्न खोजेको कुरासमेत भेटिन्छ । साङ्गठनिक सोचमा पनि दोश्रो चरणमा आइपुग्दा केही विवाद देखापर्दछ । कोही कम्युनिष्ट पार्टीलाई निर्देशक स्वीकार्छन्, कोही त्यस स्थितिलाई दुत्कार्छन् । यस्तै अन्तरविरोधमा दोश्रो चरण विश्रृङ्खलित हुन्छ र बीसको दशक मात्र हैन, तीसको दशकको आधा समयसमेत सङ्गठनका सन्दर्भमा निस्तेज भएर गुज्रन्छ । परन्तु झर्रो नेपालीको प्रयोग गर्ने, विभिन्न समूहमा आबद्ध भएर साहित्यिक आन्दोलन चलाउने र जनजीवनलाई नयाँ भविष्यप्रति आकर्षित गर्ने क्रम यस अवधिमा पनि सबल नै रह्यो ।

तेस्रो चरण २०३६ को जनआन्दोलनले नेपाली समाजमा ल्याएको जागरण, पञ्चायती निर्दलीयताको विरुद्धमा संसदीय विकल्प स्वीकृत गरेको परिवेश र भूमिगत रूपमा क्रियाशील दलगत राजनैतिक शक्तिहरूद्वारा अभिप्रेरित मानसिकताबाट निर्मित सञ्चेतनाले ल्याएको मोड हो । यस मोडको आरम्भमा सडक कविता आन्दोलन देखापरे पनि त्यो प्रलेसका सन्दर्भमा गौण रहेको छ । किनभने त्यसले अँगालेको सोच अर्थात् साहित्य र समाजको सम्बन्ध, राजनीति र कलाको सम्बन्धका बारेमा प्रलेसले त्यसअघि नै प्रशस्त मान्यताहरू अघि सारिसकेको थियो । भूमिगत रूपमा क्रियाशील वामपन्थी क्रान्तिकारीहरूका बीचमा नेपाली समाजको अन्तरविरोध, सामाजिक विकासको तह र त्यसलाई परिवर्तन गर्ने रणनीति तथा कार्यनीतिका सम्बन्धमा मतभेद रहेका भए पनि सामन्तवाद तथा साम्राज्यवाद विरोधी सांस्कृतिक आन्दोलन अघि बढाउने, नीर्वलीय निरङ्कुशताका विरुद्ध संयुक्त रूपमा लड्ने र लोकतान्त्रिक प्रतिनिधित्व प्रणाली स्थापना गर्ने काममा प्राय सबैले आ-आफ्ना ठाउँबाट बल पुऱ्याएका थिए । पुष्पलालको नेतृत्वमा रहेको समूह होस् वा मोहनविक्रम- निर्मल लामाको नेतृत्वमा रहेको चौथो महाधिवेशन समूह होस् अथवा सीपी मौनालीको नेतृत्वमा रहेको झापाली समूह होस् वा मदन भण्डारी, जीवराज आश्रितको नेतृत्वमा रहेको मुक्तिमोर्चा समूह होस् त्यसरी नै ऋषी देवकाटा आजादको नेतृत्वमा रहेको समूह वा नेत्रलाल अभागीको नेतृत्वमा रहेको दङ्गाली सन्देश समूह होस् । प्रत्येकले आ-आफ्ना ठाउँबाट २०३६ को जनआन्दोलमा सक्रिय सहभागिता राखेका थिए र साँस्कृतिक फाँटको कामलाई कमबेशी मात्रामा सञ्चालन गरिरहेका थिए । यसको प्रत्यक्ष उदाहरण मुक्तिमोर्चा, सङ्कल्प, वेदना, सन्देश र युगदुत जस्ता साहित्यिक पत्रिकाहरूद्वारा प्राप्त हुन्छ । कम्युनिष्ट पार्टीका नाममा क्रियाशील साना ठूला सबै समूहले आफ्नो साँस्कृतिक मोर्चा, फाँट र संस्थाहरू सञ्चालन गर्ने काम गरेका

थिए । साहित्य, कला र सङ्गीतको क्षेत्रलाई नाट्यमण्डली गठन गरेर पनि ऊर्जा प्रदान गरेका थिए । त्यस स्थितिमा आन्तरिक प्रेरणाको स्रोत नेकपा रहनु स्वाभाविक थियो र त्यही प्रतिबद्धताका बीच सात सालको संघर्षले नेपाली साहित्यमा पारेका प्रभाव र विशेषता समेट्दै, यथार्थवादी लेखन प्रवृतिलाई अघि बढाउँदै प्रगतिशील तथा प्रगतिवादी लेखनलाई समृद्ध गर्ने सोचका साथ २०३६ को जनआन्दोलन पछि प्रलेसको पुनर्गठन हुन पुगेको देखिन्छ । प्रलेक सङ्घको रूपमा भएको साङ्गठनिक पुनर्गठन, त्यसले निकालेको अपीलद्वारा अघि सारिएको सोच, साङ्गठनिक विस्तार, विभिन्न आञ्चलिक सम्मेलनहरू र तिनीहरूद्वारा स्वीकृत कला साहित्य सम्बन्धी प्रस्तावहरू, विचारधारात्मक सम्बद्धताका आधारमा के भन्न सकिन्छ भने यस चरणमा प्रगतिशील लेखनलाई प्रगतिशीलताबाट माथि पुऱ्याएर प्रगतिवादमा उभ्याउने काम भएको छ र नेपाली साहित्यकै इतिहासमा विशिष्ट स्थान राख्ने प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न गर्नु जस्ता कामले यस चरणलाई ठोस आधार प्रदान गरेको छ ।

चौथो चरण बहुदलको पुनर्स्थापना पछिलाई मानिएको छ । यसमा प्रलेस मूलतः वामपन्थी लेखकहरूको साझा मञ्चका रूपमा स्थीर हुन पुगेको छ । सिर्जनात्मक सोचका आधारभूत मान्यतामा सहमति रहेर पनि विशिष्टतामा विवाद व्यापक भएको यस चरणमा प्रलेसका तीनवटा राष्ट्रिय सम्मेलन सम्पन्न भए । अनेकौं विवादहरू उब्जिए । चौथो सम्मेलनबाट त केही प्रतिनिधिहरू सङ्गठन छाडेरै हिंडे । त्यति भएर पनि प्रलेस आफ्नो लक्ष्यमा अघि बढिरहेको यस चरणको विवचेनालाई एउटा भिन्नै चरणमा हेर्नु बुझ्नु र विश्लेषण गर्नु परिवर्तित सन्दर्भमा जरुरी नै देखिन्छ । यस चरणलाई २०६३ सम्मको मान्नुको तात्पर्य के हो भने त्यतिञ्जेल बहुदलीयता र निरङ्कुशताको द्वन्द्वबीच नेपाली समाज गुज्रँदै थियो । एकातर्फ संसदीय संघर्ष अर्कोतर्फ प्रचण्डपथको सशस्त्र विद्रोहले नेपाली समाजमा प्रभाव पार्दो थियो । राजाको निरङ्कुशताले पुनः गाउको उठाएको थियो र त्यसका विरुद्ध जनसङ्घर्षले लोकतान्त्रिक गणतन्त्रको सोच अघि सार्दो थियो ।सम्भवतः एक्काइसौं सदीको आरम्भसँगै नयाँ विशेषता साथ अर्को चरणको थालनी हुने सम्भावना पनि विद्यमान रहेको हुँदा यसरी सोचिएको हो । त्यसैले अबका अध्यायहरूमा यिनै चरणहरूमा आधारित भएर प्रगतिशील लेखक सङ्घको मीयोमा घुम्दै प्रगतिशील लेखनको ऐतिहासिक वास्तविकता केलाइने छ ।

अध्याय पाँच

प्रगतिशील लेखक सङ्घको प्रथम चरण

प्रलेसको स्थापना २००९ सालदेखि २०१५ सम्मको अवधिलाई प्रथम चरणमा लिइएको छ। यस चरणमा भएका संस्थागत गतिविधिले प्रगतिशील लेखनमा महत्वपूर्ण योगदानहरू दिएको छ। विशेषगरी नयाँ साहित्यको रचनाका साथै त्यसका मूल्य मान्यताको स्थापना एवम् यथार्थवादी साहित्य धाराको बढोत्तरी भाषा साहित्य र साहित्यिक प्रगतिको निकासमा ध्यान दिएको देखिन्छ।

५.१ साहित्य सिर्जनामा योगदान

प्रगतिशील लेखक सङ्घको गठन भएपछि नेपाली साहित्यमा एउटा नयाँ मान्यताले सङ्गठित आकार ग्रहण गर्दै गयो। विचारधाराको दृष्टिले नेपाली साहित्यमा थुप्रै नयाँ विशेषताहरू थपिन थाले। वास्तवमा कुनै खास समयमा सुधारवादी सोच पनि प्रगतिशील बन्न पुग्दछ। नेपाली साहित्यमा चर्चित सन्त कवि ज्ञानदिलदासले धार्मिक सम्प्रदायवादको विरोधका निम्ति धर्मको आड लिएर मूर्ति पूजाको समेत विरोध गरे। तत्कालीन अड्डा अदालतमा हुने नोकरशाही प्रवृतिको बिरोधमा कलम चलाए। उनको त्यो लेखन प्रवृति र सोच डा. ऋषिराज बरालका मूल्याङ्कनमा प्रगतिशील रहेको छ- "चिन्तनको दृष्टिले सन्त परम्परावादीहरू आफ्ना समकालीनभन्दा प्रगतिशील देखिन्छन्।"[४९] तर प्रगतिवाद भने भिन्न कुरा हो। यसले आफूलाई क्रान्तिकारी परिवर्तनको पक्षधर बनाउँछ। सुधारवादी सोचबाट अघि बढ्दै नयाँ मानवमूल्य निर्माण गर्न कलालाई जीवनवादी बनाउँदै जीवनलाई समता, शान्ति र समृद्धिको पथमा अघि बढ्न हौस्याउँछ। प्रलेसले पनि आफ्नो स्थापनाकालदेखि नै प्रगतिवादी सोच र सिर्जनाविधि अनुसार जनसाहित्यको सिर्जनामा विशिष्ट योगदान पुऱ्याउँदै आएको छ। परम्परागत लेखनको विकल्प दिदै नवीन मान्यता, सिर्जनात्मक सौष्ठव र विधागत प्राप्ति हासिल गरेको छ। परम्परावादका विरुद्धमा वैज्ञानिक तथा सुधारवादी दृष्टिकोण, जीवनपद्धति र सामाजिक सम्बन्ध स्वीकार्दै नवीन मोड दिने प्रयासले नेपाली साहित्यको यस कालखण्डको साहित्य सिर्जना प्रसस्त प्रभावित छ र यस तथ्यलाई धेरैले स्वीकारेका छन्।

---

४९. डा. ऋषिराज बराल, प्रगतिवाद र नेपाली उपन्यास (प्रथम संस्करण २०४०) पृ. २६।

५.१.१ नयाँ मान्यताको स्थापना

नेपाली साहित्यमा नवीन सिर्जनात्मक सोच र चाहना २००७ सालको क्रान्तिले दिएको हो । यस क्रममा नै साहित्यकारको सामाजिक दायित्व र साहित्यको वर्गीय मूल्यको प्रश्न उठ्यो । जनसाहित्य, जनपक्षीय साहित्य, प्रगतिशील साहित्य र प्रगतिवादी साहित्य जस्ता विशिष्ठ भाव सङ्ग्रहित शब्दका आधारमा साहित्यको वर्गीकरण हुन थाल्यो । कला साहित्यमा विचार, दर्शन, यथार्थ र कल्पनाको समन्वय र सन्देशमूलक अभिव्यञ्जनाको माग गरियो । प्रयोजन, प्रस्तुति र प्रभावका आधार निमार्ण गर्न खोजियो । जनसाहित्यको तात्पर्य बोकेर सेवा पत्रिकाले प्रलेस गठन हुनु अघिदेखि नै यसका बारेमा लेख्न थाल्यो- "जनपक्षीय साहित्य भन्नाले सामान्यतया जनताको हित र सेवाको उद्देश्यद्वारा सिर्जना गरिएको साहित्यलाई बुझाउँछ ।[५०] यसले मूलतः यथार्थवादी लेखनधारालाई अँगाल्छ र कलात्मक रचना-प्रक्रियाबाट अघि बढ्दै प्रतिनिधि परिवेश र पात्र-पात्राहरूको माध्यमबाट जीवनलाई समुन्नति तर्फ लग्दछ । सरलता, संप्रेष्यता र स्तरीयताको सन्तुलनमा साहित्यकार र पाठक बीचको दूरी समाप्त पार्दछ । प्रगतिशीलता यसको मुख्य गुण बन्दछ र प्रगतिवादी संस्कृतिको सहयोगी बन्दछ । सुरुमा यही विचार-वृत्त नै प्रगतिशील साहित्यको आँगन बन्यो र पछि क्रमश प्रगतिवादतर्फ लम्कियो ।

प्रलेसले सुरुमा अघि सारेको मान्यता सामन्तवाद तथा साम्राज्यवादविरोधी भएको कुरा तत्कालीन पत्रिकामार्फत् थाहा पाइन्छ । यद्यपि वीरगञ्ज अपिलले त्यो कुरा व्यक्त गर्दैन । त्यसले त नेपाली लेखकहरू विशेषगरी तरुण लेखकलाई सङ्गठित गर्ने अभिप्राय व्यक्त गरेको देखिन्छ । तर शारदा पत्रिकाले भने त्यस बखतको पत्रिकामा व्यक्त भावनाकै प्रतिध्वनि व्यक्त गर्दछ- "संसारमा भएका साम्राज्यवादी शक्तिसित, पूँजीवादी तथा सामन्तवादी शक्तिसित सङ्घर्ष गर्ने छ ।" वास्तवमा प्रस्तुतिमा उल्लेख नभएको भए पनि शारदाको भनाइ सही छ । किनभने प्रगति पत्रिका स्वयम् चौथो अङ्कमा आइपुग्दा वैज्ञानिक सत्यले मात्र मनुष्यको सौन्दर्योपासक प्रवृति तृप्त हुँदैन । ऊ वैज्ञानिक सत्यभन्दा अझ पर पुग्नलाई नै साहित्य, कला र सङ्गीतको निर्माण गर्दछ ।"[५१] भन्दै "साहित्य, कलाजनित सत्य-सौन्दर्य र वैज्ञानिक सत्यको बीचमा भिन्नता देखिन्छ" भन्न पुग्दछ । यसले नै प्रलेस निर्माणमा विवाद पैदा गऱ्यो । "साहित्य मतवाद प्रचार गर्ने साधन होइन" भन्दै उक्त अङ्कको सम्पादकीयमा लेखिएको छ- "यद्यपि साहित्य सामाजिक राजनैतिक सुधारदेखि विमुख हुन पनि सक्दैन, यसमा कुनै सन्देह छैन । तर साहित्यले राजनैतिक र सामाजिक समस्याहरूलाई प्रेमपूर्ण, कलात्मक पद्धतिद्वारा नै अभिव्यक्त गर्ने पद्धति अपनाउनु पर्दछ ।[५२] यसरी प्रगति पत्रिकाले आफूलाई यथार्थवादी धारावाट अघि बढ्न नसक्ने गराउँदै गयो भने प्रलेसका

---

५०. निनु चापागाई, यथार्थवादी रचना दृष्टि र विवेचना (प्रथम संस्करण २०५१) पृ. ४६ ।

५१. श्यामप्रसाद, (सम्पादक) साहित्य वर्ष २, २०१६ साल पृ. ४६

५२. सम्पादकीय प्रगति अङ्क ४, कार्तिक-मंसीर २०१० साल पृ. २२८ ।

लेखकहरूले अन्य विभिन्न पत्रिका मार्फत आफ्ना मान्यता र धारणाहरू अघि बढाउन थाले । साहित्यमा यथार्थको अङ्कन र यथार्थवादी मान्यता बीचको त्यो विवाद रूपरेखाको प्रकाशन पछि पनि कायमै रह्यो । प्रगति पत्रिकाले समाजवादी यथार्थवादलाई जुन रूपमा विवादास्पद समस्या बनाएर प्रस्तुत गऱ्यो र पछि वि.सं.२०१७ देखि प्रकाशित हुन थालेको रूपरेखा पत्रिकाले त्यसको प्रतिविरोध गऱ्यो ।[५३] तर त्यसले पनि ठीक दिशा पहिल्याउन सकेन ।

प्रलेसको गठन र यसका वरिपरी क्रियाशील साहित्यकारहरूले विभिन्न पत्रिकामार्फत कला चिन्तनमा विविध विचार अघि सार्न थालेको त्यो बेलामा नेपाली राजनीतिमा, सामाजिक जीवनमा र साँस्कृतिक क्षेत्रमासमेत अनेकौं कुराहरू नयाँ-नयाँ ढङ्गले प्रकट भइरहेका थिए । साहित्य सिर्जनामा जुटेका लेखकहरू सामाजिक जीवनको यथार्थमा सीमित नरही सामाजिक दायित्वबोध गरेर ती यथार्थलाई कला साहित्यमा प्रतिबिम्बित गर्दथे । प्रगतिवादलाई पूरै अँगाल्न नसकेका लेखकहरूमा पनि प्रलेसका विचार, विश्लेषण एवम् समकालीन विश्व परिवेश र निरकुशतन्त्र बिरोधी नेपाली जनसङ्घर्षले प्रभाव पार्दै गयो । नवीन सोच र मान्यताहरू प्रदान गर्दै गयो । सामन्ती सुधारवाद, पूँजीवाद सुधारवादका वृत्तहरूबाट मुक्त बन्दै अनेक लेखकहरू श्रमजीवी वर्गको विचारधारा, राजनीति र अर्थतन्त्रको मागमा सामेल भएर अघि बढ्न थाले । समाजवादी चिन्तनले व्यापक प्रभाव पार्न थाल्यो । सामन्तवादी सोच, तडक-भडक र अहङ्कारप्रति धावाबोल्दै क्रान्ति र परिवर्तनको सन्देशलाई निरन्तरता दिए । आर्थिक जीवनमा समानता र समृद्धिको कामना बाँडे र नेपाली साहित्यको दार्शनिक सोच र सिर्जनात्मक लगावमा नै विविधता पैदा गरे । यस परिवर्तनप्रति सङ्केत गर्दै आनन्देव भट्ट लेख्दछन् - "२००७ सालको क्रान्तिपछि असंख्य मात्रामा लेखकहरू देखापर्दै आए र ती अनेक दर्शन र राजनीतिबाट प्रभावित भएको पाइन लागे ।"

त्यसबेलाको नेपाली साहित्यमा सम-सामयिकताको छाप साह्रै धेरै पाइन्छ । तिनमा तत्कालीन कम्युनिष्ट राजनीति र तिनमा आउने परिवर्तनहरूको छाप पनि प्रशस्तमात्रामा देखिन्छ । जस्तो त्यतिबेलाका प्रगतिशील क्षेत्रका साहित्यिकारहरूमा सर्वश्री- गोविन्दप्रसाद लोहनी, कृष्णचन्द्र सिंह प्रधान, श्यामप्रसाद शर्मा, हृदयचन्द्रसिंह प्रधान, तारानाथ शर्मा, गोकुलप्रसाद जोशी, देवीप्रसाद किसान, पूर्णप्रसाद ब्राम्हण, रमेश विकल, बालकृष्ण पोखरेल, चूडामणि रेग्मी, वल्लभमणि दाहाल, कुलमणि देवकोटा, कमलराज रेग्मी, गोपालचन्द्र गौतम, डी.पी. अधिकारी, गोविन्द भट्ट, शहीद भीमदत्त पन्त, धर्मराज थापा र अरू धेरै लेखकहरू ।[५४] परन्तु यी मध्ये कतिपयले आलोचनात्मक ययथार्थवादको वैचारिक वृतबाट आफूलाई मुक्त गर्न सकेका छैनन् र केहीले त प्रतिगामी बाटो पक्रिसकेका छन् । प्रगतिशील लेखक सङ्घसँग आबद्ध रहेर प्रगतिवादी सौन्दर्य चेत फिंजाउने काममा भने निकै कम लेखकहरू जुटेको देखिन्छ । कालखण्डका दृष्टिले प्रलेसको सुरुमा उक्त संस्थाद्वारा अघि सारिएको **लेखक कसरी**

---

५३. दयाराम श्रेष्ठ, सम्पादक, पच्चीस वर्षका नेपाली कथा, प्र.सं., ने.रा.प्र.प्र.- २०३९ पृ. १३ ।

५४. आनन्ददेव भट्ट- जनताको साहित्य २०४८ पृ. ६७-६८ ।

बन्ने ? पुस्तक नै मुख्य साहित्यिक दस्तावेज बनेको छ । यस पुस्तकमा सेवा, जनयुग, शारदा, जागृति, भारती आदि पत्रिकामा टिप्पणी गरिएका कुरा र सम्पादकीयमा व्यक्त कुराहरूको उद्धरण दिदै प्रलेसका संस्थापक अध्यक्ष श्यामप्रसादले केही नवीन मान्यताहरू अघि सारेका छन् । ती मान्यताहरू अफ्रो-एशियाली लेखक सङ्घ, अन्तर्राष्ट्रिय प्रगतिशील लेखक सङ्घ, रुसी लेखक सङ्घ, चिनियाँ लेखक सङ्घका साहित्यकारहरूद्वारा व्यक्त विचार र मार्क्सवादी दर्शनलाई आधार मानेर आफ्ना रचनाहरू लेखेका अन्तर्राष्ट्रिय विद्वान, साहित्यकार र कविहरूले व्यक्त गरेका विचार एवं प्रगतिवादले विश्वव्यापी रूपमा स्वीकारेका कुराहरूसँग मिल्दाजुल्दा छन् । उक्त पुस्तक मार्फत प्रलेसले अङ्गीकार गरेका मान्यताहरू यसप्रकार रहेको देखिन्छ-

१.कृति र कृतिकारको सम्बन्ध अटुट हुन्छ, त्यसैले रचनाको अध्ययन गर्दा त्यसका लेखकहरूको जीवन पनि अध्ययन गर्नु पर्दछ । विचार र व्यवहारको मेल हेर्नुपर्दछ ।

२.लेखनकला साधनाद्वारा प्राप्त हुन्छ, जन्मजात प्रतिभा नै साहित्यकार बन्न सक्छन् भन्ने कुरा साँचो होइन । तर यसका निम्ति निरन्तर साधनामा जुट्नुपर्दछ ।

३.लेखन कार्यलाई जनमुक्तिको प्रयोजनसँगै गाँस्नुपर्दछ । व्यापारको रूपमा यसलाई लिनु हुँदैन । क्रान्तिको निम्ति परिपक्व वातावरण चाँडो नजिक्याउने साहित्य सिर्जना गर्नुपर्छ र आफूलाई जनतासँग एकाकार पार्नुपर्दछ ।

४.जनसाहित्य जनताको हितका निम्ति लेखिएको हुन्छ । जनरुचिका नाममा बिलासी साहित्य लेख्नु जनतालाई खाल्टामा हाल्नु हो । जनसाहित्य यथार्थ जीवनसँग सम्बन्धित हुन्छ, यसले जीवनदेखि पारीको कुरा गर्दैन । मानव कल्याणलाई धर्म ठान्दछ । अन्यायका विरुद्ध आवाज उठाउँछ र जनताको रुचिलाई परिष्कृत गर्छ ।

५.पाठकहरूको स्तर अनुरूप भाषाको प्रयोग गर्ने, सर्वसाधारणमा सम्प्रेष्य हुने गरी सरल भाषा प्रयोग गर्ने, विषयवस्तुको परिपाक राम्ररी दिने र लेखलाई ज्यादा लामो नबनाउनु बेश हुने कुरा गर्दछ ।

६.साहित्य र राजनीतिको सम्बन्ध घनिष्ट भएर पनि दुवै अलग-अलग विषय हुन् । यिनलाई एउटै पार्नु अनुचित हुन्छ । सिर्जनामा विचार र कलाको सन्तुलन कायम गर्नुपर्दछ ।

७.साहित्यका विविध विधामध्ये समीक्षालाई विशेष जोडदिंदै अघि बढ्नुपर्दछ, विरोधी विचार सुन्ने धैर्य लिनुपर्दछ र सिर्जनामा स्वाभाविक सौन्दर्य पैदा गर्न यथार्थ र कल्पनाको अन्वितिमा जोड दिनुपर्दछ । आदि ।

नयाँ स्रष्टालाई तालिम दिने अभिप्रायले लेखिएको पुस्तक भएको हुँदा प्राविधिक पक्षका स-साना कुरामा पनि अत्यन्तै राम्रोसँग चर्चा गरिएको उक्त प्रकाशनमा पत्रिका निकाल्दा ध्यान दिनुपर्ने कुराहरू र नेपालका थरिथरीका भाषामा पनि साहित्य सिर्जना गर्नुपर्ने खाँचो औंल्याइएको छ । यसैका दिग्दर्शनमा पछि **'कानूङ् लाम'** निस्किएको अनुमान गर्न सकिन्छ । **लेखक कसरी बन्ने ?** नामको उक्त पुस्तकले वस्तुतः तत्कालीन परिवेशमा प्रगतिवादी सिद्धान्तलाई नै स्वीकार गरेको देखिन्छ । मार्क्सवादी सौन्दर्यशास्त्रको

अध्ययन र विवेचनाको प्रारम्भिक चरणमा लेखिएको त्यस पुस्तकले अघि सारेका अनेकौं मान्यताहरू आज पनि सान्दर्भिक छन् र यी विषयहरूमा प्रगतिवादी लेखन क्षेत्रले निरन्तर विचार-मन्थन चलाईरहेका छन् ।

५.१.२ यथार्थवादी धारामा थप योगदान

यथार्थलाई आकाङ्क्षासँग एकाकार बनाउँदा सन्देश मिसिनु स्वाभाविक हुन्छ । जब प्रयोजन जनहितसँग आवद्ध हुन्छ, तब अन्यायको विरोध गर्नु स्वाभाविक हुन्छ र कुनै पनि सिर्जनाले सामजिक सुधार, परिवर्तन र मानवकल्याणको कामना प्रस्तुत गर्दछ । आलोचनात्मक यथार्थवादको तहमा पदार्पण गरेर चूप बस्दैन । जब यथार्थवादी लेखन यस चरणमा पुग्छ तब विसङ्गतिको विरोध र विकृतिको ध्वंश एउटा पक्ष बन्दछ भने सङ्गतिको स्थापना र नवनिर्माण अर्को पक्ष बन्दछ । यही नव निमार्णको कामनाले गर्दा यथार्थवादी लेखनकलाले क्रमश प्रगतिवादी पथ पक्रन्छ । तर कहिलेकहीं लेखकीय आकाङ्क्षाले सामाजिक धरा पक्रन सक्दैन र व्यक्ति मनमैं रुमलिन्छ । व्यक्ति मन जीवनको प्राकृतिक पक्षमा मात्र होइन बिसंङ्गतिमा पनि रमाउन सक्छ । त्यस स्थितिमा यथार्थवादले अनेक रूप ग्रहण गर्दछ । प्रलेससँग आबद्ध स्रष्टाहरूले अघि सारेका मान्यताले नेपाली साहित्यको यथार्थवादी धारालाई व्यक्तिमनको कुवाँबाट खुला मैदानतर्फ लाग्न मद्दत पुऱ्यायो । कला साहित्यलाई सामाजिक आर्थिक जीवनको प्रतिपक्ष बताउँदै श्रमशील जनगणसँग आबद्ध रहने दिशा दियो । श्रम र पूँजीको अन्तरविरोधका माध्यमबाट श्रमप्रतिको आस्था जाहेर गर्ने बैचारिक प्रतिबद्धता प्रकट गऱ्यो । अलौकिकतालाई अस्वीकार गरी लौकिक यथार्थमा कल्पनाको तरङ्ग निर्माण हुने कुरा गऱ्यो । वस्तुतत्वलाई प्राथमिकता दिँदा रूपतत्व भूल्ने र रूप तत्वको मोहमा वस्तुगत यथार्थ भूल्ने त्रुटीबाट कला साहित्यलाई मुक्त गरेर दुई बीच सम्यक सन्तुलनको खाँचो औंल्याायो । वस्तुतत्वलाई आधार र रूपतत्वलाई अभिव्यक्तिको अर्थमा अघि सार्दै युगको सापेक्षतामा नै यथार्थको पहिचान हुने कुरा गऱ्यो र रचना-प्रक्रियामा पनि नवीन मोड ल्याउने काम भयो । शास्त्रीयताको परिधि नाघ्ने चेष्टामा महानन्द सापकोटा, लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल जस्ता गैर प्रगतिवादी लेखकहरू समेत प्रगतिशील भावधाराबाट नै प्रभावित भए । यस तथ्यतर्फ सङ्केत गर्दै रविलाल अधिकारी लेख्दछन्- "खास गरी प्रगतिशील लेखक सङ्घको स्थापनापछि स्पष्ट रूपमा देखापरेका कवि द्वय- किसान र जोशी, प्रगतिवादी नेपाली कविताका आधारस्तम्भ हुनुहुन्छ र प्रलेसका पदाधिकारीको प्रेरणाले उहाँहरूलाई साकार पारेको छ । उहाँहरूले प्रगतिवादको स्पष्ट पक्षधर बनेर जनमानसमा प्रभाव पर्ने कविताहरूको प्रचार-प्रसार गरी लोकप्रियता प्राप्त गरेको देखेर कतिपय अप्रगतिवादीहरू पनि प्रगतिवादी जस्ता देखा परे । वास्तवमा बालकृष्ण सम पनि यही प्रभावमा परेर 'आगो र पानी' लेख्न पुगेका हुन् ।"[५५] अधिकारीले झरोंवादी

---

५५. रविलाल अधिकारी, प्रगतिवादी नेपाली कविता (लेकाली प्रकाशन, संस्करण-२०४४) पृ. ३५ ।

आन्दोलनलाईसमेत प्रगतिवादकै प्रभावमा सञ्चालित "नेपाली भाषाको जनपक्षीय पन बचाउने अभियान" मान्दछन्- पश्चिमी साहित्यमा प्रचलित व्यक्तिवादी यथार्थवादलाई प्रगतिशीलताको सीमा नाघ्न हौस्याउने श्यामप्रसादका निबन्धहरू- **थुनुवाको डायरी, बहिनीलाई चिठी, लेखक कसरी बन्ने ?** तँ तिमी तपाइँ हजुर जस्ता रचनाहरू प्रगतिवादी भावधारमा सिर्जित छन् र क्रान्तिकारी सन्देशले भरिएका छन् । यसैले लोकप्रिय रचना बनेका छन् । यी रचनाहरूले हृदयचन्द्रसिंह प्रधानको यथार्थवादी धारामा थप योगदान पुऱ्याउँदै सौन्दर्य-बोध, भाषाशिल्प र विषयगत रूपमा प्रगतिवादी लेखनलाई स्थापित गर्दछन् भन्ने धारणा उनको पाइन्छ ।

प्रगतिवादी लेखनलाई समाजवादी यथार्थवाद पनि भनिन्छ । समाजवादी यथार्थवादको यो प्राप्ति यथार्थवादी रचना-शिल्प एवम् मान्यताको मार्गबाटै गुज्रन्छ । यथार्थवादका विविधतामध्ये प्रगतिशील लेखक सङ्घको यस चरणमा प्रगतिवादी साहित्य चिन्तनले निकै धेरै स्रष्टालाई प्रभावित गरेको थियो । सातसालदेखि सत्रसालसम्मको अवधिमा सामाजिक यथार्थवादी तथा प्रगतिशील साहित्य सिर्जनाको बाढी नै चल्यो ।[४६] तर कलात्मक उच्चताभने स्थापित हुन सकेन ।"[४७] साहित्यिक पत्र पत्रिकाहरूको प्रकाशन, विचारधारात्मक वाद-प्रतिवादको मन्थन र सिर्जनाले कलात्मक उच्चता प्राप्त गर्न नसकेको भए पनि प्रगतिवादी कविता, कथा र उपन्यासहरूको सिर्जनामा अत्यन्त बल पुऱ्यायो । यसबाट समग्रतामा नेपाली साहित्यको यथार्थवादी धारालाई समुन्नतिको उच्चता दिलाउन ठूलो टेवा मिल्यो । वास्तममा "२००७ सालपछिको एक दशकमा प्रगतिशील लेखनको आन्दोलनले नेपाली साहित्यमा निकै नै हलचल मच्चाएको भेटिन्छ ।"[४८] जसको फलस्वरूप कैयौं प्रतिष्ठित स्वच्छन्दतावादी कवि लेखकहरू पनि प्रगतिवादतिरै लहसिए ।

५.१.३ विधागत सिर्जनामा पुऱ्याएको योगदान

समकालीन साहित्यमा देखापरेको समाजमुखी लौकिक आदर्श र यथार्थको प्रस्तुतिलाई प्रलेसले अँगालेको बैचारिकताबाट परिवर्तनशील विद्रोहमा निकै मद्दत पुग्यो, सिर्जनात्मक उर्जा थप्यो र त्यसकै फलस्वरूप नेपाली साहित्यका अनेकौं प्रतिभाहरू बीच व्यवस्थित ढङ्गको वामपन्थी लेखन बीजाङ्कुरित हुनपुग्यो । सामाजिक विषमता; दमन र अत्याचारको विरोध, क्रान्ति र परिवंतनको सन्देश, अलौकिक विधिप्रति विमति र सामन्तवादी सोचका विपक्षमा नयाँ लोकतान्त्रिक चिन्तनले साहित्यका विविध विधाहरूमा स्थान पाउन थाल्यो । प्रकृतिको अनुरागमा लहरिएका स्वच्छन्द कविहरूलाई मानवताको सामाजिक धुनले राष्ट्रप्रेम, आजीविका र जनअधिकारप्रति सजग बनाउँदै सामन्तवादको विकल्पमा पूँजीवाद र पूँजीवादको

---

५६. रविलाल अधिकारी, प्रगतिवादी नेपाली कविता ।लेकाली प्रकाशन, संस्करण-२०४४। पृ ३५ ।

५७. राजेन्द्र सुवेदी- नेपाली उपन्यास परम्परा र प्रवृति ।-भू. प्र. २०५३। पृ २८७ ।

५८. वासुदेव त्रिपाठी- नेपाली साहित्य र आलोचनाका सन्दर्भमा, ।डि पी अधिकारीको पुस्तकको भूमिका, ।२०३२।

विकल्पमा समाजवादी सञ्चेतना दिंदै नयाँ धूनले जगायो । श्यामप्रसाद शर्मा, हृदयचन्द्रसिंह प्रधान, युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, केवलपुरे किसान, भवानी घिमिरे, गोकुल जोशी बालकृष्ण रूपाबासी, बासु पासा, भूपि शेरचनका रचनाले यही तथ्यलाई प्रस्तुत गरेका छन् । उनीहरूले नेपाली भाषा, व्याकरण र साहित्यका विधागत क्षेत्रमा अनेकौं बहस चलाएको देखिन्छ र कृतिगत रूपमा पनि अनेक प्रयोग गरेको देखिन्छ । यस चरणको आरम्भतिर प्रकाशित **कामरेड जाने होइन ?** नामको कथा सङ्ग्रहले कथाकारिताको कुशलता कमै प्राप्त गरेको भए पनि विधागत दृष्टिले प्रगतिवादी शिविरमा सदैव उल्लेख गरिंदै आएको पुस्तक बन्न पुगेको छ । सन् १९५२ जनवरीमा प्रगतिशील अध्ययनमण्डल, काशीद्वारा छापिएको सो कथा सङ्ग्रहमा गोविन्द लोहनी, जगतमोहन अधिकारी, भवानीप्रसाद शर्मा, नारायणचन्द्र गौतमहरूका नौवटा कथाहरू सङ्कलित छन् । सामुहिक सोचमा आधारित भूमिकाले तत्कालीन परिवेशमा लेखकीय दायित्वलाई यसरी स्वीकारेको छ- "आजको राजनीति जनताको राजनीति हो । जनताको भोजनको, वस्त्रको समस्या नै आजको राजनीतिको मूल हो । त्यसैले आजको राजनीतिवाट कोही पनि अलग वस्न सक्दैन । झन् लेखकको त काम नै हो- समाजको साँस्कृतिक स्तर उचाल्नु, प्रगतिको वाटो देखाउनु । त्यसैले आजको लेखकले कला कलाको निम्ति भनेर सामाजिक कर्तव्यवाट पलायन गर्न कदापि पाउँदैन ।"[५९] "आजको साहित्यको काम हो जनतालाई नयाँ जनवादको निम्ति तयार पार्नु, जनसङ्घर्षमा ओराल्नु ।[६०] **नेतृत्वको भोक** नामक अर्को कथा सङ्ग्रहका कथाकार गोविन्द लोहनीले- "विभिन्न युगको साहित्यलाई विभिन्न वर्गको विचारधाराले ढाकेको हुन्छ ।" भन्दै "क्रान्तिकारी साहित्य तिनै लेखकको सजीव र यथार्थवादी हुन्छ, जसले राजनीतिक जीवनसँग घनिष्ट सम्पर्क राखेका छन् ।"[६१] भन्छन् । त्यसैगरी भवानी प्रसाद शर्माको 'नानी' (२०१३) लगायत भेट (२०११) कालोभूत कथा सङ्ग्रह र हिमालको काखमा' कविता सङ्ग्रहहरू पनि यस चरणका स्मरणीय कृति हुन् । त्यसवेला प्रगतिशील भावधारा अँगाल्दै प्रकाशित कविता- **भञ्ज्याङनिरै**(कृष्णचन्द्रसिंह प्रधानको) **बाघ आयो**, (केवलपुरे किसानको) र कथामा **आत्मज्वाला** (श्री शर्माको- यो नाम भवानी घिमिरेको थियो) जस्ता रचनाहरू आरम्भिक आधार वनेका देखिन्छन् ।साहित्य समीक्षामा हृदयचन्द्रसिंह प्रधान र श्यामप्रसादका रचना उल्लेखनीय रहेको देखिन्छ भने नाटकमा वासुपासाको 'किसान देवकोटाको 'कृषिवाला' हृदयचन्द्रको 'गंगालालको चिता' आदि उल्लेखनीय छन् ।

५.१.३.१ भाषाका सन्दर्भमा पुऱ्याएको योगदान

नेपाली भाषालाई मुख्य आधार बनाएर साहित्य-सिर्जना गर्ने क्रमसँगै जातीय

---

५९. सम्पादक मण्डल, कामरेड जाने होइन, (कथा सङ्ग्रह) सन् १९५२, प्र.प.म. काशी । पृ. १)

६० ऐ.ऐ. पुस्तकको भूमिका पृ. २

६१ गोविन्द लोहनी, नेतृत्वको भोक, (प्रथम सस्करण २०१० प्र.प.म. काठमाडौं) पृ.२

भाषाको उत्थानमा पनि जोड दिइयो । यसै क्रममा नेवारी, मगरी, मैथिली र भोजपुरी भाषामा साहित्य लेखिए । प्रलेससँग सम्बद्ध तथा त्यससँग निकट रहेका व्यक्तिहरूले नेवारी, मगरी, अँग्रेजी, हिन्दी भाषामा जनवादी भावधाराका रचनाहरू लेखे । यस प्रसङ्गमा बालकृष्ण रूपावासीको कानुङ्लाम (मगरीमा) श्यामप्रसादको "जातजातीया खँय्" (नेवारीमा), वैकुण्ठप्रसाद लाकौलको "क्वत्यङ्गु स्वांयात" (नेवारी) केदारमान व्यथितको "छ्वास" (नेवारी) ईश्वररानन्द श्रेष्ठाचार्यको "पसुका" (नेवारी) सिद्धिचरण श्रेष्ठको क्रान्ति विना थन शान्ति वई मखु जस्ता फूटकर रचनाहरू, श्यामप्रसाद शर्माको- "नेपाल के दयनीय जेल जीवन (हिन्दी) जस्ता कृतिहरूको अतिरिक्त विदेशी भाषाबाट नेपालीमा अनुवाद गर्ने काम पनि भएको पाइन्छ । प्रगतिशील लेखक सङ्घ स्वयं प्रकाशक वनेर कृशन चन्दरको हिन्दीकथा बारुद र चेरीका फूलहरू नामक कथा अनुवाद गरी २००९ सालमै प्रकाशित गरिएको थियो ।[६२]

भाषाका सन्दर्भमा प्रगतिशील धारणा कस्तो हुनुपर्छ ? भन्ने विषयमा वहस चलाउँदै- लेखक कसरी बन्ने ? पुस्तकमा मातृभाषाको साहित्यवारे चर्चा गरिएको छ । त्यसमा वहुभाषी नीतिको समर्थन छ र लेखकहरू तीन चार भाषाको ज्ञाता वन्न प्रयत्न गर्नुपर्ने कुरा गरिएको छ ।[६३] भाषा नीतिकै सन्दर्भमा २०११ सालको पासा पत्रिकामा श्यामप्रसाद शर्माको नेपालको भाषा समस्या र नेपाल भाषा नामक लेख प्रकाशित छ । प्रलेसका संस्थापकले त्यसमा आफ्नो वहुभाषी विचार अघि सारेको देखिन्छ । त्यसरी नै नेपाली शुद्ध लेख्ने वारेमा हृदयचन्द्रसिंह प्रधानले सजिलो उपाय सुझाएको पाइन्छ भने महानन्द सापकोटा जनबोलीलाई अपनाउनु पर्छ भन्ने पक्षमा देखिन्छन् ।[६४] भाषिक नियमका बारेमा पनि एकातर्फ बहुभाषी समाजको स्वरूप देख्ने र अर्को तर्फ संस्कृत र अँग्रेजी प्रभाव घटाउँदै नेपाली भाषालाई सवल पार्नु पर्ने कुरा गरिएको भेटिन्छ ।

लेख्य भाषामा व्याकरणको सरलीकरणतर्फ पनि त्यति वेला छलफल चलेको र प्रयोगमा सुधार ल्याएको देखिन्छ । श्यामप्रसाद, ताना शर्माको प्रयोगलाई उचित मान्दै- 'लाई' र 'हरू' को ई कार ऊ कार ह्रस्व प्रयोग गर्ने अठोट लिन पुग्दछन् ।[६५] उनले झर्रो नेपालीको प्रयोगलाई सकारेर मात्रै आफ्नो लेखन अघि बढाएको नभै- संस्कृति, संघ जस्तो रूपलाई- सम्स्कृति र सङ्घको रूपमा स्वीरकारेको, अपनाएको पाइन्छ ।

५.१.३.२. गद्य साहित्यका विविध विधामा योगदान

प्रलेसको प्रभाववाट सिर्जित प्रगतिवादी साहित्य र प्रगतिशील साहित्य दुवैमा विधागत विविधताको प्रयोग भएर आएको पाइन्छ । गद्य रचनामा निवन्ध, कथा,

---

६२. ताना शर्मा, नेपाली साहित्यको इतिहास (दोस्रो संस्करण २०३९) पृ. १८९-१९०

६३. श्यामप्रसाद शर्मा, लेखक कसरी बन्ने, कल्पवृक्ष प्रकाशन: दोश्रो संस्करण पृ. ४४

६४. महानन्द सापकोटा: पच्चीस वर्षको भाषिक चर्चा, नेराप्रप पृ. १४

६५. श्यामप्रसाद, केही साहित्यकार र साहित्य, पे.पे. पृ. २९

उपन्यास, समीक्षा, दैनिकी, नाटक र अनुवादको भरपूर प्राप्ति नभएको भए पनि यी सबै विधागत क्षेत्रमा प्रलेसका सदस्यहरूले ध्यान दिएको देखिन्छ।

कथामा गोविन्दप्रसाद लोहनीको- **नेतृत्वको भोक, कामरेड जाने होइन ?** भवानी घिमिरेको **आत्मज्वाला र नानी**, पूर्णप्रसाद ब्राम्हणको **अगुल्टो** मात्र होइन सामाजिक यथार्थ पक्रेर लेखेका अन्य थुप्रै लेखकका कथाहरू पनि प्रगतिवादको प्रभाव लिएर देखापरेका छन्।

निबन्धमा हृदयचन्द्रसिंहको **भूस्वर्ग, तीस रुपियाँको नोट, जुँगा, कुरा साँचो हो**, श्यामप्रसादको- **तँ तिमी तपाइँ हजूर** तथा दैनिकी लेखनमा **थुनुवाको डायरी, केही साहित्यकार र साहित्य** आउँछन्। नाटकमा **गंगालालको चिता र मशान** यसकालका उल्लेख्य रचना मानिन्छन्। यस विधामा **उनको मुराद** र अन्य रचनाहरू पनि रहेका छन्। यस फाँटमा कलम चलाएका अन्य लेखकहरू पनि छन् तर यी तीन नाटकले विशिष्ट स्थान राखेका छन्।

समीक्षामा हृदयचन्द्रसिंह प्रधानको **साहित्य एक दृष्टिकोण, केही नेपाली नाटक, नेपाली काव्य र उसका प्रतिनिधि कवि** एवम् देवकोटाको **तरुण तपसी प्रदक्षिणा**- प्रगतिशील दृष्टिविन्दुका समीक्षाको रूपमा स्मरणीय रहेका छन्।

आलोचनात्मक यथार्थवादबाट समाजवादी यथार्थवादतिर अभिमुख भएको उपन्यासमा मुक्तिनाथ तिमल्सिना लिखित- **को अछुत** ? सबभन्दा पहिलो उदाहरणका रूपमा हाम्रो सामु आउँछ।[६६] त्यसरी नै हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** र एक चिहान यसक्रममा आउने अन्य उल्लेख्य रचना रहेका छन्।

५.१.३.३ पद्य साहित्यको सिर्जनामा विशेष योगदान

नेपाली साहित्यमा सबभन्दा बढी उर्वर क्षेत्र पद्य भएको छ। पद्यविधा भित्रका कविता, काव्य, गीत, नाटक, गजल र महाकाव्यसम्मका रूपहरूमा यसले आफ्नो विराटपन कायम राखेको छ। छोकदेखि महाकाव्यसम्मको व्यापकता बीच लोकलय टिपेर कविता कथ्ने रौराहरू, गिताङ्गे र कथुरेहरूसँग सम्बन्ध तोडेर नेपाली पद्य साहित्य फस्टाएको छ। रसिकता र गम्भीरता, दर्शनिकता र वर्णनमयी विशेषताबीच प्रगतिशील एवम् प्रगतिवादी दुवै कविताधारा अगाडि आएको छ। वीरगाथा कालमा देखापरेका साम्राज्यवाद विरोधी भावना, सुस्पष्ट सैद्धान्तिक धरातलमा खडा थिएन। सातसालको सङ्घर्षसँगै कवितामा गद्यरूप प्रयोग भयो तर पनि लय बिहीन स्थितिलाई कविताले स्वीकारेन। राणाशाही निरङ्कुशता विरोधी सङ्घर्षमा केवलपुरे किसान, गोकुलप्रसाद जोशी जस्ता जनशैलीका कविहरूले मात्र होइन देवकोटा, रिमाल जस्ता बौद्धिकतापूर्ण कविता लेख्नेहरूले पनि प्रगतिशील भावधाराको प्रभावमा कलम चलाए। समालोचक रविलाल अधिकारीका अनुसार "प्रगतिवादमा आस्था राख्ने हृदयचन्द्रसिंह प्रधान, कृष्णचन्द्रसिंह प्रधान, भवानी घिमिरे, जनकप्रसाद हुमागाई, आनन्ददेव भट्ट

---

६६. राजेन्द्र सुवेदी, नेपाली उपन्यास परम्परा र प्रवृत्ति (भूमिका प्रकाशन-२०५१) पृ. २८८

६७. रविलाल अधिकारी, प्रगतिवादी नेपाली कविता, (लेकाली प्रकाशन: पोखरा २०४४, पहिलो संस्करण) पृ. ३७

आदिले प्रगतिवादी कवितालाई अगाडि बढाएको पाइन्छ ।"[६७] परन्तु प्रलेसको प्रथम कार्य समितिमा कोषाध्यक्ष रहेका कवि केवलपुरे किसान (देवीप्रसाद पौडेल) भने- **बाघ आयो, नेपाल नछो समातेर पछार, छिः छिः र सङ्घर्षको ठीक गर** भन्ने स-साना कविता सङ्ग्रह लिएर मैदानमा आएको देखिन्छ । गोकुल जोशीको **बाँच र बाँच्न देऊ** (२०१४) **सीमानाको दीप** (२०१५) जस्ता रचनाहरूले पनि प्रलेसको प्रथम चरणका उल्लेख्य कृतिमा ठाउँ पाएको छ । परन्तु कृष्णचन्द्रसिंह प्रधान भने प्रारम्भको **भञ्ज्याङ्गैनिर** नामक कवितासङ्ग्रहमा भैं आजीवन प्रगतिवादी भावधारामा अडिएर यस फाँटमा हिँड्न सकेनन् । जनक हुमागाईंको- **किसानको गति**, गोपालप्रसाद रिमालको **आमाको सपना** र भूपि शेरचनको **नयाँ झ्याउरे** यस कालका उल्लेख्य र चर्चित कविता बनेका छन् । स्वयं देवकोटाको **पहाडी पुकारदेखि** पागलसम्मको यात्रामा अनेकौं रचनाहरू प्रगतिशील भावधारा लिएर हाम्रा सामु आएका छन् । गीति नाटक, पद्य नाटक पनि यसकालमा सिर्जिए । प्रगतिशीलतामा आजीवन आबद्ध रहने र नरहनेको मूल्याङ्कन वस्तुपरक ढङ्गले गर्नुपर्छ ।

५.२ साहित्यिक पत्रकारिताको विकासमा योगदान

यस अवधिमा प्रलेसले आफ्नै प्रकाशन सञ्चालन गरेको पाइँदैन । खासगरी प्रलेसका अगुवा प्रतिभाहरू वर्गवादी अडान राख्ने भएको हुँदा साहित्यलाई वर्गीय प्रयोजनमा अघि बढाउन चाहन्थे । तर प्रगतिशील लेखक सङ्घले आफ्नो स्थापनाकालदेखि पहिलो पुनर्गठन (२०१६ मंसीर २१) सम्म सुस्पष्ट वर्गीय अडान राखेको पाइँदैन । यस विषयमा विवाद उठेपछि साहित्य पत्रिकाले दिएको स्पष्टीकरणबाट यो कुरा छर्लङ्गै देखिन्छ । त्यसमा भनिएको छ- "साहित्य वर्गवादी पत्रिका हो, हाम्रो सङ्घको मुख पत्र होइन । हाम्रो सङ्घको वर्गवादी कार्यक्रम छैन । सामन्तवाद र साम्राज्यवादको विपक्षमा नेपालका जोसुकै लेखकहरू पनि भर्ना तिरो एक रुपियाँ र बर्से तिरो दुई रुपियाँ तिरेर सदस्य हुन सक्दछन् ।"[६८] यस भनाइले प्रलेसको संयुक्त मोर्चा स्वरूपलाई औंल्याएको भए पनि श्रमजीवी पक्षधरतालाई ठीक ढङ्गले व्यक्त गर्न नसकेको देखाउँछ । त्यसो भए पनि प्रलेसले सर्बजन हितायका निम्ति बहुसंख्यक जनसमुदायलाई आफ्नो सिर्जनाको स्रोत, आधार र उपभोक्ता मानेको छ- "हाम्रो साहित्यको भण्डार यस्तो होस् जसमा देशका सबै शोषित वर्गले त्यसमा आफूलाई खुराक पाओस् । नेपालका किसान, मजदुर, मध्यमवर्ग, बुद्धिजीवी, विद्यार्थी, न्यूनवैतनिक कर्मचारी, युवक, फौजी दाजूभाई, खुदरा व्यापारी, देशभक्त पूँजीपति, इत्यादि सबैको आवश्यकता अनुसार यथोचित मात्रामा साहित्य रचियोस् । जसलाई पढेर सबले आजको विषम व्यवस्थालाई राम्ररी चिनुन् । मानव जातिको सुनौलो भविष्य उपर सबैलाई अटुट विश्वास होस् ।"[६९] यस्तो रचनात्मक प्राप्ति स्वयं श्रमजीवी जनवर्गको

---

६८. श्यामप्रसाद, (सम्पादक) साहित्य, पहिलो वर्ष दोश्रो/तेश्रो अङ्क २०१७ पृ.....

६९. श्यामप्रसाद, लेखक कसरी बन्ने ? (दोश्रो संस्करण: १९९० कल्पवृक्ष प्रकाशन काठमाडौं) पृ. २६

पक्षधरता बिना सम्भव छैन र यस तथ्यलाई त्यतिखेरका पत्रपत्रिकाले राम्ररी ठम्याएको देखिन्छ।

प्रलेसले वर्गीय अडानका सन्दर्भमा नरम नीति लिएको भए पनि त्यसका सदस्यहरूद्वारा सञ्चालित पत्रपत्रिका एवम् लिखित पुस्तक तथा लेख रचनाहरूमा सुस्पष्टै वर्गवद्धताको अभिव्यक्ति पाइन्छ र तिनमा नयाँ साँस्कृतिक मान्यता अघि सारिएको पाइन्छ। श्यामप्रसादको सम्पादनमा वीरगञ्जबाट निस्केको सेवा पत्रिका सम्भवतः नेपाली साहित्यिक पत्रकारिताको इतिहासमा मोफसलबाट प्रकाशित निजी क्षेत्रको पहिलो मासिक पत्रिका हो। यसअघि काठमाडौँबाट शारदा, उद्योग आदि पत्रिकाहरू प्रकाशित भइसकेका थिए। सात सालको क्रान्तिकारी सङ्घर्षमा लागेबापत थुनामा परेपछि केही समय सेवा बन्द भयो र पछि २००८ साल कार्तिकबाट पुनः यसको प्रकाशन भयो। तैपनि आर्थिक कठिनाईका कारणबाट दीर्घजीवी बन्न सकेन। यही कालखण्डमा २०१५ तिर श्यामप्रसादकै प्रकाशकत्वमा स्वास्नीमान्छे पत्रिका निस्केको पाइन्छ। तर त्यसले भन्दा २०१५ सालदेखि निस्केको साहित्य पत्रिकाले प्रगतिशील साहित्यिक आन्दोलनलाई बढी मद्दत पुऱ्याएको छ। यसबारेमा स्वयं श्यामप्रसाद भन्दछन्- "साहित्यलाई अहिलेको नेपालमा प्रगतिशील साहित्य र साहित्यकारहरूको प्रतिनिधि पत्रिका भने हुन्छ।"[७०]

त्यतिखेर पत्रकारिताकै विकास न्यून रहेको थियो। साहित्यिक पत्रकारिता पनि त्यसरी नै टाक्सिएको थियो। तर पनि प्रगतिवादी साहित्य चिन्तनले नेपाली साहित्यमा निकै हलचल ल्याएको थियो। स्रष्टाहरूबाट अलग-अगल धारमा विभिन्न पत्रपत्रिका प्रकाशन गर्ने लहरै चलेको थियो। नारायण वास्कोटाद्वारा सम्पादित प्रगतिको प्रकाशन (२०१० मा पहिलो अङ्क), हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा साहित्य स्रोत (२००४) र जनचेतना (२०११), ईश्वर बराल र भवानी भिक्षुको सम्पादनमा इन्द्रेणी (२०१३), भवानीप्रसाद शर्माद्वारा सम्पादित जनयुग (२००९) सत्यमोहन जोशीद्वारा सम्पादित निर्माण (२०१६) श्यामप्रसादको सम्पादनमा जनमत साप्ताहिक (२०१०), पुष्कर शमसेर, बालकृष्ण सम, कृष्णचन्द्रसिंह प्रधान र गोविन्द्रप्रसाद लोहनीसमेतको संलग्नतामा जनसाहित्य (द्वैमासिक- २०११) कामाक्षादेवी र साधनाको सम्पादनमा महिला मासिक (२००८) एवम् पुष्पलालद्वारा सम्पादित कम्युनिष्ट पाक्षिक जस्ता पत्रिकाहरूले नवलेखनको पक्षमा सहयोग पुऱ्याए।[७१] यी सबै पत्रपत्रिकाहरूले नेपाली साहित्यमा प्रगतिवादी चिन्तनलाई स्थापित गर्न मद्दत पुऱ्याएको भए पनि यसका पछिल्तिरको प्रेरणा स्रोत भने मार्क्सवादी दर्शन थियो, नेपाल कम्युनिष्ट पार्टी थियो। यसको खुलासा प्रलेसको दोश्रो पुनर्गठनपछि बनेको नेतृत्वले संस्थालाई हाँक्न नसकेपछि सार्वजनिक जानकारीमा आएको थियो।

---

७०. श्यामप्रसाद, केही साहित्यकार र साहित्य, (वीरगञ्ज: विनोद अधिकारी)पृ. ३२/३३।

७१. ग्रीष्मबहादुर देवकोटा, नेपालको छापाखाना तथा पत्रपत्रिकाको इतिहास (साझा प्रकाशन: दोश्रो संस्करण २०५१) पृ. ६४४-६७८

५.३ प्रलेसले गरेका सामुदायिक सेवा कार्यहरू

प्रलेसको संस्थागत क्रियाशीलता आरम्भमा लोसे नै रहेको भए पनि यसले पुस्तक पत्रिका प्रकाशन, साहित्य गोष्ठी सञ्चालन र लेखकहरूलाई सर-सहयोग पुऱ्याउने जस्ता पेशागत कामहरू गर्दै आएको छ। सङ्गठित लेखन तथा प्रकाशनको पृष्ठभूमि रहेका र प्रयोजनमूलक सिर्जनामा लीन रहेका लेखकहरूको बीचमा प्रलेसले आफ्नो यात्रा आरम्भ गरेको हुनाले पेशागत काममा लचिलो र वैचारिक दृष्टिकोणमा सुस्पष्ट रहने नीति अवलम्बन गरेको देखिन्छ। यसै नीतिमा विभिन्न लेखकहरूसँग भेटघाट, विचार-विनिमय र साहित्यिक चहलपहल हुने गरेको पाइन्छ। सरकारी क्षेत्रबाट प्रकाशित पत्र-पत्रिकामा समेत प्रगतिशील रचनाहरू छपाउने र सुधारवादी सोचका देशभक्त लेखकहरूसँग मित्रता बढाउने गरेको कुरा महानन्द सापकोटा र लेखनाथ पौड्यालसँगका भलाकुसारीबाट थाहा हुन्छ।[७२] साहित्यिकहरू बीचको आपसी आदान-प्रदान वैचारिक विमतिका बावजुद गर्नुपर्ने हन्छ। यही वास्तविकता बोध गरेर नै तत्कालीन प्रलेसका लेखकहरू परस्परमा सहयोग गर्ने, सामुदायिक हितका विषयमा एक हुने गरेका घटनाहरू पाइन्छन्।

प्रगतिशील लेखनलाई टेवा पुऱ्याउने अभिप्रायले प्रलेसले- **लेखक कसरी बन्ने ? बारुद र चेरीका फूलहरू** प्रकाशन गरेको देखिन्छ। यसरी प्रकाशनको काम बाहेक पनि कविहरूलाई परामर्श दिने, सञ्चो सुविस्ताका निम्ति सहयोग गर्नेजस्ता सेवा कार्य पनि त्यस बखत गरेको देखिन्छ। जनकवि गोकुल जोशीलाई किसानहरूको बीचमा काम गर्ने सल्लाह र गोविन्द लोहनीसँग लेखन, प्रकाशन र वितरणका समस्याहरूमा कुराकानी गरेका प्रसङ्गगलाई यसै सन्दर्भमा स्मरण गर्नुपर्दछ। शहीद सप्ताहमा साहित्य सम्मेलन गरेको (२०१२) नयाँ सामाजिक व्यवहारलाई अपनाउन प्रेरित गर्ने पुस्तक तँ, तिमी, तपाईं हजूर दोलखाका इन्द्रमणि राजभण्डारीको सहयोगमा प्रकाशित गरेको भेटिन्छ। लेखकहरूलाई सहयोग गर्ने सामुदायिक सेवा कार्यका सन्दर्भमा हृदयचन्द्रसिंह प्रधानको उपचारका लागि संस्थागत प्रयत्न चलाएको पाइन्छ। प्रधान प्रगतिवादी दृष्टिकोणमा आबद्ध भईसकेका थिएनन् तर पनि प्रलेसले उहाँको स्वास्थोपचारमा निकै ध्यान दियो। तत्कालीन प्रधानमन्त्री बी.पी. कोइरालासँग भेट गर्न प्रमण्डल गयो तर उहाँले भेट दिनुभएन। त्यसपछि स्वास्थ्य मन्त्री काशीनाथ गौतमसँग भेटेर कुराकानी भयो र उहाँले केही सहयोग गर्ने आश्वासन दिनुभयो।[७३] परन्तु समयमा सहयोग उपलब्ध नहुँदा हृदयचन्द्रसिंह प्रधानको देहान्त भयो।

प्रलेसले जनवादी साहित्यको निर्माण र विकासमा आफ्नो स्थापनाकालदेखि (२००९) पहिलो पुनर्गठन कालसम्म (२०१६) निरन्तर क्रियाशील रहने प्रयत्न गरेको भए पनि त्यसबेलाको यातायात असुविधा एवम् फरक-फरक ठाउँका जिम्मेवारहरूको सुदृढ सङ्गठनात्मक भावना र शक्ति निर्माण हुन नसक्नुले गर्दा अपेक्षित उपलब्धि हासिल गर्न सकेको देखिदैन। मेची भद्रपुरका भवनी घिमिरे, धादिङ्ग केवलपुरका

---

७२. श्यामप्रसाद, केही साहित्यकार र साहित्य, (वीरगंज: विनोद ऐ. ३२/३३।

७३. श्यामप्रसाद, केही साहित्कार र साहित्य ऐ.ऐ. पृ. १५ र २७।

देवीप्रसाद किसान, वीरगञ्जका रत्नदास वैद्य, मोरङका बालकृष्ण रूपावासी, वीरगञ्जका गैर साहित्यिक व्यक्ति महावीर अग्रवालहरूको त्यो पहिलो कार्य समिति त्यति कार्य कुशल पनि देखिँदैन, जति एक्लो श्यामप्रसाद थिए । तर पनि प्रलेसले आरम्भदेखि नै आफ्नो पेशागत सहकर्मीप्रति सामुहिक कल्याणको सोच, सामुदायिक सेवा कर्मतर्फ पाईला बढाएको देखिन्छ र संस्थागत कर्तव्य पालन गरेको पाइन्छ । जनवरी १९५५ ई मा बीरगञ्जमा प्रलेसद्वारा लेखनाथ जयन्ती मनाइएको थियो र त्यसको सभापतित्व भीमनिधि तिवारीले गरेका थिए । श्यामएप्रसादले सोही समारोहमा लेखनाथको साहित्यिक व्यक्तित्वको चर्चागर्दै 'श्रद्धाको एउटा थुङ्गा' लेख सुनाएका थिए ।[७४]

७४. जनचेतना-पाक्षिक २०१३ माघ १६ पृ. ३६ ।

अध्याय ६

प्रगतिशील लेखक सङ्घको दोस्रो चरण

६.१ समकालीन परिवेश र प्रलेस

सङ्गठित रूपमा प्रगतिशील भावधारालाई अभिव्यक्ति दिने कवि लेखकहरूमध्ये केही प्रगतिवादलाई आफ्नो आदर्श बनाएर अघि बढ्दै थिए भने केही पूँजीवादी प्रगतिशीलतामा टाक्सिदै सामन्तवाद र साम्राज्यवादको सेवामा समर्पित भइरहेका थिए । २००७ सालको परिवर्तनपछि जुन सङ्क्रमणकालीन परिवेशमा नेपाली समाज थियो, त्यसमा मूलतः सामन्तवादको बोलवाला प्रधान थियो र पूँजीवादी आधुनिकताले क्रमशः ठाउँ लिँदै थियो । खासगरी राज्यव्यवस्थामा अपनाइएको जनप्रतिनिधित्व प्रणाली पूँजीवादी ढाँचातर्फ अघि बढ्न सघाउने हुनु, संसदीय निर्वाचनपछि नेपाली काँग्रेसको एकलौटी सरकार बन्नु र वामपन्थी समाजवादी शक्तिका रूपमा रहेका कम्युनिष्टहरूले जनताबीच विचारधारात्मक काम तीव्र पार्नु जस्ता कुराहरूबाट सामन्तीतत्वहरू आत्तिन थाले । सिङ्गो सामन्ती शोषणका ब्रिरुद्धमा नागरिकहरू जुर्मुराउँदै थिए । एकातर्फ दिल्ली सम्झौता बिरुद्धमा भएको विद्रोहले राजनैतिक क्षेत्रमा वामपन्थलाई प्रभावशाली बनाउँदै थियो भने अर्कोतर्फ संविधानसभाको प्रश्नलाई टालेर संसदको चुनाव गराइएकोमा बौद्धिक असन्तोष कायमै थियो संसदको तत्कालिन परिवेश हेर्दा पूँजीवादी राजनीतिक पार्टीको बाहुल्य रहेको देखिने मात्र होइन राणाशाही पछिको नेपालमा उसले अल्पअवधिको शासन सञ्चालन गर्दा थालेका सुधारहरूले पनि त्यसलाई प्रतिविम्बित गरिरहेको थियो । जनजीवनमा सामाजिक सुधारका गतिविधि तीव्र हुँदै गएपछि जातिपातीको भेदभाव, छुवाछुतका व्यवहार र इलम व्यवसायमाथि लगाइएका रोकहरू तोडिन थाले र सरकार पनि पूँजीवादी विकासका निम्ति अघि बढ्न थाल्यो । यसै क्रममा राज्य-रजौटा उन्मूलनसँगै आर्थिक क्षेत्रमा अपनाइएको बिर्ता किपट र उखडा खारेजीले भूमि सम्बन्धमा जमिन्दारी प्रथाको अन्त्यलाई केही हदसम्म निम्त्यायो । किसानहरू नयाँ जनवादी क्रान्तिको सन्देशद्वारा ब्यूँझदै गए । देशका विभिन्न ठाउँहरूमा जनसङ्घर्षले ब्यापक आकार लिन थाल्यो । किसान विद्रोहले जाली-फटाहा विरोधी आन्दोलन, गोदामप्रथा विरोधी सङ्घर्ष, झारा बेठ-बेगारीको विरोध र जमिन्दारी शोषण विरोधी सङ्घर्षलाई नयाँ उचाइमा लग्दै केही ठाउँहरूमा सशस्त्र सङ्घर्षहरू भए । राणाशाहीको अत्यपछि भएका यी कामकुराहरूसँगै मुलुकले एउटा निश्चित मार्ग पक्रन थाल्यो । वामपन्थबाट उठाइएको जमीन जोत्नेको नारा निकै लोकप्रिय भयो । तर यसबाट सत्ता स्वार्थको आधारमा सामन्ती-पूँजीवादी

तत्वबीच मेलजोल बढ्दै गयो र जमीनको हदबन्दी, बिर्ता उन्मूलन, मोहीयानी हकको सुरक्षाजस्ता कुरामा किसानलाई अल्मल्याएर उनीहरूको हितमा गरिने आमूल परिवर्तनलाई पर पन्छाइयो । किसान जागरण बढ्दो भएकाले विपक्षमा पछारिएका सामन्ती तत्व र पूँजीवादीहरूबीच गठवन्धन बढ्नु स्वाभाविकै थियो, त्यसैले जमीनको हदबन्दी र मोहियानी हकका कुरामा सीमित भूमिसुधार लागूगर्दा जमीनमा रहेको अनुत्पादक पूँजीलाई उद्योगमा लगाउने बाटो मात्र खोलियो । कैयौं जमिन्दारहरू फार्म र बगान मालिकमा फेरिए । नेपाली समाज अर्धसामन्तीकरणतर्फ अघि बढ्यो । बहुदलीयतालाई अपनाएर गरिएको संसदीय चुनाव- २०१५ ले नेपाली काँग्रेसलाई अत्याधिक बहुमत प्रदान गरी सरकार चलाउने जिम्मेवारी सुम्पिएको थियो र त्यसक्रममा कम्युनिष्टहरू पनि चुनावी प्रतिस्पर्धाबाट संसदको चार स्थानमा विजयी बनेका थिए । पूँजीवादको स्वस्थ विकास पनि सामन्ती तत्वहरूले पचाउन-सहन सक्ने विषय बनेन । आन्तरिक राजनीतिको यस अस्थिरतामा दरबारिया तत्वले आफूलाई सङ्गठित गऱ्यो । राणा- राजा एकताको आधार निर्माण गर्न पुग्यो । आफ्नो प्रतिकूल बन्दै गएको स्थितिलाई परास्त गर्न नेपाली काँग्रेस भारतमुखी बन्दै गयो र नेहरूको निकटतामा रहेर विश्वेश्वरप्रसाद कोइरालाले दरबारसँग टस्सलसमेत लिन थाले । ठीक यही विन्दुमा राजा महेन्द्रले राष्ट्रको अस्तित्व जोगाउने नाममा सातसालको सङ्घर्षबाट प्राप्त सीमित उपलब्धि-बहुदलीय-संसदीय व्यवस्थालाई समाप्त पारे र २०१७ सालसम्म आइपुग्दा पहिलो निर्वाचित सरकारलाई नै अपदस्थ गरी निर्दलीय पञ्चायती शासन सुरु गरे । त्यस स्थितिमा प्रगतिशील तथा प्रगतिवादी लेखनको सन्दर्भ नियाल्दा कलासाहित्य सिर्जनालाई लोकतान्त्रिक दिशा दिंदै नयाँ जनवादी संस्कृति निर्माण गर्ने काममा बामपन्थी नेतृत्वले अपेक्षित ध्यान पुऱ्याउन सकेन र प्रलेस पनि गतिशील रहेन । सङ्गठित लेखनको प्रगतिवादी परम्परालाई जनहितमा अघि बढाउने काममा न त कम्युनिष्ट पार्टीको नेतृत्वनै कुशल देखापऱ्यो न साँस्कृतिक अगुवाहरू । यस्तै अभावका बीच प्रगतिशील लेखक सङ्घलाई पुनर्गठन गरेर फेरी सक्रिय बनाउने प्रयत्न सुरु भयो ।

६.२ प्रलेसको पहिलो पुनर्गठन र दोस्रो कार्य समिति

प्रलेस स्थापना पछिका सातबर्षहरू त्यसको साङ्गठनिक क्रियाशीलतामा भन्दा रचनात्मक वाद-प्रतिवादमा सीमित रहेको देखिन्छ, परन्तु यसको पहिलो पुनर्गठन पछि भने साङ्गठनिक क्रियाशीलता अघि बढाउने संकल्प लिंदै सदस्यता अभियान सञ्चालन गरेको पाइन्छ । कूल सदस्य संख्या सय पुगेपछि सम्मेलन गर्ने लक्ष्य लिएर प्रलेस अघि बढेको कुरा साहित्य पत्रिकाको पहिलो अङ्कमा यसरी लेखिएको छ- "नेपालमा लेखकहरूलाई आफ्ना रचनाहरू बेचेर खाउँला भन्ने कुनै आश छैन । दिनभरि अर्कै मन नपर्दो काम गरी फुर्सदका बेलामा मनको सन्तोक बुझाउनलाई कागज कोरेर हामीले जनतालाई साहित्य दिनु परिरहेकाले नै हाम्रा रचनाहरूको स्तर उँभो उक्लने मौका नपाएको हो । त्यति मात्रै होइन, हाम्रा प्रगतिशील लेखकहरूले

ढाढस नपाएकैले पनि हाम्रो साहित्यले नौलो काँचुली फेर्न नसकेको हो । एकातिर प्रगतिशील लेखकहरू दाल-भात र लुगाफाटाको समस्याले हिरिक्किंदा छन् भने अर्कोतिर आफ्ना रचनालाई राम्रोसित तिखारेर लेख्ने, छपाउने अनि जनतामा फिँजारेर दुई पैसा कमाउने कुनै बाटो निक्लँदैन । विदेशका लेखकहरू के गर्छन्, उनीहरूको कसरी जीविका चल्छ ? उनीहरूले जनतालाई कस्ता साहित्य किन दिन्छन् ? भन्ने कुराको राम्रो ज्ञान हामीमा छैन । हाम्रो व्याकरणसम्बन्धी अप्ठेरोलाई हामी सप्पै बटुलिएर सजिल्याउने जमर्को गरेका छैनौं । हाम्रो सानु देश नेपालले आजको युगमा सामन्तवाद र साम्राज्यवादबाट आफूलाई नजोगाएमा हाम्रो प्रगति नहुने मात्रै होइन, हाम्रो राष्ट्रिय स्वतन्त्रतासमेत भत्किने कुरा छर्लङ्ग हुँदाहुँदै पनि हामीले आपसमा मिलेर हाम्रो साहित्यमा त्यसबारेमा केही लेखेर जनतालाई दरोसित भन्न सकेका छैनौं । हाम्रा ठूला-ठूला लेखक-कविहरू कि त छापिने कुनै बाटो नदेख्दा लेख्न अत्तालिंदा छन्, होइन भने सङ्लो मूल्याङ्कनको अभावमा हामीले बचाउ गर्न सकेका छैनौं । हाम्रा ठूल्ठूला छपाउने संस्थाहरूले हाम्रा लेखहरू छापिदिंदैनन् ।" पत्रिकामा अगाडि लेखिएको छ- "माथिका कुराहरूलाई ध्यानमा राखी २१ मङ्सीर २०१६ का दिन काठमाडौंमा केही लेखकहरूले प्रगतिशील नेपाल लेखक सङ्घलाई जन्माएका छन् । यस सङ्घका सदस्यहरू अहिले खाली १२ जना छन् । तर यो संख्या एक साल भित्रमा १०० पुग्ने अङ्कल छ र १०० लेखकहरू यस सङ्घमा बटुलिएपछि सम्मेलन गर्ने निधो गरिएको छ । सामन्तवाद र साम्राज्यवादको विरोध गर्ने नेपालका जो लेखक पनि भर्ना तिरो एक रुपियाँ र वर्सेनी तिरो दुई रुपियाँ दिएर सदस्य हुन सक्छन् । यस विचारमा सहमत हुने लेखकहरूसित झट्टै सदस्य हुने आग्रह गरिन्छ ।[७५]

यसबारेमा गोरखापत्रले- "नेपालका प्रगतिशील लेखकहरूलाई एउटै सङ्घमा बटुली उनीहरूका लेखहरूको छपाई र प्रचारमा सघाउने तथा राष्ट्रिय अन्तर्राष्ट्रिय लेखक सङ्घहरूसँग सम्बन्ध राखी नेपाली साहित्यलाई उँभो उकाल्ने र अरूलाई चिनाउन प्रयत्न गर्ने उद्देश्यले हालै यहाँ एक प्रगतिशील नेपाल लेखक सङ्घको स्थापना भएको छ । यसको कार्य सञ्चालन गर्नलाई ५ जनाको एक कार्य समिति पनि गठन गरिएको छ ।' भन्दै खबर दिएको छ ।[७६]

यी दुवै जानकारीबाट पुनर्गठित प्रलेसको नाममा केही हेरफेर रहेको देखिन्छ तर त्यो पुरानै संस्थाको निरन्तरतामा जन्मेको कुरा श्यामप्रसाद बताउनु हुन्छ ।[७७] नेपाललाई नै प्रगतिशील बनाउने विचार भएपछि नामको संयोजनमा किन कपाल दुखाई राख्नु भन्ने भावनाले त्यतिखेर काम गरेको देखिन्छ । तर ताना शर्मा भने प्रगतिशील लेखक सङ्घ भनेर नै त्यसलाई चर्चा गर्दछन् र सो संस्थाको उद्देश्यका बारेमा उनले लेखेका छन्- "यसको उद्देश्य राष्ट्रिय फाँटमा सामन्तवाद विरोधी र

---

७५. श्यामप्रसाद,सम्पादन साहित्य सम्पादक (पहिलो वर्ष) पहिलो अङ्क, २०१६ पुस-माघबाट ।

७६. गोरखापत्र भाग ५९, संख्या ९४, वि.सं. २०१६ साल मंसीर २६ गते शुक्रबार ।

७७. लेखकसँगको कुराकानी- २०५५।३।१९ मा ।

अन्तर्राष्ट्रिय फाँटमा साम्राज्यवाद विरोधी साहित्यको विकास गर्नु थियो ।"[७८] सुरुमा तारानाथ शर्मा नै सचिव थिए । त्यतिखेरको कार्य समितिलाई "म्यादी कार्यसमिति' भनिएको थियो र त्यसमा कोही अध्यक्ष थिएन । तयारी समितिले गर्ने काम नै त्यसले गरिरहेको थियो । सदस्यता वितरणको काम अघि बढाउँदै २० चैत्र २०१६ मा साधारण सभा डाकियो । त्यही सभाले नै दोस्रो कार्य समितिको निर्वाचन गऱ्यो । गुप्त मतदानद्वारा निर्वाचन गरिएको सो समितिमा धर्मराज थापा- अध्यक्ष, तारानाथ शर्मा- सचिव, आन्नददेव भट्ट- सहसचिव र सदस्यहरूमा कमल दीक्षित, केदारनाथ न्यौपाने, कृष्णप्रसाद पराजुली, पूर्णबहादुर मानव, शशिकला शर्मा र श्यामप्रसाद रहेका थिए ।[७९] त्यसबखतका साधारण सदस्यहरूमा- पूर्णमान विद्रोही (भक्तपुर) गङ्गालाल प्रधान (इलाम) तुलाराम विश्वकर्मा (धरान) जयप्रसाद ढकाल (इलाम) लोकराज बराल (झापा) मुकुन्द ढुङ्गेल (काठमाडौं) मिरन कलम (काठमाडौं) के. पी. शैल (काठमाडौं) कृष्णप्रसाद सर्वहारा (पनौती, काभ्रे) निरञ्जनगोविन्द वैद्य (पाटन) बासुदेव श्रेष्ठ (पूर्व २ नं. देउरालीटार) पूर्णबहादुर मानव (काठमाडौं) शक्तिप्रसाद लम्साल (भैरहवा) बलराम श्रमजीवी (काठमाडौं) खगेन्द्रकुमार प्रधानाङ्ग (धनकुटा) बासुदेव लुईटेल (काठमाडौं) जगतबहादुर सिंह (नेपालगञ्ज) सुदीप कपिल (पोखरा) (यिनलाई पञ्चायत विरोधी भएको आरोपमा तत्कालीन अञ्चलाधिसको निर्देशनमा २०३५ बागलुङ्गमा हत्या गरिएको थियो- लेखक) वंशी श्रेष्ठ (धुलिखेल) कमलराज रेग्मी (पाल्पा) मोहनविक्रम सिंह (प्यूठान) कञ्चन पुडासैनी (काठमाडौं) थिए । २०१७ साल भदौ ३ गतेसम्म थपिएका नयाँ सदस्यहरूमा- हरिश्रेष्ठ (काठमाडौं) शिवगोपाल रिसाल (काठमाडौं) गोविन्द भट्ट (गौर, रौतहट) श्रीधर खनाल (काठमाडौं) टङ्गनाथ शास्त्री (मण्डन-काभ्रे) लीलाध्वज थापा (काठमाडौं) जगदिश नेपाली (धरान) जीवराज शर्मा (दाङ) डी.पी. अधिकारी (मोरङ) र बालमुकुन्ददेव पाण्डे (काठमाडौं) रहेका थिए ।[८०] श्यामप्रसाद स्वयं कार्य समितिमा रहेको र संस्थापक भएकाले मात्र होइन, सम्पादक पनि भएकाले साहित्यको प्रत्येक अङ्कमा दुई पातासम्म ठाउँ प्रगतिशील लेखक-सङ्घलाई दिएको थियो ।[८१] यस बारेमा उनले "सुरुमा लेखक सङ्घका सचिव तारानाथ शर्माले सङ्घले गरेका र गर्ने भएका कामहरूको व्यहोरा प्रकाशनार्थ दिने गर्नुहुन्थ्यो, तर अहिले त्यस्तो सामग्री केही पनि दिनुभएन ।" भन्ने कुरा जनाउँदै पाँचौं अङ्कमा लेखक-सङ्घबारे आफूलाई थाहा भएका केही कुराहरू भनी गरेका कुरा यसप्रकार छन्- "कार्य समितका केही व्यक्तिहरूको निष्क्रियता-शिथिलताले गर्दा डेढ-दुई महिनादेखि प्रगतिशील नेपाल लेखक सङ्घको काम कारवाहीप्रति बरोबर भनेजस्तो खोजीनीति गर्ने गरिएको पनि देखिएको छ। सङ्घका कामप्रति चाख देखाउने यसका सदस्य र कार्यसमितिका सक्रिय सदस्यहरूको प्रयत्नबाट आउँदो पुस ५ गते मंगलबार (२० डिसेम्बर, १९६०) का दिन काठमाडौंमा सङ्घको पहिलो

---

७८. ताना शर्मा, नेपाली साहित्यको इतिहास- दोश्रो संस्करण २०३९ पृ. २४९ ।

७९. सम्पादक श्यामप्रसाद, साहित्य, दोश्रो/तेस्रो अङ्क २०१६ फागुन चैत्र २०१७ बैसाख/जेठ ।

८०. सम्पादक श्यामप्रसाद, साहित्य चौथो अङ्क २०१७ असार, साउनबाट ।

८१. श्यामप्रसाद आएका केही चिठी पहिलो संस्करण २०५५ पृ. १४१ ।

वार्षिकोत्सव मनाउने निधो गरिएको छ । सो दिन सङ्घका सारा सदस्यहरूलाई भेला गरी वार्षिक रिपोर्ट पेश गर्ने, नयाँ कार्य समितिको गठन गर्ने र साहित्य-गोष्ठि गर्ने कार्यक्रम राखिएको छ ।"

साहित्यमा छापिएको प्रलेस बारेको यस समाचारले प्रलेसको दोस्रो कार्यसमिति चयन गर्ने क्रममा उदारतावाद हावी भएको र अध्यक्ष, सचिव जस्ता महत्वपूर्ण जिम्मेवारी छद्भेपीतत्वले हातपार्न सफल भएको देखिन्छ । यद्यपि उनीहरूले आफ्नो वास्तविकता ढाकछोप गर्न प्रलेसमाथि पार्टीको नियन्त्रण भएको कुरा गर्दथे । यही परिस्थितिले ताना शर्मा र धर्मराज थापालाई एउटा टुङ्गोमा पुग्नुपर्ने बनायो र उनीहरू दुवै जनाले ९ डिसेम्बर १९६० मा राजिनामाले दिए ।[८२] अध्यक्ष र सचिवको राजिनामाले प्रलेसको पुनर्गठन गरी सक्रियतापूर्वक अघि बढ्न चाहने साहित्यकारहरूलाई बाटो खुला भयो । फलस्वरूप २०१७ माघ ७ गते प्रलेसको तेस्रो कार्य समिति बन्यो ।

६.३ प्रलेसमा विवादको थालनी, तेस्रो कार्य समिति र सङ्घदर्ताको प्रसङ्ग

प्रगतिशील लेखक सङ्घमा विवाद उत्पन्न हुनुको मूल कारण एकातर्फ सङ्गठित लेखनको आवश्यकतालाई स्वीकार्ने र नकार्नेहरू बीचको द्वन्द्व देखिन्छ भने अर्कोतर्फ दरवार परस्त चिन्तन र झुप्रापरस्त चिन्तनको द्वन्द्व देखिन्छ । स्थापना कालमा संलग्न भवानी घिमिरे सङ्गठनमा बाँधिएर अघि बढ्न सकेनन् । उनले "विचारमा बाँधिए भइहाल्यो नि !" भन्दै "लेखक स्वतन्त्र रहेर पनि लेख्न सक्छ सङ्गठनमा बाँधिनै पर्छ भन्ने छैन । वैचारिक बँधाई मुख्य कुरा हो भन्ने धारणामा आफूलाई अघि बढाए । "[८३] परन्तु श्यामप्रसादको प्रभावस्वरूप प्रगतिशील लेखनमा जुटिरहे । सुरुमा कोषाध्यक्ष रहेका केवलपुरे किसान २०१६ को पुनर्गठनपछि प्रलेसबाट अलग रहेर साहित्य साधना गर्न थाले । सङ्घको सदस्य बन्न मानेनन् ।[८४] त्यति भएर पनि सुरुको अवस्थामा विवादले ठोस आकार लिएको थिएन । २०१६ को पुनर्गठनपछि भने यसले ठोस आकार लिन थाल्यो । यसो हुनुमा तत्कालीन कम्युनिष्ट पार्टीको नेतृत्वले स्थानीय तहमा साँस्कृतिक फाँटलाई परिचालन गर्ने काममा पहलकदमी नलिनु, प्रगतिशीलतालाई अँगाल्ने तर प्रगतिवादलाई लघार्ने प्रवृतिका धर्मराज थापा, ताना शर्मा र कमल दीक्षित जस्ता लेखकहरूको अराजक एवम् अवसरवादी प्रवृति सङ्गठनमा हावी हुनु र सामन्ती पुनरुत्थानवादीहरूद्वारा फैलाएको भ्रमले मुख्य भूमिका पूरा गरेको छ । २०१६ साल कार्तिकतिर ने.क.पा.को काठमाडौं जिल्ला समितिद्वारा साहित्य क्षेत्रमा सङ्गठन निर्माण गर्ने बारे विचारविमर्श गर्न एउटा भेला आयोजना गरिएको थियो । त्यस भेलामा श्यामप्रसाद शर्मा, कृष्णचन्द्रसिंह प्रधान, आनन्ददेव भट्ट, भूपी शेरचन र रमेश विकलहरू सहभागी थिए । त्यसले साँस्कृतिक क्षेत्रको कामलाई परिचालन गर्ने दायित्व जिल्ला तहको नभै केन्द्रको हुनुपर्ने र केन्द्रबाटै आयोजक समिति बनाई देशव्यापी रूपमा

---

८२. श्यामप्रसाद केही साहित्य र साहित्यकार पृ.२६-२७ ।

८३. लेखकसँग भएको कुराकानी (झापामा आयोजित मितेरी कवि गोष्ठीमा) ।

८४.श्यामप्रसाद, केही साहित्यकार र साहित्य उही पृ.२६-२९ ।

प्रगतिशील कवि लेखकहरूलाई सदस्य बनाउन थाल्नुपर्छ। सम्मेलनद्वारा स्थायी सङ्घ खडा गर्नुपर्छ भन्ने सुझाव दिएको थियो।[८५] यसपछि नै २१ मङ्सीर २०१६ मा प्रलेस पुनर्गठन भएको देखिन्छ। यसलाई ताना शर्मा र धर्मराजहरूले "पार्टीको नियन्त्रण" ठाने। पुष्पलालको निर्देशनमा डीपी अधिकारीले "निर्देश" गरेको भन्दै सङ्गठन विरोधी कुरा गर्न पुगे। ठीक त्यही विन्दुमा समालोचनाको क्षेत्रमा कलम चलाएको बहानाले ताना शर्मालाई जवाफ दिने नाममा कृष्णचन्द्रसिंह प्रधानबाटसमेत प्रलेसमाथि आक्षेप लगाइयो[८६] यस सम्वन्धमा ताना शर्मा लेख्छन्- "सङ्घभित्र साम्यवादी अनुशासन मान्नेहरू एकथरी थिए भने अर्कोतिर देब्रे ढल्कुवा भएर पनि राजनैतिक दलविशेषको नियन्त्रण नचाहने" व्यक्तिहरू रहेका थिए। पुष्पलाल र डीपीको नियन्त्रण "कृष्णचन्द्रसिङ्ह प्रधानलाई पनि अमान्य भयो। अध्यक्ष र सचिवले संयुक्त राजिनामा दिएपछि यो २०१७ मा गर्ल्याम्गुर्लुम ढल्यो।[८७] उनको नजरमा नेपाल लेखक सङ्घ र प्रगतिशील लेखक सङ्घ दुवै खतम भए। उनले नेपाली लेखक सङ्घबारे भने उल्लेख गरेका छैनन् जसको चर्चा देवकोटाले गरेका थिए।[८८] प्रगतिशील लेखक सङ्घका सन्दर्भमा पनि उनले विवरण दिएका छन्। ताना शर्मा र प्रधानको विवादले गर्दा पनि त्यसबखत प्रलेस ढलेको कुरापछि गएर प्रष्टिएको छ। खासगरी २०१७ साल माघ ७ गते भएको प्रलेसको तेस्रो कार्य समितिको गठनले यसलाई प्रष्ट दर्शाउँछ। किनभने थापा र तानाको पलायनपछि कृष्णचन्द्रसिंह प्रधान नै अध्यक्ष बन्छन्। यस विवादको मूल्याङ्कन गर्दै प्रगतिशील लेखक सङ्घ नेपालको प्रथम राष्ट्रिय सम्मेलनद्वारा पारित कार्यपत्र २०४४ मा भनिएको छ- "त्यसबेला लेखक सङ्घलाई सैद्धान्तिक मार्गदर्शन गर्ने राजनीतिक पार्टीमा दक्षिणपन्थी प्रवृति बढ्दै गएको र त्यसले साहित्यक-साँस्कृतिक फाँटको सञ्चालनमा अपरिपक्कता देखाएकोले साहित्यिक फाँटमा राम्रो प्रगति गर्न सकेन र त्यसको र राजनीतिक फाँटको बीचमा सुमधुर सम्बन्ध कायम हुन सकेन। केही समयपछि नै सङ्घभित्र राजनीतिक हस्तक्षेपको बहानामा आफ्नो व्यक्तिवादी प्रवृति बढाउने आकांक्षा, वैचारिक मतभेद, असहयोगको भावना, खिचातानी, सङ्कीर्णता, अनुशासन विहीनता, शङ्का र अविश्वास आदि बढ्दै गए। लेखक सङ्घ र राजनीतिक सङ्गठनका बीचको सम्बन्ध बारेमा विवाद तीव्र हुँदै गयो र सङ्गठनात्मक आधार टुट्दै गयो। त्यसभित्रका नेतृत्वदायी

---

८५. श्यामप्रसाद केही साहित्यकार र साहित्य पहिलो संस्करण २०४२ पृ.२५।

८६. ताना शर्मा नेपाली साहित्यको इतिहास, दोस्रो संस्करण २३९ पृ। २४९।

८७. ताना शर्मा- ऐ.ऐ. पृ. २५०।

८८. महाकवि लक्ष्मीप्रसाद देवकोटाले वि.सं. २०१४ मा एफ्रो-एशियाली लेखक सम्मेलन, तासकन्दमा साहित्यिक संस्थाहरूको चर्चा गर्दै भनेका थिए- "काठमाडौं र केही जिल्लाहरूमा समेत लेखक सङ्घ खोलिएका छन्। जसमध्ये सबभन्दा ठूलो चाहीं काठमाडौंस्थित नेपाली लेखक सङ्घ हो।" राजेन्द्र सुवेदी, सम्पादक-स्रष्टा देवकोटा द्रष्टा परिवेशमा पृ... ।

व्यक्तिहरू लाखापाखा लागे ।[८९] जसले गर्दा अन्ततः प्रलेसको तेस्रो कार्यकारिणीलाई हेरफेर गर्नुपर्ने अवस्था मात्र पैदा नभै संस्थाको सुदूर भविष्य नै अनिश्चित बन्न पुग्यो ।

तेस्रो कार्य समितिमा हेरफेर एवम् सङ्घ दर्ताको प्रसङ्गमा श्रीधर खनालले २०१७ चैत १९ गते श्यामप्रसादलाई लेखेको चिठीमा मिति लेख्दा त्रुटी हुन गएको कुरा स्वीकार गर्दछन् ।[९०] उनले त्यतिखेरको राजनैतिक घटनाप्रति प्रलेस मौन बसेको, खिचापोखरी-रणमुक्तेश्वरमा कार्यालय राखिएको र विश्वका विभिन्न लेखक सङ्घसँग पत्राचार भएको कुरा पनि भेटघाटका क्रममा बताए । प्रलेसको निरन्तरतामा मुख्य योगदान श्यामप्रसादकै रहेको थियो । तेस्रो पुनर्गठनपछि बनेको कार्य समितिमा कृष्णचन्द्रसिंह प्रधान अध्यक्ष, श्रीधर खनाल सचिव, पूर्णमान विद्रोही सहसचिव र सदस्यहरूमा मुकुन्द ढुङ्गेल, गोविन्द भट्ट, श्यामप्रसाद, शशिकला, कृष्णप्रसाद सर्वहारा, पूर्णवहादुर मानव, कृष्णप्रसाद पराजुली र हरि श्रेष्ठ रहेका थिए ।[९१] भेटघाटका क्रममा भने श्रीधर खनालले आनन्ददेव भट्ट, बालकृष्ण पोखरेल, जयप्रसाद ढकाल र शङ्कर शाह पनि सदस्यमा रहेको कुरा बताउँछन् । यसै सन्दर्भमा २०१७ फागुन २४ गते श्यामप्रसादले रोचक घिमिरेलाई लेखेको पत्रमा भने अध्यक्ष कृष्णचन्द्रसिंह प्रधान र सचिव श्रीधर खनालको मात्र उल्लेख पाइन्छ । सदस्यहरूको नामनमेसी पाइँदैन । खिचापोखरीनिर कार्यालय खोलिएको कुरा दुवैको मिल्छ । रणमुक्तेश्वर नजिकै ६।३१३ खिचापोखरीमा कार्यालय खोलिएपछि केही कुर्सी, टेवुल, एउटा टाइपराइटर र पत्रपत्रिकाहरू रहेको कुरा श्रीधर खनाल बताउँछन् । परन्तु श्रीधर खनाललाई बालकृष्ण पोखरेलले पहिले नै प्रलेस छाडेको सम्झना रहँदैन ।

तेस्रो कार्य समितिमा सचिव रहेका श्रीधर खनाल पनि केही समयमै निस्क्रिय बन्दछन् । संसदीय व्यवस्थाको समाप्तिले धेरैलाई अल्मलमा पार्छ । उनी पनि यही अल्मलमा पर्छन् र कार्य समिति छाडेर अर्कै धारतर्फ लाग्दछन् । प्रलेसको कार्य समितिमा सामान्य हेरफेर र थपघट गरिन्छ । यही हेरफेर र थपघटका क्रममा जयप्रसाद ढकाललाई सचिव बनाइन्छ । अध्यक्ष कृष्णचन्द्रसिंह प्रधान भने यथावत रहन्छन् । त्यस हेरफेर पछि चूडामणि बन्धु(पाल्पा) जनकप्रसाद हुमागाईं (पूर्व एक नम्बर) र पुष्कर लोहनी(काठमाडौं) कार्य समितिको सदस्यमा थपिन्छन् ।[९२] परन्तु जयप्रसाद ढकालका अनुसार भने शर्माको राजीनामा पश्चात सन् १९६२ मा कृष्णचन्द्रसिंह प्रधानको अध्यक्षतामा प्रलेस पुनर्गठन भएको थियो र पुनर्गठित लेखक सङ्घको सचिव पदमा जयप्रसाद ढकाल आए ।[९३] डीपी अधिकारी भने प्रधानको अध्यक्षतामा पुनर्गठित प्रलेसमा सुरुमा श्रीधर खनाल नै सचिव थिए र उनले छाडेपछि मात्र जयप्रसाद

---

८९. प्रलेस केकद्वारा प्रकाशित प्रथम राष्ट्रिय सम्मेलन २०४४ को कार्यपत्र पृ.१० ।

९०. लेखकसँग भएको कुराकानी माइतिघर प्रलेस कार्यालय २०५४ ।

९१. श्यामप्रसाद आएका केही चिठीहरू प्रथम संस्करण २०५५ पृ. १४१)

९२. जनकप्रसाद हुमागाईंबाट प्राप्त जानकारी ।

९३. जयप्रसाद ढकाल, साहित्य र संस्कृति, प्रथम संस्करण २०५२ पृ.५७

ढकाललाई सचिव बनाइएको कुरा स्वीकार्दछन् ।[९४] ढकालका अनुसार २०१७ सालको राजनैतिक प्रत्यागमनबाट उत्पन्न सन्त्रास एवम् निर्दलीय शासनका कारण सङ्घसंस्थाहरू स्वतन्त्र रूपमा सञ्चालन गर्न सकिने अवस्था रहेन । सरकारबाट दर्ता लिन सकेमा वैध ढङ्गले साहित्यिक संस्था चलाउन सकिने र सजिलो पनि हुने ठानी २०१८/२०१९ तिर प्रलेसलाई शिक्षा मन्त्रालयमा दर्ता गरिएको थियो ।[९५] जयप्रसाद ढकालका अनुसार लेखक सङ्घ रजिष्टर्ड गराएको केही समयपछि उनी जिल्लातिर लागे । तर यस सम्बन्धमा कार्य समितिका अन्य सदस्यहरू भने बेग्लै विचार व्यक्त गर्दछन् । गोविन्द भट्टले प्रलेसलाई २०१८।१९ तिर दर्ता गरिएको भन्ने कुरा गलत मान्दछन् । उनको तर्क छ- सत्रसाल पछि सम्पूर्ण सङ्घ संस्था बन्द गरिएको बेला प्रलेसलाई सरकारले दर्ता गर्ने कुरै मिल्दैन ।[९६] तर यस सम्बन्धमा प्रामाणिक सामाग्री उपलब्ध हुन नसकेकोले खोजकै विषयका रूपमा रहेको छ ।

६.४ प्रलेसको निस्क्रियता र स्थानीय उत्साह

सामन्ती निरङ्कुशताको प्रतिकूल परिवेशले गर्दा सत्रसालपछिका केही वर्षहरू साहित्यिक शिथिलताका वर्ष बने । परन्तु २२ सालपछि पुनः प्रगतिशील चिन्तनप्रवाह सक्रिय बन्न थाल्यो । खासगरी युवा आन्दोलनमा पैदा भएको गतिशीलताले मार्क्सवादी विचारधारा पुनः चासो र अध्ययनको विषय बन्यो । स्वबियू निर्माणका निम्ति चलेको छात्र आन्दोलन, पञ्चायती निर्दलीयता बिरुद्धमा ब्यूँझेको बौद्धिक जागरण र चिनियाँ साँस्कृतिक क्रान्तिले ग्रहण गरेको राजनैतिक चरित्रले बिस्तारै बामपन्थी चिन्तनमा विशेष गति पैदा गऱ्यो । समाजवादी साहित्यको प्रचार-प्रसार, चिनियाँ साहित्यको अनुवाद प्रकाशन र अफ्रो-एसियाली लेखक सङ्घका गतिविधिले पनि प्रगतिवादी लेखनलाई प्रतिबद्ध, सङ्गठित र जनआधारित बन्ने वातावरण दिइरहेको थियो । तर ठीक यही बिन्दुमा नै प्रलेसका संस्थापक अध्यक्ष श्यामप्रसाद र सदस्य गोविन्द भट्ट पार्टीद्वारा दिइएको जिम्मेवारीमा हेरफेरको माग गरी साँस्कृतिक फाँटबाट अलग बन्न पुगे । श्यामप्रसाद पुष्पलालको सल्लाहमा भूमिगत काममा सङ्लग्न हुन राजी नै भए तर गोविन्द भट्टले त्यो प्रस्ताव अस्वीकार गरी कूटनैतिक रूपमा काम गर्नेगरी खुलारहने माग गरे । यसैक्रममा २०२४ देखि श्यामप्रसाद गुप्त गतिविधिमा लागेर कम्युनिष्ट पार्टीको सङ्गठक बन्न पुगे । गोविन्द भट्ट केही समयपछि चीनमा रेडियो पेकिङको नेपाली भाषा विभागमा प्रशिक्षक बने । उनले आफू चीन जानुअघि आफ्ना बिमतिका कुरा दर्शाएर पार्टीलाई लामो चिठी लेखेका थिए । त्यसमा साँस्कृतिक फाँटको सिर्जनात्मक प्रवृति अनुरूप लचकतापूर्ण व्यवहार पार्टी नेतृत्वबाट हुनुपर्ने कुरा उल्लेख

---

९४. लेखकसँग भएको कुराकानी ।

९५. जयप्रसाद ढकाल, उही पृ. ५७

९६. गोविन्द भट्टसँग ०५४।३।१७ मा भएको वातचित ।

गरेका थिए ।[१७] प्रगतिशील लेखक सङ्घको नेतृत्व पनि मुलुकको साँस्कृतिक आन्दोलनप्रति आवश्यक मात्रामा उत्तरदायी रहन सकेन । फलस्वरूप प्रलेस निस्क्रिय रहन पुग्यो । यही निस्क्रियता बीच राजनैतिक परिवेशको अप्ठेरो छल्न कतिपय लेखकहरूले मौलिक सिर्जनात्मक कृति रच्नुभन्दा अनुवाद प्रकाशित गर्नु वेश ठाने । २०२५ देखि ३५ सम्मको एक दशक राजधानीमा प्रलेसको व्यवस्थित, सङ्गठनात्मक कार्यकलाप नभएको दशक बनेर बित्यो । केही प्रगतिशील लेखकहरू नेपाल-चीन मैत्री सङ्घका माध्यमबाट प्रगतिवादी साहित्यको प्रचार-प्रसारमा जुटे । यसमा शान्तदास मानन्धर, पूर्णबहादुर एम.ए, दुर्गालाल श्रेष्ठ, गोविन्द भट्ट, निरञ्जनगोविन्द वैद्य, रूद्र शाक्य, कृष्णदास श्रेष्ठ, बुद्ध सायमी, पूर्णबहादुर वैद्य जस्ता प्रतिभाहरू सम्लग्न रहे । यही समयमा माओको दर्शनबारे पाँच कृति, साहित्य र कला सम्बन्धमा येनान गोष्ठीको भाषण, लुसुनका निबन्धहरू, माओका सङ्कलित रचनाहरूको ग्रन्थ, ओयाङ्हाइको गीत नामक उपन्यास आदि अनेकौं चिनियाँ पुस्तक अनुवाद गरी प्रकाशित गरिए । प्रगतिशील पुस्तक भण्डार, गुनिलो प्रकाशन जस्ता संस्थाले पनि यसमा निकै नै मद्दत पुऱ्याए । यसै कालखण्डमा पहिलोपल्ट अफ्रो-एशियाली लेखक सङ्घद्वारा दश जना नेपाली कविका कविताहरूको अग्रेजी अनुवाद सङ्ग्रह प्रकाशित भयो । पूर्णबहादुर एम.ए., गोविन्द भट्ट, सिद्धिचरण श्रेष्ठ बाहिरबाट क्रियाशील भएका थिए ।[१८] गोविन्द भट्टले बेइजिङमा १९६५ ई.मा सम्पन्न अफ्रो-एशियाली लेखक सम्मेलनमा नेपालको तर्फबाट भाग लिए । कोमोजो नेपाल आए । यस प्रकारका गतिविधिले पनि प्रगतिशील तथा प्रगतिवादी लेखनलाई सकारात्मक उन्नतितर्फ नै अघि बढ्न मद्दत गऱ्यो ।

राजनैतिक वातावरणको प्रतिकूलताले गर्दा ठीक यहींनिर कम्युनिष्ट पार्टीमा पनि विखण्डन बढ्यो । दक्षिणपन्थी प्रवृतिका बिरुद्धमा भएको भनिएको २०१९ को तेस्रो महाधिवेशनले पनि पार्टीलाई एकीकृत एवम् गतिशील राख्न सकेन । पुष्पलाल र तुलसीलालका बीच राजनैतिक विचारका अन्तरबाट उत्पन्न जुहारी चल्यो । अन्त्यमा पुष्पलालले नेपाली कम्युनिष्ट आन्दोलनलाई राष्ट्रिय अन्तराष्ट्रिय दुवै क्षेत्रका गंभीर वादविवाद बीच एउटा नयाँ मोडदिने अठोट र संकल्प लिएर २०२५ मा तेस्रो ऐतिहासिक सम्मेलन गोरखपुरमा सम्पन्न गरी माओत्सेतुङ्ग विचारधारालाई पनि नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त स्वीकार गरे । यस विन्दुबाट प्रगतिशील साहित्यिक गतिविधि पुनः तीव्र हुन थाल्यो । यसै क्रममा: "देशका विभिन्न भागमा प्रगतिशील पत्रपत्रिका निकाल्ने, साहित्य गोष्ठी र सम्मेलनहरू गर्ने, साँस्कृतिक संस्थाहरू खोली प्रगतिशील नाटक खेल्ने, गीतहरूको माध्यमबाट जनवादी भावना प्रचार गर्ने काम र क्षेत्रीय स्तरमा प्रगतिशील लेखक सङ्घ बनाउने जस्ता प्रयासहरू अघि बढे ।" भन्दै प्रलेसको प्रथम राष्ट्रिय सम्मेलनको कार्यपत्रमा भनिएको छ- "प्रगतिशील विद्यार्थीहरूका मुखपत्र एवम् सामयिक सङ्कलनहरूले प्रगतिवादी साहित्यिक आन्दोलनको विकासमा महत्वपूर्ण भूमिका खेले ।"[१९] यसै परिवेशमा २०२७ सालमा धरानमा रामप्रसाद श्रेष्ठ,

---

१७. लेखकले गोविन्द भट्टसंग २०५४।३।१७ मा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

१८. लेखकलाई शान्तदास मानन्धरबाट प्राप्त जानकारी ।

१९. प्रलेस नेपालको प्रथम राष्ट्रिय सम्मेलनद्वारापारित कार्यपत्र २०४४ पृ. ११

कृष्णप्रसाद वी.ए. र टी.आर. विश्वकर्माहरूको प्रयत्नमा प्रगतिशील लेखक सङ्घ धरानको गठन भयो । परन्तु त्यो शिशुकालमै निशिक्रयताको शिकार हुन पुग्यो ।[१००] बुटवलमा जीवराज आश्रित, मोदनाथ प्रश्रित, बुध्दि बहादुर थकाली, रामप्रसाद र प्रदीपहरूले रेलिमै साँस्कृतिक मण्डल सञ्चालन गरे । त्यही संस्थामार्फत 'पचास रुपियाँको तमसुक' नामक नाटक मञ्चन गरियो । पूर्वमा २०२५ मै मेचीअञ्चल स्तरीय साहित्य सम्मेलनको आयोजना गरियो । साहित्य संगम आठराई, नेपाली साहित्य परिषद् झापा र साहित्य सेवा समिति शनिश्चरेको संयुक्त आयोजनामा फागुन ८,९ र १० गते सम्पन्न सो सम्मेलन भाषाशास्त्री महानन्द सापकोटाद्वारा उद्घाटन भएको थियो । आयोजक समितिका सचिव जयप्रसाद ढकाल थिए । उक्त सम्मेलनमा गणेशवहादुर प्रसाइ, गङ्गाप्रसाद उप्रेती, गोविन्द भट्ट, डा.ऋषिकेश उपाध्याय, रामेश्वरप्रसाद अधिकारी, हरिनाथ बास्तोला, सूर्य कन्दङ्वा, रूद्र खरेल, मोहनराज शर्मा, तेजराज खतिवडा, सरोज ओली, विश्वराज रेग्मी, नरेश शाक्य, रामविनय, द्रोणचार्य, रामनाथ दाहाल, राधाकृष्ण मैनाली आदि लेखकहरू विभिन्न ठाउँबाट सहभागी भएका थिए ।[१०१] सम्मेलनले तीनवटा महत्वपूर्ण प्रस्तावहरूमा व्यापक छलफल गऱ्यो । वर्तमान नेपाली साहित्य र जनजीवनमा त्यसको असर, प्रगतिशील साहित्य त्यसका समस्या र समाधान, अन्तराष्ट्रिय जगतमा नेपाली साहित्यको भूमिका विषयक कार्यपत्रहरू प्रगतिशील लेखनका सन्दर्भमा महत्वपूर्ण रहेका छन् र समकालीन प्रगतिवादी लेखनका वारेमा ठोस दिग्दर्शन गराउन सफल पनि छन् ।[१०२] ती कार्यपत्रहरू मध्येको पहिलो **वर्तमान नेपाली साहित्य र जनजीवनमा त्यसको असर** शीर्षकको छ । त्यसमा समकालीन परिवेशको आकलन यसरी गरिएको छ "वर्तमान नेपाली साहित्यले यस दशकभित्र नयाँ मोड लिएको र पुरानो काँचुली फेरेको टङ्कारै देखिन्छ । सामाजिक दृष्टिकोणले हेर्दा यस दशकभित्र जनचेतनामा पनि पर्याप्त परिवर्तन आएको छ । जसले गर्दा बैचारिक स्तर र अनुभूतिको माध्यमले समेत फेरिनुपरेको छ । यसरी जनचेतनामा नयाँ मोड आउँछ भने काव्य चेतनामा पनि सो मोडको छाप अवश्य पर्दछ । वर्तमान नेपाली साहित्य- जो परिर्वतन जनचेतनाको आड पाएर झाँगिएको बेली हो, यस दशकभित्र भोगेको क्षणलाई लिएर सामुन्ने देखापरेको छ । यस दशकभित्र हुर्केका कविता, कथा, नाटक, उपन्यास र अन्य विधाद्वारा व्यक्तिएको साहित्यले आफ्नो धरातललाई नछोडी आर्थिक, सामाजिक र साँस्कृतिक जीवनलाई अघि सार्दै आएको छ । यतिमात्र होइन यसले आजका मान्छेलाई वैज्ञानिक दृष्टिकोण दिएर परम्परादेखि चलिआएका अन्धविश्वासहरूलाई नास्न लाग्ने र वलियो हतियार दिएको छ । फेरि आजको साहित्यले जनसाधारणको आँखासमेत उघारेको छ । जसले गर्दा उसले अप्रत्यक्ष शोषणका डरलाग्दा खाडलहरूलाई देख्ने र त्यसवाट जोगिने

---

१००. प्रलेक कोशी अञ्चल सम्मेलनको दस्तावेज पृ. २०

१०१. मेची अञ्चल सम्मेलनको दस्तावेज पृ.२० ।

१०२. मेची अञ्चल स्तरीय साहित्य सम्मेलनको प्रतिवेदन २०२५ बाट उद्धरण गरिएको ।

अवसर पाएको छ। यसले युगौंदेखि जन-मनमा कटकटिएर रहेका सङ्कीर्णता, कुलत, कुरीति आदिलाई खुर्केर फ्याँक्ने नयाँ दृष्टि र प्रेरणा पनि दिंदै आएको छ।

माथिका कुराका आधारमा के भन्न सजिलो भएको छ भने वर्तमान नेपाली साहित्यले जनजीवनका विभिन्न तहमा विभिन्न तवरले असरपार्दै आएको छ। यति हुँदाहुँदै पनि आजको साहित्यमा केही यस्ता प्रवृत्तिहरू पनि देखापरेका छन्, जसले गर्दा साहित्य आवश्यक रूप र मात्रामा जनजीवनको सामल वा पोषक तत्व हुन सकेको छैन। यस्ता केही मुख्य प्रवृत्तिहरू निम्न हुन्:- (१) निराशा। (२) अन्धो पश्चात्य अनुसरण। (३) नग्नता। (४) दुरुहता। (५) वैयक्तिकता।

वर्तमान नेपाली साहित्यमा निराशा, अनास्था र कुण्ठाका स्वरहरू सबभन्दा चर्को सुनिन्छ। यी प्रवृत्तिहरू देशकै उपज पनि हुन सक्तछन् र अनुसरणको रूपमा कलकल्लिएका वस्तुहरू पनि हुन सक्तछन्। जुन प्रकारको आर्थिक विषमता र सङ्टबाट हाम्रो समाज गुज्रँदैछ त्यसको अनिवार्य परिणामका रूपमा निराशाले जन्मलिनु स्वाभाविक कुरा हो। यो निराशा देशभित्रकै परिस्थितिले उत्पन्न गरेको हो र फेरी अन्तर्राष्ट्रिय वातावरणले उत्पन्न गराएको निराशाले पनि व्यक्तिलाई ढालेको छ। आज युद्धविभीषिका र संहारक अणुअस्त्रले विश्वमानवलाई नै भयभीत र सन्त्रस्त पारेको छ भने सो भय र सन्त्रासले नेपाल र नेपालीलाई पनि प्रभाव पारेको छैन भन्न हच्किनुपर्छ। तर युद्ध किन र केको लागि ? भन्ने कुरा नसोची निस्सारताको खोल ओढेर हारेका कायर वर्तमान नेपाली साहित्यका निराशा, अनास्था र कुण्ठाका स्वरहरू निस्सारताको खोल ओढेर हारेका कायर सुस्केराहरू- जो आज यत्रतत्र गुञ्जायमान छन्, तिनीहरूले हाम्रो आउने सन्तानमा के, कस्तो हीनता पैदा गर्न लागेका छन् ? भन्ने नसोची व्यक्तिएका पनि छन्। युवा आकाङ्क्षा र जोशलाई अप्रत्यक्ष तवरले प्रभावपारी क्रमशः हीनताको भाव पैदा गर्न अपनाईएका यी भरौटे प्रवृत्ति उपर कसरी दृष्टि फ्याँक्नुपर्छ र तिनीहरूबाट उत्पादित समस्याको समाधान कसरी गर्नुपर्छ भन्ने कुरा आजका सचेत समूहगत कल्याण चाहने प्रत्येकले सोच्नुपरेको छ। एशिया, अफ्रिका, ल्याटिन अमेरिका र युरोपका विभिन्न भागमा भएका वा हुँदै गरेका घृणित र नरसङ्हारक काण्ड मानिस-मानिसमा फाटो ल्याउने रङ्गभेदको विष र ठूला राष्ट्रहरूले साना राष्ट्रहरूलाई कज्याउने गन्धेप्रवृत्तिद्वारा सम्वेदनात्मक रूपमा निराशावादलाई हुर्काउन धेरै मद्दत गरेको छ। उपरोक्त कारणबाट निराशावादले ठाउँ ओगट्ने जुन जड देखिन्छ त्यो अस्वाभाविक छ, किनभने साहित्यले यस हदमा बाँधिएर नाघेर निराशावादकै राग अलाप्नु कोरा पाश्चात्य अनुसरण अथवा अन्धो फेसन मात्र हो।

वर्तमान नेपाली साहित्यमा देखापरेको दोस्रो मुख्य प्रवृत्ति नग्नता हो ! यौन कुण्ठा हुने मुख्य कारणहरू हुन्: यौन मनोविज्ञानको अज्ञान, अनमेल विवाह, बहुविवाह र बालविवाह आदि। हाम्रो सामाजिक स्थितिको अध्ययन गर्दा के थाहा हुन्छ भने हामी यौन विकृतिको त्यस हदसम्म पुगेका छैनौं, जहाँ युरोपेली र अमेरिकी देशहरू पुगेका छन्। त्यस अवस्थामा नेपाली साहित्यले ती देशहरूको दाँजोमा गएर यौन कुण्ठा व्यक्त्याउनु कोरा नक्कल हो। चार्ल्स बोदलेयर, कामू र सार्त्र आदिका शैली र

अभिव्यक्तिबाट प्रभावित नेपाली साहित्यकारहरूले थपेको यौन कुण्ठा र निःसारताका भाव निजी अनुभव नभएर आफ्नो काँधमा सोखका लागि बेसाएको भार हो। यस तरहको नचाहिँदो माउतेलाई पन्छाएर साहित्यलाई आफ्नै धरातलमा परिचित तुल्याउने अनुहारदिनु साह्रै जरुरी छ।

आजको जनजीवन अनेक समस्याहरूको जालोमा बेहिएर जटिल भएकाले आजको साहित्यमा पनि दुरुहता र क्लिष्टता आएका हुन्। रचनाकारले खुल्ला अभिव्यक्ति गर्न नसक्ने स्थिति पनि एउटा महत्वपूर्ण कारण हुन सक्तछ। अभिव्यक्तिलाई खुल्ला पारामा नव्यक्त्याइएका खण्डमा त्यसलाई बिम्ब र प्रतीकका माध्यमले घुमाउरो वनौटद्वारा प्रस्तुत गर्न कर लाग्दछ। यस कारणले नै वर्तमान नेपाली साहित्यमा बिम्ब र प्रतीकहरूले महत्वपूर्ण ठाउँ ओगटेका हुन्। यसरी एकातिर बिम्ब र प्रतीकका माध्यमले साहित्यकारहरूले भावाभिव्यक्ति गर्ने धोको मेट्ने अवसर त अवश्य पाए, तर अर्कातिर जटिल माध्यम अँगाल्नाले रचना झन्-झन् क्लिष्ट हुँदै गए। यसको सबभन्दा भयङ्कर परिणाम के भयो भने वर्तमान नेपाली साहित्य जनसम्पर्कबाट टाढा हुत्तियो र त्यो एकाङ्गी हुँदै गयो। साहित्य कसका लागि भन्ने कुरा भुलेर "बौद्धिकहरूको साहित्य" भन्ने ढ्वाङ् पिट्दै तयार पारिएका दुरुह एवम् अवोधगम्य कृतिले साहित्य मुट्ठीभर मानिसको खेलौना हुन गएको छ। जो सामूहिक कल्याण चाहने हामीहरूका लागि हानिकारक छ।

वर्तमान नेपाली साहित्यमा बैयक्तिकता पनि एउटा मुख्य प्रवृत्ति भएर देखापरेको छ। प्रत्येक लेखक र उसका रचना आफूभित्रै साँग्रिएका छन्। रचनाकारले यसरी सांग्रिनुपर्ने मुख्य कारण के हो भने, उसले आफूलाई नै बढी मात्रामा बुझेको हुन्छ र आफूले भोगेको सुख दुःखलाई मात्र पूर्ण विश्वासका साथ अभिव्यक्त गर्न चाहन्छ। यसरी आजका साहित्यकारहरू भोगेको सत्य, देखेको सत्य र अनुभूत सत्यलाई नै व्यक्त गर्ने माध्यम स्वयं बन्न खोज्दा समष्टिको विशाल समुद्रबाट पाखा लागेर व्यष्टिको सानु कुवामा डुबेका छन्। यसरी उत्पन्न बैयक्तिकता हामी प्रत्येक लेखकमित्रको प्रलोभनको लाश मात्र हो, जसले समय, परिस्थिति र वातावरण अनुकूल साहित्यको सिर्जना गर्नुको बदला मात्र साहित्यिक रङ्गमञ्चमा अराजकता फैलाएको महशुस हुन्छ। यस रोगबाट बाँच्न हाम्रा सबै लेखकहरूले अति मनोगत भई सोच्नुको बदला कुनै पनि विषय उपर हाम्रो वस्तुगत अवलोकन हुनुपर्छ भन्ने कुरालाई स्वीकार्नु पर्दछ जसबाट समय सापेक्षित जन-साहित्यको निर्माण हुन सकोस्।

वर्तमान नेपाली साहित्यलाई अझै व्यापक र सशक्त, सजीव र सम्वेदनशील बनाउँदै यसका विविध विधालाई जनजीवनसँग हातेमालो गर्ने अवसर दिन निराशावादको अन्धकारलाई पन्छाएर आशाको नयाँ उज्यालो, अन्धानुकरणलाई छोडेर माटो सुहाउँदो अभिव्यक्ति, अनावश्यक अश्लिलताको फोहोर पन्छाएर श्लिलताको समावेश, क्लिष्ट बिम्ब र प्रतीकको प्रयोग हटाई सरलताको र सहजताको सूत्रपात, व्यक्तिवादी खोरवाट मुक्त गराएर सामूहिकताको विशाल चौरमा प्रवेश, आर्थिक दबावमा परेर थिचिएका, मिचिएका गरीब दाज्यूभाइका जीवन भोगाईका अप्ठेरा र समस्यापूर्ण कथाहरूको सग्लो चित्रण एकातिर र अर्कातिर तिनै ठगिएका दाज्यू भाईहरूका पसिना

र रगतमा रमाउन पल्केका शोषक र यिनका पृष्ठपोषकहरूको हार पक्षको चित्रण र अभिव्यक्तिमा इमान्दारिता आदिको समावेश गराउनु नै आजका प्रत्येक साहित्यिकको परम कर्तव्य र उत्तरदायित्व हुन आएको छ। आजको यस सम्मेलनले यी कर्तव्य र उत्तरदायित्वलाई इमान्दारी, लगन र निष्ठाकासाथ पालन गर्ने दृढ सङ्कल्प गर्दछ।"

दोस्रो कार्यपत्र- **प्रगतिशील साहित्य, त्यसका समस्या र समाधान** विषयक रह्यो। त्यसले पनि समकालीन प्रगतिशील लेखनको सम्बन्धमा निकै महत्वपूर्ण विचार अघि सारेको छ। कार्यपत्रमा भनिएको छ- "नेपाली साहित्यमा प्रगतिशील विचारधाराको परम्परा निकै लामो छ। नेपाली साहित्यकार र कविहरूले धेरै अघिदेखि नै राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता र नेपाली जनतालाई दास बनाउने कुनै पनि बाहिरीया शक्तिहरूको आक्रमणका बिरुद्धमा सधैं आवाज उठाउँदै आएको छ। २००७ सालपछि त यिनीहरूले आफूलाई व्यापक एशियाली परिप्रेक्ष्यमा हेर्दा राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका सबै विषयहरूमा आफ्ना विचार प्रकट गरेका छन्। नेपाली साहित्यमा पनि जनपक्षीय र जन-विरोधी प्रवृतिहरूका दुई बेग्लाबेग्लै धाराका बीच निरन्तर सङ्घर्ष हुँदै आएको हो। प्रगतिशील धारालाई पन्छाउने अथवा गौण महत्व दिने प्रयास बराबर भएको हो तापनि यो धारा नेपाली साहित्यमा दिनप्रतिदिन सशक्त र विस्तृत हुँदै गइरहेको कुरालाई कसैले अस्वीकार गर्न सक्तैन। यसको भविष्य उज्वल छ।

हामी त्यस महत्वपूर्ण ऐतिहासिक युगमा पुगेका छौं। जसमा विश्वसाम्राज्यवाद र उपनिवेशवाद दिनप्रतिदिन पराजित हुँदै मरणावस्थामा पुग्दैछ र विश्वका जनताले राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकता एवम् मानवीय मौलिक अधिकारहरूका लागि थालेको न्यायपूर्ण र उचित युद्ध एकपछि अर्को विजयतर्फ लम्कँदैछ। हामी जागृत नेपाली साहित्यकारहरू पनि यस तथ्यबाट प्रभावित हुँदैछौं र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा जनताका न्यायपूर्ण सङ्घर्षहरूको समर्थन गर्नु आफ्नो सर्वोच्च कर्तव्य र उत्तरदायित्व ठान्दछौं। प्रगतिशील साहित्य बहुसङ्ख्यक जनताको मुक्तिको समर्थन गर्दछ र शोषकवर्गतर्फबाट हुने सबै किसिमका थिचोमिचोको घोर बिरोध गर्दछ। अल्पसङ्ख्यक शोषकहरू र बहुसङ्ख्यक शोषितहरूमा हाम्रो समाज र संसार विभाजित रहुन्जेल हामी सबैको हित गर्ने मानवतावाद जस्ता कुराहरूलाई भ्रमात्मक र अनुचित ठान्दछौं।"

उक्त कार्यपत्रले सात बुँदामा तत्कालिन साँस्कृतिक अवस्था बोध गराउने काम गरेको छ। ती सात बूँदाहरू हुन्-

(१) आज हाम्रो साहित्यमा देखापरेका शून्यवादी, अनास्थावादी, अराजकतावादी र निराशावादी धारणाहरूले सामान्य जनताको जीवनलाई प्रतिनिधित्व गर्न सक्दैनन्। ती पश्चिमा पूँजीवादीहरूले जानी-जानी फिँजाउन खोजेका विकृत धारणाहरू हुन्। हामी त्यसको पक्षमा छैनौं र स्वस्थ्य जनपक्षीय साहित्यको विकास गर्ने कामलाई प्राथमिकता दिन चाहन्छौं।

(२) समाजको यथार्थ वस्तुस्थितिलाई प्रतिबिम्बित गर्नुका साथै प्रगतिशील साहित्यले सर्वसाधारण जनतालाई आवश्यक भएको परिवर्तनतर्फ पनि औंल्याउनु पर्दछ। यसले सजिलो र सकभर लोकप्रिय शैलीमा एकातर्फ समाजका शोषकतत्वहरूलाई

उदाङ्ग पार्नुपर्छ भने अर्कोतर्फ हजारौ वर्षदेखि जनतामा फिँजाइएको सामन्तवादी संस्कृति-धार्मिक रुढिवाद, जातिपाती, साम्प्रदायिकता, सामाजिक मतभेद आदिको ठाउँमा वहुसङ्ख्यक जनताको हित हुने जनपक्षीय संस्कृतिको पनि निर्माण गर्दछ। साहित्यले सामुहिक हितको दृष्टिवाट नै चल्नुपर्छ। साहित्यले समस्यामात्र देखाउने होइन, कलात्मक पारावाट त्यसको समाधानतर्फ पनि औंल्याउनुपर्दछ। नेपाली समाजभित्रका सामन्तवादी अर्थ व्यवस्था र संस्कृतिका साथै त्यसका पृष्ठपोषक विश्व-उपनिवेशवाद र पूँजीवाद माथि पनि हामीले प्रहार गर्नुपर्दछ।

(३) हाम्रो देशको सार्वभौमिकता र स्वतन्त्रताको विरोधमा हुने कस्तै हस्तक्षेप वा आक्रमणलाई हामी सहन असमर्थ छौं। हाम्रा साँध मिच्नेहरू अथवा हामीलाई सानो राष्ट्र ठानेर आफ्नो प्रभुत्वमा पार्न खोज्ने विस्तारवादीहरूका कस्तै दुस्प्रयासहरूलाई पनि हामी नेपालका जाग्रत बुद्धिजीविहरू असफल पारिदिनेछौं।

(४) नेपाली क्षेत्रभित्र रहेका विदेशी चेकपोष्टहरू र भर्तीकेन्द्रहरू अनि शरणार्थीका नाममा बसेर हाम्रा छिमेकी र मित्रहरूसितको हाम्रो लामो मित्रतालाई विथोल्न खोज्ने सारा तत्वहरूप्रति हाम्रो सरकारको ध्यान आकर्षित गर्न हामी चाहन्छौं। स्वतन्त्रताप्रेमी हामी नेपालीहरूका निम्ति यो लज्जाजनक, हानीकारक कुरामात्र होइन, एशियाको यस क्षेत्रमा सँधै गोलमाल मच्चिरहने आशङ्कालाई बढाउने यो विश्वशान्ति विरोधी कुरा हो।

(५) हाम्रो शिक्षा र सँस्कृति स्वतन्त्र आर्थिक विकासका क्षेत्रमा भएका हस्तक्षेपहरू अनेकन, निहुँवाट सहयोग र सहायताका नाममा आएका व्यक्तिहरूवाट हाम्रो राष्ट्रिय हित र राष्ट्रिय भावनाका खिलाफमा भएका अनेकन् हस्तक्षेप र गुप्त क्रियाकलापहरूप्रति पनि हामी सारा राष्ट्रवादी बुद्धीजीविहरू र नेपाली जनताको ध्यान आकर्षित गर्न चाहन्छौं।

(६) असङ्लग्न परराष्ट्र नीति र कुनै पनि सैनिक गुटभित्र प्रवेश नगर्ने हाम्रो सरकारको नीतिको हामी समर्थन गर्दछौं र हाम्रो असंलग्नतालाई भत्काउन खोज्ने र हाम्रो देशभित्र विदेशी प्रभाव वा सैन्यशक्ति वढाएर विश्व-शान्तिमा नै खतरा ल्याउन खोज्ने त्यस्ता विचारहरूको पनि हामी विरोध गर्दछौं र त्यसवाट अघिदेखि नै नेपाली जनतालाई सचेत पार्नु आफ्नो उत्तरदायित्व ठान्दछौं।

(७) हामी साम्राज्यवाद, उपनिवेशवाद र विदेशी पूँजीवादका आक्रमण र हस्तक्षेपका विरोधमा लडिरहेका विश्वका विभिन्न मुलुकका जनताको मुक्ति आन्दोलनलाई समर्थन गर्नु र त्यसको प्रचार-प्रसारमा साहित्यलाई अर्पित गर्नु आफ्नो पवित्र कर्तव्य ठान्दछौं। जातिभेद, रङ्गभेद र अन्य सामाजिक असमानता र आर्थिक विषमताका शिकार भएका अफ्रिकाली जनता र अमेरिकाली निग्रो दाजुभाइहरूका न्यायोचित सङ्घर्षहरूमा पनि आफ्नो दरिलो समर्थन जनाउँछौं। पश्चिममा साम्राज्यवादको खिलाफमा वीरतापूर्वक लडिरहेका वीर भियतनामी जनता र अरू ठाउँका जनतालाई पनि हाम्रो तर्फवाट दृढ समर्थन छ। भियतनामी जनताले आत्मनिर्णयको अधिकारअनुसार आफ्नो समस्याको समाधान आफैले गर्न पाउनुपर्छ र कुनै पनि किसिमवाट हुने वाहिरी दवाव र हस्तक्षेप अमान्य हुनेछ भन्ने उनका अडानको पनि हामी समर्थन

गर्दछौं ।

माथिका यी सबै न्यायोचित उद्देश्यको प्राप्तिका लागि हामी के ठान्दछौं भने देशका सारा राष्ट्रवादी, प्रजातन्त्र समर्थक, प्रगतिशील लेखकहरूले एउटा व्यापक मैत्रीपूर्ण एकता कायम गर्नु आजको महत्वपूर्ण अभिभारा हो । हामी यसका साथै विश्वभरी कै विशेषगरी अफ्रिका र एशियाका समस्त प्रगतिशील बुद्धिजीविहरूसित व्यापक एकता कायम गर्दै साम्राज्यवाद, उपनीवेशवाद विरोधी विश्वएकता कायम गर्ने आवश्यकतातर्फ सबैका आँखा तान्न चाहन्छौं । यसका निम्ति हाम्रो विचार यस्तो छ भन्दै सोही कार्य पत्रमा थप चार बुँदाहरू समावेश छन् । ती बूंदा हुन्-

(१) नेपालका समस्त प्रगतिशील लेखकहरूको एउटा सङ्गठन बन्नु आजको ठूलो आवश्यकता हो । हाम्रो एकताको आधार सामन्तवाद एवम् बाहिरिया हस्तक्षेप र आक्रमणको विरोध नै हुनेछ ।

(२) हामीले एफ्रो-एशियाली लेखक ब्यूरो (जसको सदरमुकाम कोलम्बो, सिलोनमा छ) सित आफ्ना सम्पर्क कायम गर्दै उनीहरूसित एकता र मित्रता कायम गर्नुपरेको छ । आफ्ना-एशियाली लेखकहरू र जनताको वास्तविक प्रतिनिधित्व गर्ने यस महत्वपूर्ण संस्थासित एक भएर हामी विश्व-शान्तिका लागि अझै बढी योगदान दिन र हामी सबैको साझा दुश्मन नयाँ, पुरानो उपनिवेशवादसित अझै दरिलो भएर सङ्घर्ष गर्न समर्थ हुनेछौं ।

(३) अभिव्यक्ति, प्रकाशन आदिको स्वतन्त्रता र ग्यारेन्टी नभै हाम्रो विकास असम्भवै हुनाले हामी अभिव्यक्ति र प्रकाशन स्वतन्त्रताको सुरक्षाका लागि पनि सारा प्रगतिशील लेखकहरूलाई आव्हान गर्दछौं ।

(४) वेला-बेलामा देशका विभिन्न क्षेत्रमा रहनुभएका हाम्रा अन्य प्रगतिशील लेखक मित्रहरूसित बरोबर भेटघाट, छलफल र सर-सल्लाहका लागि यस्तै किसिमका सेमिनार, सम्मेलन र भेलाहरू हुनु पनि खाँचो पर्दो देख्छौं । सामूहिक रूपबाट चल्ने र सोच्ने क्रममा यस्ता मित्रतापूर्ण भेटघाटहरूको आज निक्कै ठूलो महत्व छ । भोलिको हाम्रो व्यापक एकताका लागि आजका यस्ता सम्मेलनहरूको ठूलो योगदान रहने छ ।

"हामीले लिएका उद्देश्य महान् छन् र हाम्रो बाटो पनि कम अप्ठ्यारो र लामो छैन । हामी व्यापक जनताको असीम र अजेय शक्तिमा विश्वास गर्दछौं । त्यसैले हाम्रो विजय एकदिन निश्चित छ भन्ने कुरामा हामीलाई न कुनै भ्रम छ, न शङ्का नै । हामीले के ठानेका छौं भने व्यापक जनतामाथि थिचोमिचो र शोषण रहिरहुन्जेल हामी लेखक, कविहरू पनि त्यसबाट मुक्त हुन सक्तैनौं र व्यापक जनसमूहको मुक्तिमा नै हाम्रो मुक्ति पनि निहित रहेको छ । हाम्रो उत्तरदायित्व ठूलो छ, नेपालका र विश्वभरिकै सारा प्रगतिशील बुद्धिजीवीहरू तथा जनताकासाथ मिलेर हामीले यस संसारबाट साम्राज्यवाद, उपनिवेशवाद, पूँजीवाद र कुनै पनि किसिमको शोषण गर्ने कुनै पनि व्यवस्थालाई निर्मूल गर्दै विश्व-शान्ति, भातृत्व र सुखी, समृद्ध, नयाँ समाजको निर्माण गर्ने महान् कार्यमा अवश्य नै सफलता पाउनेछौं । संसारका सारा प्रगतिशील, लेखक, कविहरूको व्यापक एकता अमर रहोस् !" भन्ने अभिप्रेरक सम्बोधनपनि त्यस कार्यपत्रमा रहेको छ

'अन्तर्राष्ट्रिय जगतमा नेपाली साहित्यको भूमिका' तेस्रो कार्यपत्रको शीर्षक रहेको छ। उक्तकार्यपत्रले नेपाली साहित्यको राष्ट्रिय भूमिका भन्दा अन्तराष्ट्रिय पक्ष अघि सारेको छ।

"१०४ वर्षे अन्धकार र एक्लोपनबाट निस्केर २००७ सालमा हाम्रो देश अन्तर्राष्ट्रिय क्षेत्रमा देखापऱ्यो। ज्यादै लामो पिछडिएको अवस्था र झन्डै शतप्रतिशत अशिक्षा भएको हाम्रो जस्तो समाजमा साहित्यको विकास रोकिनु स्वाभाविकै थियो। राणाकालीन एकतन्त्रीय शासनले एकातर्फ यसको विकासलाई एकदमै रोक्ने नीति लियो भने अर्कोतर्फ त्यसबेला पनि देखापरेका दुई चारजना जागृत साहित्यकारहरूको प्रतिभालाई अनेक ऐन-कानुनबाट नियन्त्रित र निरुत्साहित गर्ने प्रयास गऱ्यो। तर प्रतिभा र जन-चेतनालाई नियन्त्रित गर्न सकिँदैन। त्यसबेला पनि एकतन्त्रीय शासन, सामन्ती थिचोमिचो र अनैतिक दुर्व्यवहारका खिलाफमा नेपाली कविहरूले अनेकन् क्रान्तिकारी रचनाहरूको सिर्जना गरे। ती साहित्यिक कृतिहरू यस अर्थमा सामन्तवादी थिचोमिचो र एकतन्त्रीय अत्याचारका खिलाफमा रचिएका विश्वका अन्य क्रान्तिकारी साहित्यकै एक अभिन्न अङ्ग हुन्। तिनका केही रचनाहरू राष्ट्रप्रेम, स्वतन्त्रताप्रेम र नयाँ समाजको निमार्ण गर्ने आकाङ्क्षाले भरिएका विश्वका अरू साहित्यिक कृतिहरू कै दाँजोमा आउन सक्छन्। आफ्नो पिछडिएको स्थितिबाट जन्मिएको आत्महीनताको प्रवृत्तिले गर्दा हामी उपनिवेशवादी पाश्चात्य संस्कृतिबाट पीडित छौं, तापनि वास्तविक मूल्याङ्कन गर्ने हो भने हाम्रा केही साहित्यक कृतिहरू प्रचार गर्न सकेको खण्डमा अवश्य नै विश्वमा लोकप्रियता पाउन सक्नेछन् भन्ने कुरामा पत्यार छ। हो, अरूको स्तर हेर्दा हाम्रा कृतिहरू मनग्ये छैनन् तापनि हामी आत्महीनताको शिकार भएर भएका जतिलाई पनि अस्वीकृत गर्न सक्तैनौं भन्दै" कार्यपत्र अगाडि भनिएको छ-

"आज नेपालका तर्फबाट लेखकहरूका अनेक शिष्ट-मण्डलहरू देश, विदेशमा गएका छन् र यस्ता आदान-प्रदानहरूबाट नेपाली साहित्य र संस्कृतिबारे विश्वका अनेकन मुलकहरूमा जिज्ञासा बढ्दै गएको पाइन्छ। केही मुलुकहरूमा हाम्रो साहित्यको अनुवाद भएको छ र ती अनुवादहरू प्रतिनिधित्वपूर्ण हुन नसकेतापनि तिनले नेपाली साहित्यका विषयमा बाहिर केही परिचय र चर्चा बढाएकै छन्। यस विषयमा हाम्रो के विचार छ भने यता केही वर्षदेखि हामी कहाँ अन्तर्राष्ट्रिय समस्याहरूबारे अनेकन कथा र कविताहरू रचिएका छन् र तिनको अनुवाद र आवश्यक प्रचार हुन पाएको खण्डमा तिनले अवश्य नै लोकप्रियता पाउनेछन् भन्ने निर्विवाद छ। भियतनामी जनताको न्यायपूर्ण सङ्घर्ष, मानवीय मौलिक अधिकारहरूका लागि अमेरिकाली निग्रोहरूको सङ्घर्ष, अफ्रिका, एशिया र ल्याटिन अमेरिकी जनताले गरेका न्यायपूर्ण मुक्तिजन-युद्धहरूका विषयहरूमा नेपाली र अन्य भाषाहरूमा अनेकन सफल कृतिहरूको रचना भएको छ जसलाई सङ्गालेर प्रकाशित गरेका खण्डमा अनेकन ठेलीहरूको निर्माण पनि सम्भव हुन सक्छ। कोलम्बिया स्थित अफ्रो-एशीयाली लेखक ब्यूरोका केही प्रकाशनहरूमा नेपाली रचनाहरूको अनुवाद पनि रहेको छ र केही वर्षअघि भियतानामी जनताको समर्थनमा अफ्रो-एशियाली लेखक ब्यूरोका लेखकहरूको जरुरी बैठक पेकिङ्गमा हुँदा त्यस ब्यूरोले 'पोयम्स फ्रम नेपाल' भनी हाम्रा केही कविहरूको रचना अङ्ग्रेजीमा प्रकाशित गरेको थियो, जुन अफ्रो-एशियाली मुलुकहरूमा ज्यादै

लोकप्रिय भएको थियो । त्यस ब्यूरोबाट निस्कने 'द कल' भन्ने पत्रिकाले पनि हाम्रा प्रगतिशील लेखक कविहरूका रचनाहरूको माग गरेको छ । हामीले आफ्नो मुलुकका वास्तविक समस्याहरूलाई लिएर साहित्यको रचना गऱ्यौं भने ती अवश्य पनि बाहिर लोकप्रिय हुन सक्छन् र हामीले पनि विश्व-बजारमा आफ्ना रचनाहरू बेच्न सक्छौं ।

अन्तर्राष्ट्रिय क्षेत्र भन्नाले पूँजीवादी र समाजवादी दुवै क्षेत्रहरू पर्दछन् र अझसम्म पूँजीवादी साहित्य, सँस्कृति र शिक्षाकै प्रभाव हामीमाथि परेकोले हाम्रो दृष्टिकोण विकृत हुन गएको हो । हामीले समाजवादी मुलुकका साहित्यहरू पनि खुब पढ्नु र प्रचारित गर्नुपर्दछ । बाहिरको साहित्यले हामीलाई प्रभावित गर्न सक्छ भने हामीले आफ्नो साहित्यद्वारा अरूलाई प्रभावित गर्न किन नसकौंला ? हामीले विश्व-जनताका न्यायपूर्ण सङ्घर्षहरूको समर्थनमा रचनाहरू लेख्यौं भने अवश्य पनि तिनले संसारका असङ्ख्य जनतामा आफ्नो लोकप्रियता र प्रभाव बढाउन सक्नेछन् । हाल हामीले आफ्नो शक्तिअनुसार आफ्ना रचनाहरूको अनुवाद गराएर बाहिर पठाउनुपर्छ र अफ्रो-एशियाली लेखक ब्यूरो जस्ता संस्थाहरूसित आफ्नो सम्पर्क कायम गर्दै तिनलाई प्रकाशित र प्रसारित गर्ने प्रयासतर्फ पनि लाग्दै गर्नुपर्छ ।

आजका हाम्रा सचेत नेपाली लेखकहरू अन्तर्राष्ट्रिय समस्याहरूबाट टाढा रहन सक्तैनन् । एकातर्फबाट उनीहरू प्रभावित हुन्छन् भने अर्कोतर्फ उनीहरूले पनि अरूलाई प्रभावित गर्न सक्छन् । यस तर्फको हाम्रो विकास सन्तोषजनक छैन तापनि हामी दिनप्रतिदिन यस दिशामा सबल र सचेत हुँदै जाँदैछौं भन्ने कुरामा हामीलाई पूरा विश्वास छ । यसतर्फ हामीले बढीभन्दा बढी मात्रामा हाम्रा अफ्रो-एशियाली लेखक मित्रहरूसित सम्बन्ध बढाउनुपर्दछ र उनीहरूको अनुभवबाट लाभ जुटाउनु पर्दछ । आजको बढ्दै गएको जन-चेतना हेर्दा निकट भविष्यमा हामी आफ्ना प्रगतिशील रचनाहरू मार्फत विश्व-साहित्यमा अझ बढी सक्रिय हुँदै जानेछौं र संसारका अरू प्रगतिशील साहित्यहरूका दाँजोमा हामी पछि पर्ने छैनौं भन्ने कुरा विश्वास र आशाका साथ भन्न सकिन्छ ।"

यसप्रकारका स्थानीय गतिविधिहरूको बीचबाट साँस्कृतिक-साहित्यिक चिन्तनमनन अघि बढिरहेको थियो र त्यसलाई नेतृत्व गर्ने नेकपा पनि क्रमशः पुनसङ्गठित भइरहेको थियो । पुष्पलालको नेतृत्वमा एउटा समूह र निर्मललामा-मोहन विक्रमको नेतृत्वमा अर्को समूह व्यवस्थित बनिरहेको थियो । पछि पुष्पलाल समूहको सक्रियता र संयोजनमा वि.सं २०२८ सालमा बनारसमा क्रान्तिकारी जनवादी साँस्कृतिक मोर्चा गठन गरियो । जनवादी क्रान्तिकारी साँस्कृतिक मोर्चाको अध्यक्षमा युद्धप्रसाद मिश्र, सचिवमा मोदनाथ प्रश्रित र सदस्यहरूमा बोधराज काफ्ले, जीवराज आश्रित, मदनकुमार भण्डारी, गोविन्द ज्ञवाली, विष्णु प्रभात, दिल शाहनी, रामचन्द्र भट्टराई, लेखनाथ ज्ञवाली, रविलाल अधिकारीहरू रहेका थिए । यसका बारेमा प्रलेसको प्रथम राष्ट्रिय सम्मेलनको कार्यपत्रमा भनिएको छ- युद्धप्रसाद मिश्रको अध्यक्षतामा स्थापित नेपाली जनवादी साँस्कृतिक सङ्घले नेपाल र भारतका विभिन्न ठाउँमा साहित्यिक र साँस्कृतिक सङ्गठनहरूको स्थापना गऱ्यो । नयाँ जनवादी संस्कृति नामक कार्यक्रमका साथै मुक्तिमोर्चा नामक मुखपत्र प्रकाशित गऱ्यो ।[१०३]

६.४.१ पुष्पलालको अगुवाइमा तयार गरिएको दस्तावेज

क्रान्तिकारी जनवादी साँस्कृतिक मोर्चाले प्रगतिशील तथा प्रगतिवादी लेखनको क्षेत्रमा दुईवटा महत्वपूर्ण काम गऱ्यो। एउटा नेपाली संस्कृति निर्माणका निम्ति वैकल्पिक कार्यक्रम दिने प्रयास अर्को नेपाली साहित्यको आलोचनात्मक ऐतिहासिक विवेचना। यिनै दुई पक्षमा क्रान्तिकारी जनवादी साँस्कृतिक मोर्चाको कार्यक्रम केन्द्रित नयाँ जनवादी सँस्कृति रहेको छ। यसैक्रममा कला सिद्धान्त, कलाको वर्ग चरित्र, सामाजिक परिवर्तनमा साँस्कृतिक क्षेत्रको भूमिका, नेपाली साहित्यमा देखापरेका प्रवृतिको विवेचना, सामन्तवाद तथा साम्राज्यवाद विरोधी साँस्कृतिक परम्परा र सामाजिक परिवर्तनमा साहित्य, सङ्गीत र कलाको स्थान केलाउने काम गरेको छ। त्यसले लेखक, कलाकारहरूको दायित्व र जनपक्षीय सम्बद्धताका बारेमा पनि नवीन दृष्टिकोण अघि सारेको छ। नेपाली सँस्कृतिका तीन आधारभूत चरित्र किटान गरी सामन्ती, अर्धसामन्ती र अर्धऔपनिवेशी भनी वर्गीकरण गरेको छ। यो विष्लेषण नेपालको साँस्कृतिक इतिहासमै नौलो र पहिलो हो। यही विश्लेषणका आधारमा साँस्कृतिक क्षेत्रमा गर्नुपर्ने कामको चर्चा गर्दै संक्षिप्त रूपरेखा प्रस्तुत गरिएको छ। सामन्ती सँस्कृतिका बिरुद्ध, अर्धसामन्ती संस्कृतिका बिरुद्ध र अर्धऔपनिवेशी सँस्कृतिका बिरुद्धमा उक्त दस्तावेजद्वारा अघि सारिएको विश्लेषण र विकल्पको रूपरेखा यसप्रकार रहेको छ-

(क) सामन्ती संस्कृतिका बिरुद्ध

अध्यात्मवादी(भावनावादी) सामन्ती दर्शनले आफ्नो सारा शक्ति निम्न कुरामा लगाउँदै आएको छ (१) यो लोक असत्य हो। (२) यहाँ धनी र गरीब हुनु पूर्वजन्मको पाप पुण्य र भाग्यको फल हुनाले भाग्य मेट्न सकिँदैन। (३) जातभात, दास मालिक छुत-अछुतको वर्णाश्रम व्यवस्था ईश्वरले नै बनाएको हो। (४) नारी पुरुषको सम्पत्ति र दासी हो, उसलाई स्वतन्त्रता र समानता दिइनुहुँदैन। (५) यस जन्मका हाम्रा सारा कामको उद्देश्य अर्को जुनी सुधार्नका निम्ति हुनुपर्दछ। (६) राजा र बाहुन ईश्वरका अवतार हुन्। (७) संसार ईश्वरको श्रृष्टि हो र यहाँ जे हुन्छ सब ईश्वरका इच्छाले हुन्छ। ईश्वरको लीला बुझिनसक्नु छ। (८) हाम्रा वेद, पुराण, स्मृतिहरूमा ऋषि-महर्षिहरूले जे-जे भनेका छन् सब ठीक भनेका छन्। (९) परम्परागत धर्मलाई मानेर हिंड्नु नै मानिसको कर्तव्य हो। (१०) नेपाली जाति संसारको सर्वश्रेष्ठ वीर जाति हो। आदि।

यी सब कुरा सिद्ध गर्न सामन्ती व्यवस्थाले अनेक किसिमका रहस्यवादी तन्त्र-मन्त्र, टुनामुना, लामा-झाँक्री, बोक्सा-बोक्सी, देवीदेवता, कर्मकाण्ड, सम्प्रदाय, धर्म, कथा-किस्सा, कविता, चारहाते मान्छे, चार टाउके मान्छे, दश टाउके मान्छे आदि

---

१०३. प्रलेसको प्रथम राष्ट्रिय सम्मेलन- २०४४ को कार्यपत्र, पृ.१२

आदि अनेक भ्रमको सिर्जना गरेको छ। यसवाट नै सारा रुढिवादी संस्कारका अनेक विकृति समाजमा हुर्केका छन्। अतः यी सव कुराहरूका विरुद्ध नयाँ सँस्कृतिका सारा सामग्रीहरूले निम्न कुरामा जोड दिनुपर्छ-

(१) परलोक काल्पनिक र असत्य कुरा हो, यही लोक नै पूर्ण रूपले सत्य हो। (२) समाजमा गरीब र धनी हुनुका कारण यहींकै सामन्ती, पूँजीवादी र साम्राज्यवादी व्यवस्था हुन्, यिनको उन्मूलन गरी समाजवाद र साम्यवाद कायम गरेमा निश्चित रूपले समाजमा समानता आउँछ। भाग्यवाद र पूर्वजन्म भन्ने कुरा शोषक वर्गका जनता ठग्ने कल्पना हुन्। (३) जातभात, छुत-अछुत आदि कुरा अरू कसैले हैन सामन्ती व्यवस्थाले बनाएको हो। प्रत्येक मानिस समान हुन्। (४) समान अधिकार पाउने कानुनी व्यवस्था हुनुपर्छ। सवै जातिमा प्रेम विवाहको स्वतन्त्रता हुनुपर्छ। बालविवाह र बहुविवाह बन्द हुनुपर्छ। (५) हाम्रो सारा मिहिनेत वर्तमान जीवनकै क्रान्ति र नवनिर्माणमा लाग्नुपर्छ। (६) राजा, बाहुन, कथित कुलीन आदि सब सामन्तवादका अवतार हुन्। यस्ता उच्च नीच र भेदभावका कुराको कुनै वैज्ञानिक आधार छैन। (७) ईश्वर कपोकल्पित कुरा हो। संसारको सिर्जना भौतिक पदार्थको द्वन्द्वात्मक नियमबाट भएको हो। संसारका प्रत्येक नियम मानिसले खोज गर्दै गएमा बुझ्न सकिने कुरा हुन्। (हिजोका कैयौं बुझ्न नसकिने भनेका कुरा आज सामान्य भइसकेका छन्।) संसारमा जे जति कुरा छन् ती सबका भनाईहरू पुरानो जमानाको ज्ञानको पहुँचसम्म मात्र सीमित छन् र ती मध्ये धेरैको रचना सामन्तवादी स्वार्थअनुरूप भएको छ। त्यसैले त्यहाँ केही मात्र सही कुराहरू छन्, धेरै कुरा गलत छन्, भन्ने कुरा आजको वैज्ञानिक प्रगतिले प्रष्ट देखाइसकेको छ। (८) परम्परागत धर्म मान्नुको अर्थ चलिआएको शोषण व्यवस्थालाई मान्नु हो। धर्म जनतालाई बेहोस बनाएर शोषण गर्न शोषक वर्गले सिर्जना गरेको अफीम हो। (९) नेपाली जाति "विशेष" र "श्रेष्ठ" नभई संसारका अरूजति जस्तै सामान्य हो।

ख. अर्धसामन्ती संस्कृतिका बिरुद्ध

अर्धसमान्ती संस्कृति भन्नुको अर्थ पुरानो मध्ययुगीन बर्बर सामन्ती संस्कृति र पूँजीवादी संस्कृतिको सम्मिलित स्वरूप हो। त्यसैले यसमा सामन्ती र पूँजीवादी संस्कृतिको खच्चर रूप हुन्छ। विश्वको बढ्दो समाजवादी प्रभावले गर्दा सामन्तवाद र पूँजीवाद सम्झौता गरी मिलेर बच्ने प्रयास गर्दा यस खाले संस्कृतिको जन्म भएको छ। यस संस्कृतिले निम्न कुरामा जोड दिन्छ।

(१) सारा "मानिस मात्र" समान हुनाले मानिसमा घृणा (वर्ग सङ्घर्ष) को भाव नराखी दया, सद्भाव, समन्वय र मेलमिलाप (वर्ग निरपेक्ष मानवतावाद) को भाव हुनुपर्छ। (२) व्यक्तिव्यक्तिले समाज बनेका हुनाले समाज भन्दा व्यक्ति ठूलो हो, त्यसैले व्यक्ति समाजको अधीन नभई स्वछन्द हुनुपर्छ। (३) यौनमा पूर्ण स्वतन्त्रता हुनुपर्छ, किनकि यौन स्वतन्त्रता मानिसको स्वभाविक प्रवृति हो। (४) संसारको सृष्टिकर्ता ईश्वर त हो तर उसले सृष्टि गरेपछि यो संसार विजुलीबाट चल्ने यन्त्र झैं आफै चलिरहेको छ। (यान्त्रिक भौतिकवाद)। (५) मार्क्सवाद अवैज्ञानिक कुरा हो, त्यो सम्भव

छैन । त्यसैले वर्ग सङ्घर्षको सट्टा अहिंसात्मक, शान्तिपूर्ण-सङ्क्रमणबाट नै शोषणविहिन समाज कायम हुन सक्तछ । (६) तटस्थता र असङ्ग्लनाताको नारा । (तर व्यवहारमा वैदेशिक पूँजीवाद र साम्राज्यवादसँग साँठगाँठ ।) आदि ।

यी कुरालाई सही साबित गर्न अर्धसामन्ती व्यवस्थाले मनोगतवाद, अनुभववाद, फ्रायडवाद, बासनावाद, यान्त्रिक भौतिकवाद, रोमान्सवाद आदि-आदि कुराको प्रचार गर्दछ र मार्क्सवादलाई विकृत रूपले संशोधन गरी पेश गर्दछ । यसैको परिणामस्वरूप नै निराशावाद, कुण्ठावाद, पलायनवाद घोर व्यक्तिवाद आदि विकृतिहरूको बृद्धि भएको छ । यी सब कुराहरूका बिरुद्ध नयाँ निम्न कुरामा जोड दिनुपर्छ ।

(१) मानिस भौतिक दृष्टिले मात्र समान हुन् तर आर्थिक र सामाजिक दृष्टिले समाजमा जुन उच्च-नीच र शोषक-शोषित वर्गहरू छन् त्यसले गर्दा वर्गयुक्त समाजमा मानिसमात्रमा दया, स्नेह, सद्भाव, समन्वय आदि हुन सक्तैन । मानिस हुन् भनेर शोषकवर्गलाई छुट दिन सकिँदैन । शोषकवर्गका बिरुद्ध शोषितवर्गहरूले सङ्घर्ष (वर्ग सङ्घर्ष) गर्नैपर्छ । समाज वर्गविहिन भएपछि मात्र ती कुरा सम्भव हुनेछन् । (२) व्यक्ति समाजको एक इकाई या अङ्ग हो, अतः समाजका हितको बिरुद्ध ऊ स्वच्छन्द हुन सक्दैन । व्यक्ति समाजको अधीन हुन्छ । (३) यौन-स्वतन्त्रता मानिसको प्रवृत्ति होइन, पाशविक प्रवृति हो । त्यो अवैज्ञानिक, अराजकतावादी र असम्भव कुरा हो । विज्ञानको परिधिलाई ननाघी प्रेमविवाहरूको पूर्ण स्वतन्त्रता र एकनिष्ठ विवाह नै समाजविकासको वास्तविकता हो । (४) विश्व-सृष्टिको कारण, सञ्चालन र विकास यान्त्रिक र दैवी नभई यहीँ भित्रकै भौतिक र रासायनिक सङ्गठनको द्वन्द्वात्मक पद्धति हो । सुक्ष्म परमाणुहरूमा निहित धन र ऋण-विद्युतको निरन्तर गति र सङ्घर्ष नै सारा विश्वका गति र परिर्वतनको कारण हो । (५) मार्क्सवादले नै विकासको द्वन्द्वात्मक भौतिकवादी पद्धतिको पत्तालगाई व्याख्या गरेको र सम्पूर्ण वैज्ञानिक परीक्षाबाटसमेत त्यो सत्य प्रमाणित भएकाले मार्क्सवाद स्वतः वैज्ञानिक कुरा हो । एक डेढ शताब्दीमै विश्वका व्यवस्थाहरूको कायापलट हुनु त्यसको पूर्ण वैज्ञानिकताको प्रमाण हो । वर्ग सङ्घर्ष बाहेक समाज बदल्ने अर्को बाटै छैन । अहिंसात्मक शान्तिपूर्ण सङ्क्रमण फट्याँई हो । अतः मार्क्सवादको शुद्धताको रक्षा हुनुपर्दछ (६) साम्राज्यवादको पुच्छर बन्ने प्रवृत्तिका बिरुद्ध शान्तिपूर्ण सह-अस्तित्वको समर्थन गर्नुपर्छ ।

ग. अर्धउपनिवेशवादी संस्कृतिका बिरुद्ध

अर्धउपनिवेशवादी सँस्कृतिको अर्थ हो- साम्राज्यवादी संस्कृति । आजको विश्वमा साम्राज्यवादले अरूको देशमा सोझै राजनैतिक प्रभुत्व लाद्न नसक्ने भएकाले ऊ आफ्नो आर्थिक स्वार्थ जोगाउन अनेक किसिमका साँस्कृतिक साधनहरूको प्रयोग गर्दछ । आज पूँजीवादको भौतिकवादी ऐतिहासिक वर्गचरित्र समाप्त भएको छ । जसरी आज प्रतिक्रान्तिकारीहरूमा मार्क्सवादको संशोधन गर्ने प्रवृत्ति देखापरेको छ त्यसरी नै बढ्दो समाजवादी शक्तिले गर्दा यूरोप र अमेरिकाको क्रान्तिकारी पूँजीवादी दर्शन आज संशोधित भई चरम विकृतिमा पुगेको छ । त्यसैले साम्राज्यवादको स्थितिमा पुगेको पूँजीवादको काम जनतामा भ्रम र अन्यौलको सिर्जना गरी बढ्दो द्वन्द्वात्मक

भौतिकवादी वैज्ञानिक चेतनामा तगारो हाल्ने मात्र हुन गएको छ । उदाहरणका निमित्त चन्द्रयान र मङ्गलयानको निर्माण गर्ने अमेरिकीहरू उपग्रह छाड्दा ईशाको प्रार्थना गर्छन् । संयुक्त राज्य अमेरिकाका लगभग १७०० पत्रपत्रिका मध्ये १२०० जतिले राशिफल छाप्दछन् । आज अमेरिका र यूरोपमा भारतमा मक्किएका टुनामुना र तन्त्रमन्त्र प्रचार गर्ने होड छ । साम्राज्यवाद आज मरणोन्मुख छ, त्यसैले त्यसको संस्कृतिमा पनि त्यही मरणोन्मुखी प्रतिविम्ब छ । आजको साम्राज्यवादी संस्कृतिले निम्न कुरामा खुब जोड दिईरहेछ (१) मुखमा शान्तिको नारा र व्यवहारमा युद्धको प्रचार । (किनकि युद्ध बिना साम्राज्यवादले एक मिनेट पनि सास फेर्ने उपाय छैन ।) (२) श्रेष्ठ जातिवाद । कालो र गोरा, पूर्वेली र पश्चिमेली आदिको भेदभाव । (३) मानिसको भविष्यप्रति अनेक किसिमका भ्रम र अनास्थाको प्रचार । (४) अङ्ग्रेज-अमेरिकी चालचलन र संस्कृति नै सर्वश्रेष्ठ हुन् भन्ने प्रचार गरी अरू देशको संस्कृति नष्ट गरेर जबर्दस्ती लादनु । (५) समाजवादी देशहरूको बारेमा अनेक प्रकारका लान्छना र भ्रमहरूको प्रचार । (६) प्रत्येक देशको इतिहासलाई तोडमोड गरी प्रचार गर्नु । (७) अरू देशका भाषाहरूको ठाउँमा आफ्नो भाषा लादनु । (८) अरू देशका धर्महरू भन्दा ईशाई धर्मलाई वैज्ञानिक देखाई, जनतालाई अनेक प्रलोभन दिई ईशाई धर्मको प्रचार गर्ने निहुँले घुसी बिस्तार-विस्तार आफ्नो प्रभुत्व बढाउनु । (९) प्रत्येक देशका सडे-गलेर मक्किएका साँस्कृतिक शक्तिहरूसँग साँठगाँठ गरी विकृतिहरूलाई फेरि उठाएर प्रचार गरिदिनु । (१०) प्रत्येक देशको राष्ट्रिय भावनालाई कुण्ठित गरिदिएर जनतालाई परमुखापेक्षी बनाउनु । (११) जनतान्त्रिक भावनाका बिरुद्ध सैनिक षड्यन्त्रको प्रचार । (१२) 'कला कलाको निम्ति' जस्ता सिद्धान्तको प्रचार । (१३) शोषक वर्गमाथि शोषित वर्गको प्रभुत्वको बदनाम गरी शोषित वर्ग माथि शोषक वर्गको प्रभुत्वको गुणगान आदि ।

उपर्युक्त कुराहरूका निमित्त साम्राज्यवादले विटलवाद, हिप्पीवाद, आदि जस्ता भ्रष्ट र अराजकतावादी प्रवृतिहरू संसारभरि फैलाउने, अमूर्तवादी, निराशावादी पलायनवादी, नग्न-वासनावादी विकृत साहित्य, सङ्गीत, नृत्य, चलचित्र आदिको खुब प्रचार गर्ने, शान्ति सेनाका नामले जासूशंहरू फैलाउने, अरूका देशका पुराना कलाकृतिहरू चोरी निकासी गरिदिने, गाउँ-शहर जतातत्तै आफ्ना दुतहरूद्वारा भाँङ, धतुरो, गाँजा, अफीम, रक्सी आदि र छाडा यौनक्रियाको प्रचार गरिदिने आदि-आदि घृणित काम गर्दछ । अतः यस्ता साम्राज्यवादी जाल तोड्न नयाँ संस्कृतिको कतर्व्य हुन्छ- (१) न्यायपूर्ण युद्ध (राष्ट्रिय मुक्ति आन्दोलन, जनवादी समाजवादी गृहयुद्ध)को समर्थन अन्यायपूर्ण साम्राज्यवादी युद्धहरूको विरोध गरी वस्तुगत शान्ति र शान्तिपूर्ण सह-अस्तित्वको माग । (२) मानिसलाई वर्गसापेक्ष रूपमा हेरी श्रेष्ठजातिवादी भावना र काला-गोरा, पूर्वेली-पश्चिमाली आदि भेदभाव बिरुद्ध सम्पूर्ण जातिको समानताको समर्थन । (३) मानिसको भविष्य (समाजवाद र साम्यवाद) प्रति पूर्ण आस्था र दृढविश्वासको प्रचार । (४) प्रत्येक देश र जातिका श्रमिक वर्गले निमार्ण गरेका संस्कृति, रहनसहन, भेषभूषा, गीत, लय, शिल्प, आदिको आफूखुसी परिर्वतन, परिमार्जन र विकास गर्न पाउनुपर्छ । उनीहरूमाथि कसैको संस्कृति लादिनुहुँदैन । (५) जनवादी-

समाजवादी देश र व्यवस्थाको ठोस समर्थन र उनीहरूका विरुद्धमा गरिएका झुट्टा र कुत्सित प्रचारहरूको भण्डाफोर। (६) प्रत्येक देशमा इतिहासको सही वैज्ञानिक व्याख्या। (७) प्रत्येक देश र जातिका जनताले आफ्ना-आफ्ना मातृभाषाको विकास गर्ने अवसर र त्यसैका माध्यमबाट शिक्षादीक्षा पाउनुपर्छ। (८) प्रत्येक देशका जनताले आफूखुसी कुनै धर्ममा विश्वास राख्न पाउनुपर्छ। धर्मको पक्ष र विपक्षमा प्रचारको स्वतन्त्रता हुनुपर्छ। धर्म-प्रचारको आडमा साम्राज्यवादी घुसपैठ गर्न पाइन्न। (९) सडेका र मक्किएका जनद्रोही साँस्कृतिक विकृतिलाई बढाउने प्रयासको तीब्र विरोध। (१०) सही अन्तर्राष्ट्रिय भावना (जसले सबको स्वतन्त्रताको कदर गर्दछ) का विपरीत नगई राष्ट्रिय भावनाको उत्थान गर्नु र विदेशी आक्रमणको हौवा देखाई राष्ट्रिय प्रतिक्रियावादलाई काँधमा बोक्नु हुँदैन। प्रत्येक राष्ट्रका जनताले कुनै पनि प्रकारका वैदेशिक हस्तक्षेप बिना आफ्नो लक्ष्य निर्धारण गर्न र त्यसमा स्वतन्त्र रूपले अघि बढ्न पाउनुपर्छ। प्रत्येक देशभित्रका जाति-प्रजाति (कबिला) हरूले समान नागरिक हक र विकासको समान अवसर पाउनुपर्छ। (११) राजाको अधिनायकवादी सैनिक तानाशाही, गोर्खा भर्तीकेन्द्र, खम्पा र पीसकोर समस्या आदिको विरोध गरी जनवाद र समाजवादको पक्षपोषण। (१२) कला, साहित्य र संस्कृति क्रान्तिका निम्ति र आमजनताको भविष्य निमार्णका निम्ति। (१३) शोषक वर्गका तानाशाहीको विरुद्ध शोषित वर्ग-सत्ताको समर्थन।

उपर्युक्त कुराहरूलाई दृढ पार्न सर्वप्रथम सैद्धान्तिक दृष्टिले मार्क्सवाद-लेनिनवाद एवम् माओत्सेतुङ् विचारधाराको दृढ आधार आवश्यक कुरा हो। हामीले यी सिद्धान्तलाई आफ्नो देशको वस्तुस्थितिमा अनुकूलित पार्न सक्नुपर्छ। सैद्धान्तिक अपरिपक्वता नै सम्पूर्ण भ्रष्टताको कारण हुन जान्छ। सिद्धान्तलाई केवल नाराको रूपमा फलाकेर हुँदैन। यी कुराहरू हाम्रै जनताका भाषा, लय, गीत, कविता, नाटक कला, सङ्गीत आदिमा ढाल्नुपर्छ। हाम्रै जनताका विभिन्न पात्र-पात्राहरूले आफ्नै चेतनाको स्तरअनुसार साहित्यका पात्र-पात्रा बनी यी कुराहरू जनतालाई सम्झाउनुपर्छ। यसका निम्ति लेखक-कलाकारहरूले आमजनताका बीचमा गई उनीहरूको चेतनाको स्तर र उनका समस्याहरू बुझी उनीहरूकै भाषा, लय र शिल्पमा साहित्य र कला सिर्जी उनीहरूलाई चेतनशील पार्नु आवश्यक हुन्छ। जनताकै भाषा, लय र शिल्पले जनतालाई बढी प्रभावित पार्न सक्छ। यो कुरा बुझेर नेपालको प्रतिक्रियावादी वर्गले "नेपाल-चीन तता कें मखुला ? माओ-महेन्द्र दाजु-किजा मखुला ? (नेपाल चीन दिदी बहिनी हैनन् र माओ र महेन्द्र दाजु भाई हैनन् र ?) जस्ता विषैला भावनालाई सुमधुर लोकसङ्गीत घोली जनतालाई भ्रममा पार्दैछ। त्यसैले आज लेखक कलाकारहरूले सारा फेसनवाद, अहंवाद छोडी जनतासँग घुलमिल भई उनीहरूलाई साथै लिएर अघि बढ्ने प्रवृत्तिमा आफुलाई अभ्यस्त बनाउनुपर्छ। आजको नेपालका पत्रपत्रिका, रेडियो, साहित्य कला आदि सब कुरा आम जनताको भाषा र शिल्पमा नभई पूँजीवादी फेसनको विकासले रङ्गिएका मुठ्ठीभर शहरियाहरूका निम्ति छन्। अमेरिका र यूरोपको इतिहास चाट्नेहरू मात्र ती कुरा पढ्न र बुझ्न सक्तछन्। त्यसैले आजको काठमाडौं नेपाली जनताको राजधानी नभई पूँजीवादी भ्रष्टताका कीराहरूको जमघट-स्थल

भएको छ। त्यहाँ आज विश्वका सम्पूर्ण कुहिगन्धे भ्रष्ट साँस्कृतिक प्रवृतिहरू यत्रतत्र छन्। अतः सम्पूर्ण प्रगतिशील साँस्कृतिक कार्यकर्ताहरूले यी सम्पूर्ण प्रवृतिहरूलाई तहस-नहस पार्न सक्ने खालको संस्कृतिको सिर्जना गर्नु अति आवश्यक छ। आजको नयाँ संस्कृतिको चरित्र हुनुपर्छ- फूट र अनेकताको ठाउँमा एकता, निराशाको सट्टा सामूहिक समवेदना, व्यक्तिगत प्रेमको सट्टा आशा, पलायनको सट्टा क्रान्तिकारिता, व्यक्तिवादी दया र करुणको सट्टा सामूहिक प्रेम, व्यक्तिसुधारका सट्टा वातावरण सुधार, व्यक्तिको अनुशरणको सट्टा सिद्धान्तको अनुसरण, व्यक्तिको नाम र इज्जतको सट्टा क्रान्तिकारी जनवादी शक्तिको सङ्गठन र सफलता।"[१०४]

वास्तवमा यसप्रकारले स्थानीय रूपमा उत्साह बढ्नुमा भित्र-भित्रै भूमिगत बाम आन्दोलन हुर्किनु मूल कारकतत्व बनेको यस चरणमा देश तथा विदेशमा क्रियाशील पुष्पलाल समूह लगायत पूर्वका को-अर्डिनेशन केन्द्र, पश्चिमा सन्देश समूह, निर्मल लामा- मोहनविक्रम समूह, जो पछि चौथो महाधिवेशन र एकता केन्द्रका रूपमा तथा मशाल समूहको रूपमा बदलियो र अन्य केही ठाउँमा स-साना बामपन्थी समूहहरू क्रियाशील रहेका थिए। उनीहरूद्वारा आ-आफ्ना सामयिक प्रकाशनहरू, राजनैतिक विचार प्रधान पत्रिकाहरू पनि प्रकाशित भईरहेका थिए। पञ्चायती निरङ्कुशताको बिरुद्धमा अनेकौं जनसङ्घर्ष, किसान आन्दोलन र युवा सङ्घर्ष सञ्चालित भइरहेका थिए। बुद्धिजीविहरू निर्दलीय निरङ्कुशताको विरोधमा प्रखर आलोचक बन्दै गइरहेका थिए। यस्तै परिवेशमा २०३५ मा पुष्पलाल समूहको एउटा ठूलो क्रियाशील हिस्सा, कोअर्डिनेशन केन्द्र र सन्देश समूह एक भएर नेकपा (माले)को स्थापना भयो। कम्युष्टि आन्दोलनको विखण्डनका बिरुद्धमा भएको यो पुनर्गठनले देशमा एउटा नयाँ उत्साह थप्यो। पञ्चायती शासन दमन कार्यमा उत्रियो। परन्तु त्यसको प्रतिरोध गर्दै २०३६ को विराट छात्र आन्दोलन भड्कियो। मजदूर, किसान, विद्यार्थी एकता कायम भयो र यसले पञ्चायती निर्दलीयताको निर्विकल्प आख्यानलाई धराशायी पारेर बहुदलीयताको सुस्पष्ट रेखाङ्कन गऱ्यो।

६.५ प्रगतिशील लेखन र सडक-कविता आन्दोलन

निर्दलीय निरंकुशताको विरुद्ध भूमिगत रूपमा क्रियाशील बामपन्थी समूहहरूले देशका विभिन्न भागमा प्रभाव पार्दै गइरहेका थिए र सत्ताले दमन चर्काइरहेको थियो। दमन चक्रमा परेर नेपाली काँग्रेस तथा कम्युनिष्ट दुवै फाँटका कार्यकर्ता तथा नेतासमेत मारिएका थिए। कतिलाई त जेलसार्ने निहुँमासमेत गोली ठोकियो। पञ्चायती दमनको क्रूरताका विरुद्ध आन्दोलनको भावभूमि बलियो बनिरहेको थियो। यही स्थितिको पूर्वाधारमा २०३६ को जनआन्दोलन भएको थियो र त्यसले विशेषगरी युवा विद्यार्थीलाई सङ्घर्षमा ओराल्यो। विद्यार्थी आन्दोलनलाई साथ समर्थन र सहयोग पुऱ्याउँदै किसान, मजदुर, शिक्षक, व्यापारीहरूसमेत आन्दोलित भए। सङ्घर्षले शैक्षिक मागसँगै राजनैतिक मागलाई पनि उठायो र पञ्चायती निर्दलीयताको विरोधमा

---

१०४. नयाँ जनवादी संस्कृति, प्रथम संस्करण २०२८ पृ ६७-७२।

बहुदलीय व्यवस्थालाई विकल्प स्वरूप प्रस्तुत गऱ्यो । सङ्घर्ष चर्किंदै गएपछि अन्त्यमा निर्दलीय पञ्चायती शासकद्वारा बहुदलीय व्यवस्थालाई विकल्पका रूपमा स्वीकार्दै- "सुधारिएको पञ्चायत कि बहुदल ?" भन्ने प्रश्नमा जनमत सङ्ग्रह गर्ने घोषणा भयो ।

जनमत सङ्ग्रहको घोषणाले मुलुकमा पञ्चायत र बहुदल कुन रोज्ने ? भन्ने प्रश्न सर्वसाधारण नागरिकहरू माझ पुऱ्यायो । त्यही प्रश्नको उत्तर दिने क्रममा बहुदलीय व्यवस्थाको पक्षपोषण गरी साहित्य-स्रष्टाहरूले पञ्चायत विरोधी विचारधारायुक्त राजनैतिक सन्देश लिएर २०३६ जेठ २७ गतेदेखि स्वतन्त्रता चोक नयाँ सडक काठमाडौंवाट सडक कविता आन्दोलनको सूत्रपात गरे ।[१०५] प्रगतिशील तथा प्रगतिवादी दुबै धारका कविहरू यस आन्दोलनमा सम्लग्न रहेको भए पनि त्यो मूलतः मध्यमवर्गीय बुद्धिजीविमा पाइने निम्न पूँजीवादी भावुकताद्वारा उद्दीप्त थियो । यस आन्दोलनमा प्रगतिशील लेखक सङ्घसँग सुरुदेखि सम्बद्ध रहेका भवानी घिमिरे संयोजक रहेको भए पनि ठूलो हिस्सा नेपाली काँग्रेस समर्थक र सानोहिस्सा वामपन्थी विचार बोकेका लेखक, कवि कलाकारको थियो । त्यसैले यसमा सामेल कतिपय स्रष्टाहरू पञ्चायत विरोधी सङ्घर्ष सफल भएको अनुभूतिमा रमाएर उफ्रन पुगे । सामाजिक परिवर्तनलाई अत्यन्त हलुका ढङ्गले लिने विशेषता निम्नपूँजीवादी भावुकताको एउटा पहिचान हो । साहित्यमा यसले मूलतः वुर्जुवा लेखनकै प्रतिनिधित्व गर्दछ र यसमा दुई मुल प्रवृतिहरू रहेका हुन्छन् । एउटा प्रगतिशीलतालाई स्वीकारेर अघि बढ्दै जाने, अर्को त्यसैमा रमाउने र हराउने । सडक कविता आन्दोलनको सन्दर्भमा पनि यी दुई प्रवृत्ति देखापरे । एकथरीले- जे खोजेका थियौं त्यो पायौं भन्न पुगे, अर्काथरिले प्रगतिवादी साहित्यको विशालतातर्फ आफूलाई डोऱ्याए । परन्तु निम्नपूँजीवादी साहित्यले नेपाली साहित्यको विकासमा, प्रगतिशील भावधाराको विकास र विस्तारमा, अनि प्रगतिवादतर्फ अभिप्रेरित गर्ने काममा समेत केही सकारात्मक बल पुऱ्याएको देखिन्छ ।[१०६] सडक कविता-क्रान्तिका नाममा सञ्चालित त्यतिखेरको सडक कविता अभियानलाई पनि बहुदलका पक्षमा राष्ट्रिय जागरण निमार्ण गर्न सहायक हुने ठानेर नै टङ्कप्रसाद आचार्य, वीपी कोइराला, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, सूर्यप्रसाद उपाध्याय, विष्णुबहादुर मानन्धर जस्ता बहुदलवादी राजनैतिक नेताहरूले निकै प्रशंसा पनि गरेका छन् ।[१०७] यस आन्दोलनले साहित्य वादको संवाहक बन्ने तथ्यलाई सार्वजनिक गरेको छ र वादमुक्त साहित्यको गफ बकवास हो भन्ने यथार्थलाई प्रष्ट्याएको छ । प्रगतिशील लेखनका सन्दर्भमा यो पनि यसको सकारात्मक पक्ष हो ।

सडकमा कविता पाठ गरी क्रान्तिको आव्हान गर्नु, निर्दलीय पञ्चायती राजशाही विरुद्ध जनआक्रोश तीव्र पार्नु, अकुण्ठित अभिव्यक्ति स्वतन्त्रताको पक्षपोषण गर्नु, दलीय नेतृत्वको सीमागत होडबाजीभन्दा माथि उठेर बहुदलको प्रचार-प्रसार गर्नुजस्ता राम्रा कुराहरू त्यसका आधार थिए । भवानी घिमिरेको संयोजनमा सङ्गठित

---

१०५. मदनमणि दीक्षित सम्पादक समीक्षा साप्ताहिक, वर्ष २० अङ्क २५ ।

१०६. विष्णु प्रभात चिन्तन र सौन्दर्य, पहिलो संस्करण इ. १९९१ पृ. २९-३०

१०७. भवानी घिमिरे सम्पादक (भानु सडक कविता क्रान्ति विशेषाङ्क, वर्ष १६ अङ्क २९) पृ. ९-१२ ।

गरिएको सडक कविता क्रान्तिमा- मोहन कोइराला, हरिभक्त कटुवाल, अशेष मल्ल, शैलेन्द्र साकार, ध्रुव सापकोटा, बनमाली निराकार, लव गाउँले, गोविन्द गिरी प्रेरणा, विमल कोइराला, विद्यान आचार्य, कुमुद देवकोटा, गगन विरही, मीनबहादुर विष्ट, ऋषिराज बराल, विश्वविमोहन श्रेष्ठ, लिलाध्वज थापा, दिनेश सत्याल, कणाद महर्षी, राजव, गोविन्द वर्तमान, पूर्णप्रकाश नेपाल यात्री, किशोर पहाडी, दिनेश अधिकारी, तोया गुरुङ आदि कविहरू सामेल भएको देखिन्छ ।[१०८] पूँजीवादी भावधारा र समाजवादी भावधारामा आबद्ध रहेका स्रष्टाहरू पञ्चायती निरङ्कुशता विरोधी सङ्घर्षमा एक भएको यो घटनाले जुन सङ्केत दिएको थियो त्यसलाई राजनेताहरूले बुझ्न सकेनन् फलस्वरूप जनमत सङ्ग्रहमा २१ का विरुद्ध ५४ जिल्लाहरूलाई पञ्चायतका पक्षमा रहेको देखाएर तत्कालीन शासकहरूद्वारा पञ्चायती सुधारवादलाई विजयी बनाइयो र २०४६ सालसम्मको अर्को एक दशक नेपाली जनतालाई निर्दलीय निरङ्कुश शासनमा पिसियो ।

सडक कविताका सन्दर्भमा समालोचक कृष्णचन्द्रसिंह प्रधानले "सडक कविता क्रान्ति दलवादी केही कविहरूको राजनैतिक विचार हो" भन्दै विचारमा क्रान्ति आउनुपर्ने कुरा गरेको भए पनि अभिव्यक्ति स्वतन्त्रताका सन्दर्भमा विचारणीय रहेको धारणा व्यक्त गरेका छन् ।[१०९] सडक कविता- सडक नाटक जस्तै सम्प्रेणमुखी सिर्जना हो भन्ने तथ्यलाई आन्दोलनका क्रममा स्थापित गर्न सकेको देखिँदैन । जसले गर्दा काठमाडौंका टोलटोलमा मात्र होइन- भक्तपुर, पाटन, बनेपा, जनकपुर, विराटनगर, धरान, राजविराज, वीरगञ्ज, पोखरा, पाल्पा, तनहुँसम्म पनि सडक-कविता वाचन कार्यक्रमहरू सम्पन्न त भए तर सडक नाटकसरह दीगो रूपमा कायम हुन सकेन । जहाँसम्म प्रगतिशील लेखनका सन्दर्भमा यसको महत्वको कुरा छ त्यसको आफ्नै खालको स्थान छ । खासगरी यसले उठाएको बहुदलीयताको माग, समर्थन र सन्देश पञ्चायती निर्दलीयताको विकल्पका रूपमा तुलना गर्दा प्रगतिशील रहेको छ । प्रगतिशीलताको यही भाव भूमिबाट सडक कविता आन्दोलनमा संलग्न कतिपय कविलेखकहरू पछि आएर प्रगतिवादलाई आत्सात् गर्न आइपुगेका छन् र प्रगतिशील लेखक सङ्घको सदस्य भएर नेतृत्वदायी अङ्गमा समेत रहेका छन् । यसरी २०३६ को आन्दोलनसँगै सडक कविता-क्रान्तिका नाममा बहुदलको प्रचारका निम्ति सञ्चालित राजनैतिक कविता-यात्राले नेपालको प्रगतिशील काव्य अभियानमा प्रतिवद्ध लेखनलाई आफ्नो ठाउँबाट मद्दत नै पुऱ्याएको देखिन्छ र प्रलेसको पुनर्गठनमा समेत अप्रत्यक्ष सकारात्मक प्रभाव पारेको छ ।

६.६ दोस्रो चरणका प्रकाशन र प्रतिभाहरू

प्रलेसको इतिहासका सन्दर्भमा नै सत्रदेखि पैंतीससम्मको कालखण्डलाई दोस्रो चरण मानिएको हो । यस चरणको सुरुमा प्रलेसको अस्तित्व शिथिल रह्यो र

---

१०८. भवानी घिमिर, सम्पादक भानु (सडक कविता क्रान्ति) पृ १४

१०९. भवानी घिमिरे,सम्पादक भानु-(सडक कविता क्रान्ति विशेषाङ्क, पूर्ववत्)

विस्तारै विघटन भयो । यसै अवधिमा संस्कृतिका क्षेत्रमा कार्यरत प्रतिभाहरूले गुप्त एवं खुला ढङ्गबाट अनेकौं गतिविधि सञ्चालन गरेको भए पनि प्रगतिवादी साहित्यलाई दूरगामी र दीर्घकालीन प्रभाव दिन सफल जनवादी साँस्कृतिक सङ्घको गठन र त्यसद्वारा अघि सारिएको कार्यक्रम नै मुख्य रहेको छ । त्यसले दिएको मार्गदर्शनमा अनेकौं पत्रपत्रिका, पुस्तकहरू प्रकाशित भएका छन् । विचारधारात्मक दिशाबोध भएपछि थुप्रै नयाँ प्रतिभाहरू पनि देखापरेका छन् ।

सामन्ती पुनरुत्थानका निम्ति २०१७ सालको आरम्भमा राजा महेन्द्रले आध्यात्मिक आदर्शवादलाई टेवा दिने अनेकौं कामहरू गरे । मन्दिर मरमत गर्ने, जोगीहरूलाई अनेक यज्ञ तथा कोटी होमहरू चलाएर सामन्ती संस्कृतिका तीन आयाम- राजतन्त्र, धार्मिक भ्रान्ति र शोषणालाई एकीकृत पार्ने र आफूलाई देश र जनताप्रति चिन्तित देखाउने स्वाङ रचे । वर्ग समन्वय, शान्ति र विकासको नारामा निरङ्कुशता बलवान बन्यो । आफ्नो भजन गाउने कवि कलाकारलाई प्राज्ञ, कविकेशरी, युगकविआदि पगरी गुथाएर हात लिने काम गरे । पुँजीवादी भावधारामा कलम चलाउने बी.पी. कोइरालाले प्रजातान्त्रिक समाजवादको चिन्तनधारमा साहित्य रच्नुभन्दा 'साहित्यमा म अराजकतावादी हुँ' भन्दै तीन घुम्ती जस्तो छाडा यौनाचारी रचना लेख्न पुगे । विचारको विशृङ्खलतावीच अस्वीकृत जमात, आयामेली लेखन, राल्फा र बुटपालिस जस्ता समूहहरू देखापरे । रूपरेखाले यस्तै विसङ्गति र यथार्थ मिसाएर आफ्नो निकै समय गुजाऱ्यो । परन्तु यसै कालखण्डमा प्रगतिशील भावधाराका अन्य थुप्रै पत्रिकाहरू- संकल्प, वेदना, लहर, हिमाली आवाज, जस्केलो, छात्रप्रभा, उजेली, सुस्केरा, विगुल, धौराली, मुक्तिज्वाला, पञ्चामृत, लालुपाते, आवाज, घोषणा, अनुभूति र नौलो हाँकजस्ता साहित्यिक पत्र-पत्रिकाले प्रगतिशील भावधारालाई अगाडि बढाइरहेको पाइन्छ । खास गरी बनारसमा यसले नयाँ उर्जा प्राप्त गरेको देखिन्छ ।

सत्र सालपछिको साहित्यिक यात्रामा प्रगतिशील तथा प्रगतिवादी भावधारा लिएर अघि बढ्ने प्रतिभाहरूबाट नेपाली साहित्यको कविता विधामा थुप्रै कृतिहरू प्राप्त भएका छन् । भैरव अर्यालको उपवन (२०१८), आनन्ददेव भट्टको साईंली मैयाँ (२०१८), विजय मल्लको अनुराधा -(२०१८), जनकप्रसाद हुमागाईंको पसिना (२०१९) र दुखी गरीबको सवाई (२०२१), हरिभक्त कटुवालको भित्री मान्छे बोल्न खोज्छ (२०२०), मोदनाथ प्रश्रितको मानव महाकाव्य (२०२३) र देवासुर संग्राम (२०३०), रामचन्द्र भट्टराईको बोइ (गीतिकाव्य-२०२३), कृष्णप्रसाद पराजुलीको सय थुङ्गा फूल र आँखाभरि सपना मुटुभरि गीत (२०२४), विष्णुराज आत्रेय लाटोसाथीको ढाक्रे (२०२४), मञ्जुलको साईंली मोरीलाई (२०२४), गोविन्द भट्टको शान्ति सन्देश (२०२४), वासुदेव शर्मा लुइँटेलको भीमसेनपाती (२०२४), पृथ्वी शेरचनको दुई खुट्टाले टेकेर (२०२४), भूपि शेरचनको घुम्ने मेचमाथि अन्धो मान्छे (२०२५), भवानी घिमिरेको स्मृतिका रेखाहरू (२०२५), धर्मराज थापाको मङ्गली कुसुम (२०२५) र गोल सिमल (२०३६), रमेश खकुरेलको अँगालो (२०२६), रविलाल अधिकारीको बुकीफूल (२०३१) र एकलव्य (२०३५), क्षेत्रप्रताप अधिकारीको गामबेसीका गीतहरू (२०३४), डिल्लीराज अर्यालको

नेपालमै जान्छु म (२०३४), बासु शशीका कविता (२०३५), कालीप्रसाद रिजालको के छ र जिन्दगी बिताइदिन्छु (२०३६), घनश्याम कँडेलको देवयानी (२०३९), युद्धप्रसाद मिश्रको बाढी (२०३९), विमल निभाको आगोनेर उभिएको मानिस, बासु पासाको फिलिङ्गो, केवलपुरे किसानको गीत र कविताहरू, निलकण्ठ न्यौपानेको बाँधा (खण्डकाव्य) र पुरेतको मुखमा बुजो, पूर्ण विरामको गोविन्दले ठीक भन्यो कविताहरू, गोविन्द सुमनको दुई खुट्टाको बुइ र मुटुको बोल आदि अनेकौं कृतिहरू देखा परेका छन् । प्रतिध्रुवमा रहेका स्रष्टाहरूले अराजकता र विसङ्गतिको सम्प्रेषण गरिरहेका बेला प्रगतिशील तथा प्रगतिवादी लेखनमा जुटेका प्रतिभाहरूले जीवन र समाजप्रतिको दायित्व बोध गरी अस्तित्वको खोजी गरेको देखिन्छ ।। यस कालमा फुटकर कविता लेख्नेहरूमा आनन्ददेव भट्ट, शक्ति लम्साल, अलिमियाँ(१९७६), दुर्गालाल श्रेष्ठ, रामविनय, लीला उदासी, नरेश शाक्य, भानुभक्त पोखरेल, शारदारमण नेपाल, नारायण शर्मा, पूर्णबहादुर वैद्य, यज्ञराज प्रसाई, रायन श्रेष्ठ, बुद्ध सायमी, गङ्गाप्रसाद उप्रेती, ऋषिराम न्यौपाने, द्रोणचार्य क्षेत्री, बेणु आचार्य, मेघराज मञ्जुल, मीनबहादुर विष्ट, बोधराज काफ्ले, मोहन दुवाल(२००६), लेखनाथ ज्ञवाली, रामप्रसाद प्रदीप, वेणिमाधव ढकाल, वम देवान(२००३), विष्णु प्रभात, बूँद राना, ऋतु आसिक, पुरुषोत्तम सुवेदी, त्रिरत्न शाक्य, उदय शर्मा (मुकुन्द न्यौपाने-२००७), कृष्णसेन इच्छुक, अमर गिरी, गोविन्द वर्तमान, कुन्ता शर्मा, दिल शाहनी, राजव, विक्रम सुब्बा, जगदीशचन्द्र भण्डारी, हरिगोविन्द लुइँटेल, श्याम तमोट, अग्निशिखा, भक्तबहादुर पण्डित, विजय सुब्बा, हरिहर श्यामल, रघु पन्त, नारायण परिश्रमी, ललिजन रावल, नकुल सिलवाल, अच्युत फुयाँल, राधाकृष्ण शर्मा नूमराज बराल, बासुदेव अधिकारी, लिखत पाण्डे, नरनाथ लुइँटेल, अनिल पौडेल, कृष्ण पाखिन, माधव प्रधान, देविका तिमसिना, देवमणि ढकाल आदि अनेकौं देखिन्छन् ।

यसैगरी कथामा खगेन्द्र सङ्गौला (२००३) को चेतनाको पहिलो डाँक (२०२९) पारिजात (१९९०) पर्खालभित्र र बाहिर (२०३५), जनक हुमागाई (१९८४), डी.पी. अधिकारीको आशमाया (२०२५), रामहरि पौड्याल, हरिहर खनाल, विनय कसजु, भागिरथि श्रेष्ठ, नारायण ढकाल (२०१०), महेश इस्लामी, पूर्ण विराम (२०१२), कविताराम (२००४), ऋषिराज बराल, तेजप्रकाश श्रेष्ठ, राजव पूडासैनी (२०१२), रूद्र खरेल, विजय चालिसे, सञ्जय थापा, तीर्थ न्यौपाने, हरिगोविन्द लुइँटेल, घनश्याम ढकाल, अशेष मल्ल (२०१०), देविका तिमसिना, गोविन्द गिरी प्रेरणा, तारा गाउँले, किशोर कुँवर (२०१०), सुन्दर जोशी, रमेश गोर्खाली (२०१०), सनत रेग्मी (२००४) मनु ब्राजाकी (१९९८) अच्चूतदत्त (२००८) आरसी रिजाल (२००९) महेश इस्माली (२०१२) शिवकुमार श्रेष्ठ (१९९२) आदि प्रतिभाहरू देखापरे । उनीहरूका फुटकर रचना तथा कृति सङ्कलनले पनि साहित्य भण्डारलाई पुष्ट बनाएको छ ।

निबन्धमा- श्यामप्रसाद शर्मा (१९८६), को तँ तिमी तपाईं हजुर (२०१४) र मेरो आमा (२०२३), भवानी घिमिरे (१९८५), भैरव अर्याल (१९९३-२०३३), शङ्कर लामिछाने (१९८४-२०३२), नरेन्द्र चापागाई (२००३), गोविन्द भट्ट (१९९४), गोविन्द लोहनी (१९८६), बालकृष्ण पोखरेल, ताना शर्मा (१९८१), कृष्ण चन्द्रसिंह प्रधान ।

१९८२), महानन्द सापकोटा (१९५३), मदनमणि दीक्षित (१९८०), बल्लभमणि दहाल (१९९३), रमेश विकल (१९८५), शक्ति लम्साल, शान्तदास मानन्धर, लीला उदासी, मोदनाथ प्रश्रित (१९९९) राजेन्द्र सुवेदी (२००२), डी.पी. अधिकारी (१९८३), पारिजात (१९९०), रूद्र खरेल (२००४), रामहरि पौडेल (२००४), कष्णप्रसाद पराजुली (१९९२), लीलासिंह कर्मा (१९९३) हंसपुरे सुवेदी (१९९८) घनश्याम राजकर्णिकार, कुलप्रसाद खनाल, अच्युतरमण अधिकारी, खेम कोइराला बन्धु, विष्णु प्रभात (२००९) डी.आर.पोखरेल, शूरवीर पौडेल, मञ्जुल (२००३), श्रीधर खनाल (१९८८), मोहन सिटौला (२००२) गङ्गाप्रसाद उप्रेती (२००४), विमल निभा (२००९), देवीप्रसाद गौतम (२०१३), निनु चापागाई (२००४) प्रदीप नेपाल (२०१०), मुरारी अर्याल (२०१२), कृष्ण धरावासी (२०१७), उतम कुँवर, कुलप्रसाद खनाल , दिनेश सत्याल (२०१५), प्रतीक ढकाल (२०१६) सुनील पौडेल (२०१०) जस्ता पुराना र नयाँ लेखकहरू सक्रिय रहेको पाइन्छ। नाटकमा अशेष मल्ल (२०११) ईन्द्रमणि मानव (१९७४) कञ्चन पुडासैनी (१९९३) मोदनाथ प्रश्रित (१९९९), रामप्रसाद, प्रदीप आदिका रचनाहरू देखा परे ।

समीक्षाको फाँटमा कलम चलाउनेहरूमा श्यामप्रसाद (१९८६), गोविन्द भट्ट (१९९४), शक्ति लम्साल, ऋषिराज बराल (२००९), निनु चापागाई, राजेन्द्र सुवेदी, (२००२) कृष्णप्रसाद पराजुली, चूडामणि रेग्मी, नरेन्द्र चापागाई, चैतन्य, रविलाल अधिकारी (२००७), आनन्ददेव भट्ट (१९९३) रामहरि पौडेल, दिल शाहनी (२००२), ऋषी भुसाल, शारदारमण, हरिगोविन्द, बोधराज काफ्ले, मोहन खनाल, मोदनाथ प्रश्रित, घनश्याम कँडेल, देवीप्रसाद गौतम(२०१३), जगदीशचन्द्र भण्डारी, रघु पन्थ, हीरामणि शर्मा पौड्याल(२००३), ठाकुर पराजुली, गङ्गाप्रसाद उप्रेती, रविमान लमजेल, विष्णु प्रभात (२००९) मोहनविक्रम सिंह, कुलप्रसाद खनाल, धर्मराज अधिकारी, गङ्गाप्रसाद अधिकारी, मुरारि अर्याल, अभि सुवेदी (२००२) आदि अनेक प्रतिभाहरू देखापरे ।[११०] यसरी दोस्रो कालखण्ड पहिलाको तुलनामा बढी उत्पादक रहन पुग्यो ।

११० रविलाल अधिकारी, नेपाली समालोचनाको रूपरेखा, लेकाली प्रकाशन, प्रथम संस्करण २०५१, पृ. ५२-६५ ।

अध्याय सात

प्रगतिशील लेखक सङ्घको तेस्रो चरण

प्रगतिशील लेखक सङ्घको सङ्गठनात्मक गति हेर्दा यसको स्थापनाकालदेखि नै सुस्पष्ट साँस्कृतिक कार्यक्रमको अभाव देखा पर्दछ । फुटकर लेख, रचनामा कामको विवेचना गर्ने गरिएको भए पनि संस्थालाई व्यवस्थित कार्य योजनामा डोऱ्याउने र त्यस फाँटलाई हराभरा तुल्याउने सङ्ल्प सुदृढ देखिँदैन । नीतिसम्बन्धी सुस्पष्टतामा सामान्यतया सामन्तवाद तथा साम्राज्यवाद विरोधी लेखनमञ्चका रूपमा स्वीकार गरिएको भए पनि त्यस्तो मञ्चलाई सञ्चालन गर्ने व्यवहार कुशलता राजनैतिक नेतृत्वमा समेत नरहेको गुनासो अहिले पनि सुनिन्छ। तैपनि आफ्नो मानसिक क्षमताअनुसार लेखकहरूले लेखक सङ्घलाई अघि बढाए । दोस्रो चरणमा सिर्जनात्मक लेखनमा मात्र तीब्रता आएको नभै मूल्याङ्कन र विश्लेषणमा पनि नवीनता, वैज्ञानिकता र व्यवस्थित पनको मात्रा बढी पाइन्छ। हुनत यही कालमा नै सिङ्गो नेपाली साहित्यमा अनेकौं प्रयोगहरू, विश्रृङ्खल विचारहरू र अराजक लेखनलाई राज्यले संरक्षण दिँदै बढायो । परन्तु जनस्तरमा भने प्रगतिशील भावधाराका सुसङ्गत, सन्देशमूलक, प्रगतिशील तथा प्रगतिवादी भावधाराका रचनाहरू नै लोकप्रिय रहे । नयाँ-नयाँ प्रतिभाहरूले प्रगतिवादी अध्ययनलाई गहिरो बनाउँदै लेखन कार्यमा जुटे । सङ्गठन र सङ्घर्षका क्षेत्रमा सिद्धान्तको प्रयोग गर्दै सरल सिर्जना, जनवादी सङ्ल्प र सेवाभावले साहित्य, सङ्गीत र कलाको विकास गरे । यसै पृष्ठभूमिका आधारमा तेश्रो चरण निर्धारण भएको छ र पञ्चायती निरङ्कुशता, सेन्सरसिप र शक्तिपूजाको बिरुद्धमा जनमत निर्माण गर्दै प्रगतिशील तथा प्रगतिवादी लेखन अघि बढेको पाइन्छ । विचार र व्यवहारका क्षेत्रमा आएको यसै उथलपुथलले प्रगतिशील लेखक सङ्घलाई पुनर्गठन गर्ने प्रेरणा पनि दियो । सङ्गठित लेखनको असल परम्परालाई समूहगत रूपमा स्थानीय स्तरमा क्रियाशील पार्ने, परिवार वा क्लबका माध्यमबाट साहित्यिक साँस्कृतिक गतिविधि तीब्र पार्ने, गोष्ठी सम्मेलन गर्ने, पत्रपत्रिकाहरू प्रकाशन गर्ने जस्ता कामहरू भइआएको परिप्रेक्ष्यमा प्रलेसको दोस्रो पुनर्गठन सम्पन्न हुन पुग्यो ।

७.१ प्रलेसको दोस्रो पुनर्गठन, उद्देश्य र अपील

प्रगतिवादी साहित्यिक क्षेत्रमा लेखकहरूको पारस्परिक सम्पर्क बढाउने, प्रकाशन व्यवस्था सुदृढ पार्ने र संयुक्तरूपले साहित्यिक आन्दोलन बढाउने

आवश्यकताद्वारा प्रेरित भएर २०३६ साल मंसीर ७ गते पद्मरत्न तुलाधरको सभापतित्वमा काठमाडौं न्हैकन्तलास्थित विप्लवी पुस्तकालयमा बसेको प्रगतिशील लेखकहरूको एक सभाद्वारा प्रगतिशील लेखक कलाकार सङ्घको नाममा प्रगतिशील लेखक सङ्घलाई दोस्रोपल्ट पुनर्गठन गरिन्छ।[111] प्रलेस स्थापना हुँदाको धारणालाई बदलेर यसैभित्र कलाकारहरूलाई पनि समेट्ने सोच प्रवेश गर्दछ। परन्तु यस अघि २०१६ मा गरिएको पहिलो पुनर्गठनमा भने लेखकहरूकै बीचमा प्रलेस रहेको थियो र नाममा मात्र नेपाललाई बीचमा पुऱ्याएर प्रगतिशील नेपाल लेखक सङ्घ बनाइएको थियो। २०३६ को पुनर्गठनमा भने नामको हेरफेरसँगै कामको दायरामा पनि नवीनता थपिएको थियो। दोस्रो पुनर्गठनका क्रममा पुरानो समयको अनुभववाट शिक्षा लिईएको थियो र संस्थालाई सबै वामपन्थी लेखकहरूको साझा मञ्चका रूपमा हेरिएको थियो। दोस्रो पुनर्गठनले कार्यसमिति नबनाएर राष्ट्रिय सम्मेलन तयारी समितिको गठन गरेको थियो। विप्लवी पुस्तकालयमा बोलाइएको भेलाद्वारा गठित प्रलेक सङ्घको तयारी समितिमा रघु पन्तलाई संयोजक बनाइयो। समितिको मंसीर ११ गते बसेको बैठकले अपील प्रकाशित गर्नु अघि त्यसलाई अन्तिम रूप दिन मंसीर १५ गते प्रगतिशील लेखक एवम् कलाकारहरूको व्यापक भेला डाक्ने निर्णय गऱ्यो। सोही निर्णय बमोजिम डाकिएको भेलाद्वारा "प्रगतिशील लेखक कलाकार सङ्घ, राष्ट्रिय सम्मेलन तयारी समितिको अपील" पारित गरियो र पुनर्गठन गरिएको मिति राखेर अर्थात् २०३६ मंसीर ८ कै मितिमा नेपाली र नेवारीमा अपील प्रकाशित गरियो। सो भेलामा संयोजक रघुपन्त लगायत तयारी समितिका सदस्य पद्मरत्न तुलाधर, मल्ल के. सुन्दर, भावुक घिमिरे, सुवास श्रेष्ठ, मोहन श्रेष्ठ, नारायण ढकाल, त्रिरत्न शाक्य, तुल्सीलाल सिंह, जागृतप्रसाद भेटवाल, कन्हैया जोशी, लगायत विष्णु प्रभात, रामेश श्रेष्ठ, विमल निभा, सुन्दरप्रताप जोशी, श्रीकृष्ण अणु, राजीव र पूर्णहरिको उपस्थिति थियो। प्रलेसको इतिहासमा अघिका भनाइहरू भन्दा बढी व्यवस्थित र सुस्पष्ट सोच यस अपीलमा रहेको छ। अपीलको पूर्ण पाठ यसप्रकार छ-

तमाम प्रगतिशील लेखक-कलाकारहरू! आज देश कुन अवस्थाबाट गुज्रिरहेको छ, हामी सचेत लेखक, कलाकारहरू राम्ररी जान्दछौं। सामन्ती व्यवस्थाका कारण जनताहरू राज्यका इज्जतदार नागरिक नभएर केवल 'रैती' को रूपमा मात्र छन्। पुस्तौंदेखि गास, बास र कपासको समस्याले उनीहरू सताइएका छन्। यस देशका धनीहरू प्रतिदिन धनी हुँदै गइरहेछन् भने गरीब सर्वसाधारण जनताको उठिबास हुँदै गइरहेछ। उनीहरू माथि एकातिर अनेकौं किसिमका शोषण, अन्याय, अत्याचार गरिएको छ भने अर्कोतिर यस देशमा विदेशी पूँजी फैलाएर देशलाई आर्थिक रूपले खोक्रो पार्ने, राजनीतिक रूपमा यसलाई युद्धभूमि बनाउने, यस देशको भूमि हडप्न, कम्पुचिया वा सिम्किम जस्तो बनाउन, अन्तर्राष्ट्रिय षड्यन्त्रमा सामाजिक साम्राज्यवादी, साम्राज्यवादी र विस्तारवादीहरूको प्रतिस्पर्धा बढ्दो छ भने देशको प्रतिक्रियावादी सामन्ती शक्ति यसैलाई टेवा दिइरहेछ। देशको यस किसिमको गम्भीर अवस्थामा

---

१११. प्रलेसको प्रथम राष्ट्रिय सम्मेलनद्वारा पारित कार्यपत्र-२०४४ पृ. १३

हामी लेखक कलाकारहरू चाहे देशको कुनै कुनामा किन नहोऊँ-अवश्य चूप लागेर बस्न सक्दैनौं । देशको राष्ट्रियता र सार्वभौमिकतालाई जोगाउन तथा जनतामाथि गरिएको शोषण, अन्याय र अत्याचारबाट मुक्ति पाउन हामी प्रगतिशील लेखक कलाकारहरूले आफ्नो भूमिकालाई अझ सशक्त रूपमा प्रस्तुत गर्नु परेको छ ।

प्रगतिशील लेखक कलाकार सङ्घको आवश्यकता किन ?

यस परिप्रेक्ष्यमा आजको राष्ट्रिय अवस्था हामी चेतनशील लेखक कलाकारहरूको निमित चिन्ताको विषय हुनु स्वाभाविकै हो । जुन देशमा १५ लाख नागरिक मुस्किलले चिट्ठी बाँच्न सक्छन्, सम्पूर्ण साहित्यिक साँस्कृतिक सङ्घ संस्था, प्रतिष्ठान र प्रकाशन संस्थानहरूमा प्रतिक्रियावादीहरूको एकाधिकार छ, प्रतिक्रियावादी लेखकहरूलाई आर्थिकदेखि लिएर विभिन्न किसिमका सहुलियत खुला मनले बाँडिएको छ र तिनीहरू जनता माझ अश्लील, यौनपरक, छाडावादी, स्तुतिपरक साहित्य र कलाको प्रचार गरेर जनताको मन मस्तिष्कमा पूर्वजन्म, धर्म, भाग्य र कर्मको फल भन्दै जनताको चेतनालाई शिथिल पार्न समाजमा विकृति ल्याउँदै हिंडिरहेका छन् भने त्यस्तो कुप्रभावबाट जनतालाई जोगाएर अवश्यंभावी भएको जन-सङ्घर्षमा योगदान र सहयोग जुटाउन जन-पक्षीय लेखन परिपाटीको आवश्यकता कत्तिको महत्वपूर्ण छ भन्ने कुरा स्पष्ट छ । तसर्थ प्रगतिशील लेखक कलाकार सङ्घको आवश्यकता (१) सम्राज्यवादी, सामन्तवादी र प्रतिक्रियावादी साहित्य, संस्कृति र कलाको प्रभाववाट जनतालाई मुक्त पार्न, (२) जनताको चेतनाको स्तर उकास्न र उनीहरूलाई आफ्नो हक, अधिकार चिनाएर मुक्तिका लागि एकजुट भएर एउटा निश्चित बाटोतर्फ उन्मुख गराउन, (३) योजनाबद्ध रूपमा प्रगतिशील लेखनलाई सम्वमृद्ध तुल्याउन, (४) प्रगतिशील लेखक कलाकारहरूलाई एउटै सङ्गठनमा आबद्ध गराउन, (५) देशका विभिन्न भाषा-भाषिकाको निम्ति भाषागत समान अधिकार दिलाउन एवम् सबै भाषाहरूमा जनपक्षीय लेखन पुऱ्याउन र आपसमा सामञ्जस्यता कायम गर्न अनि, (६) तमाम प्रतिक्रियावादी तथा षड्यन्त्रकारी कथित लेखक-कलाकारहरूलाई परास्त पार्न अत्यन्त जरूरी हुन गएको कुरा हामीले महशूस गरेका छौं ।

नेपाली साहित्यमा प्रगतिशील पक्षले सुरूदेखि नै प्रतिक्रियावादीहरूसँग जुध्दै र जनताका न्यायोचित सङ्घर्षहरूलाई समर्थन गर्दै सङ्गठनका लागि यस्तो आवाज उठाउँदै आएको तथ्य नेपाली साहित्यको इतिहासको सिंहावलोकनबाट ज्ञात हुन आउँछ । यद्यपि प्रगतिशीलताको खोल ओढेर आएका कतिपय कवि कलाकारहरूले जनतालाई धोकादिएर प्रतिक्रियावादीहरूको दलाली एवम् षडयन्त्र नगरेका होइनन् । कैयौं प्रगतिशील लेखक कलाकारहरू आवश्यक सहयोग, प्रोत्साहन र प्रेरणाको अभावमा निष्क्रिय पनि रहन पुगे । यसका लागि मूलतः यस देशको राजनैतिक वातावरण जिम्मेदार रहेको प्रष्ट छ, तर यसका साथै अनेकौं समस्याहरूसँग जुध्दै, कैयौं षडयन्त्र र अवरोधहरूलाई पार गर्दै, प्रगतिशील लेखक-कलाकारहरूले सङ्गठनका लागि सकारात्मक प्रयासहरू गर्दै रहेका हुन् । जसमध्ये १७ साल अघिको प्रगतिशील कवि लेखकहरूको सङ्गठन केही फलदायी पनि रहेको थियो । तर त्यसैभित्र छद्मभेषी

तत्वहरूको घुसपैठ हुन गएकाले र २०१७ सालको परिवर्तनले गर्दा जनतामा थोरै हदसम्म रहेका अधिकारहरू पनि खोसिए। जस्को कारणबाट त्यो दीर्घजीवी हुन सकेन ।त्यसपछि पनि लेखक-कलाकारहरूले सङ्गठनका लागि प्रयत्न नगरेका होइनन् तर प्रशासनिक दमन र अनुकूल वातावरणको अभावमा यसलाई सम्भव हुन दिइएन । तर हरेक असम्भव भनिने कुराहरूलाई जनताका बलिदान र न्यायपूर्ण सङ्घर्षले सम्भव तुल्याएको छ र आज हामी यही कुरा इतिहासबाट सिक्दै प्रगतिशील लेखक कलाकारहरूको एउटा बलियो सङ्गठनको स्थापनाका लागि क्रियाशील रहने टुङ्गोमा दृढ हुन आइपुगेका छौं ।

एकताका आधारहरू

सङ्गठन र एकताको कुरा गर्नु जति सजिलो छ त्यतिकै असजिलो सङ्गठन र एकताका सूत्रमा लेखक-कलाकारहरूलाई आवद्ध गराउनु छ । यो स्पष्ट छ कि देशमा विभिन्न प्रगतिशील समूहहरू छन् र तिनीहरूबीच प्रशस्त अन्तरविरोधहरू आपसमा विद्यमान छन् । तर यसको मतलब यो होइन कि तिनीहरू बीच एकताका आधारहरू नै छैनन् । 'प्रगतिशील लेखक-कलाकार सङ्घ' तयारी समिति प्रगतिशील समूहलाई आपसी अन्तरविरोध समाप्त गर्नका लागि प्रथमतः छलफलको अनुरोध गर्दछ र छलफलबाट तत्काल कुनै निर्णयमा पुग्न नसके तापनि द्वितीयतः शत्रुसँग एकगठ भएर लड्न एउटा निम्नतम संयुक्त मोर्चामा सङ्गठित हुन आव्हान गर्दछ । हामीले यस लेखक-कलाकार सङ्घलाई यस्तै संयुक्त मोर्चाको रूपमा लिएका छौं ।

'प्रगतिशील लेखक-कलाकार सङ्घ' (क) मजदुर, किसान, विद्यार्थी र अरू क्षेत्रका जनताहरूको न्यायोचित सङ्घर्षको दृढ समर्थन गर्दै उनीहरूका सङ्घर्षलाई सबदो सहयोग गर्दछ । (ख) देशको सामन्तवाद, घरेलु प्रतिक्रियावाद, दलाल पूँजीपतिहरू र नोकरशाहहरू (ग) उपनिवेशवाद र नव उपनिवेशवाद (घ) अमेरिकी साम्राज्यवाद (ङ) रूसी सामाजिक साम्राज्यवाद (च) भारतीय विस्तारवाद र तिनका भरौटेहरूका साथै सबै किसिमका प्रभुत्वादी र प्रतिक्रियावादीहरूको विरोध गर्दछ । संक्षेपमा भन्दा मानिसले मानिसमाथि गर्ने कुनै पनि शोषणको विरोधमा यो सङ्घ रहने छ । यसकारण एशिया, अफ्रिका र ल्याटिन अमेरिकाली मुलुकहरू तथा तेस्रो विश्वद्वारा चलाइएको मुक्ति सङ्घर्षको दृढ समर्थन यसले गर्दछ । कम्पुचियाली जनताको मुक्ति सङ्घर्ष, फिलिस्तिनी जनताको न्यायोचित सङ्घर्ष, जिम्बाब्वे-रोडेसियाको पूर्ण स्वतन्त्रताका लागि राष्ट्रवादी मुक्ति-मोर्चाले गरेको सङ्घर्ष, जनतन्त्रको पूर्ण स्वतन्त्रताका लागि चिलीका विद्यार्थी एवम् जनताले लड्दै गरेको सङ्घर्ष, दक्षिण अफ्रिकाको अल्पमत गोरा सरकारको विरुद्ध काला जातिले उठाएको न्यायोचित सङ्घर्ष, पाकिस्तानी सैनिक तानाशाही विरुद्धको सङ्घर्ष, कोरियाको शान्तिपूर्ण एकीकरणको दरो समर्थन गर्ने अन्तर्राष्ट्रिय दृष्टिकोण 'प्रगतिशील लेखक-कलाकार सङ्घको रहने कुरा हामी तपाइँहरूलाई अवगत गराउन चाहन्छौं । विश्वमा शोषण उत्पीडनबाट मुक्ति प्राप्त गर्न विगतमा भएका वा हुँदै गरेका वा पछि हुने सम्पूर्ण न्यायोचित जन-सङ्घर्षहरूलाई सक्रिय रूपमा सघाउने र जनताका त्यस्ता सङ्घर्षहरूले विजय पाउँछ भन्ने सङ्कल्पलाई

दृढ बनाउने पक्षमा समान धारणा राख्ने देशका तमाम लेखक कलाकारहरूसँग हाम्रो एकता हुन सक्छ। उपर्युक्त एकताका आधारमा सहमत हुने लेखक कलाकारहरूलाई हामी यस प्रगतिशील लेखक, कलाकार सङ्घमा सङ्गठित भएर अघि बढ्नका लागि हार्दिक अनुरोध गर्दछौं।

काठमाडौंमा बसेको विभिन्न भाषाका प्रगतिशील लेखक-कलाकारहरूको एक भेलाले प्रगतिशील लेखक-कलाकार सङ्घ तयारी समितिको जुन गठन गरेको छ, त्यसको दायित्व र कार्यकाल जिल्ला-जिल्लाबाट आएका प्रतिनिधिहरूबाट प्रतिनिधित्व भएको लेखक-कलाकार रहेको राष्ट्रिय सम्मेलनसम्म कायम रहने कुराको निर्णय गरेको छ। निकट भविष्यमा हुने उक्त प्रस्तावित राष्ट्रिय सम्मेलनमा नै लेखक कलाकार सङ्घको विधान, कार्यक्रम र नीतिहरू तय हुनेछ। यस अघि उक्त राष्ट्रिय सम्मेलनका निमित्त सर्वप्रथम जिल्ला-जिल्लामा तयारी समिति गठन हुनेछन् र तिनले जिल्ला स्तरीय सम्मेलन गरी केन्द्रमा प्रतिनिधि पठाउने छन्। तिनै प्रतिनिधिहरू तथा पर्यवेक्षक, शुभेच्छुक लेखक-कलाकारहरू बसेर प्रस्तावित राष्ट्रिय सम्मेलन गर्ने उद्देश्य यस तयारी समितिले लिएको छ। यसका निमित्त विभिन्न स्थानमा रहेका लेखक कलाकारहरूलाई सबभन्दा पहिले हाम्रा विचारहरूको जानकारी लिन र त्यसपछि विचार विनिमयका लागि आमन्त्रित गर्दछौं।

साथीहरू! हामीहरू यो काम सामूहिक जिम्मेदारी र सामूहिक सरसल्लाहका साथ अगाडि बढाउन चाहन्छौं त्यसैले आउनुहोस्! हामीलाई आवश्यक सरसल्लाह र सुझावहरू दिनुहोस्। हामीहरू उचित सल्लाहलाई मान्न तयार छौं। साथै हामीबाट भएका गल्ती तथा भविष्यमा हुनसक्ने कमजोरीहरूलाई बेलैमा औंल्याउनु भयो भने हामी तिनलाई सुधार्दै, आत्मालोचना गर्दै अगाडि बढ्ने छौं।

हामी लेखक-कलाकारहरू समाजका जिम्मेदार व्यक्तित्वहरू मध्येका एक हौं। जनताले हामीबाट ठूलो आशा र भरोसा राखेका छन्। जुनसुकै देशमा हुने जन-सङ्घर्षमा लेखक-कलाकारहरूको अति नै ठूलो भूमिका रहन्छ। रूसी सामाजिक साम्राज्यवाद, उपनिवेशवाद, नवउपनिवेशवाद, प्रभुत्ववाद विस्तारवाद, सामन्तवाद र दलाल पूँजीवाद विरुद्धको क्रान्तिकारी जन सङ्घर्षमा जनतासँग एकगठ भई सक्रियरूपले भाग लिने, उनीहरूको पक्षमा इमान्दारीपूर्वक दृढतासाथ बोल्ने, उनीहरूसँगको सम्पर्क र सम्बन्धलाई बलियो तुल्याउने, उनीहरूबाट सिक्ने, उनीहरूको पक्षमा इमान्दारीपूर्वक दृढतासाथ बोल्ने र उनीहरू सँगसँगै सास फेर्ने र सुख-दुख साथसाथै भोग्ने लेखक-कलाकारहरू बिना कुनै पनि देशको क्रान्तिकारी सङ्घर्ष सफल हुन सक्दैन। यसको ज्वलन्त उदाहरणका रूपमा सोभियत सङ्घका म्याक्सिम गोर्की र चीनका सर्वहारावादी लेखक लुशुनलाई लिन सकिन्छ। जसले समाजवादको स्थापनाका लागि दुवै मुलुकमा कति ठूलो योगदान दिए भने तथ्य विश्व इतिहासमा सुरक्षित छ।

विश्वका जनताहरूको न्यायोचित सङ्घर्षलाई विश्वका प्रगतिशील लेखक कलाकारहरूले जसरी सघाइरहेछन् त्यसैगरी त्यस सङ्घर्षलाई सक्रियता पूर्वक सघाउन आज नेपाली प्रगतिशील लेखक, कलाकारहरू पनि सक्रिय रूपमा अघि बढ्नुपरेको छ। त्यसैले आज हामी जनपक्षीय लेखक कलाकारहरूले पनि जनताका

प्रत्येक न्यायोचित सङ्घर्षहरूमा भाग लिएर उनीहरूलाई एकजुट हुन सघाउनुपर्ने आजको आवश्यकतालाई विर्सन हुँदैन । जनताहरूलाई एकजुट पार्न अघि बढ्नुभन्दा पहिले छरपस्ट रूपमा रहेका हामी लेखक कलाकारहरू स्वयं एकजुट हुनुपर्छ । हामी आफैं छरिएर रहयौं भने हामीले जनताका सङ्घर्षहरूलाई सक्रिय रूपमा सघाउन निश्चय पनि सक्दैनौं । त्यसकारण अन्त्यमा यिनै कुराहरूलाई चिन्तन, मनन गर्दै लेखक-कलाकार साथीहरूलाई यस सङ्घमा सङ्गठित हुन आव्हान गर्दछौं र छिट्टै सम्पन्न हुने राष्ट्रिय सम्मेलनमा सहयोग गर्न तथा सहभागी हुन पनि अपील गर्दछौं ।"

यसरी अपीलले प्रलेसको दोस्रो पुनर्गठनको उद्देश्य मात्र प्रष्ट नगरी सङ्घको आवश्यकता, साँस्कृतिक कर्मीहरू बीचको एकता र विरोध, राष्ट्रिय अन्तर्राष्ट्रिय सवालहरूमा सुस्पष्ट दृष्टिकोण, सङ्गठनात्मक संरचनासम्बन्धी सोच पनि अघि सारेको छ । यसकै आधारमा प्रलेसको तेस्रो चरण व्यवस्थित, गतिशील र रचनात्मक पनि रहन पुग्यो । यसो हुनुको कारण के थियो भने तत्कालीन अवस्थाको वामआन्दोलनको वैचारिक प्रभाव सबल बन्नु । त्यतिखेर एकातर्फ प्रभावशाली समूहका रूपमा क्रियाशील चौथोमहाधिवेशन समूह र अर्कोतर्फ पुष्पलाल समूह रहेका थिए भने ती भन्दा पृथक सशस्त्र सङ्घर्षको कार्यनीति लिएर कार्वाहीमा उत्रेको नेकपा माले थियो । ती समूहसँग आबध्द लेखकहरू नै प्रलेक तयारी समितिमा सङ्गठित भएका थिए । वैचारिक दिग्दर्शनमा समूहगत सोचका केही झिल्काहरू देखिए पनि सो तयारी समितिले सर्वपक्षीय सहमतिमा नै अपील पारित गऱ्यो र त्यसकै आधारमा सङ्घको राष्ट्रिय संरचना निर्माण गर्ने काम अघि बढायो ।

७.२ प्रलेक सङ्घको साङ्गठनिक विस्तार

प्रलेक सङ्घ राष्ट्रिय सम्मेलन तयारी समितिको गठन स्वयं नै सङ्गठन पुनर्स्थापनाको पहिलो खुड्किलो थियो । त्यसपछि अपीलका आधारमा देशव्यापी सङ्गठन विस्तारको अभियान सुरु भयो । जिल्ला-जिल्लामा पनि सङ्गठन खोलिन थाल्यो । काठमाडौंमा २०३६ पुष २५ मा एक भेला भयो । त्यसले स्थानीय रूपमा लेखकहरूलाई गतिशील बनायो । प्रगतिशील लेखकहरूको यो क्रियाशीलताले सङ्गठनात्मक संरचना सम्बन्धी ठोस नीति र विधानको आवश्यकता दर्शाउँदै गयो । यही सिलसिलामा तयारी समितिले २०३६ फागुन चार गते सङ्गठन सम्बन्धी एउटा निर्णय लियो । त्यस निर्णयमा भनियो- "राष्ट्रिय सम्मेलनमा प्रतिनिधित्व कुन किसिमले गराउने भन्ने सम्बन्धमा प्रथमतः अञ्चल स्तरीय समितिहरू गठन गर्ने र ती अञ्चल भित्रका जिल्लाहरूमा पनि सम्भव भएसम्म जिल्ला समिति गठन गर्ने । अञ्चलले जिल्लालाई समन्वय गर्ने, राष्ट्रिय सम्मेलनमा सकेसम्म प्रत्येक जिल्लाबाट प्रतिनिधित्व गराउन प्रयत्न गर्ने ।" सोही बैठकले शान्तदास मानन्धर, दुर्गालाल श्रेष्ठ, खगेन्द्र सङ्ग्रौला, मञ्जुल, पारिजात र रामचन्द्र भट्टराई, चन्द्रनरसिंह राजभण्डारी, तीर्थ न्यौपाने, शरद बनेपा र विमल निभालाई तयारी समितिमा थप्ने निर्णय गऱ्यो । त्यसपछि क्रमशः सङ्घको नीति तथा उद्देश्यलाई व्यापकता दिन २०३८ भाद्रमा प्रलेक नामको बुलेटिन प्रकाशन गरियो । यसअघि २०३६ चैत १५ मा राजेन्द्र ऋषिको

संयोजकत्वमा जनकपुर, रामप्रसाद प्रदीपको संयोजकत्वमा २०३७ असार १९ गते लुम्बिनी, २०३७ असार २३ गते रविलाल अधिकारीको संयोकत्वमा गण्डकी, २९ असार २०३७ मा हरिहर खनालको संयोजकत्वमा नारायणी, बमदेवानको संयोजकत्वमा २०३७ श्रावण १८ गते कोशी, १९ साउन २०३७ मैं द्रोणाचार्य क्षेत्री (द्रोणप्रसाद आचार्य) को संयोजकत्वमा मेची, २०३७ भाद्र २१ मा काजी गाउँलेको संयोजकत्वमा धौलागिरी र २०३७ माघ ११ गते श्रीकृष्ण अणुको संयोजकत्वमा बागमती अञ्चल तयारी समितिहरू गठन गरिएका थिए।[११२] यी मध्ये लुम्बिनी र कोशीले अञ्चल सम्मेलन पनि सम्पन्न गरे। सङ्गठन विस्तारको क्रममा प्रलेक सङ्घ राष्ट्रिय सम्मेलन तयारी समितिले सङ्घको विधान पहिलो पल्ट प्रकाशित गऱ्यो। २०३९ सालमा प्रकाशित उक्त विधानले अपिलको भावनालाई प्रतिबिम्बित गरेको छ।

७.३ प्रलेक सङ्घको विधान- २०३९ र त्यसको कार्यक्रम

प्रलेसको विधान पहिलो पल्ट प्रकाशित भएपछि नै यसले आफ्नो ध्वजा, सङ्गठनको स्वरूप र तह, सदस्यहरूको आधारभूत चरित्र प्रष्ट्याउँदै लेखेको छ- "प्रगतिशील लेखक-कलाकार सङ्घ सामन्तवाद तथा साम्राज्यवाद विरोधी सम्पूर्ण लेखक कलाकारहरूको साझा र स्वतन्त्र सङ्गठन हो।"[११३] त्यसरी नै यसको उद्देश्य र कार्यक्रम प्रष्ट पार्दै विधानमा देहायबमोजिम १९ बूँदाहरू उल्लेख गरिएका छन्-

१. सम्पूर्ण लेखक-कलाकारहरूका हकहितको संरक्षण एवम् सम्वर्धन निम्ति प्रयत्नशील तथा कार्यरत रहने।

२. देशमा विद्यमान सामन्ती संस्कृतिको र विदेशबाट आयातित साम्राज्यवादी संस्कृतिको विरोधमा सङ्घर्षरत रहेर स्वच्छ वैज्ञानिक तथा मौलिक राष्ट्रिय जनसंस्कृतिको निर्माणका लागि प्रयत्नशील रहने।

३. योजनाबद्ध रूपमा प्रगतिशील लेखनलाई समृद्ध र विकसित तुल्याउन कार्यरत रहने।

४. देशका विभिन्न भाषाभाषीका निम्ति भाषागत समान अधिकार दिलाउन ती सबै भाषाहरूका बीच सामाञ्जस्यता कायम गर्न तथा विभिन्न भाषाका साहित्य र कलालाई विकसित पार्दै वैज्ञानिक तथा जनपक्षीय प्रवाहमा अघि बढाउन प्रयत्नशील रहने।

५. राष्ट्रको स्वाधीनता, सार्वभौमिकता, क्षेत्रीय अखण्डता र राष्ट्रिय अर्थतन्त्रको पक्षमा रहने र सबै प्रकारका असमान सन्धि तथा राष्ट्रियता विरोधी काम कार्वाहीको बिरोधमा दृढतापूर्वक उभिने।

६. जनताले बेला-बेलामा उठाएका तमाम राजनीतिक, आर्थिक र अन्य समस्यासँग सम्बन्धित न्यायपूर्ण सङ्घर्षको पक्षमा बोल्ने।

७. निरङ्कुशताको विरोधमा दृढतापूर्वक अडेर सबै प्रकारका जनसङ्गठनहरू

---

११२. प्रलेक अङ्क १, रासतसको मुखपत्र २०३९ पृ. १०

११३. प्रगतिशील लेखक कलाकार सङ्घको विधान २०३९ पृ.१

र राजनीतिक सङ्गठनहरू खोल्न पाइने मौलिक अधिकारको पक्षमा रहने ।

८. विचार स्वतन्त्रता तथा वाक् एवम् प्रकाशन स्वतन्त्रतामाथि कुठाराघात गर्ने सबै प्रकारका प्रयत्न तथा कामहरूको बिरुद्ध सङ्घर्षरत रहने ।

९. साझा प्रकाशन, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, साँस्कृतिक संस्थान, चलचित्र संस्थान र रेडियो नेपाल जस्ता संस्कृतिसँग सम्बन्धित निकायहरूद्वारा केवल यथास्थितिवादी र सत्तापक्षसँग सम्बन्धित लेखक-कलाकारहरूलाई मात्र दिइने सहयोगको बिरोध गर्दै सबै विचारका लेखक र कलाकारहरूका कृतिहरूलाई समान रूपमा प्रकाशन र प्रसारण गर्ने हकको माग गर्दै त्यस्ता संस्थाहरूको स्वायत्तता र स्वतन्त्रताको निम्ति आवाज उठाउने ।

१०. नेपाली भाषाका प्रगतिशील कृतिहरूलाई नेपालीका अरु विभिन्न भाषाहरूमा अनुवाद गर्ने र अरु विभिन्न भाषाका प्रगतिशील कृतिहरूलाई नेपालीमा अनुवाद गर्ने । यसरी नै विदेशी भाषाका उत्कृष्ट रचनाहरू नेपालका विभिन्न भाषामा अनुवाद गर्ने र नेपालका उत्कृष्ट रचनाहरू विदेशी भाषामा अनुवाद गराउने ।

११. नेपाल बहुजातीय मुलुक भएकोले यहाँ विभिन्न जातिका आ-आफ्नै संस्कृतिहरू रहेका छन् । सबै जातिका संस्कृतिका मौलिक र राम्रा पक्षहरूको सुरक्षा तथा विकास गर्ने र खराब एवम् हानिकारक पक्षहरू हटाउन प्रयत्नशील रहने ।

१२. विभिन्न जातिका जनताहरूलाई एक आपसमा फुटाउने, जातीय अहङ्कार वा द्वेष फैलाउने तथा संस्कृतिको क्षेत्रमा वा अन्य कतै पनि साम्प्रदायिक विचार ल्याउन खोज्ने तत्व र प्रयत्नहरूको बिरोधमा दृढतापूर्वक उभिने ।

१३. संसारका विभिन्न देशका जनताले चलाएका राष्ट्रिय मुक्ति तथा सामाजिक मुक्ति सङ्घर्षहरूको पक्षमा रहने ।

१४. संसारका विभिन्न देशमा छरिएर (खास गरेर मित्रराष्ट्र भारतमा) रहेका प्रवासी नेपाली बन्धुहरूले न्यायोचित अधिकार र त्यसलाई प्राप्त गर्न चलाएका सङ्घर्षहरूलाई समर्थन गर्ने ।

१५. दुई अतिमहाशक्ति राष्ट्रको विश्व प्रभुत्व प्राप्त गर्ने क्रियाकलापको विरोधमा उभिने र अन्यायपूर्ण युद्धको विरोधमा तथा विश्व शान्तिको पक्षमा रहने । जातिवाद तथा रङ्गभेद नीतिका बिरुद्ध विभिन्न देशका जनताहरूले उठाएका सङ्घर्षहरूको पक्षपोषण गर्ने ।

१६. तेस्रो विश्वका जनताहरूले आफ्नो स्वाधिनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डता तथा स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रका लागि चलाएका सङ्घर्षहरूको समर्थन तथा सहयोगको पक्षमा उभिने ।

१७. अन्तर्राष्ट्रिय क्षेत्रका विभिन्न प्रगतिशील तथा जनवादी साँस्कृतिक सङ्गठनहरूसँग मैत्री सम्बन्ध कायम राख्ने र सम्बन्ध विस्तार तथा सुदृढ गर्ने ।

१८. प्रगतिशील साहित्य र संस्कृतिको सिर्जना, प्रकाशन र वितरण राष्ट्रव्यापी रूपले सञ्चालन गर्न प्रयत्नरत रहने ।

१९. उल्लिखित कार्यक्रमहरूको आधारमा सामन्तवाद तथा साम्राज्यवाद

विरोधी सम्पूर्ण लेखक कलाकारहरूको व्यापक तथा सुदृढ एकता स्थापना गर्न साङ्गठनिक प्रयासलाई अघि बढाउने ।[११४]

यसप्रकार उद्देश्य र कार्यक्रम तय गरी प्रतिबद्ध लेखनलाई सङ्गठित रूपमा अघि बढाउने प्रलेसको प्रयास जनवादी क्रान्तिकारी साँस्कृतिक सङ्घको प्रयासपछिको महत्वपूर्ण एवम् व्यापक कदम बन्न पुग्यो । कार्यक्रमिक विकल्प जनवादी सङ्घको विशिष्ट देखिए पनि प्रलेसले तत्कालीन परिवेशको सापेक्षतामा सकारात्मक काम नै गरेको ठहर्छ र त्यसको महत्वलाई कम ठान्नु वा मान्नु त्रुटीपूर्ण हुनजान्छ ।

७.४ प्रथम सम्मेलन अघिका संस्थागत गतिविधिहरू

प्रथम सम्मेलन अघि प्रलेकसङ्घले साहित्य गोष्ठी, अञ्चल सम्मेलन, राष्ट्रिय प्रतिभाको अभिनन्दन, मुखपत्र प्रकाशन, प्रगतिशील तथा प्रगतिवादी लेखकहरूका जन्मजयन्तीहरू मनाउने जस्ता काम गर्दै अघि बढ्यो । विभिन्न ठाउँमा अञ्चल समितिहरू गठन भएपछि तिनीहरूद्वारा साहित्यिक गतिविधि झन् तीव्र हुँदै जान थाले । यस क्रममा सबैभन्दा अगाडि सङ्गठित भएको जनकपुर अञ्चलले २०३७ साउन १३ र १४ गते पूर्वाञ्चल तथा मध्यमाञ्चलका प्रगतिशील लेखक कलाकारहरूको बृहत क्षेत्रीय भेला आयोजना गऱ्यो । त्यसलाई जनकपुर सम्मेलन नाम दिइयो ।

७.४.१ प्रलेकसङ्घको जनकपुर सम्मेलन(२०३७)

प्रलेक सङ्घद्वारा पहिलो पल्ट आयोजना गर्न थालिएको उक्त सम्मेलनमा सहभागी हुन केन्द्रीय तयारी समितिका सदस्यहरू सहित काठमाडौंका साहित्यिकारहरू पनि त्यहाँ पुगे । पञ्चायती निरङ्कुशताको बिगबिगी माझ सम्पन्न हुनलागेको सो सम्मेलनमा प्रमुख अतिथि टङ्कप्रसाद आचार्यलाई बनाइएको थियो । प्रशासनिक दमनबाट बच्नका लागि सुरुमा उनै प्रमुख अतिथिबाट सम्मेलन उद्घाटन गराउने कार्यक्रम पनि थियो तर पछि विवाद उत्पन्न भएकाले उनलाई प्रमुख अतिथि मात्र बनाइयो, सम्मेलन उद्घाटन गराइएन ।[११५] परन्तु प्रशासनिक हस्तक्षेप भइछाड्यो । अघिल्लो दिनको कार्यक्रम जसोतसो सकिएको भए पनि भोलिपल्टको गीति कार्यक्रम माथि प्रशासनले रोक लगायो । प्रतिनिधिहरू बसेको लजमा कोठामै गीत गाउँदा पनि प्रहरीले हस्तक्षेप गरी रातभरी पुलिसको घेराबन्दीमा बस्नुपऱ्यो । टङ्कप्रसाद आचार्यले प्रजिअलाई हस्तक्षेप नगर्न अनुरोध गर्दा- "उग्रवादीहरूको कार्यक्रम रोक्नु भन्ने माथिको आदेश भएको" कुरा बताउँदै "तपाई हुनुभएकोले रोक्न गाह्रो पऱ्यो ।" भन्ने जवाफ दिएको कुराले तत्कालीन परिवेश छर्लङ्ग्याउँछ ।[११६]

प्रलेक सङ्घको इतिहासमा जनकपुर सम्मेलनको ऐतिहासिक महत्व रहेको

---

११४. प्रलेसको विधान २०३९ को उद्देश्य तथा कार्यक्रमबाट उद्धरित ।

११५. प्रलेक सङ्घ रासतसको मुखपत्र अङ्क १ भाद्र २०३८ पृ. ५ ।

११६. प्रलेक-सङ्घ रासतसको मुखपत्र अङ्क १, भाद्र २०३८ पृ. ६

छ। त्यसले जनकपुरको इतिहासमा सबभन्दा ठूलो पहिलो साहित्य सम्मेलनका रूपमा आफूलाई स्थापित गऱ्यो। प्रहरी हस्तक्षेपका विरुद्ध कार्यक्रम गरी जनतामा निरङ्कुशता विरोधी भावना हुर्काउन मद्दत पुऱ्यायो। जनकपुर क्षेत्रमा प्रगतिशील साहित्यप्रति सर्वसाधारणको रुचि ब्यूँझायो। सम्मेलनद्वारा पारित समसामयिक प्रस्तावहरू र साहित्य सम्बन्धी प्रस्ताव पनि त्यतिकै महत्वपूर्ण प्रस्ताव थिए, जसले २०२५ मा झापामा सम्पन्न मेची अञ्चाल स्तरीय साहित्य सम्मेलनले भन्दा पनि अघि बढेर प्रगतिवादी साहित्यको बारेमा थुप्रै कुराहरू अगाडि ल्यायो। प्रगतिशील लेखक कलाकारहरूको जनकपुर सम्मेलनद्वारा २०३७ श्रावण १४ मा पारित साहित्यसम्बन्धी प्रस्ताव यसप्रकार रहेको छ-

"नेपाली साहित्यको इतिहासको अध्ययन गर्दा हामी चौधौं शताब्दिदेखि नेपाली भाषामा साहित्य लेख्ने कामको सुरुवात भएको पाउँछौं। सम्भवतः सम्वत १४५७ तिर लेखिएको भाश्वतिको नेपाली अनुवाद नै नेपाली भाषामा लेखिएको पहिलो कृति हो। प्रामाणिक रचना काल खोलिएको प्रथम कृति भने १६४९ मा लेखिएको 'खण्डखाद्य' भन्ने ग्रन्थ नै हो। जे भए पनि प्राप्त प्रमाणहरूले नेपाली साहित्यको आरम्भ चौधौं शताब्दिदेखि भएको र पन्ध्रौं शताब्दिमा पुग्दा त्यसले अझ ठोस रूप लिएको पाउँछौं। सामन्ती व्यवस्थाको पूरै हुकुम चलेको त्यस समयमा मुख्य रूपमा धार्मिक रचनाहरूनै लेखिए। 'परमेश्वर' र सामन्ती ठालुहरूको सर्वशक्ति सत्ता र सर्वव्यापकता एवम् वीरताको वर्णन नै त्यस कालका मुख्य विषय वस्तु थिए। विस्तारै परिस्थितिमा हेरफेर हुँदै आयो। बोलीमा मात्र बाँचेको जनसाहित्यले एकीकरण कालमा आएर देशभक्तिपूर्ण साहित्यिक धाराको सुरुवात गऱ्यो।

प्रगतिवादी साहित्यको सुरुवात

अँग्रेजी उपनिवेशवाद विरोधी वीरतापूर्ण सङ्घर्षको परम्परा भएका नेपाली जनता त्यसै उपनिवेशवादको दलाल राणा शासनको विरोधमा पनि क्रमशः उठ्न थाले। १९७७ देखि यो विरोध राणा शासन विरोधी अनेकौं घटनाहरूका रूपमा प्रकट हुन थाल्यो। त्यही बेलामा नेपाली साहित्यमा जनजागरणका कविताहरू देखा पर्न थाले। प्रवासबाट सोझै राणाशाहीको विरोधमा लेखिएका देवकोटाका आगोका लप्का जस्ता कविताले जनतालाई बिउँझाउन थाल्यो। देवकोटा सँगसँगै अरू साहित्यकारहरू पनि कलम बोकेर राणाशासन विरुद्धको युद्ध मैदानमा उत्रे। त्यसैबेलादेखि नेपालमा जनवादी साहित्यको ठोस रूपले सुरुवात भयो र जनतान्त्रिक अधिकारको प्राप्तिका लागि कलम चल्न थाल्यो। देवकोटा जस्ता लेखकहरू राणा शासनको विरुद्धमा उभिएर साहित्यलाई जनचेतनाको लागि उपयोग गर्न चाहन्थे भने अरू अनेकौं यथास्थितिवादी साहित्यकारहरू यसलाई राणाको गुणगान गर्न र उनीहरूकै स्वार्थ बचाउन उपयोग गर्न चाहन्थे।

२००७ सालअगाडि यस्तो विवाद थियो भने २००७ सालपछि गएर साहित्यकारहरू प्रष्ट रूपमा दुई खेमामा बाँडिए र विवाद अझ चर्को र स्पष्ट हुँदै गयो। मार्क्सवादी दर्शनलाई स्वीकार्ने लेखकहरूले साहित्यमा राजनीति हुन्छ भन्ने

कुरालाई स्वीकारेर प्रगतिवादी साहित्य सिर्जना गर्न थाले भने अर्को खेमाले साहित्य र राजनीति अलग वस्तु हुन् यी दुईवीच कुनै सम्वन्ध छैन भन्दै साहित्यलाई प्रतिक्रियावादीहरूको सेवामै लगाउने षडयन्त्रलाई अघि बढाउन थाले । यसवेलादेखि नेपाली साहित्य प्रष्ट रूपमा दुई समूहमा विभाजित भयो- प्रगतिवादी र प्रतिक्रियावादी ।

प्रगतिवादी साहित्यबारे केही कुरा

जव साहित्य र राजनीति वीच अन्तरसम्वन्ध छ भन्ने तथ्यलाई नेपाली साहित्यकारहरूले विस्तार-विस्तार बुझ्न थाले तव प्रगतिवादी साहित्यलाई अघि बढाउन थाले । प्रगतिवादी साहित्यले जनतालाई आफूतिर आकृष्ट गर्दै लग्यो र आफ्ना धारणाहरूलाई स्थापित गर्न थाल्यो । यस धारणालाई अघि बढाउने लेखकहरू पनि एकातिर बढ्दै गए भने अर्कोतिर अधिकांश पुराना साहित्यकारहरू या त निष्क्रिय भए वा बेचिए । तर पनि नयाँ र जागरूक लेखकहरू प्रगतिवादी धारणालाई अघि बढाउँदै देखा परिरहे । प्रगतिवादी साहित्यिक खेमाभित्र साहित्यिक सिर्जनाको मूल सिद्धान्तमा एकमतो हुँदा हुँदै पनि सिर्जना गर्ने तरिका र अरू पक्षहरूलाई लिएर समय समयमा विवाद परेको छ र विभिन्न धाराहरू पनि देखापरेका छन् । यस्तो हुनु आवश्यक र अनिवार्य पनि छ । रचनात्मक उद्देश्य भएको विवाद र छलफलले साहित्यिक सिर्जनालाई विकास र अग्रगतिको गोरेटोतिर डोऱ्याउँछ । तर ध्वंसात्मक उद्देश्य भएको यस्तो प्रकारको विवाद अनेक पटक रचनात्मक र उद्देश्यपरक हुन नसकेर जानी वा नजानी बढी ध्वंसात्मक रूपमा पनि देखापरेको छ । यस्तो प्रकारको तरिकालाई निश्चय पनि बदल्न पर्छ । अव हामी आजको प्रगतिवादी साहित्य र त्यसको अवस्था, उपलब्धि र कमीबारे केही कुरा गरौं ।

निश्चय पनि हिजोभन्दा आज हामीसँग उपलब्धिहरू बढी छन् । विचार र स्तर दुबै रूपमा राम्रा प्रगतिवादी पत्रपत्रिकाहरू पनि हाम्रा सामु छन् । समय समयमा उपन्यास, कथा सङ्ग्रह, कविता सङ्ग्रह र अरू विषयमा लेखिएका रचनाहरू देखापरिरहेका छन् । आज देखापरेका अधिकांश रचनाहरूको अध्ययन गर्दा हामी विशेष रूपमा यी उपलब्धिहरू पाउँछौं-

१. नयाँ प्रतिभाहरूको विकास

प्रगतिवादी साहित्यक क्षेत्रमा अधिकांश पुराना लेखकहरू बिग्रेर गएका छन् । थोरै संख्यामा बाँकी रहेकाहरूमध्ये पनि अधिकांश त निष्क्रिय छन् । यस्तो अवस्थामा हामीले नयाँ प्रतिभाहरूप्रति नै आशावादी दृष्टिकोण राख्नुपरेको छ र नयाँ-नयाँ प्रतिभाहरूले पनि विकास गर्दै आएका छन् । आज प्रकाशित हुने पत्र-पत्रिकाको बढी प्रतिशत प्रगतिवादी भएकाले पनि यी नयाँ लेखकहरूले फस्टाउने मौका पाइरहेका छन् । निश्चय पनि भोलीका लागि यी नयाँ प्रतिभाहरूबाट हामी धेरै आशा गर्न सक्दछौं ।

२. मूल-दिशाको ठम्याइ

आज देखापरेको प्रगतिवादी साहित्यको मूल-दिशा धेरै हदसम्म ठीक छ। कसलाई हामीले प्रहार गर्ने ? कस्को हामीले विरोध गर्ने ? कसका हितको पक्षमा लेख्ने ? कुन-कुन शक्ति माथि कस्ता-कस्ता प्रकारको दृष्टिकोण अपनाउने ? जस्ता मूल-दिशासँग सम्बन्धित आधारभूत कुराहरूमा आज हामीबीच मतभिन्नता छैन। आजको हाम्रो मूल दिशाभन्दा हामीले साहित्यिक सिर्जनासँग सम्बन्धित सैद्धान्तिक र वैचारिक दिशाबोधको कुरा हो भनेर बुझ्नु पर्छ।

३. आदर्शप्रति समर्पण

आज देखापरेका लेखकहरूका रचना अध्ययन गर्दा तिनीहरूका पात्र-पात्राहरू आदर्शप्रति समर्पित भएको पाउँछौं। यो एउटा राम्रो कुरा हो। हाम्रा रचनाहरूमा त्यस्ता स्वाभाविक पात्र-पात्राहरू हुनै पर्छ, जो पूर्णतया आदर्शप्रति समर्पित होउन्। यहाँ आदर्शप्रति समर्पित पात्र-पात्रा भन्नाले जनता र क्रान्तिप्रति निष्ठावान्, चरीत्रवान्, सङ्घर्षशील भावना भएका त्यस्ता व्यक्तिहरू हुन् जो यही समाजभित्र छन्। यस्ता चरीत्र र स्वाभाविक पात्र-पात्राहरू भएका केही रचनाहरू पनि देखापर्न थालेका छन्, जुन एउटा राम्रो लक्षण हो।

४. कला र सिप-शैलीप्रति जागरुकता

एक समय तीव्र रूपमा रेखापरेको नारावादी शैली क्रमशः शिथिल हुँदै गएको छ। साहित्यलाई पूरै राजनीतिक नारावाजीको शैलीमा ओरालेर त्यसलाई नारावादी रूप दिने कार्यको आज विरोध हुँदै गएको छ। यद्यपि त्यसको प्रभाव अझ पनि देखिँदैछ। तर साहित्यलाई नारावादी शैलीबाट मुक्त पारेर कलात्मक स्वरूप दिनेतर्फ पनि प्रगतिवादी साहित्यकारहरू सचेत भएको पाउँछौं। यो कमी प्रतिको जागरुकताले हामीलाई सही बाटोतिर नै डोऱ्याउँदैछ।

माथि उल्लेख गरिएका कुराहरू हाम्रा उपलब्धिहरू भए। आजको अवस्थामा समयसापेक्ष साहित्यको माग बढेर गएको छ। अवस्था र परिस्थितिमा आएका परिवर्तनहरूलाई बुझ्दै सापेक्षित परिस्थितिको विश्लेषण गरिएको साहित्यको हामीलाई ठूलो खाँचो छ। देश र दुनियाँमा भएका परिवर्तनले लिएको दिशालाई पक्रेर लेख्नुपर्ने आवश्यकता पनि त्यतिकै बढेको छ। एउटा लेखकले तब मात्र उत्कृष्ट रचनाको सिर्जना गर्न सक्छ, जब ऊ जीवन, जगत र सङ्घर्षका विविध पक्षहरूको बारेमा अध्ययन र उद्घाटन गर्न जान्दछ। रचनाहरूले पाठकहरूलाई संसार बुझ्न मद्दत गर्नुपर्दछ र जीवनको उज्जल दिशातिर लम्कन बाटो देखाउनुपर्छ। यसका लागि लेखकहरूमा गहिरो अध्ययन र विश्लेषणको आवश्यकता पर्दछ। यी उल्लेख्य कुराहरू आजको हाम्रो साहित्यमा छन्/छैनन् भन्ने बारेमा र तिनीहरूका कमजोरीहरू बारेमा पनि हामीले छलफल गरी निष्कर्षमा पुग्नुपर्दछ।

सैद्धान्तिक र वैचारिक पक्ष

साहित्यिक सिर्जना र साहित्यिक सिद्धान्तबीचको सम्बन्धलाई हामीले बुझ्नैपर्छ। अध्ययन गर्ने तथा सिद्धान्तलाई बुझ्ने सम्बन्धमा हाम्रा थुप्रै कमजोरीहरू रहेका छन्। यही सैद्धान्तिक अस्पष्टताले गर्दा नै हाम्रो साहित्यमा थुप्रै कमजोरीहरू

देखापरेका हुन् । यसैले स्थिति अनुरूप समयसापेक्ष र परिस्थिति तथा अवस्थाहरूको गहन विश्लेषण भएका कृतिहरू देखा पर्दैनन् । साहित्यिक सिर्जनाका लागि सैद्धान्तिक खुराक खुकुरीको लागि पाइन चढाउनु जस्तै हो । यसकारण नै आज हाम्रा साहित्यकार साथीहरूले साहित्य सिद्धान्तको गहन अध्ययन गर्नु अति आवश्यक भएको छ ।

सैद्धान्तिक अस्पष्टताले जसरी श्रृजन कार्यलाई बाधा पुऱ्याउँछ अझ त्यसभन्दा पनि बढी बाधक त वैचारिक अस्पष्टता हुन्छ । वैचारिक धरातल ठीक नहुनाले साहित्यमा कि त सङ्कीर्णतावादको जन्म हुन्छ कि उदारतावादको । सङ्कीर्णतावाद 'वामपन्थी' गल्ती हो । हामीले वैचारिक धरातलमा ठीकसँग उभिएर सङ्कीर्णतावाद तथा उदारतावाद दुवै प्रकारका गल्तीहरूलाई हटाउनु पर्छ । विचारमा प्रष्ट र व्यवहारमा लचिलो नहुनाले नै त्यस्ता प्रकारका गल्तीहरू हुन जान्छन् । पलायनवाद, निराशावाद, सम्झौतावादका जुन प्रवृतिहरू देखापर्छन् तिनीहरू यसै प्रवृतिका उपज हुन् । हामी भित्रको संङ्कीर्णताले उत्पन्न गरेका केही कुराहरू यी हुन्-

१. अस्वाभाविकता र अयथार्थता

कतिपय लेखकहरू किसान मजदुरहरूको चरित्र चित्रण गरेर लेख्ने गर्दछन्, यो निश्चय पनि राम्रो कुरा हो, तर अधिकांश पाठकहरूको रायअनुसार त्यस्ता प्रकारको चित्रण गरिएका अधिकांश रचनाहरू अस्वाभाविक र वास्तविकता भन्दा परका छन् । यस्ता प्रकारका रचनाहरूले केवल लेखकको मनोगतवादी दृष्टिकोणलाई बढी मात्रामा प्रस्तुत गरेका हुन्छन्, बस्तुगत यथार्थलाई होइन । यिनीहरूमा क्रमिक विकासलाई उपेक्षा गरिएको हुन्छ । त्यस्ता प्रकारका रचनाले जनताका चाहनाहरूलाई साहित्यिक रूप दिनुको साटो बस्तुगत सत्य र यथार्थलाई अस्वीकार्दै लेखकको आफ्नो विचार जनतामाथि थोपर्ने काम गर्दछ । हामीमा सतही पाराको विश्लेषण गर्दै समस्याको गहीराइमा नपुगी लेख्ने जुन गलत प्रवृत्ति छ, त्यसलाई सुधार्नैपर्छ ।

२. सङ्कीर्णता

फेरि केही स्रष्टाहरू मजदुर-किसानको बारेमा मात्रै लेखिनुपर्छ भन्ने धारणा राख्दछन् । यो पनि सङ्कीर्णता नै हो । जनता भनेको मजदुर-किसान मात्रै होइनन्, अरू वर्ग पनि जनसमुदायभित्र पर्छन् । आज हाम्रो देशका निम्नपूँजीपति र राष्ट्रिय पूँजीपतिवर्गहरू जनता भित्रै पर्छन् । देशभक्त र जनवादी व्यक्तिहरू पनि जनताको पंक्तिभित्रै पर्दछन् । हाम्रो साहित्य यी सबै वर्गका जनताको साहित्य हो र यसको निर्माता हाम्रा रचनाकारहरूले यस तथ्यलाई बुझ्नैपर्छ । जनताको जीवन र सङ्घर्षलाई उद्घाटित गर्दै मात्र होइन हाम्रा रचनाहरू विरोधीवर्गलाई नङ्ग्याउँदै पनि लेखिनुपर्छ । जनताको बारेमा लेखिएको साहित्यमा जनता-पंक्तिभित्र पर्ने वर्गहरूका सकारात्मक पक्षहरू ज्यादा हुन्छन् र यिनीहरूलाई गल्ती, कमजोरीबाट मुक्त पार्दै लाने प्रयत्न हुन्छ भने शत्रुवर्गको बारेमा लेख्दा उनीहरूको भन्डाफोर गर्दै उनीहरूलाई निर्ममताकासाथ जनताको अगाडि नङ्ग्याउनु पर्ने हुन्छ । त्यसो हुँदा समय, अवस्था र परिस्थितिलाई ध्यानमा राख्दै कसको बारेमा लेख्ने भन्ने कुरा निर्क्यौल गर्नुपर्छ । अवस्थाअनुरूप महत्वपूर्ण भएका विषयहरूमा साहित्य रचना गरिनुपर्छ । यसपछि पनि के कुरा निश्चित छ भने हाम्रा रचनामा मजदुर किसानले नै प्रमुखता पाउने छन् र पाउनुपर्छ ।

३. विषयवस्तु, समस्या तथा समाधान बारे

अर्को कुरा, जनता जब सङ्घर्ष गर्छन् तब उनीहरूको हार वा जीत दुवै हुन सक्छ। कुनै एउटा क्षणिक हार वा जीतले नै सबै कुराको निर्णय गर्न सक्दैन। हारले जीतको तयारीका लागि मद्दत पुऱ्याउँछ र जनताहरू अनुभववाट सिक्दै झन् जोडका साथ सङ्घर्षमा उठ्छन्। यो एउटा क्रम हो। तर पनि प्रगतिवादी रचनाहरूले जनतालाई निराशा र पलायनतिर जान दिनुहुँदैन यो नै मुख्य कुरा हो। रचनाको अन्त्यमा कसको जित वा कसको हार देखाइएको छ भन्ने कुरा प्रमुख होइन, प्रमुख कुरा रचनाले सारवस्तुको रूपमा दिने प्रेरणा हो। आम रूपमा हाम्रा रचनाहरूले जनतालाई न्याय र सत्यका लागि उज्यालो बाटोतिर लम्कने प्रेरणा दिनुपर्छ र सङ्घर्षमुखी साहित्य लेखिनुपर्छ। तर यसो भनेर यथार्थमै नभएको सङ्घर्षको चित्रण गरेर मनोगतवादी सोचाइलाई रचनामा देखाउने प्रवृत्तिलाई अँगाल्नु हुँदैन, हटाउनुपर्छ। हरेक रचनामा समाधान र जीत हुनै पर्छ भन्नु चाहिँ सङ्कीर्णतावाद भित्रै पर्छ। जीवन र जगतका घटनाहरू, विषयहरू र विचारहरूलाई वस्तुवादी भएर उद्घाटित गर्नुपर्छ, किनभने एउटा प्रगतिवादी लेखक यथार्थसँग कहिल्यै पनि डराउँदैन, ऊ त्यो यथार्थलाई आत्मसात गर्छ र आफ्नो सही दृष्टिकोणले त्यसलाई एउटा प्रष्ट वैचारिक धरातलमा उभ्याएर साहित्यिक स्वरूप दिन्छ।

४. प्रेम जस्ता विषयहरू बारे

फेरि हाम्रा केही सर्जकहरूमा प्रेम जस्ता विषयहरूमा अस्पष्ट धारणाहरू छन्। मानव जीवनमा प्रेम एउटा आवश्यक कुरा हो तर हाम्रा कतिपय लेखकहरू प्रेम र विबाहको बारेमा लेख्नुपर्छ भन्दा नाक खुम्च्याउँछन् र अहिलेको प्रमुख आवश्यकता हो होइन भन्न थाल्दछन्। यसरी यसप्रति उपेक्षा भाव देखाउँछन्। प्रेम आजको प्रमुख आवश्यकता होइन तर पूरै उपेक्षाको विषय पनि होइन। प्रेम र विबाह सम्बन्धी हाम्रा आफ्नै प्रष्ट धारणाहरू छन्, जसलाई हामीले आफ्ना रचनाहरूमा व्यक्त गर्नै पर्छ। प्रेम र विवाह मानवोचित कुरा हुन् भने यस बारेमा हामीले आफ्ना ठीक र प्रष्ट धारणा राख्न किन हिच्किचाउने ? निश्चय पनि हिच्किचाउनु हुँदैन। आदर्शप्रति प्रतिबद्ध र उच्च लक्ष्यहरूप्रर्ति समर्पित प्रेम कथाहरू लेखिनु पाठकहरूका लागि, अझ खासगरी युवा पुस्ताका लागि फाइदाकारी नै हुन्छ। हामीले साहित्यमा हुनुपर्ने विषय र प्रस्तुतीकरणका विविधतालाई विकसित हुने मौका दिनुपर्छ। साहित्यलाई हेर्ने हाम्रो सङ्कीर्णतावादी दृष्टिकोणलाई नबदली हुँदैन। यसो नगरी हाम्रो साहित्यले फष्टाउने मौका पनि पाउन सक्तैन।

५. पुराना लेखक र कृतिहरू बारे

सङ्कीर्णताले नोक्सानी पारेको अर्को महत्वपूर्ण कुरा हाम्रो विगतको साहित्य र साहित्यकारहरू बारेको हाम्रो मूल्याङ्कन हो। हामीले हाम्रा कतिपय प्रतिभाहरूको सही-सही ढङ्गले मूल्याङ्कन गर्न अझै बाँकी छ। उनीहरूप्रति रहेको पूर्वाग्रह र सङ्कीर्णतालाई हामीले पूरै रूपमा निर्मूल पार्नुपर्छ। सचेत रूपले प्रगतिवादी चिन्तनधारा नअँगालेका तर आफ्ना कृतिहरूमा भने जन-विरोधी दृष्टि अँगाल्ने हाम्रा विगत र वर्तमान कालका यी दुवै पक्षका प्रतिभा र तिनका कृतिहरूको द्वन्द्वात्मक ऐतिहासिक

भौतिकवादी दृष्टिकोणबाट मूल्याङ्कन गर्नु नितान्त आवश्यक छ । यसका साथै विभिन्न जनजाति र भाषाभाषीहरूको साँस्कृतिक परम्पराको अध्ययन र सम्वर्द्धन गर्नु सम्वन्धित क्षेत्रका प्रगतिशील लेखक-कलाकारहरूले आफ्नो दायित्व सम्झिनुपर्छ ।

६. शिल्प पक्ष

हाम्रो साहित्यमा सबभन्दा खट्कने कुरा शिल्प पक्षमा रहेको कलात्मकताको कमी छ । शिल्प र कला नहुनुको कारणले गर्दा कतिपय रचनाहरू राजनीतिक नारा जस्ता लाग्छन् । हाम्रो साहित्यले शिल्प र कलाको कमी भएर नै दिनुपर्ने जति गहिरो प्रभाव लक्षित पाठक जनतालाई दिन सकिरहेको छैन । साहित्य र राजनीति बीचको सम्वन्ध कस्तो हुनुपर्छ भन्ने कुरालाई नबुझ्नाले यस्तो भएको हो । साहित्यमा राजनीति कसरी आत्मसात हुनुपर्छ भन्ने कुरालाई हामीले जान्नुपर्छ र यी दुई बीचको अन्तर सम्बन्ध र फरकलाई हामीले बुझ्नैपर्छ । सजीव, मिठासपूर्ण शैली र स्वाभाविक रूपले यथार्थलाई चित्रित गर्ने कलामा अझै पनि हामी पछि छौं । वस्तुगत सत्यलाई, जीवन र जगतमा घटिरहेको घटनालाई आफ्नो प्रवाहपूर्ण भाषाशैलीमा जब कुनै लेखकले प्रष्ट दृष्टिकोण लिएर उद्घाटित गर्दछ तब त्यो साहित्य हृदयग्राही हुन्छ । साहित्यमा शिल्प, शैली र कलाको उपेक्षाले सिर्जनालाई नै हलुङ्गो पार्छ र साहित्यको विकास हुँदैन । त्यसैले यस कुरालाई ध्यानमा राख्दै हामीले आफ्नै परम्परागत साहित्यको अभिरुचिपूर्वक अध्ययन गर्नुपर्छ र तिनीहरूबाट सिक्नुपर्छ ।

आजको हाम्रो दायित्व

माथि उल्लेख गरिएका कमजोरीहरूलाई हटाउँदै हामीले साहित्य लेखन प्रक्रियालाई गम्भिरतासाथ अघि बढाउनुपर्छ । घरेलु प्रतिक्रियावादले घरभित्र मच्चाएको खुला लुट र अन्याय, अत्याचारप्रति हामा लेखकहरूका कलम तीर जसरी सन्सनाउनु पर्छ । गाउँ घरमा अझैसम्म जिउँदै रहेर जनतालाई अल्झाइ राखेका प्रतिक्रियावादका जालहरू हाम्रा रचना-तरवारले काटिनु पर्छ । अन्धविश्वास र कुरीतिहरूका किल्लाहरूमा हाम्रा रचनाहरू बज्र जसरी बज्रनुपर्छ । हाम्रा रचनाहरू क्रान्तिकारी विचारका साथसाथै शिल्प-शैली र कलाले चिटिक्क भएर सिंगारिएका होउन् र तिनले जनताको मुटुसम्मै छुन सकुन् । हाम्रो राष्ट्रियताका बारेमा जनताहरू सजग र सचेत होउन् यसकारण देशभक्तिले भरिपूर्ण र साम्राज्यवाद, विस्तारवाद, उपनिवेशवाद र विभिन्न खाले प्रभुत्ववाद विरोधी रचनाहरू प्रचुर मात्रामा लेखिनुपर्दछ । हिजाको आज साम्राज्यवादीका जाल, षडयन्त्र, आक्रमण आदिको तौरतरिकामा फरक आएको छ । जनतालाई झुक्याएर विश्वका साना राष्ट्रहरूलाई आफ्ना कुआकांक्षा पूर्तिको लागि सैनिक कार्यवाहीको निरङ्कुश वुटमुनि कुल्चन साम्राज्यवादीहरू कहिल्यै हिच्किचाउँदैनन् । तसर्थ स्वाधिनता प्रेमी र देशभक्त जनताहरू देशको राष्ट्रिय सार्वभौमिकताप्रति सचेत होउन् भन्नका लागि सबै खाले साम्राज्यवाद विरोधी देशभक्तिपूर्ण रचनाहरू लेख्ने कुरामा ध्यान पुऱ्याउनुपर्छ ।

जनताहरू नै त्यो शक्ति हुन् जसले संसार फेर्छन् । जनताहरू सधैं नै अन्याय र अत्याचारको अगाडि शिर झुकाएर बाँच्न चाहँदैनन् । उनीहरू अन्याय र अत्याचारको विरोधमा निश्चय पनि विद्रोह गर्छन् । आफ्नो जीवनस्तर उठाउन, हकहित प्राप्त गर्न

जनताहरू सङ्घर्षको मैदानमा उत्रन्छन् । प्रगतिशील तथा प्रगतिवादी स्रष्टाले सबै खाले प्रतिक्रियावादीहरूका बिरुद्धमा भएका सङ्घर्षहरूको बारेमा, तिनीहरूको उपलब्धी र कमजोरी औंल्याउँदै सङ्घर्ष सञ्चालनका तरिकाहरूलाई उद्घाटित गर्दै लेख्नुपर्छ ।

आज हामीले साहित्यसम्बन्धी आफ्ना धारणाहरू राख्यौं, अब हामी सबै के आशा गरौं भने हामीले स्वीकार गरेका मान्यताहरूलाई चाँडै व्यवहारमा उतार्ने छौं, र नयाँ-नयाँ रचना सिर्जना गर्ने छौं । तब नै हामीले आफ्नो दायित्वबोध गरेको र साँचो अर्थमा दायित्व पूरा गरेको हुनेछ ।"[११७]

साहित्य सम्बन्धी यी मान्यताहरू आज पनि सान्दर्भिक छन् । यी मध्ये कतिपय प्रश्नमा अझ बढी छलफल, विचार-मन्थन भएका पनि छन् । परन्तु साहित्यशास्त्रको सन्दर्भमा प्रगतिवादी मान्यता व्यवस्थित गर्ने क्रममा सौन्दर्यशास्त्रीय प्रश्नहरूको समाधानलाई यसरी सहज सरल ढङ्गले व्यवस्थित गर्ने प्रयत्नमा पहिलो श्यामप्रसादको **लेखक कसरी बन्ने ?** र **साहित्यसम्बन्धी दुई चार कुरा** नामक पुस्तिका, दोस्रो मेची अञ्चल स्तरीय सम्मेलनद्वारा पारित प्रस्ताव र तेस्रो जनकपुर सम्मेलनद्वारा पारित प्रस्ताव देखापर्दछ । यस बीचमा थुप्रै समीक्षात्मक लेख, अफ्रो-एशियाली लेखक सङ्घद्वारा अघि सारिएका मान्यता जस्ता रचनात्मक विचारले पनि प्रगतिशील तथा प्रगतिवादी लेखनलाई दिग्दर्शन गरेको थियो र यस फाँटका श्रष्टाहरूले सङ्गठित लेखनको प्रगतिवादी परम्परालाई अघि बढाएका थिए ।

७.४.२ प्रलेक सङ्घको कोशी अञ्चल सम्मेलन

प्रगतिशील तथा प्रगतिवादी लेखनका सन्दर्भमा कोशी अञ्चल स्वस्फूर्त र सङ्गठित दुवै तरिकाबाट क्रियाशील रहिआएको छ । केन्द्रमा प्रलेसको राष्ट्रिय तयारी समिति गठन भएपछि २०३७ श्रावण १८ मा कोशी अञ्चल तयारी समिति गठन भयो । त्यसले एक वर्षभित्रै अञ्चल सम्मेलन गर्ने गरी माघसम्ममा पाँच जिल्लामा सङ्गठन विस्तार गऱ्यो । त्यसपछि २०३७ चैत्र २८, २९ र ३० गते धरानमा प्रथम कोशी अञ्चल स्तरीय प्रगतिशील लेखक-कलाकारहरूको सम्मेलन गरियो ।[११८] सम्मेलनमा छ जिल्ला र अञ्चलको प्रतिबिम्बन गर्ने गरी सातवटा बत्तीहरू सामूहिक रूपमा सल्काइएको थियो । कोशीका संयोजक बम देवान मातृशोकमा परेकाले सम्मेलनमा उपस्थित हुन सकेनन् । त्यसैले तयारी समितिका सचिव शेरबहादुर अम्मरले सभापतित्व गरे । जेवी टुहुरेले स्वागत भाषण र केन्द्रबाट गएका संयोजक रघु पन्तले कार्यक्रमको आतिथ्य ग्रहण गरेका थिए । कार्यक्रममा तेह्रथुमका प्रतिनिधि खगेन्द्र सिटौला, मोरङका लव प्रधान र धनकुटाका जीवप्रसाद पोखरेलले जिल्ला प्रतिवेदन प्रस्तुत गरे । सम्मेलनले बम देवान (अध्यक्ष) जेवी टुहुरे (उपाध्यक्ष) शेरबहादुर अम्मर(सचिव) रेखबहादुर ब्लोन,(उप-सचिव) कुन्ता शर्मा(सदस्य) लवप्रधान मित्र(सदस्य) रहेको नौ सदस्यीय कोशी अञ्चल समिति निर्माण गऱ्यो । तीन स्थानपछि पूर्ति

---

११७. प्रलेक, सङ्घ रासतसको मुखपत्र, वर्ष १ अङ्क १ पृ. १५/१९ ।

११८.प्रलेस सङ्घ, प्रथम कोशी अञ्चल सम्मेलनको दस्तावेज- पृ.२

गर्ने निर्णय भयो। उक्त सम्मेलनले साहित्य तथा सङ्गीतसम्बन्धी प्रस्ताव पारित गर्दै भनेको छ-

"जहाँ वर्गहरू हुन्छन्, त्यहाँ निश्चय पनि वर्गीय विचार र साहित्य-संस्कृति पनि हुन्छ। नेपाली साहित्यमा जनपक्षीय र देशभक्तिपूर्ण विचारधाराको परम्परा निकै लामो र सुदृढ छ। नेपाली साहित्यको इतिहास अध्ययन गर्दै जाँदा हामी नेपालमा अंग्रेजहरूको आक्रमण भएदेखि नै देशभक्तिपूर्ण भावनाले भरिएका साहित्यले ठोस रूपमा पाइला सार्न थालेको पाउँछौं। राष्ट्रिय स्वाधिनता र सार्वभौमिकताको लागि नेपाली जनताले विगतमा गरेका वीरतापूर्ण कैयौं सङ्घर्षहरू इतिहासको पानामा हाम्रो आँखाअघि चलचित्र झैं देखापर्न थाल्छन् र हाम्रो नसामा रगतको प्रवाह तेज हुन थाल्छ। देशको क्षितिजमा राणा शासनको कालो बादल मडारिइरहेका बेलामा पनि सुब्बा कृष्णलाल, महाकवि देवकोटा लगायत अरू कतिपय लेखकहरूले जनताको पक्षमा दुई-चार कुरा लेख्ने साहश गरेका थिए। त्यस्तो साहश गरेकाले ती लेखकहरूले थुप्रै दुःख कष्टहरू पनि भोग्नु पर्‍यो।

जब २००७ सालमा जनसङ्घर्ष चरम सीमामा पुग्यो र जनताले आफ्नो बज्र प्रहारद्वारा राणा शासनलाई झुकाए तब नेपाली जन-पक्षीय र देशभक्तिपूर्ण साहित्यको परम्परामा केही परिवर्तन भयो र थोरै संख्यामा नेपाली लेखकहरू द्वन्द्वात्मक भौतिकवादलाई आफ्नो विश्व दृष्टिकोण बनाएर प्रगतिवादी साहित्यको सिर्जनातर्फ अघि बढ्न थाले।

विगतलाई फर्केर हेर्ने हो भने २००७ सालपछि प्रगतिवादी लेखकका रूपमा स्थापित भएका अधिकांश व्यक्तिहरू कोही २०१७ सालअघि र कोही त्यसपछि निरन्तर रूपमा अर्धपतनको खाल्टोमा खस्दै गएको पाइन्छ। यसको कारण पहिल्याउन खोज्दा मूल रूपमा ती लेखकहरूमा रहेका निम्न पूँजीवादी धारणा र महत्वाकांक्षा नै थियो जसले गर्दा उनीहरू विचार र जनताप्रति आस्थावान र अडिग भएर रहन सकेनन्। त्यसपछि प्रगतिवादी साँस्कृतिक र साहित्यक आन्दोलन निरन्तर रूपमा विभिन्न मोडहरूबाट गुज्रँदै अघि बढ्यो। आज आएर राष्ट्रव्यापी रूपमा प्रगतिवादी साँस्कृतिक आन्दोलन सशक्त रूपमा अघि बढिरहेको छ। जनवादी गीत-सङ्गीतले जनतामा निकै राम्रा प्रभावहरू पार्न थालेका छन्। यसैगरी राष्ट्रिय स्तरमा लोकप्रिय र स्थापित प्रगतिवादी साहित्यिक पत्र-पत्रिकाहरूको संख्यामा पनि बृद्धि भैरहेको छ। साहित्यिक क्षेत्रमा नयाँ र उल्लेखनीय प्रतिभाहरूको विकास पनि अगाडि बढिरहेको भेटिन्छ। अब हामी यहाँ साहित्य र गीत-सङ्गीत सम्बन्धमा केही धारणाहरू व्यक्त गर्दछौं।

१. हिजोआज प्रगतिवादी साहित्यिक सिर्जनात्मक प्रक्रिया गतिशील रूपमा अगाडि बढिरहेको छ तापनि त्यसका केही पक्षहरूमा कमजोरी रहन गएको अनुभव गरिन थालिएको छ। साहित्यिक सिर्जनात्मकतालाई अझै गतिशील बनाउन, त्यसमा स्वाभाविकता र यथार्थलाई सही ढङ्गले स्थापित गर्न, आज हामी लेखकहरूले जनसङ्घर्ष र आन्दोलनको उलँदो भूवरीमा जनतासँगै काँधमा काँध मिलाएर पस्नुपरेको छ र हामी लेखक-कलाकारहरूले हाम्रो सिर्जनात्मक प्रतिभालाई खार्दै र तिखार्दै लान् परेको छ। साहित्यलाई आमजनताको चेतना जागृत पार्ने माध्यमका रूपमा शसक्त ढङ्गले प्रयोग गर्नका लागि हामी लेखकहरूले जनताको माझमा गएर उनीहरूका आवश्यकता र

भावनाहरूलाई हृदयङ्गम गर्दै अघि बढ्नुपर्ने कुरा आजको ठोस आवश्यकता हो। यसका साथसाथै साहित्यिक सिर्जनकार्यलाई अझ प्रभावकारी पार्नका लागि लोककथा, झ्याउरे लय र छन्दहरूलाई प्रयोगमा ल्याउनुपर्ने आवश्यकता महसुश गरिएको छ। अभिव्यक्तिका यी शैली र तरिकाहरू अझै पनि आमजनतामा लोकप्रिय रहेको देखिन्छ। तसर्थ आमजनतामा हाम्रा भावना र विचारहरूलाई व्यापक मात्रामा प्रचार र स्थापित गर्नका लागि हामी प्रगतिशील लेखक-कलाकारहरूले अभिव्यक्तिका यी शैली र तरीकाहरूलाई प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ।

२. अचेल जनवादी गीति कार्यक्रम र नाटकहरूको आमजनतामा निकै प्रचार भएको पाइन्छ। संकल्प गीति कार्यक्रमले नेपाली जनवादी गीत र सङ्गीतको धारमा एउटा क्रान्तिकारी प्रवाह ल्याइदिएको तथ्यलाई कसैले नकार्न सक्दैन। पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल तथा विदेशमासमेत गरी आजसम्म सङ्कल्प गीति कार्यक्रम सयौंचोटिभन्दा पनि बढी प्रदर्शित भइसकेको छ। हिजो आज जनवादी गीति कार्यक्रमहरू ठाउँ-ठाउँमा हप्ताको एकपटक जस्तो हुन थालेका पाइन्छन्। यसैगरी जनगीति कार्यक्रम पनि राष्ट्रिय रूपमा लोकप्रिय भएका छन्।

गीत र सङ्गीतको क्षेत्रमा दुई-तीन वर्ष यता अभूतपूर्व रूपमा विकास भए तापनि यसमा केही कमजोरीहरू रहन गएको देखिन्छ। त्यो के त भने पूर्वाञ्चलका लोक सङ्गीतहरू पश्चिमाञ्चलमा पुऱ्याउने, त्यसैगरी सुदूर पश्चिमका लोक सङ्गीतहरू अरू क्षेत्रहरूमा पुऱ्याउने अर्थात् एक क्षेत्र र अर्को क्षेत्रका बीच हुनुपर्ने साँस्कृतिक विनिमय र सुसम्बन्ध राम्ररी र ध्यानपूर्वक सुरु गरेको देखिँदैन। एक क्षेत्रको लोकप्रिय, रोचक र मीठा गीत-सङ्गीतहरू अर्को क्षेत्रमा पुऱ्याउनु आवश्यक छ। यसले साँस्कृतिक आन्दोलनमा नौलो उत्साह, चाख र नयाँ-नयाँ श्रृजन कार्यहरू जन्माउनमा मद्दत गर्दछ। यसैगरी गीतहरूमा जनताका तात्कालिक आवश्यकता र चाहना तथा वस्तुगत अवस्थालाई प्रतिविम्बित गर्ने कुराहरूमा पनि थुप्रै कमजोरीहरू देखिन्छन्। यस्ता कुराहरूलाई साँस्कृतिक र साहित्यिक आन्दोलनमा राम्ररी प्रतिविम्विन गर्न सकेको खण्डमा त्यसले जनतालाई ठूलो सहयोग पुग्न सक्थ्यो र उनीहरूको साँस्कृतिक स्तरलाई पनि राम्ररी उठाउन सकिन्थ्यो जस्तो हामीले अनुभव गरेका छौं। फेरि लोकलयहरूलाई राम्ररी प्रयोग गर्ने र त्यसलाई जोगाउँदै विकसित पार्नुपर्ने कुराहरूतिर पनि हामीले ध्यान पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ। जनताका कतिपय त्यस्ता अमूल्य साँस्कृतिक सम्पतिहरू आज हामी बीचबाट हराउँदै गएको भेटिन्छ र यसतर्फ हामीले तत्काल ध्यानपुऱ्याएर काम गर्न सकेनौं भने हाम्रा अरू कतिपय साँस्कृतिक सम्पतिहरू हराएर जान सक्छन्। तसर्थ यसतर्फ पनि गम्भिरताकासाथ प्रगतिवादी लेखक-कलाकारहरूले ध्यान दिनु आवश्यक देखिन्छ।

३. हामीले हाम्रो पुरानो पुस्ताको सम्मान र वहाँहरूको काम र योगदानको उचित मूल्याङ्कन गर्न सकेनौं भने वा यसतर्फ ध्यान दिएनौं भने त्यो साच्चै ठूलो भूल ठहरिने छ र भोलिको पुस्ताले हामीमाथि पनि यही तरिका प्रयोग गर्न सक्दछ। हामीले संस्कृति र साहित्यको क्षेत्रमा रहेर अलिकति मात्रै भए पनि जनताको निम्ति केही गरेर जाने पुराना लेखक र कलाकारहरूलाई कुनै पनि हालतमा बिर्सनुहुँदैन। हामीले

वहाँहरूको योगदानको उचित मूल्याङ्कन गर्नै पर्दछ र वहाँहरूलाई जनताको अगाडि सम्मानसाथ ल्याउनुपर्दछ। ती पुराना लेखक-कलाकार बन्धुहरूले आफ्नो जीवनकालमा गर्नुभएका सम्पूर्ण कामहरूको लेखाजोखा गर्दै तिनमा जनताको हित कति र जनताको अहीत कति भए भन्ने कुराहरू प्रष्ट पार्नैपर्दछ र वहाँहरूले धेरै योगदान जनताको हितमा गरेको देखिन्छ भने स-सम्मान वहाँहरूलाई जनतामा स्थापित गर्नै पर्दछ। जनताको हितमा योगदान दिएका कतिपय लेखक-कलाकारहरूको बारेमा हामीले राम्ररी अनुसन्धान गर्न बाँकी छ। यसरी उपेक्षा र अवहेलनाको चपेटामा पर्नुभएका लेखक, कलाकारहरूलाई हामीले जनसमक्ष प्रस्तुत गर्नुपर्दछ। यसतर्फ कदम चाल्नुहुन हामी सम्पूर्ण साथीहरूमा हार्दिक आग्रह गर्दछौं।

महाकवि लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, हृदयचन्द्रसिंह प्रधान, गुरूप्रसाद मैनाली र अरू कतिपय यस्ता लेखकहरू हुनुहुन्छ जसको देनलाई हामीले बिर्सनु हुँदैन। वहाँहरूप्रतिउपेक्षा र बेवास्ताको नीति अपनाउनु हुँदैन। वहाँहरूका राम्रा र नराम्रा दुवै पक्षहरूलाई तुलनात्मक रूपमा हेर्दै वहाँहरूका योगदान र देनको हामीले उचित मूल्याङ्कन गर्नु पर्दछ। यस विषयमा पनि ब्यापक र गम्भिर रूपमा लाग्नुहुन हामी हाम्रा लेखक-कलाकार साथीहरूलाई आग्रह गर्दछौं।

गोकुलप्रसाद जोशी, देवीप्रसाद किसान जस्ता जन-पक्षीय लेखकका रचनाहरू सङ्ग्रह गर्दै तिनीहरूलाई प्रकाशमा ल्याउनु पनि जरुरी देखिन्छ। यस बारेमा विचार गर्न र आवश्यक पाइला चाल्न हामी देशभरिका सम्पूर्ण साथीहरूलाई हार्दिकताकासाथ अनुरोध गर्दछौं।

हामीले बर्तमान समयमा हामीलाई महत्वपूर्ण लागेका कुराहरूमध्ये केही कुराहरू संक्षिप्तमा व्यक्त गर्‍यौं। अब हामी के सङ्कल्प गरौं भने हामी सबैले यी कुराहरूलाई व्यवहारमा लागु गर्ने गम्भीर प्रयत्नहरू गर्नेछौं।"

यसरी नै सम्मेलनले राष्ट्रियता, जनवाद र जनजीवीकाको प्रश्नमा बाह्रवटा प्रस्ताव पास गरेको देखिन्छ। जसमा राजबन्दी रिहाई, असमान सन्धी खारेज, साम्राज्यवादी हस्तक्षेपको विरोध, काला कानुन खारेजी, अश्लील र विकृत संस्कृतिमा रोक लगाउने माग, ऋषि देवकोटा आजादको हत्यारा माथि कार्वाहीको माग होस् र साहित्यकार खगेन्द्र सङ्गौलाको रिहाइको माग जस्ता कुराहरू रहेका छन्।

७.४.३ प्रलेक सङ्घको लुम्बिनी अञ्चल सम्मेलन

नेपाली साहित्यको सत्तामुखी धारा र जनमुखी धारा दुबैमा लुम्बिनीको आफ्नै स्थान रहेको छ। जनमुखी धाराको प्रगतिशील तथा प्रगतिवादी धारामा रहेका प्रतिभाहरू नै प्रलेससँग आबद्ध रहिआएका छन्। केन्द्रमा प्रलेक सङ्घको राष्ट्रिय सम्मेलन तयारी समिति बनेपछि लुम्बिनीमा पनि सङ्गठन विस्तारको काम सुरु भयो। खासगरी २०३७ असार १९ मा रामप्रसाद प्रदीपको संयोजकत्वमा अञ्चल तयारी समिति गठन भएपछि त्यसले जिल्ला-जिल्लामा सम्पर्क विस्तार गरी २०३८ चैत्र २० र २१ गते प्रथम लुम्बिनी अञ्चल सम्मेलन सम्पन्न गरेको भेटिन्छ। कपिलवस्तु बाहेक अरू सबै जिल्लाको सहभागिता रहेको सो सम्मेलनमा संयोजक रघु पन्त तथा सदस्य रामचन्द्र भट्टराईको उपस्थिति थियो। सम्मेलनले सर्वसम्मतिवाट नौ सदस्यीय

कार्य समिति गठन गऱ्यो । नव गठित कार्यसमितिमा अध्यक्ष ऋषि भूसाल, सदस्यमा विनय कसजू, ताराप्रसाद युवक, रामप्रसाद प्रदीप, दयाराम सापकोटा र गोविन्द वैरागीहरू थिए ।

लुम्बिनी अञ्चल सम्मेलनमा प्रस्तुत साहित्यिक प्रतिवेदनले साहित्य सम्बन्धी आफ्ना केही धारणा राख्दै भनेको छ- "साहित्य वास्तवमा वस्तुगत संसारको रागात्मक प्रतिविम्ब हुनाले तथा जगतलाई बुझ्ने, आत्मसात गर्ने र अभिव्यक्त गर्ने भावनात्मक माध्यम हुनाले आदिकालदेखि नै भौतिक जगत र जनजिन्दगानीलाई नै यसले प्रस्तुत गरेको छ । तर समग्र साहित्यिक महानदी प्रगतिशील प्रवाहमा बगेको छैन । प्रगतिशील साहित्य त्यो हो, जसले युगका बाहक प्रगतिशील व्यक्तिको भावना, इच्छा र चिन्तनलाई समेटेको हुन्छ, जगतको उत्तरोत्तर गतिशील चरित्रलाई साहित्यिक स्वरूपमा हाम्रा सामु उभ्याई दिन्छ र यथास्थितिवादी तथा प्रतिक्रियावादी शक्तिको प्रगति विरोधी अनुहारलाई नङ्ग्याइ दिन्छ ।"[११९] सम्मेलनले राष्ट्रियता, जनवाद र जनजीविकासँगै सम्बन्धित बाइसवटा प्रस्तावहरू पारित गरेको छ र ती प्रस्तावहरू अन्य सम्मेलनमा प्रस्तुत भए भन्दा विशिष्ट देखिन्छ । जो यसप्रकार छन्-

१. नेपाल एउटा स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो । यसको आफ्नै गौरवशाली इतिहास छ । विगतमा अनेकौं आक्रमणहरूसङ्ग मुकावला गर्दै यसले आफ्नो स्वतन्त्रता अक्षुण्ण राखेको छ । नेपाली जनताको विरोधलाई लत्याउँदै सन् १९५० मा भएको दिल्ली सम्झौताले नेपाल राष्ट्रको स्वतन्त्रता र नेपाली जनताको स्वाभीमानलाई धक्का पुऱ्याएको छ । नेपाली जनताले सुरूदेखि नै विरोध गर्दै आएको उक्त असमान सन्धि हाम्रो लागि कहिल्यै स्वीकार्य थिएन/छैन, भविष्यमा पनि हुनेछैन । तर नेपाली जनविरोधी शासकहरूको घुँडा टेक्ने नीतिले गर्दा भारतीय प्रभुत्ववादी नीति कार्यान्वयन भएको उक्त सम्झौता आजसम्म कायमै छ । यो हाम्रो लागि कलङ्कको टीका हो । हाम्रो राष्ट्रको स्वतन्त्रता र सार्वभौमिकतामाथि हस्तक्षेप हो । तसर्थ उक्त असमान दिल्ली सम्झौता तुरुन्त भङ्ग गरिनुपर्दछ ।

२. अपार जल-सम्पदाले भरिपूर्ण हाम्रो देशका नदी-नालाहरू विदेशीका लागि दुहुनो गाई र हाम्रा लागि विपत्तिका बाहक बनेका छन् । ती नदी, नालामा बनाएका बाँध, नहरहरूले भारतीय भूमि सिञ्चित हुन्छ, तर वर्षामा हाम्रा गाउँहरू जलमग्न हुन्छन्, ती नदी-नालाबाट उत्पादित बिजुलीले भारतका शहरहरू झलमल्ल बन्छन्, तर हाम्रा गाउँहरू अँध्यारा हुन्छन् । तसर्थ यस्तो अपमानजनक र दुखद स्थितिलाई परिवर्तन गर्न गण्डकी, कोशी, कर्णाली, राप्ती र पञ्चेश्वर योजनामा नेपाल राष्ट्र र नेपाली जनताको हितलाई सर्वोपरी राखी पुराना सम्झौता रद्द गर्दै नयाँ सम्झौताहरू गरिनुपर्दछ ।

३. भारतबाट हाम्रो दक्षिणी सीमानामा निरन्तर भैरहेको अतिक्रमणलाई तुरुन्त रोकिनुपर्दछ । सुस्ता र महेशपुर झैं नेपालका दक्षिणी भू-भागहरू पुनः भारतीय अतिक्रमणमा पर्ने सम्भावना टड्कारो भएकाले भारत-नेपाल बीचको सीमा रेखाङ्कन

---

११९. नयाँ कदम सामयिक संङ्कलन, अङ्क ३, दीपावली २०३९ ।

वैज्ञानिक तरिकाले गर्दै मुलुक रक्षाका लागि दक्षिणी सीमानालाई रक्षा सुदृढतासाथ बन्द गरिनुपर्दछ। यसै समस्यालाई ध्यानमा राख्दै नेपालको उत्तरी सीमाना र देशका अरू महत्वपूर्ण ठाउँमा विनाअनुमति विदेशी-प्रवेशलाई रोकिनु पर्दछ। साथै बढ्दो भारतीय प्रभुत्व र हस्तक्षेपलाई ध्यानमा राख्दै अनधिकृत भारतीय प्रवेशलाई रोक्नका लागि एक हदसम्म प्रवेश-पत्र लिनु पर्ने व्यवस्था लागू गरिनुपर्दछ।

४. नेपाल र भारत बीचको व्यापार सम्बन्ध र परिवहनसम्बन्धी समस्या हाम्रा लागि चुनौतीपूर्ण रूपमा रहेको छ। नेपालको भौगोलिक अवस्था र प्रचुर मात्रामा रहेका नदी-नालालाई हेर्दा नेपाल-भारत बीच जलमार्ग खोल्न सकिने सम्भावना देखिएकाले त्यसतर्फ प्रयत्न गर्दै भूपरिवेष्ठित देशले पाउनु पर्ने व्यापारिक जल मार्ग सम्बन्धी अन्तर्राष्ट्रिय कानुन तुरुन्त लागू गरिने माग भारत सरकारसँग गरिनुपर्दछ। भारत सरकारले यस सम्बन्धमा देखाएको प्रभुत्ववादी नीति र व्यवहारको विरोध गरिनुपर्दछ।

५. नेपाली युवाहरूलाई विदेशमा पुऱ्याएर मार्न लगाउने र नेपालका गाउँहरूबाट युवाहरू ओसारेर नेपाललाई युवक विहीन देश बनाएर आफ्नो शोषणलाई कायमै राख्ने सत्ताधारीहरूको नीतिको हामी भर्त्सना गर्दछौं। नेपालको निधारमा कलङ्कको टीका स्वरूप रहेको गोर्खा भर्ति केन्द्र तुरुन्त बन्द गरिनुपर्दछ र स्वदेशमै रोजगारीको ग्यारेण्टी गरिनुपर्दछ।

६. नेपालको आन्तरिक मामलामा हस्तक्षेप गर्ने अमेरिकी-भारतीय र रुसी प्रयत्नको हामी भत्सनाँ गर्दछौं। नेपालको विभिन्न भित्री मामलामा हस्तक्षेप वक्तव्य दिने, कहिले राजदूतावास सजाउने नाममा ८४ बाकस भित्र्याउने र कहिले सगरमाथा आरोहण निहुँमा प्लेन नै ओराल्न खोज्ने अनि टन का टन सामान ल्याउने, नेपालको राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिहरूको खुला आलोचना गर्दै अनावश्यक हस्तक्षेप र प्रभुत्व लाद्न खोज्ने जस्ता कामहरू केही समययता अमेरिकी, रुसी र भारतीय पक्षबाट निरन्तर भइरहेको छ। यस्ता गतिविधिहरू राष्ट्रियता विरोधी काम हुन् तसर्थ तत्काल यस्ता कामहरूको विरुद्ध ठोस कदम चालिनुपर्दछ।

७. २०३५-०३६ को जनसङ्घर्षबाट पाइएका थोरै अधिकारहरू पनि हाल खोस्ने सम्भावना देखिंदैछ। खास गरेर केही समयअघि भएको पञ्च भेलापछि देखिएको स्थिति र प्रशासनिक चालढाल देश र जनताका लागि हितकर नहुने प्रकारको छ। शान्तिपूर्ण तरीकाले आफ्नो सम्मेलनको तयारीमा जुटेका अनेरास्ववियुका विद्यार्थीहरूलाई गिरफ्तार गर्दै उनीहरूको सम्मेलनमा क्रूरतासाथ गरिएको सरकारी हस्तक्षेपको हामी घोर भत्सना गर्दछौं। यस्ता अप्रजातान्त्रिक कदम तुरुन्त रोकिनुपर्दछ र शान्तिपूर्ण तरिकाले आफ्नो सङ्गठन निर्माण गर्ने, त्यसको सम्मेलन गर्ने जस्ता अधिकारहरूको उपभोग विना सरकारी हस्तक्षेप र विना रोकटोक गर्न दिइनुपर्दछ।

८. विद्यमान सङ्घ-संस्था सम्बन्धी कानुनहरू खारेज गरिनुपर्दछ। प्रगतिशील लेखक-कलाकार सङ्घ, अखिल नेपाल किसान सङ्घ, अखिल नेपाल महिला सङ्घ, नेपाल यातायात स्वतन्त्र मजदुर सङ्घ , स्वतन्त्र मजदुर यूनियन र अखिल नेपाल चिकित्सा सहायक सङ्घ लगायत सम्पूर्ण जनवर्गीय सङ्गठनहरू खोल्ने अधिकार

दिइनुपर्दछ ।

९. २०३७ वैशाख १ गतेको आममाफिमा षडयन्त्रपूर्वक रिहाइ नगरिएका कैयौं राजवन्दीहरू आजसम्म जेलमा कोचिन बाध्य भएका छन् । सम्पूर्ण राजबन्दीहरूको निस्पक्ष रिहाईका लागि समय-समयमा आन्दोलनहरू पनि भैरहेका छन्, तर पनि सरकार राजबन्दी समस्याको समाधान गर्न चाहिरहेको छैन । सम्पूर्ण जनतालाई लत्याएर सरकारले राजबन्दीहरूको रिहाइमा जुन भेदभाव गरेको छ, हामी त्यसको भ्रत्सना गर्दछौं र झापा सङ्घर्षको सिलसिलामा समातिनु भएका मोहनचन्द्र अधिकारी, राधाकृष्ण मैनाली, खड्गप्रसाद ओली र साथीहरू, हर्रे बर्रे काण्डको सिलसिलामा पक्राउ पर्नुभएका होमनाथ भुषाल र साथीहरू तथा रूपन्देहीमा गिरफ्तार हुनुभएका शिवराज न्यौपाने, चन्द्रकला र अरू किसान साथीहरू लगायत फौजदारी मुद्दामा फसाइएका सम्पूर्ण राजबन्दीहरूको विनाशर्त र निष्पक्ष रिहाइ तुरुन्त हुनुपर्दछ ।

१०. प्रसिद्ध लेखक तथा राजनीतिज्ञ मोदनाथ "प्रश्रित" प्रति गरिएको अमानवीय यातनाको विरोध गर्दै यो सम्मेलन उहाँको रिहाइको माग गर्दछ । २०३७ असोजमा रूपन्देहीको छपियामा प्रस्तुत हुन लागेको साँस्कृतिक कार्यक्रममा सरकारी हस्तक्षेपद्वारा घटेको घटनाको सिलसिलामा पक्राउ पर्नु भएका र हाल भैरहवा जेलमा राखिनु भएका श्री अमर जी.सी.लाई तुरुन्त रिहाई गरिनुपर्दछ ।

११. देशव्यापी रूपमा बढ्दै गइरहेको भ्रष्टाचार, वन विनाश, कालो बजारी, गुण्डागर्दी, असुरक्षा र बलात्कारका घटना तथा यस्ता घटनाहरू रोक्नमा देखिएको सरकारी असक्षमताप्रति यो सम्मेलन खेद प्रकट गर्दछ । देशमा यस्ता घटनाहरू घटन नदिने, आम जनताको सुरक्षा व्यवस्था गर्न तथा गुण्डा र बलात्कारीहरू नियन्त्रण गर्न र पुलिस ज्यादतीमा नियन्त्रण गर्न तुरुन्त ठोस कदम चालिनुपर्दछ ।

१२. लुम्बिनी अञ्चलमा ठोस समस्याको रूपमा रहेका सुकुम्बासी समस्यालाई तत्काल सुल्झाइनुपर्दछ । सुकुम्बासीमाथि भइरहेको दमन र उत्पीडनको यो सम्मेलन घोर भ्रत्सना गर्दछ र जग्गा आवाद गरेर बसेका वास्तविक सुकुम्बासीहरूलाई तत्काल लालपूर्जा दिइनुपर्दछ ।

१३. नेपालमा विभिन्न जाति र भाषाभाषीहरू छन् । धेरै जातको फूलबारी मानिने नेपालमा सबै फूलहरूले फूल्ने मौका भने पाउन सकेका छैनन् । कतिपय जातिका भाषा र लिपि लोप भइसकेका छन् भने कतिका हुँदैछन् । कतिपय भाषाको प्रगतिमार्ग अवरुद्ध गरिएको छ । यसरी देशका भाषा र संस्कृतिहरू लोप हुँदै जानु हानिकारक कुरा हो सरकार यस्तो हानिकारक कुरालाई हटाउनेतर्फ पाइला चाल्नुसट्टा साम्प्रदायिक विचार फैलाउने र जातीय दङ्गा गराउने षडयन्त्र रच्दैछ र साम्प्रदायिक तत्वहरूलाई खुला छुट दिइरहेछ । यस्तो षडयन्त्रको भण्डाफोर गर्दै हामी अघि बढ्नुपर्दछ । देशमा सबै जातिका जनताहरूले आफ्नो भाषाको प्रचार-प्रसार गर्ने स्वतन्त्रता पाउनुपर्दछ र कतैबाट पनि यसमा हस्तक्षेप हुनुहुँदैन । सबै जनताका संस्कृतिहरूको असल पक्षको उचित संरक्षण हुनुपर्दछ । देशका विभिन्न भाषालाई दबाउने र तिनको अवहेलना गर्ने सरकारी नीतिमा तत्काल परिवर्तन गरिनु पर्दछ र सबैलाई समान अधिकार दिइनुपर्दछ । महिलाहरूलाई छाडा तरिकाले विज्ञापनको

साधनका रूपमा प्रस्तुत गर्ने अनेकौं अश्लील पत्र-पत्रिका र पुस्तकहरूलाई खुला छुट दिने र छाडा संस्कृतिको प्रचार-प्रसार गर्ने जस्ता जनविरोधी कामहरूमा तुरुन्त रोक लगाउनुपर्दछ।

१४. २०३२ को प्रेस कानुन, २०३४ को आचारसंहिता, २०३७ को प्रकाशन सम्वन्धी अध्यादेश र अरू सम्पूर्ण काला कानुनहरू तुरुन्त खारेज गरिनुपर्दछ र सम्पूर्ण जनताले निर्वाध रूपमा वाक तथा प्रकाशन स्वतन्त्रताको उपभोग गर्न पाउनुपर्दछ।

१५. सम्पूर्ण साहित्यिक पत्रिकाहरूलाई सरकारको तर्फबाट प्रकाशनको सहयोगार्थ विज्ञापनको व्यवस्था गरिनुपर्दछ र प्रकाशित सबै साहित्यिक पत्र-पत्रिकाहरू अनिवार्य रूपमा निश्चितप्रति सरकारले खरिद गर्नुपर्दछ। यसैगरी साप्ताहिक दैनिक पत्रिकाहरूलाई सूचना विभागबाट दिइने विज्ञापनको रकम कम भएकाले त्यसलाई वढाइनुपर्दछ। समाचारपत्र साहित्यिक पत्र-पत्रिकाहरू र पुस्तकहरू सरकारले खरीद गरी देशभरीका सबै पुस्तकालय र वाचनालायहरूमा पठाइनुपर्दछ।

१६. पाक्षिक, साप्ताहिक र दैनिक पत्रिका दर्ता गर्नमा लगाइएको रोक तुरुन्त हटाउनुपर्दछ।

१७. आज सम्पूर्ण विश्व नै दुई अतिमहाशक्ति राष्ट्रको शोषण र उत्पीडनमा परेको छ। अफ्रिकाका जङ्गलदेखि लिएर अरबका मरुभूमि र नेपालका हिमाली पाखाहरूसमेत दुई महाशक्ति विरोधी हुङ्गारले थर्किएको छ। दुई अतिमहाशक्तिको विरुद्ध संसार भरिकै जनताहरू डटिरहेछन्। आज एलसाल्भाडोरमा त्यहाँका जनताहरू अमेरिकी साम्राज्यवाद र तिनका पिछलग्गुहरूको विरुद्ध जीवन-मरणको युद्ध लडिरहेका छन्। देशलाई साम्राज्यवादीहरूको पञ्जा र शोषण, दमनबाट मुक्त पार्ने सपना बोकेर लडिरहेका त्यहाँका योद्धाहरूप्रति न्यानो अभिवादन व्यक्त गर्दै यो सम्मेलन उनीहरूको सङ्घर्षप्रति हार्दिक समर्थन व्यक्त गर्दछ र तत्काल अमेरिकी साम्राज्यवादले त्यहाँ आफ्नो हस्तक्षेप र घुसपैठलाई रोकोस् भन्ने माग गर्दछ। यसैगरी निकारागुवामा भइरहेको हस्तक्षेपको पनि यो सम्मेलन दृढ विरोध गर्दछ।

१८. प्यालेष्टिनी जनताहरूको स्वतन्त्र राष्ट्र निर्माण गर्ने चाहनालाई सैनिक बुटले कुल्चेर र उनीहरूको भू-भाग कब्जा गरेर प्यालेष्टिनी जनताहरूलाई देश विहीन मानिसहरू बनाउने इजरायली विस्तारवाद र इजरायलको विस्तारवादी भूमिकालाई सहयोग पुऱ्याउने अमेरिकी साम्राज्यवादको यो सम्मेलन घोर भत्सर्ना गर्दछ। प्यालेष्टिनी जनताहरूको सङ्घर्षप्रति यो सम्मेलन हार्दिक समर्थन र ऐक्यबद्धता प्रकट गर्दछ।

१९.दुई कोरिया कायम गर्ने अमेरिकी साम्राज्यवादी नीतिको भत्सना गर्दै तत्काल दक्षिण कोरियाबाट सम्पूर्ण अमेरिकी सेना फिर्ता गरिनुपर्दछ र शान्तिपूर्ण तरिकाले बाहिरी हस्तक्षेपविना कोरियाको एकीकरण हुन दिइनुपर्दछ। यस सम्वन्धमा प्रजातान्त्रिक जनगणतन्त्र कोरिया (उत्तर कोरिया) ले राखेका प्रस्तावको यो सम्मेलन हार्दिक समर्थन गर्दछ। यसैगरी छिमेकी मित्र देश चीनको अभिन्न अङ्ग ताइवानलाई हतियार दिने र त्यसलाई एकीकरण गर्न नदिने षडयन्त्र गर्ने अमेरिकी साम्राज्यवादको यो सम्मेलन घोर भर्त्सना गर्दछ।

२०.साम्राज्यवादको आक्रमण र हस्तक्षेप भुनि रक्तरञ्जित अफगानिस्तानको

दुर्दशा आज सम्पूर्ण विश्वले देखेको छ । हामी अफगानी स्वतन्त्रता सेनानीहरूको दृढ समर्थन गर्दछौं । विश्व जनमतलाई लत्याएर अझै पनि रुसी आक्रमणकारीहरू अफगानिस्तानबाट फर्केका छैनन् । तत्काल सम्पूर्ण रुसी सेना त्यहाँबाट हटाइनुपर्दछ र आफ्नो देशको मामला आफैं सुल्झाउने अधिकार अफगानी जनतालाई नै सुम्पनुपर्ने कुराको यो सम्मेलन जोडदार माग गर्दछ ।

२१. यो सम्मेलन जनवादी कम्पुचियाप्रति हार्दिक र न्यानो समर्थन प्रकट गर्दछ र कम्पुचियामा रहेका लाखौं आक्रमणकारी भियतनामी सेना तत्काल फिर्ता गर्न जोडदार माग गर्दछ साथै भियतनामको प्रभुत्ववादी नीतिको भ्रत्सना गर्दछ ।

२२. दक्षिण अफ्रिकाको रङ्गभेद नीतिको विरोध गर्दै नामिबियाका योद्धाहरूप्रति यो सम्मेलन उत्साहकासाथ न्यानो अभिवादन प्रकट गर्दछ । दक्षिण अफ्रिकाको समर्थन गर्ने सम्पूर्ण साम्राज्यवादीहरूको यो सम्मेलन र नामिवियाली जनताको सफलताको कामना व्यक्त गर्दछ, साथै यो सम्मेलन संसार भरिकै मुक्तिकामी र न्यायप्रेमी जनताहरूको विजयप्रति हार्दिक विश्वास व्यक्त गर्दछ र उनीहरूको सफलताको कामना गर्दै उनीहरूप्रति ऐक्यबद्धता प्रकट गर्दछ ।"

लुम्बिनीका अन्य दुई जिल्लाहरूमा पनि सम्मेलन भएको पाइन्छ । रूपन्देहीको साँस्कृतिक जागरणमा २०२४ मा गठन भएको रेलिमै साँस्कृतिक मण्डल विशेष उल्लेखनीय रहेको छ । यसका संस्थापकहरूमा जीवराज आश्रित, बुद्धिबहादुर थकाली, रामप्रसाद प्रदीप र तारेन्द्र माण्डव्य रहेको भए पनि पछि यसमा मोदनाथ प्रश्रित संलग्न हुन पुगे । त्यसपछि साँस्कृतिक गतिविधि तीब्र बन्दै गयो । 'पचास रुपियाँको तमसुक' नामक चर्चित नाटक रेलिमैको उत्पादन बनेर अगाडि आयो । यसका स्रष्टामा बुद्धिबहादुर थकाली, जीवराज आश्रित, रामप्रसाद, प्रदीप र मोदनाथ प्रश्रित संयुक्त रूपमा रहेका थिए ।

पाल्पा जिल्ला सम्मेलन २०३९ असोज २९ र ३० गते अर्गलीमा भएको थियो । प्रहरी हस्तक्षेपका कारण भोलिपल्टको बन्द शेसनपछि गरिने भनेको साहित्यिक-साँस्कृतिक कार्यक्रम आशाअनुरूप गर्न पाइएन । तैपनि सम्मेलनले पन्द्र सदस्यीय जिल्ला समिति गठन गऱ्यो र त्यसले **'कलम'**(२०४०) पत्रिका प्रकाशित गऱ्यो ।

७.५ प्रलेक सङ्घद्वारा युद्धप्रसाद मिश्रको अभिनन्दन

प्रगतिशील लेखक सङ्घले यस धारका प्रतिभाहरूको विकासका निम्ति, प्रगतिवादी लेखनको विस्तारका निम्ति र सिंगो देशकै संस्कृतिलाई समुन्नत, वैज्ञानिक र समतामूलक बनाउनका लागि आफूलाई सक्रिय राख्दै आएको देखिन्छ । प्रतिभाको पहिचान गर्ने गराउने र राष्ट्रिय प्रतिभाहरूमध्ये विशेष गरी प्रगतिशील एवम् प्रगतिवादी व्यक्तित्वको सम्मान गर्ने काम पनि गर्दै आएको छ । सुरुमा हृदयचन्द्रसिंह प्रधान, गोपालप्रसाद रिमाल र लक्ष्मीप्रसाद देवकोटा जस्ता प्रगतिशील कवि स्रष्टाहरूको र पछि गोकुल जोशी, युद्धप्रसाद मिश्र, पारिजात, श्यामप्रसाद एवम् गोविन्द भट्ट जस्ता प्रगतिवादी स्रष्टाको पनि विभिन्न रूपले सम्मान गर्दै आएको छ । यही श्रृङ्खलामा प्रलेक सङ्घको पुनर्गठन पछि यसको रासतसद्वारा २०४१ साल भदौ २३ गते शनिवार

काठमाडौंको रत्नराज्य क्याम्पसमा वयोवृद्ध कवि युद्धप्रसाद मिश्रको भव्य अभिनन्दन समारोहको आयोजना गरियो । कवि सिद्धचरणलाई प्रमुख अतिथि बनाइएको सो अभिनन्दन समारोहको सभापतित्व केदारमान व्यथितले गरेका थिए । सत्तहत्तर वर्षीय मिश्रको व्यक्तित्व र कवित्वका सम्बन्धमा डा. वासुदेव त्रिपाठी, आनन्ददेव भट्ट, घनश्याम कँडेल, पारिजात, रघुपन्त, दुर्गालाल श्रेष्ठ, अच्यूतरमण अधिकारी र पशुपति तिमल्सिनाले विभिन्न पक्षमा बोलेका थिए । नयाँ युगका स्वप्नदर्शी कवि मिश्रको यस अभिनन्दन प्रलेक सङ्घले गरेका विभिन्न आयोजनामध्ये सर्वाधिक चर्चित र प्रशंसित कार्य बनेको थियो । तर पनि सिद्धिचरणको प्रमुख आतिथ्य र व्यथितको सभापतित्वका सम्बन्धमा नकारात्मक टिप्पणी पनि सुन्नमा आएको थियो । खासगरी व्यथित र सिद्धिचरण दुवैले प्रगतिशील भावधारा त्यागेर सामन्तवादको चाकरीमा आफूलाई लगाएको हुँदा मिश्र जस्तो कहिल्यै शिर नझुकाएको व्यक्तित्वलाई सम्मान गर्दा उनीहरूलाई अतिथि र सभापति नबनाएको भए हुन्थ्यो भन्ने धारणा केही लेखकहरूमा रहेको थियो । सिद्धिचरण श्रेष्ठ राजसभा स्थायी समितिका सदस्य पनि रहेका थिए र व्यथित दमनकारी पञ्चायतको गृहमन्त्री बनिसकेका थिए ।

यस विषयलाई लिएर प्रदीप नेपाल(सञ्जय थापा) ले विजय जोशीका नामबाट त्यतिखेरै टिप्पणी गरे । मिश्रको अभिनन्दन गरिनु राम्रो काम हुँदाहुँदै पनि आयोजना ठीक भएन भन्ने भनाइ उनको थियो । उनले भने- "प्रलेक सङ्घ सामाजिक न्यायको पक्षमा दृढतापूर्वक सङ्घर्षरत लेखक कलाकारहरूको सङ्घ हो । त्यस्तो जिम्मेवार संस्थाबाट पनि अभिनन्दन समारोह जसरी आयोजना गरिनुपर्दथ्यो सो हुन सकेन । । त्यसले निकै ठूलो त्रुटी गऱ्यो ।[१२०] एकजना जनवादी कविको अभिनन्दन गर्दा मञ्चका अथिति र सभापतिको रूपमा त्यस्ता व्यक्तिलाई उभ्याइयो जो मूलत प्रगतिशील एवम् जनवादी साहित्यिक आन्दोलनसँग सम्बन्ध राख्तैनन् । नेपालको जनवादी आन्दोलनमा कुनै ठोस योगदान दिएका छैनन् बरु यसको उल्टा आफ्ना प्रतिगामी रचनाको कारणले नेवाः भाषाको साहित्यिक आन्दोलनबाट बहिष्कृत गरिएका छन् । त्यस्ता व्यक्ति प्रगतिशील साहित्यिक समारोहमा कसरी प्रमुख बन्न सके ?"...सभापति बनेका ती व्यक्ति हुन् जसले पहिले कहिल्यै प्रगतिशील जनवादी साहित्यसँग सम्बन्ध राखेनन् । आफू एकेडेमीमा रहँदा शिरदेखि पैतालासम्मको बलबुद्धिले प्रगतिशील आन्दोलनको विरोध गरे । अझै थप भन्नुपर्दा २०३६ को जनआन्दोलन अघिका गृहमन्त्री हुन् । यस अर्थमा उनी जनताका सम अपराधीको हैसियतले उभिनुपर्ने स्थिति विद्यमान छँदैछ र आफ्नो कालो विगतप्रति उनले पछुतो गरेको पनि हामीलाई थाहा छैन । निश्चय नै प्रलेक सङ्घको यो काम दुखदायी मान्नुपर्दछ र कुनै विशिष्ठ खालको बाध्यता बिना नै सङ्घले त्यस्तो काम गरेको भए त्यसलाई गलत भनेर आलोचनासमेत गर्नुपर्दछ ।[१२१]

कवि युद्धप्रसाद मिश्र जनताको श्रम र पसिनाका गायक थिए । उनी प्रकृतिवादी,

---

१२०. छलफल साप्ताहिक वर्ष ३ अङ्क ३ अङ्क ७, मंसीर ८, २०४१ ।

१२१. छलफल ऐ.ऐ. विजय जोशीको लेख ।

रोमान्टिक, सामाजिक यथार्थवादी, आलोचनात्मक यथार्थवादी, प्रगतिशील तथा प्रगतिवादसम्मको सृजन यात्रा गर्ने प्रखर प्रतिभा थिए । उनको वर्गप्रतिबद्धता एकैपल्ट बनेको थिएन । निरङ्कुसता, काङ्ग्रेसी सर्वसत्तावाद र पञ्चायती दमनतन्त्रका बिरुद्धमा जुद्धै निर्माण भएको थियो । परन्तु उक्त अभिनन्दन कार्यको प्रशंसा गर्नेहरू पनि प्रसस्तै रहे । प्रगतिशील लेखक कलाकार सङ्घले गरेका केही महत्वपूर्ण कार्यक्रमहरूमध्ये यो सर्वाधिक महत्व र दूरगामी प्रभाव राख्ने कार्यक्रम हो ।[१२२] साहित्यकारहरूको जीवित अवस्थामा नै सम्मान गर्ने परम्परा राम्रो हो ।[१२३] प्रगतिवादी नेपाली साहित्यमा निकै ठूलो योगदान प्रदान गरिसकेका कवि मिश्रको प्रतिबद्धता सम्पूर्ण साहित्यकर्मीहरूका लागि अनुकरणीय हुन पुगेको छ र हामीले मिश्रबाट अवश्य नै सिक्नुपर्छ ।[१२४] यसरी विचार व्यक्त गर्नेहरू पनि देखा परे । यसरी नै जीवनको उत्तरार्धमा उभिएका बयोबृद्ध कविका सम्मानमा प्रलेक सङ्घबाट भाद्र २३ गते जुन भव्य अभिनन्दन समारोहको आयोजना गरियो अवशय पनि प्रशंसायोग्य काम सङ्घबाट भयो ।[१२५] जनताले आफ्ना कवि लेखक कलाकारहरूलाई सम्मान गर्न जान्दछ र जनस्तरबाट त्यस्ता कवि कलाकार सम्मानित हुन्छन् भन्ने कुराको प्रत्यक्ष प्रमाण आज कविवर युद्धप्रसाद मिश्रको अभिनन्दन समारोहले देखाएको छ ।[१२६] समारोहमा पारिजातले आफू युद्धप्रसाद मिश्रबाट प्रभावित भएको बताउँदै उनको अभिनन्दन समारोह नेपाली प्रगतिशील साहित्यको एउटा समसामयिक कदम हो भन्ने मन्तव्य व्यक्त गरिन् । कवि मिश्र स्वयंले प्रत्युत्तर मन्तव्य व्यक्त गर्दै आफ्नो साहित्य यात्रा र मान्यताका बारेमा अभिव्यक्ति दिंदै भने- "मैले आफ्नो कविता यात्राको पछिल्लो बिसाउनीमा आईपुग्दा जनताको श्रम, सपना र सङ्घर्षको महानतालाई राम्ररी अनुभव गर्न पाएँ र मलाई लाग्न थाल्यो जन आकांक्षाको स्पन्दन नभएको कविता कविता होइन, त्यो त शब्दहरूको थुप्रो मात्र हो । आफ्नो लेखनीमा आज म जब दलित-पीडितहरूको आहत, स्वाभीमान र सपनालाई व्यक्त गर्न भनेर तम्सन्छु त्यसबेला म आफूलाई मानव समाजको उत्थानका लागि अझै केही गर्न समर्थ भएको अनुभव गर्दछु ।"

समता, भातृत्व, प्रगति र शान्तिका चहकीला नयाँ-नयाँ पाइलाहरू मानव जीवन र यस संसारको फराकिलो छातीमा अझ टड्कारो भएर देखापरेका छन् र पर्दै जानेछन् । हाम्रो साहित्यको काम तिनै नयाँ युग, नयाँ स्वप्नका निर्माताहरूको महान् श्रमको गुणगान गाउनु र तिनीहरूका अमर भावनालाई वाणी प्रदान गर्नु हो ।" मिश्रले अझै भने- "प्रकृतिका सुन्दर दृष्यहरूको गायक म आज प्रकृतिलाई पनि आफ्नो क्षमताले झुकाउन सक्ने महान् धर्ती पुत्रहरूका अदम्य शक्ति र तिनका सपनाहरूको गायक बनेको छु । मानवका तिनै श्रमिक पुत्र हुन्- जसले आज संसारलाई यति सुन्दर

---

१२२. युगधारा साप्ताहिक १ असोज २०४१ ।

१२३. सांगीला साहित्यिक पत्रिका, पूर्णाङ्क १०, २०४१

१२४. लहर साहित्यिक पत्रिका, पूर्णाङ्क १०, २०४१ ।

१२५. वेदना साहित्यिक पत्रिका पूर्णाङ्क २९, २०४१ ।

१२६. घनश्याम कंडेल, नेपालीका श्रेष्ठकवि श्रृङ्खला, मिश्र विशेषाङ्क पूर्णाङ्क १३ पेज २९ ।

बनाएका छन् । म तिनै दृढ श्रमिकहरूका महान् सपनाहरूको उपासक भएको छु । मानव जीवनको प्रत्येक क्षेत्रमा समता, प्रगति र शान्तिका सुन्दर फूलहरू फुलाउनु र त्यसका लागि प्रयत्न गर्नु मानवको परम कर्तव्य हो । यस कर्तव्यलाई हामीले पूरा गर्नुपर्दछ । यही कर्तव्यले घच्घच्याएर होला मैले आफ्नो कविता यात्रामा पहिलेका कैयौं भ्रामक विचारहरूलाई छाड्दै जनताको नजिक हुनुपर्ने र तिनका भावना तथा आकाङ्क्षालाई बुझ्दै तिनलाई अभिव्यक्ति दिनुपर्ने कुरालाई समात्न सकेको ।"

मिश्रको दृष्टिमा आज हाम्रो साहित्यले तिनै कोटी कोटी पीडितका भग्नस्वप्नहरूलाई सजाउनुपर्छ तिनलाई मूर्तरूप दिने प्रयत्नमा मद्दत पुऱ्याउनुपर्दछ ।[१२७]

७.६ प्रलेकसङ्घको प्रथम राष्ट्रिय सम्मेलन अघि र पछिका गोष्ठीहरू

प्रलेसको दोस्रो पुनर्गठन २०३६ पछि गठित प्रलेकसङ्घद्वारा आयोजना गरिएको पहिलो गोष्ठी सम्भवत २०३७ साल आश्विन ९ गतेको ९९ औं ल्युसुन जयन्ती थियो । यसमा सङ्घले ल्युसुनसम्बन्धी रचना पाठ, प्रवचन र सान्दर्भिक गीतहरू समावेश गऱ्यो । अमृत साइन्स क्याम्पस लैनचौरमा सम्पन्न सो कार्यक्रमको सभापतित्व गोविन्द भट्टद्वारा भएको थियो । प्रमुख अतिथि पारिजात रहेकी थिइन् । अन्य प्रगतिशील लेखकहरूमा शक्ति लम्साल, कुन्ता शर्मा, रामकृष्ण दुवाल, रामेश श्रेष्ठ, रघुपन्त, सुन्दर जोशी, विष्णु प्रभात, मेघराज मञ्जुल आदि सम्मिलित थिए ।सो कार्यक्रम निकै भव्य रहेको थियो । पछि २०३८ सालमा पनि ल्युसुन जन्म शताब्दीका अवसरमा विभिन्न कार्यक्रम भए । सङ्कल्प पत्रिकाले त ल्युसुन विशेषाङ्क नै प्रकाशित गऱ्यो ।

सङ्गठनात्मक सक्रियता भने आशा अनुरूप थिएन । ०३८ जेठतिर खगेन्द्र सङ्ग्रौला, मेघराज मञ्जुल जस्ता प्रगतिशील लेखकहरू थुनामा परेको बेला उनीहरूको रिहाइका निम्ति आवाज उठाउँदै प्रलेक सङ्घले एउटा पर्चा प्रकाशित गऱ्यो । 'न्यायको आवाजलाई गुञ्जाउँदै सङ्घर्षलाई अघि बढाऊँ !' शीर्षकमा प्रकाशित उक्त पर्चाले राजनैतिक विषयका साथै साँस्कृतिक फाँटका समस्या सुल्झाउन सम्पूर्ण प्रगतिशील जनवादी तथा देशभक्त लेखक कलाकारलाई एकताबद्ध भइ सङ्घर्षमा अघि बढ्ने आव्हान गरेको छ ।[१२८]

यसपछिको केही समय केन्द्रीय स्तरमा अलि निस्क्रियता देखा पऱ्यो । सम्भवत दमनका कारण त्यसो भयो । यस कुराको पुष्टि एक वर्षसम्म अर्थात् २०३८ जेठ पछि २०३९ वैशाखसम्म राष्ट्रिय तयारी समितिको बैठक नै बस्न नसकेको तथ्यले स्पष्ट पार्दछ । जेठ २४ को बैठकद्वारा पर्चा प्रकाशित गर्ने निर्णय भएको थियो र तदनुरूप माथि उल्लेखित पर्चा निकालिएको थियो । त्यही बैठकले प्रलेक नामक बुलेटिन पत्रिका प्रकाशित गर्ने निर्णय लिएको थियो, जो २०३८ भाद्रमा प्रकाशित भयो । त्यसपछि एकैचोटी ०३८ वैसाख १८ गते शनिवार बसेको बैठकमा पनि प्रलेसका आफ्ना साहित्यिक साँस्कृतिक विषयवस्तुमा भन्दा बढी समकालीन वाम राजनीतिको विवाद उछालियो । त्यस बैठकले गोकुल जोशीको जयन्ती मनाउने

---

१२७. युद्धप्रसाद मिश्र, जनतका सपनाको अभिनन्दन श्रृङ्खलापत्रिका वर्ष ७ पूर्णाङ्क १३, २०४१- पृ. ४२-४३ ।

१२८. प्रलेस रासतसको मुखपत्र अङ्क १ भाद्र २०३८ पृ. २३ ।

निर्णयसम्म गरेको थियो । त्यतिखेरको वाम राजनीतिको एउटा जल्दोबल्दो प्रश्न नै चीनलाई समाजवादी मान्ने र नमान्ने पक्ष बीचमा केन्द्रित भएर देखापरेको थियो । वामपन्थीहरूबीचको फाटो र प्रलेसको संयुक्त मोर्चा शैलीका कारण त्यसबारे आ-आफ्ना धारणा जेसुकै भएपनि प्रलेसबाट यो अथवा त्यो पक्षमा विवाद नगर्ने गरी मूल प्रस्ताव पारित गरिएको थियो । १८ वैसाख २०३९ को उक्त बैठकको निर्णय नं. १ मा भनिएको छ-

"नेपालको वर्तमान अवस्थालाई ध्यानमा राख्दा 'चीनमा प्रतिक्रान्ति भयो' भन्ने एकथरी धारणा देखिएको छ भने अर्कोतिर चीन पूर्ण रूपमा समाजवादी छ भन्ने धारणा पनि देखिएको छ र अर्को एकथरी धारणा 'चीनमा भएका परिवर्तनहरूलाई अध्ययन गर्नुपर्छ' भन्ने पनि देखिएको छ । चीनलाई समाजवादी मान्ने वा पूँजीवादी मान्ने सवाल प्रलेक सङ्घले समाधान गर्न नसक्ने र यो सङ्गठन खास गरेर साम्राज्यवाद तथा सामन्तवाद विरोधी सङ्गठन भएकाले र अपिलमा उल्लेख गरिएका धारणाहरूलाई अध्ययन गर्दा पनि चीन नेपाल राष्ट्रको मित्र शक्ति देखिएकाले र हाम्रो परिस्थितिको मूल्याङ्कन गर्दा पनि चीनलाई नेपालको छिमेकी मित्र राष्ट्र मान्ने र चीनमा प्रति क्रान्ति भयो वा चीनमा समाजवाद नै छ भन्ने जस्ता विषयमा विवाद नगर्ने र आ-आफ्नो मञ्चमा आ-आफ्ना धारणा राख्न सबै सदस्यहरूलाई छुट दिने । चीनको विषयमा सङ्घभित्र अनावश्यक विवाद नचलाउने ।"

यसरी संस्थामा विवाद बढ्दै गएको भए पनि त्यसमा सम्लग्न घटक समूहका समर्थक लेखकहरू संयमतापूर्वक अघि बढ्दै गए ।

२०३९ जेठ १४ गते भक्तपुरमा ५३ औं गोकुल जयन्ती मनाइयो । प्रलेक सङ्घको आयोजनामा सम्पन्न त्यस कार्यक्रममा केवलपुरे किसान, भवानी घिमिरे, खगेन्द्र सङ्गौला, शान्तदास मानन्धर, भागिरथी श्रेष्ठ, विक्रम सुब्बा लगायतका साहित्यकार कविहरू सहभागी रहेका थिए । कार्यक्रमको सभापतित्व जनकप्रसाद हुमागाईले गरेका थिए ।[१२९] २०३९ मै प्रलेक सङ्घ मोरङ्गले १०१ औं ल्युसुन जयन्ती कार्यक्रम लव प्रधानको सभापतित्वमा सम्पन्न गऱ्यो ।[१३०] यसरी नै २०४१ मा पनि प्रलेसले काठमाडौंमा ल्युसुनको १०३ औं जयन्ती मनायो । त्यसक्रममा कवि गोष्ठी, चित्र प्रदर्शनी, विचार-मन्थन कार्यक्रम गऱ्यो ।

यसपछि चेखबको १२५ औं जयन्ती २०४१ फागुन ५ गते मनाइएको पाइन्छ । प्रलेकको आयोजनामा भएको सो कार्यक्रममा गोविन्द भट्ट, दयाराम श्रेष्ठ संभव र शान्तदासले बोलेका थिए । कार्यक्रमको सभापतित्व रमेश विकलले गरेका थिए । २०४२ मा पारिजातको निवासमा आश्विन १९ गते ल्युसुनको १०४ औं जयन्ती मनाइएको पाइन्छ । उक्त जयन्ती कविता गोष्ठीका रूपमा सम्पन्न भएको थियो ।

प्रलेसको प्रथम सम्मेलनपछि गरिएको पहिलो गोष्ठी २०४५ साल वैशाख

---

१२९. प्रकाश साप्ताहिक सम्पादक जागृत भेटवाल, वर्ष १ अङ्क २९ जेठ २२, २०३९ ।

१३०. छलफल साप्ताहिक सम्पादक गोपाल थपलिया, वर्ष १ अङ्क १ २०३९

१८ गते आयोजित "कवि केवलपुरे किसान: व्यक्तित्व र कृतित्व एक परिचर्चा" विषयक थियो । रमेश विकलको अध्यक्षतामा भएको उक्त गोष्ठीमा प्रलेसका तत्कालीन सचिव खग्रेन्द्र सङ्गौलाले कार्यक्रम सञ्चालन गरेका थिए र त्यस परिचर्चामा किसानको साहित्यिक योगदानवारे प्रलेसका महासचिव मोदनाथ प्रश्रित, उपाध्यक्ष शक्ति लम्साल र केन्द्रीय समितिका सदस्य आनन्ददेव भट्ट एवम् जनकप्रसाद हुमागाईले बोलेका थिए । केवलपुरे किसानको सम्मानमा प्रलेसद्वारा प्रदान गरिएको उपहार-हँसिया र कोदाली प्रलेसका तत्कालीन अध्यक्ष रमेश विकलद्वारा प्रदान गरिएको थियो ।

त्यसपछि २०४५ सालकै असार १८ मा समाजवादी यथार्थवाद बारे विचार-मन्थन आयोजना गरियो । प्रलेसका कोषाध्यक्ष निनु चापागाईं र पार्षद् ऋषि भुसालद्वारा कार्यपत्र प्रस्तुत गरिएको परिचर्चा गोष्ठीमा आनन्ददेव भट्ट र अरूणा उप्रेतीले टिप्पणी गरेका थिए ।[१३०] गोष्ठीको सञ्चालन महासचिव मोदनाथ प्रश्रितद्वारा र सभापतित्व पार्षद गङ्गाप्रसाद उप्रेतीद्वारा गरिएको थियो । साउनमा बालसाहित्यबारे एक गोष्ठी सम्पन्न भयो । २०४५ साउन २२ गते पद्मोदय मावि पुतलीसडकमा आयोजित सो कार्यक्रममा कृष्णप्रसाद पराजुली, शान्तदास मानन्धर, आनन्ददेव भट्ट र रमेश विकलद्वारा चारवटा कार्यपत्रहरू प्रस्तुत भए । ती कार्यपत्रमाथि टिप्पणी गर्नेहरूमा शारदारमण नेपाल, निनु चापागाई, जनकप्रसाद हुमागाई र खगेन्द्र सङ्गौला थिए । कलाकार कुलमान सिंहको सभापतित्वमा भएको त्यस गोष्ठीलाई हरिगोविन्द लुईंटेलले सञ्चालन गरेका थिए । टिप्पणीकारहरूवाट कार्यपत्रप्रति टिप्पणी गर्दै भाषिक सरलता हुनुपर्ने, धर्म निरपेक्षतामा जोड दिनुपर्ने, भाग्यवादी होइन उद्यमी बनाउन र श्रमप्रति आस्था जगाउँदै वर्ग सचेत बनाउन सघाउने रचनाको खाँचो औंल्याइयो ।[१३१]

त्यसैगरी २०४५ असौजमा ल्युसुन जयन्तीको अवसर पारेर विशेष परिचर्चा गोष्ठी सम्पन्न भयो । चावहिलमा आयोजित एक सय सातौं ल्युसुन जयन्तीमा प्रलेसका उपाध्यक्ष शक्ति लम्सालले सभापतित्व गरेका थिए भने मोदनाथ प्रश्रितले कार्यक्रम सञ्चालन गरेका थिए । सो कार्यक्रममा शान्तदास र रूद्र खरेलले मन्तव्य व्यक्त गरेका थिए र अन्य कविहरूले कविता वाचन गरेका थिए ।[१३२]

प्रलेसद्वारा आयोजित एवम् अलि वढी नै चर्चामा आएको गोष्ठीमा २०४६ मंसीर २६ गते सम्पन्न- "नेपाल भारत सम्वन्धको गतिरोधका स्थितिमा लेखकहरूको दायित्व" विषयक विचार-मन्थन कार्यक्रम रहेको थियो । उक्त कार्यक्रममा प्रगतिशील एवम् प्रगतिवादी धाराका लेखक मात्र सहभागी नभै प्रतिध्रुवमा रहेका लेखकहरू पनि सहभागी रहेका थिए । प्रलेसका महासचिव मोदनाथ प्रश्रितले स्वागत मन्तव्य व्यक्त गरेको सो कार्यक्रममा केदारमान व्यथित, कृष्णचन्द्रसिंह प्रधान, किशोर कुँवर लगायत राजेन्द्र सुवेदी, अरूणा उप्रेती, शान्तदास मानन्धर, माणिकलाल क्षेष्ठ, आनन्ददेव भट्ट

---

१३१. झिसमिसे, सम्पादक रघुपन्त, वर्ष ११ अङ्क ३३, वैसाख-असार २०४५ ।

१३२. दृष्टि साप्ताहिक वर्ष ५ अङ्क ४३, २६ साउन २०४५ ।

आदिले विचार व्यक्त गरे । कार्यक्रमको सभापतित्व सङ्घका कार्यवाहक अध्यक्ष शक्ति लम्सालले गरेका थिए । मन्तव्यका क्रममा भारतद्वारा लगाइएको नाकाबन्दीबाट उत्पन्न परिवेशलाई राष्ट्रिय चुनौतिका रूपमा लिइनुपर्ने र त्यसको प्रतिरोध गर्न नागरिकहरूलाई प्रजातान्त्रिक वातावरण दिनुपर्ने विचार व्यक्त गरियो ।[१३३]

"नेपालमा भाषाहरूको स्थिति र प्रगतिवादी क्षेत्रले लिनुपर्ने भाषा नीति" भन्ने विषयमा २०४५ पुष २४ गते अर्को एउटा गोष्ठी आयोजना गरियो । प्रलेसद्वारा कीर्तिपुरमा आयोजित यस कार्यक्रमको सभापति शक्ति लम्साल र सञ्चालन जगदीशचन्द्र भण्डारी थिए । कार्यक्रममा मोदनाथ प्रश्रित, पद्मरत्न तुलाधर र शान्तदासले विषयवस्तुमाथि विचार व्यक्त गरेका थिए ।

२०४६ माघ १४ मा हृदयचन्द्रसिंह जयन्तीको अवसर पारेर व्यक्तित्व चर्चाको आयोजना गरियो । हृदयचन्द्रसिंह प्रधानको व्यक्तित्व र कृतित्वमाथि प्रकाश पार्दै राजेन्द्र सुवेदीले उनको जीवनीपक्ष, जगदीशचन्द्र भण्डारीले एकाङ्की बारे, नारायण ढकालले कृतिगत चर्चा र निनु चापागाईले समग्र पक्षमा विवेचना गरे । उपाध्यक्ष शक्ति लम्सालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको विचार-मन्थनको क्रम मोदनाथ प्रश्रितले सुरु गरेका थिए भने सञ्चालन खग्रेन्द्र सङ्ग्रौलाले गरेका थिए । अन्य वक्तामा हीरामणि शर्मा पौडेल, रूद्र खरेल, आनन्ददेव भट्ट, नन्दकुमार प्रसाई रहेका थिए । सिद्धार्थ वनस्थली स्कूलमा आयोजित उक्त कार्यक्रमले साहित्यकार डी.आर. पोखरेलको रिहाइका निम्ति प्रस्ताव पारित गरेको थियो ।

यसैबीच २५ भाद्र २०४५ का दिन पोखरामा ७१ औं रिमाल जयन्तीसम्बन्धी कार्यक्रमको आयोजना भयो । साहित्यकार रविलाल अधिकारीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा पूर्णप्रकाश नेपाल 'यात्री', बिष्णु प्रभात, घनश्याम ढकालले रिमालको लेखन प्रवृतिको चर्चा गरे । त्यस अवसरमा ढकालले रिमाललाई गद्यमा भन्दा पद्यमा प्रगतिशील रहेको चर्चा गरे भने प्रभातले रिमालको मूल्याङ्कन ऐतिहासिक सन्दर्भमा गरिनुपर्ने बताउँदै दिवङ्गत लेखक-साहित्यकारहरूको मूल्याङ्कन गर्दा स्रष्टाको आस्था र कृतिमा सम्बन्ध कायम गरिनुपर्ने विचार व्यक्त गरे ।

प्रलेसद्वारा आयोजित गोष्ठी र जयन्तीले जुनखाले सक्रियता देखाएको छ, त्यो अबिरल छैन, टुक्रिएको श्रृङ्खलामा पाइन्छ । खासगरी २०३९ पछिको सक्रियतातर्फ दृष्टिदिंदा एउटै उल्लेख्य कार्यक्रम कवि मिश्रको अभिनन्दनमा नै सन्तोष लिएसरह देखापर्दछ । प्रथम सम्मेलनअघिको निस्क्रियताका सम्बन्धमा टिप्पणी गर्दा तत्कालीन संयोजक रघु पन्त लेख्छन्- "राजनैतिक क्षेत्रका विवादहरू प्रलेसमा ल्याउने, परस्पर शङ्का र अविश्वासले हेर्ने, गुटबन्दी गर्ने र स-साना कुरामा पछि छिद्रान्वेषी दृष्टिकोण राखेर अनेकौं खिचोला तथा विवादहरू गर्ने प्रवृति नै प्रलेसको निस्क्रियता तथा मनोमालिन्यको मूल कारण थियो ।"[१३४] वास्तवमा त्यतिखेरको दमनकारी पञ्चायती प्रवृति र नेपाली काँग्रेसद्वारा बयालीसमा गरिएको सत्याग्रहको विफलतापछि अपनाइएको

---

१३३. दृष्टि साप्ताहिक वर्ष ५ अङ्क ५२, २६ साउन २०४५ ।

१३४. दृष्टि साप्ताहिक वर्ष ६ अङ्क २०४६ मंसीर २६ गते ।

नृशंस दमनले पनि केही मन्दता ल्याएको थियो । थुप्रै ठाउँका प्रगतिशील पुस्तक पसलहरूबाट पत्रपत्रिका, पुस्तक र गीति-चक्काहरू जफत गरिएका थिए । कतिपय लेखकहरूलाई शान्ति-सुरक्षा, राजकाज अपराध र सङ्घ संस्था ऐन लगाएर पक्राउ गरी थुनिएको थियो । लेखक सङ्घ भित्रैका अनावश्यक खिचोला र सामाजिक परिवेशको कठोर दमनबीच प्रलेस लगभग निस्क्रिय जस्तै बन्न पुग्यो । परन्तु स्थानीय रूपमा भने विभिन्न वामसमूहद्वारा प्रभावित भईकन प्रलेसका गोष्ठीहरू, जिल्ला सम्मेलन र मुखपत्रहरू प्रकाशन गर्ने काम चलिरहेको थियो । यसैक्रममा २०४० वैसाखमा पाल्पाबाट लुम्बिनी अञ्चलको बुलेटिनका रूपमा कलम र नवलपरासीबाट नयाँ कदम पत्रिका प्रकाशित भयो । ती दुई पत्रिकामध्ये कलमले पाल्पाको प्रथम जिल्ला सम्मेलन (२०३९ आश्वीन २९ र ३०) द्वारा पारित प्रतिवेदन तथा प्रस्तावहरू र नयाँ कदमले लुम्बिनी अञ्चल सम्मेलनको प्रतिवेदन तथा प्रस्तावहरू प्रकाशित गरेको छ ।[१३५]

७.७ प्रलेसको प्रथम राष्ट्रिय सम्मेलन (२०४४)

नेपाली काँग्रेसद्वारा आयोजना गरिएको सत्याग्रह आन्दोलनलाई सरकारी स्तरबाटसमेत षड्यन्त्रमूलक ढङ्गले सञ्चालित बमकाण्डद्वारा विफल पारिएपछि मुलुकमा निकै चर्को दमन भयो । थुप्रै निर्दोष नागरिक, बुद्धिजीवीहरूलाई समेत बमकाण्डमा फसाएर गुप्तहत्या गरी बेपत्ता पार्ने, जेल हाल्ने र सताउने काम भयो । प्रगतिशील शक्तिमाथि अत्यन्तै कडा निगरानी राखियो । काँग्रेस कम्युनिष्ट दुवै विचारका व्यक्तिहरू दमनमा परे । यसले गर्दा २०३६ को सङ्घर्षपछि देखापरेको केही खुकुलोपनको अन्त्य भयो । प्रेसमा छापा मार्ने, पूर्व प्रतिबन्ध (सेन्सरसीप) लागु गर्ने जस्ता कुकर्महरूले गर्दा प्रलेसको सक्रियता पनि मन्द भयो । त्यही समयमा संयोजक रघु पन्तलाई पक्रेर रसुवा जेल पठाइयो । फलस्वरूप राष्ट्रिय सम्मेलन तयारी समितिको सक्रियता अन्त्य जस्तै भयो । २०४२ सालपछिको यो स्थितिबाट पार पाउन २०४४ सालसम्म कुर्नु पऱ्यो । त्यस बीचमा यसका केही घटकहरूले तयारी समिति नै विघटन गर्ने र केहीले पुनर्गठन गर्ने प्रस्ताव पनि अघि सारे । परन्तु देशभरिका लेखक कलाकर्मीहरूको साझा भावना र चाहनाको फललस्वरूप राष्ट्रिय सम्मेलन तयारी समितिलाई सक्रिय पार्ने अभिप्रायले २०४४ जेठ ९ गते बालाजु म्हेपी स्थित पारिजातको निवासमा एउटा विशेष भेला डाकियो । शक्ति लम्सालको सभापतित्वमा सम्पन्न सो भेलामा पद्मरत्न तुलाधर, पारिजात, नारायण ढकाल, खगेन्द्र सङ्गौला, रामचन्द्र भट्टराई मञ्जुल, विमल निभा, मोहन श्रेष्ठ, सुवास श्रेष्ठ, विष्णु प्रभात जस्ता तयारी समितिका सदस्य लगायत अन्य सहभागी साहित्यकारहरूमा आनन्ददेव भट्ट, गङ्गाप्रसाद उप्रेती, जेवी टुहुरे, दिल शाहनी, कुन्ता शर्मा, मणि थापा, हुकुमबहादुर सिंह, विक्रम सुब्बा, अच्युत फुयाँल, स्नेह सायमी, राजेन्द्र अधिकारी, महेश मास्के, हिसिला यमी, जगदिशचन्द्र भण्डारी, हरिगोविन्द लुईटेल, देविका तिम्सिना, शार्दूल भट्टराई, खेम परिश्रमी, मुरारि अर्याल, नारायणकाजी श्रेष्ठ, अनिल पौडेल, पूर्ण विराम, लिखत पाण्डे, वासुदेव अधिकारी, रामहरि पौडेल, इस्माली आदि थिए । उनीहरूबीच भएको व्यापक छलफलबाट

---

१३५. दृष्टि साप्ताहिक वर्ष ६ अङ्क १०, पुष २०४५ पृ ३ ।

तीनवटा प्रस्तावहरू पारित भए ती प्रस्तावहरू थिए-

१. प्रलेकको वर्तमान राष्ट्रिय सम्मेलन तयारी समितिले यथाशीघ्र सम्मेलन डाक्ने निर्णय गरोस् ।

२. राष्ट्रिय सम्मेलन आयोजना सम्बन्धी निर्णय सुन्न जेठ २० गते दिउँसो १२ बजे पुनः भेला हुने ।

३. प्रलेक सङ्घ रासतसका संयोजक रघुपन्त, साहित्यकार मोदनाथ प्रश्रित, कृष्ण सेन इच्छुक, वाचस्पति देवकोटाको शीघ्र रिहाइ गरियोस् भनी सरकारसँग यो भेला जोडदार माग गर्दछ ।[१३६]

यस भेला पछि प्रलेसको सक्रियतामा वृद्धि भयो । साथसाथै प्रलेससम्बन्धी सोचका बारेमा पनि खुला बसह चल्न थाल्यो । जेठ ९ गतेको भेलापछि "प्रगतिशील लेखक कलाकारहरू सबै नै देश र जनताका लागि आफ्नो रचना-शिल्पको निर्माण गर्दछन् भने आपसमा विभाजित हुनुपर्ने कारण नै छैन" भन्दै मुक्तिबन्धु लेख्दछन्- "सङ्कीर्ण गुटबन्दीको मोहजाल तोडेर समान चासो र सक्रियतासाथ प्रगतिशील लेखक कलाकार सबैले यसलाई साझा घर सम्झेर निर्माण सम्भार गरेमा यसको भविष्य उज्वल छ ।....प्रलेकको नेतृत्व प्रलेककै उद्देश्यअनुरूप हुनुपर्दछ समूह गनेर मात्र हुँदैन ।"[१३७] वास्तवमा जेठ ९ को म्हेपी भेलाले प्रलेसको प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न गर्ने दिशामा नयाँ चहल-पहल वृद्धि गऱ्यो । यही गतिशीलताको प्रतिफलका रूपमा जेठ २० गते म्हेपीमैं अर्को भेला भयो । शक्ति लम्सालको अध्यक्षतामा जेठ २० गते बसेको सो भेलामा ५५ जना प्रगतिशील तथा प्रगतिवादी लेखकहरू जुटे । झण्डै पाँच घण्टा लामो उक्त भेलाले थप तीनवटा निर्णय गऱ्यो ।[१३८]

१. वर्तमान तयारी समितिका सदस्यमध्ये कतिपय आफ्ना व्यक्तिगत कारणले र कतिपय वर्तमान समितिले राष्ट्रिय सम्मेलन सम्पादन गर्न सक्दछ भन्ने कुरामा आत्मविश्वास नभएका कारणले तयारी समिति छाडेको हुँदा बाँकी रहेका सदस्यहरूलाई नै अब राष्ट्रिय सम्मेलन नहुञ्जेलसम्मका लागि मूल समिति मान्ने ।

२. वर्तमान रासतसले २०४४ मार्ग मसान्तभित्रमा प्रलेक सङ्घको राष्ट्रिय सम्मेलन सम्पादन गर्नुपर्ने । त्यसअघि जिल्ला तथा अञ्चलमा रहेका प्रगतिशील लेखकहरूको एउटा विस्तारित भेला गराउनुपर्ने ।

३. प्रलेक सङ्घको विधान सम्बन्धमा, सहयोग समिति निर्माण सम्बन्धमा, प्रलेक सङ्घको राष्ट्रिय सम्मेलनमा प्रतिनिधित्व गराउने तरिकाका सम्बन्धमा विस्तारित बैठकमा प्रस्ताव पेश गर्ने गरी त्यसको तर्जुमा गर्ने ।

यस प्रकारको व्यवहारिक सक्रियताले लेखक कलाकारहरूलाई आवश्यक तयारीमा जुट्नै पर्ने बनायो । सङ्घको विधि-थितिका बारेमा चिन्तनशील बनायो । प्रलेक शहरमा मात्र अल्मलिएर हुँदैन भन्ने विचार पनि देखापर्न थाल्यो । यसै प्रसङ्गमा

---

१३६. कलम, प्रलेकसङ्घ लुम्बिनी अञ्चलको बुलेटिन बैसाख २०४० ।

१३७. प्रकाश साप्ताहिक वर्ष ५ अङ्क ३०, जेठ १३ २०४४ ।

१३८. मुक्तिबन्धु (शारदारमण नेपाल) ऐ.ऐ. २०४४ ।

प्रलेक सङ्घ गाउँ जानुपर्छ भन्दै मुक्तिबन्धुले लेखे- "सर्वप्रथम प्रलेक सङ्घले अनुशासनका केही निश्चित नियमहरू निर्धारण गर्नुपर्दछ। कुनै राजनैतिक शब्दावलीमैं यसलाई अर्थ्याउनुपर्ने जरुरत छैन। साहित्यका आफ्नो शब्दावलीहरू हुन सक्दछन्। अनुशासनका निर्धारित नियम मान्नेहरू प्रलेक सङ्घमा सम्मिलित हुन सक्दछन्।"[१३९]

प्रथम राष्ट्रिय सम्मेलन अघि भएका यस्ता छलफलले सङ्गठन निर्माणमा निकै टेवा दियो। सम्मेलन तयारीकै क्रममा २०४४ भाद्र २७ गते पुनः अर्को वृहत राष्ट्रिय भेला आयोजना गरियो। त्यस भेलाले तयारी समितिलाई बिस्तार गर्न आवश्यकता परेमा अर्को पटक पनि भेला डाक्ने, अन्यथा सम्मेलनको तिथि तोक्ने, लेखकहरूको सूची कार्तिकसम्म तयार गर्ने, विधान मस्यौदा र प्रतिवेदन समिति गठन गर्ने निर्णय गऱ्यो। भेला तत्कालीन राष्ट्रिय पञ्चायत सदस्य पद्मरत्न तुलाधरको सभापतित्वमा भएको थियो। भेला अघि नै रघु पन्तको रिहाइ भइसकेको थियो र उनले नै त्यहाँ सोधिएका विभिन्न प्रश्नको उत्तर दिएका थिए।[१४०] यी सबै गतिविधि पछि २०४४ पुस १७ र १८ गते कठमाडौंमा प्रलेसको प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न भयो। सम्मेलनको पहिलो दिन बयोबृद्ध प्रगतिवादी कवि युद्धप्रसाद मिश्रबाट प्रमुख आतिथ्य ग्रहण गरी सम्मेलन उद्घाटन गरियो। उद्घाटन समारोहमा सम्बोधन गर्दै मिश्रले भने-

"अध्यक्ष मण्डलका सदस्यहरू ! देशका विभिन्न भागबाट आउनु भएका प्रतिनिधि साथीहरू ! तथा उपस्थित बन्धुहरू !

आज देशले पुराना कुसँस्कारहरू मेटेर एउटा नयाँ उज्यालो संस्कृति जन्माउने माग गरिरहेको छ। राष्ट्रले विदेशी पतनशील साँस्कृतिक प्रवृतिका सट्टा स्वतन्त्र, स्वाभिमानी र जनताको शीर उठाउने संस्कृतिको माग गरिरहेको छ। जनताले हिमाल झैं उच्च उज्वल र कोशी गण्डकी र कर्णाली जस्तै स्वच्छ तथा गतिशील युगमुखी साहित्य र कलाको माग गरिरहेछ। देश, राष्ट्र र जनताले माग गरेका यी कुराहरूको पूर्ति गर्ने अभिभारा आज मुख्य रूपले प्रगतिवादी चिन्तक, लेखक र साँस्कृतिक कर्मीहरूको जिम्मामा आएको छ।

कोठामा बसेर र कल्पनामा उडेर मात्र साँचो प्रगतिशील साहित्यको सिर्जना हुन सक्दैन। त्यसनिम्ति श्रमजिवी जनताको गाउँ, बस्ती र गल्लिहरूमा गएर तिनका कठिन जीवन र समस्याहरूलाई गहिरोसित अध्ययन गर्न सकिन्छ। तपाईंहरूले त्यसरी नै नयाँ साहित्य सिर्जनाको प्रयास गर्नुपर्छ भन्ने मेरो आग्रह छ। प्रगतिवादी ध्येयलाई अघि बढाउने बाटामा अनेकौं कठिनाई र विघ्नबाधाहरू भेटिनु स्वभाविक हो। त्यस्ता विघ्न बाधाहरूलाई कुल्चेर तपाईंहरूले लक्ष्यतिर बढ्ने हिम्मत गर्नुपर्दछ। जसले हिम्मतले काम थाल्छ उसले पुग्न नसक्ने लक्ष्य कुनै छैन।

युगौंदेखि अनेकौं आक्रमणले ग्रस्त नेपाल आज फेरि विस्तारवादी पञ्जाको झम्टाईले पूर्वको माने भन्ज्याङमा घाइते भएको छ। यो घाउ मेट्न हामीमा ठूलो

---

१३९. प्रकाश साप्ताहिक वर्ष ५ अङ्क ३५, २०४४ पृ ७

१४०. प्रकाश, वर्ष ५ अङ्क ३७ श्रावण ६ गते २०४४।

आत्मबल र बलिदानी भावनाको खाँचो छ। देशका वामपन्थी शक्तिहरू अनेकौं चिरामा विभक्त भएको दुःखद स्थितिमा तपाईंहरूले सङ्गीर्णता त्यागी जुन एकतामुखी प्रयास गर्नुभएको छ, यो ज्यादै सुखद छ र तपाईंहरू आफ्ना प्रयासहरूलाई वामपन्थी एकताको पृष्ठभूमि बनाउनतिर लगाउनु हुनेछ भन्ने आशा गर्दछु।

आज भारतको उत्तरपूर्वी मेघालय क्षेत्रबाट हाम्रा जातीयबन्धुहरू ज्यादै नृसंसतापूर्वक कुल्चिएर भाग्ने र लखेटिने दुखद स्थितिबाट गुज्रँदैछन्। यस्तो आततायी कदमबिरुद्ध तपाईंहरूको कलम गर्जनुपर्छ, सामर्थ्यअनुसार यसका बिरुद्ध एक जुट भई आवाज उठाउनुपर्छ। प्रगतिवादलाई फेसनको रूपमा लिनु सबभन्दा अनिष्टकारी कुरा हो। जनताका सम्पूर्ण कष्टहरू, श्रमहरू र सङ्घर्षहरूसित नगाँसिइकन साँचो प्रगतिवादी साहित्य जन्मन सक्दैन। अतः प्रगतिवादलाई हल्काफुल्का ढङ्गले नलिन आग्रह गर्दछु। प्रगतिशील साहित्यकारहरू विश्वकै सर्वहारा वर्गका वास्तविक मित्रहरू हुन्। उनीहरूले आफ्नो यस विश्वव्यापी दायित्वलाई पूरा गर्न सदा प्रतिज्ञ हुनुपर्छ। आजका अनेकौं देश प्रगतिको शिखरतिर उक्लिरहेको बेला नेपाल दरिद्रताको सतहतिर ओर्लिंदै जानुका पछाडि यस पञ्चायती व्यवस्थाका के कस्ता कुकृत्यहरू छिपेका छन्, त्यसको वास्तविक चिरफार गरेर जनतालाई बताउँदै सामन्ती पुँजीवादी अर्थव्यवस्थाका बिरुद्ध समाजवादको प्राप्तितिर जनताको ध्यान केन्द्रित गर्ने प्रयास हुनुपर्छ। सत्तामुखी भएर जनताका शत्रुहरूको मानो खाएर कुनै पनि व्यक्ति जनताको साँचो प्रगतिशील मित्र बन्न सक्तैन।

सच्चा प्रगतिशील लेखकमा त्याग, स्वाभीमान र जनताका शत्रुप्रति सदा तीव्र घृणा हुनुपर्दछ। छद्मभेषमा आएका प्रगतिशील भनिनेहरूले जनतालाई अन्त्यमा भड्खालामा हाल्ने प्रयास गर्दछन्। त्यस्ता छद्म तत्वबाट हामी सदा सतर्क रहनुपर्दछ। यस हिमाली देशमा प्रगतिवादी साहित्यको गोरेटो तयार पार्न हामीले केही प्रयास गऱ्यौं अब यसलाई वृहद् मार्गमा परिणत गर्न तपाईंहरूले ठूलो प्रयास गर्नुहुनेछ भन्ने कामना गर्दछु।

प्रगतिशील लेखक सङ्घ नेपालका जागरुक बुद्धिजीवीहरूको धेरै लामो समयदेखिको सपना हो। आज त्यो सपना साकार बनाउने प्रयासमा लाग्नुभएको देख्दा मलाई ज्यादै खुसी लागेकोछ। जनतालाई सही वैज्ञानिक र युगमुखी विचार तथा भावना दिएर साँस्कृतिक आन्दोलन अघि बढाउन तपाईंहरू समर्थ हुनुहोस् भनी शुभकामना व्यक्त गर्दछु।

नयाँ साहित्य र संस्कृति निर्माणको महान अभिभारा बोक्ने महान् लक्ष्य लिनुभएकोमा म ज्यादै खुसी र उमङ्गका साथ प्रगतिशील लेखक सङ्घको यस प्रथम सम्मेलनको उद्घाटन गर्दछु र सम्मेलनको उद्घाटन गर्ने यस्तो आनन्ददायक सुअवसर दिनुभएकोमा आयोजकहरूप्रति धन्यवाद ज्ञापन गर्दछु।"[१४१]

देशभरबाट १२५ जना लेखक-कलाकार सहभागी रहेको यस सम्मेलनले आफ्नो ऐतिहासिक निरन्तरता कायम राख्दै प्रगतिशील लेखक कलाकार सङ्घको

---

१४१. प्रकाश, वर्ष ५ अङ्क ४४ भाद्र ३१ बुधवार २०४४।

नामलाई सच्याएर प्रगतिशील लेखक सङ्घ मात्रै बनायो र कलाकारहरूको अलग्गै संस्था बनाइनुपर्ने सोच अघि साऱ्यो । सम्मेलनले त्यही सोचलाई सकारेर प्रलेसलाई संस्थागत आधार प्रदान गऱ्यो ।

सम्मेलनको पहिलो दिन रमेश विकल, आनन्ददेव भट्ट र खगेन्द्र सङ्गौला रहेको तीन सदस्यीय अध्यक्षमण्डल गठन गरियो भने भोलिपल्ट मोदनाथ प्रश्रित, पारिजात र शक्ति लम्सललाई अध्यक्षमा राखियो । अध्यक्षमण्डलको अध्यक्ष अर्थात् सभापति भने पहिलो दिन रमेश विकल र दोस्रो दिन मोदनाथ प्रश्रित रहे। तयारी समितिका संयोजक रघु पन्तले सम्मेलनको ऐतिहासिक महत्व दर्शाउँदै स्वागत मन्तव्य व्यक्त गरे। सम्मेलनको पहिलो सत्र खुला र दोस्रो बन्द रूपमा चलाइएको थियो ।

उक्त कार्यक्रमको पहिलो दिन सम्मेलनको सफलताको कामना गर्दै पारिजात, रामचन्द्र भट्टराई, सागर शर्मा, हरिगोविन्द लुइँटेल, नारायणप्रसाद शर्मा, गोपाल गुरागाईं र अरूणा उप्रेतीले मन्तव्य व्यक्त गरे भने भोलिपल्टको बन्द सत्रमा विधानसम्बन्धी तीव्र छलफल चल्यो । विधान समितिका नारायण ढकाल, जगदीशचन्द्र भण्डारी, मल्ल के सुन्दर, मुरारि अर्याल, हुकुमबहादुर सिंहले आ-आफ्ना राय व्यक्त गरे। दोस्रो सत्रमा साहित्यसम्बन्धी प्रतिवेदन प्रस्तुत भएपछि केही छलफल भयो र विभिन्न सुझावहरूका साथ पारित भयो। २०३६ मंसिर ७ मा पुनर्गठन भएपछिका विभिन्न कामको विवरण रघु पन्तले सुनाएपछि केन्द्रीय नेतृत्व चुन्ने काम भयो ।

प्रथम राष्ट्रिय सम्मेलनले ३५ सदस्यीय राष्ट्रिय परिषद् र १७ सदस्यीय केन्द्रीय समितिको चयन गऱ्यो। केन्द्रीय समितिको अध्यक्षमा रमेश विकल, महासचिवमा मोदनाथ प्रश्रित, उपाध्यक्षमा शक्ति लम्साल, सचिवमा खगेन्द्र सङ्गौला र कोषाध्यक्षमा निनु चापागाईं तथा सदस्यहरूमा आनन्ददेव भट्ट, पारिजात, दुर्गालाल श्रेष्ठ, मञ्जुल, रामचन्द्र भट्टराई, शारदारमण नेपाल, मल्ल के सुन्दर, सागर शर्मा, जगदीशचन्द्र भण्डारी रहे। त्यसै गरी राष्ट्रिय परिषद् सदस्यहरूमा पद्मरत्न तुलाधर, माणिकलाल श्रेष्ठ, गङ्गाप्रसाद उप्रेती, रूद्र खरेल, ऋषि भुसाल, दिल साहनी, रविलाल अधिकारी, मोहन श्रेष्ठ, हरिहर खनाल, त्रिरत्न शाक्य, इस्माली, हरिगोविन्द लुइँटेल, अमर गिरी, डी आर पोखरेल, मुरारि अर्याल, डा. महेश मास्के, सुरेश आले मगर र अमर शाह रहे। सम्मेलनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयका विभिन्न प्रस्तावहरू पनि पारित गऱ्यो ।[१४२]

प्रथम राष्ट्रिय सम्मेलनले समकालीन विश्व परिस्थिति र देशको स्थितिका बारेमा मात्र हैन प्रगतिवादी साहित्य तथा साहित्यकारहरूको दृष्टिकोण र अडानको सवाल, नेपालमा प्रगतिवादी साहित्यको ऐतिहासिक सन्दर्भ, प्रगतिवादी साहित्यिक आन्दोलनसामु रहेका केही समस्याहरू र प्रगतिशील लेखक सङ्घले गर्नुपर्ने प्रमुख कामहरूका बारेमा देहायबमोजिमका नीतिगत सोचहरू अघि साऱ्यो ।

क. आफ्नै पङ्तिभित्र र आम जनसमुदायमा वैज्ञानिक भौतिकवादी दृष्टिकोण, जनवादी संस्कृति एवम् कला, सौन्दर्य चेतनाको निर्माण र विकासमा क्रियाशील रहने र तद्नुरूप साहित्य कलाको सिर्जना र विकास गरी व्यापक प्रचार-प्रसारमा लैजाने ।

---

१४२. दृष्टि साप्ताहिक वर्ष ५, अङ्क १२, पुस २२, २०४४ पृ. १ ।

ख. सामन्ती दर्शन, अन्धविश्वास, कुरीति, भाग्यवाद, परलोकवादजस्ता सामन्ती अवशेष र हाम्रो देश र समाजलाई हानी पुऱ्याउने र पतनशील पुँजीवादका व्यक्तिवाद, छाडावाद, पश्चिमी दासमनोवृत्तिजस्ता कुराको विरुद्ध प्रगतिवादी सांस्कृतिक आन्दोलनलाई दीर्घकालीन रूपले चलाउने ।

ग. साहित्य र संस्कृतिको क्षेत्रमा स्वाभीमान, दृढता, लगनशीलता र अग्रगामी प्रवृत्तिको विकासमा जोड दिने र पलायनवाद, यथास्थितिवाद, चाकरीवाद, आत्मसमर्पणवादजस्ता प्रवृत्तिहरूको उन्मूलन गर्न प्रयासरत रहने ।

घ. साहित्य कला शिल्प र सौन्दर्यगत मादपदण्डको विकासमा र कला एवम् विचारको सन्तुलित सामञ्जस्यको निर्माण र विकासमा समेत प्रयत्नशील रहँदै हृदयस्पर्शी, नयाँ तर्क र विचारलाई प्रेरित गर्ने कृतिहरूको सिर्जनामा जोड दिने ।

ङ. सामन्तवाद, साम्राज्यवाद, प्रभुत्ववाद र सबैखाले प्रतिक्रियावादका विरुद्ध र पूर्ण जनवाद, समाजवाद, अन्तर्राष्ट्रिय श्रमिक भाइचारा, विभिन्न देशहरूका स्वतन्त्रता र सार्वभौकिताको रक्षा, अनाक्रमण, अहस्तक्षेप एवम् सन्सारका जनताले चलाएका न्यायपूर्ण सङ्घर्ष र क्रान्तिहरूको पक्ष र समर्थनमा साहित्य र कलाको माध्यमबाट आन्दोलन चलाइरहने ।

च. शोषक वर्ग र प्रशासनिक क्षेत्रबाट हुने शोषण दोहन, उत्पीडन र सबैखाले अन्याय अत्याचारका विरुद्ध आफ्ना बौद्धिक र सांस्कृतिक हतियारहरूलाई सधैं धारिलो पारेर प्रयोग गर्ने ।

छ. विदेशीहरूद्वारा हुने देशको शोपण र दोहनको विरोध, राष्ट्रिय उद्योग तथा वाणिज्यको विकास र स्वतन्त्र आत्मनिर्भर अर्थतन्त्रको पक्षणपोण गर्ने ।

ज. विभिन्न शक्ति राष्ट्रद्वारा चलाइने शस्त्रास्त्रको होड, आक्रमण, युद्ध एवम् पारमाणविक अन्तरिक्ष युद्ध बिरुद्ध र निरस्त्रीकरण, युद्धरहित सन्सार र विश्व शान्तिका पक्षमा सक्दो प्रयास गर्ने ।

झ. सबै जाति, प्रजाति र तिनका भाषा-संस्कृतिहरूको न्यायपूर्ण, समान अधिकारको पक्षमा प्रवृत्त रहने ।

ञ. गैरप्रगतिवादी क्षेत्रका लेखक, बुद्धिजीवी, कलाकर्मीलगायत साहित्यिक सांस्कृतिक संस्थाहरूका प्रगतिवादी, जनविरोधी विचार र क्रियाकलापको विरोध गर्दै देश र जनताको हितमा उनीहरूसित मिल्न सकिने पक्ष र हदसम्फ सबैसँग मिलेर काम गर्ने प्रवृत्तिको विकास गर्ने ।

ट. साहित्यिक क्षेत्रको स्वायत्ततालाई कायम राख्दै प्रगतिवादी राजनीतिक पक्षहरूसित सुसम्बन्ध बढाउन प्रयास गर्ने ।

ठ. आफ्नो विचार, दृष्टिकोण र उद्देश्यमा समानता राख्ने र देशविदेशका साहित्यिक व्यक्ति र संस्थाहरूसित सम्बन्ध विकासको प्रयास गर्ने ।

ड. लेखक र आमजनताका बीचको सम्बन्धलाई घनिष्ट पार्दै जान प्रयास गर्ने र लेखकहरू जनताका बीच गएर गहिरो रूपले विषयवस्तु, चरित्र र समस्याहरूको अध्ययन गरेर कृतिहरू रच्ने र ती कृतिहरू आमजनसमुदायका निम्ति उपयोगी र समसामयिक विषयमा आधारित बनाउन प्रयत्न गर्ने ।

ढ. समयसमयमा विभिन्न गोष्ठी, सम्मेलन, चर्चा, परिचर्चा चलाउने । विभिन्न विषयका विद्वान् र विशेषज्ञहरूका प्रवचनको आयोजना गर्ने । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका देशभक्त जनवादी र प्रगतिशील साहित्यकर्मीहरूको जन्मोत्सव, जयन्ती, शतवार्षिकी आदि मनाउने । साहित्य, कला र संस्कृतिको क्षेत्रमा विशेष योगदान गर्नेहरूको सम्मान गर्ने ।

ण.नियमितरूपले सङ्घको एउटा मुखपत्र निकाल्ने र त्यसद्वारा आफ्ना सबै विचार, ध्येय र उद्देश्यहरू अघि बढाउने र लेखक सङ्घका गतिविधिको जानकारी गराउने।

त.साहित्यिक कामलाई प्रजातन्त्र, राष्ट्रियता, समाजवाद र अन्तर्राष्ट्रिय मानवीय अभिभाराको अभिन्न अङ्गका रूपमा विकसित गर्न प्रयास गर्ने।

द.श्रमप्रति आस्था जगाउने र श्रमको आधारमा देशलाई गति दिइरहेका जनताका सबै अङ्गहरूप्रति आस्था र सम्मान बढाउने कुरामा जोड दिने।

ध.प्रगतिशील लेखकहरूको चिन्तन, दृष्टिकोण र लेखनअनुरूप व्यवहारिक आचरणमा पनि जोड दिँदै प्रजातान्त्रिक र श्रमवादी नैतिकताको विकासमा प्रयत्नशील रहने।

न.साहित्यलाई सत्य, न्याय, देश र जनहितका वर्गीय पक्षमा साँस्कृतिक हतियारको रूपमा प्रयोग गर्ने।

प.विभिन्न भाषा, साहित्य र संस्कृतिबारे अनुसन्धान र छलफललाई अघि बढाउने । सम्मेलनद्वारा पारित कार्यपत्रले परिशिष्टका रूपमा जातीय साहित्यका बारेमा पनि सामान्य चर्चा गरेको छ ।[१४३]

७.७.१ प्रथम राष्ट्रिय सम्मेलनपछिका विवादहरू

सम्मेलनपछि पत्रपत्रिकामा प्रलेसबारे पुनः नकारात्मक टिप्पणीहरू देखापर्न थाले। सम्मेलन हलमा भएका छलफल तथा सुझावलाई आधार बनाएर परस्पर अविश्वास र आशङ्का उब्जाउने, फाटो पार्ने र होच्याउने काम त्यसमा संलग्न लेखकहरूले समर्थन गरेका पत्रपत्रिका, वामसमूह र त्यसका नेताहरूबाट समेत हुनथाल्यो । धर्मोगत शर्मा तुफानका नामबाट केही कुराहरू उठाइए ।[१४४] सञ्जय थापाले पनि त्यसैमा स्वर मिलाउँदै भने- 'नामै नसुनिएका साहित्यकारहरू र पत्रकारहरू केन्द्रमा रहेको त्यो सङ्घले साहित्य संस्कृतिसम्बन्धी त्यस्तो कुनै ठोस काम गरेको जस्तो मलाई लाग्दैन । त्यो राजनीतिक समूहहरूको समीकरण स्थलमात्र भएको छ ।[१४५] तर रविलाल अधिकारीले भने- प्रगतिशील लेखक सङ्घ भनेको साँस्कृतिक क्षेत्रको संयुक्त मोर्चा हो, संयुक्त मोर्चामा सम्मिलित हुन जाँदा जुनसुकै समूहले पनि साझा सहमतिमा पुग्नसक्ने कुराहरूलाई मध्यनजर राखेको हुन्छ र आफ्नै किसिमका दृष्टिकोणहरू त्यहाँ लागू गर्ने प्रयास गर्दैन, किनभने त्यसो गर्दा त्यहाँ विवाद, हुन्छ।' भन्दै सन्तुलित

---

१४३. प्रलेसको प्रथम राष्ट्रिय सम्मेलनद्वारा पारित कार्यपत्र- २०४४ पृ. १९-२१।

१४४. प्रलेसको प्रथम राष्ट्रिय सम्मेलनद्वारा पारित कार्यपत्र - २०४४।

१४५. पृष्ठ भूमि वर्ष ४ अङ्क ३१ माघ १४, २०४४ ।

र सिर्जनात्मक टिप्पणी गर्नु वेश हुने विचार व्यक्त गर्न पुगे।[१४६] तुफानद्वारा उठाइएको प्रसङ्ग के थियो भने मोदनाथ प्रश्रितद्वारा तयार पारिएको प्रतिवेदन 'रुसी सामाजिक साम्राज्यवादको तावेदार भयो' भनी सम्मेलनले अस्वीकृत गऱ्यो भन्ने गलत कुरा थियो। वास्तवमा कुरा के थियो भने प्रश्रितले पहिले नै तयार गरेको प्रतिवेदन ज्यादा लामो भयो भनी छोट्याउने कुरा उठ्दा त्यसलाई नबिगारी छुट्टै नयाँ प्रतिवेदन लेख्ने कुरामा सहमति कायम भएको थियो। त्यही सहमतिअनुरूप प्रथम सम्मेलनको प्रतिवेदन पछि तयार गरिएको थियो । १४५ विवादको यो मुद्दा प्रलेसको प्रथम सम्मेलनपछि गठित राष्ट्रिय जनसांस्कृतिक मञ्चका कारण झन् चर्किया । केही मानिसहरूले प्रलेसको समानान्तर सङ्गठन भनी त्यसलाई टिप्पणी गर्न थाले भने केहीले 'मोदनाथ प्रश्रित अध्यक्ष हुन नपाएर अर्को संस्था बनाए ।' भन्ने पनि प्रचारमा आयो। यो विवाद प्रलेसको केन्द्रीय समितिमै पुगेपछि विभिन्न छलफलपछि भ्रम निवारणहेतु प्रश्रितले वक्तव्य दिने कुरा भया । तर प्रश्रितको वक्तव्य आउन नपाउँदै पारिजातले महिमा साप्ताहिकमा एउटा अन्तर्वार्ता दिँदा प्रश्रितलाई 'साइलक' भन्दै अत्यन्त नकारात्मक टिप्पणी गरिन् । उनको टिप्पणीले आफूलाई पोर्सिया देखाउन खोजेको आरोप पनि लाग्यो। वास्तवमा यस्ता भनाइहरू प्रलेसको संस्थागत विकासका निम्ति अन्तरघाती अभिव्यक्ति बन्न पुग्यो ।

पारिजात र प्रश्रितको यस विवादले प्रलेससँग सम्बद्ध अनेकौं लेखकहरू प्रभावित भए। पक्ष विपक्षमा लेखहरू लेख्ने क्रम पनि चल्यो। केही लेखकहरूले विवाद सुल्झाउने अभिप्रायले कलम चलाए भने केहीले त्यसलाई झन् चर्काउने काम गरे। यसै क्रममा रूद्र खरेलको लेख विवादलाई तीव्र पार्ने अर्को औजार बन्न पुग्यो । किनभने त्यसअघि प्रलेसको केन्द्रीय कमिटीको २०५४ असार ३ गते बसेको बैठकमा उपस्थित पारिजात सहितका १२ जना केन्द्रीय पदाधिकारी तथा सदस्यहरूमध्ये एघार जनाले प्रश्रितमाथि लगाएको लाञ्छना निराधार भएको ठहऱ्याई पारिजतले 'साइलक' शब्द फिर्ता लिनुपर्ने ठहर गरी अध्यक्ष विकलद्वारा पारिजातलाई निर्देशन दिइएको थियो। पारिजातले आफ्नो हठ प्रदर्शन गरिन् र केन्द्रीय समितिको आग्रह लत्याइन् ।[१४७] फलस्वरूप प्रलेसमा एकीकृत सांस्कृतिक आन्दोलन हाँक्नुपर्ने गुरुत्तर दायित्व स्थापित हुन सकेन। विवादले क्रमशः तीक्ततता बढाउँदै गयो ।

७.७.२ प्रथम राष्ट्रिय सम्मेलन पछिका गतिविधिहरू

राष्ट्रिय सम्मेलन तयारी समिति बनेको आठ वर्षसम्म अनेकौं आन्तरिक असङ्गति र बाह्य परिस्थितिले गर्दा प्रलेसको सम्मेलन हुन नसकेकको भए पनि त्यस स्थितिलाई अन्त्य गरेर सम्पन्न भएको प्रथम राष्ट्रिय सम्मेलनपछि संस्थाले विविध काम अघि बढाउन थालेको देखिन्छ । स्थानीय सङ्घ संस्थाका साहित्यिक कार्यक्रमहरूमा सहभागी हुने र सङ्गठनको पुनर्गठन गर्ने काम अघि बढ्छ । यसै क्रममा भक्तपुरको विराट साहित्य सम्मेलनमा र चितवनको साहित्य संगमद्वारा ०४५ जेठ १५ गते

---

१४६. दृष्टि साप्ताहिक वर्ष ५, अङ्क २० फागुन १९ पृ.२४४ ।

१४७ रघुपन्त प्रलेस निर्माण र ध्वंश हाम्रै हातमा छ दृष्टि वर्ष ५ अङ्क ३५ २२ असार २०४५

आयोजित साहित्यिक कार्यक्रम तथा पोखरामा आयोजित रिमाल जयन्ती र भारतको पटनामा २७-२८ नोभेम्वर १९८८ मा आयोजित जनसंस्कृति मञ्च भारतको दोस्रो राष्ट्रिय सम्मेलनमा सहभागी हुन पुगेको देखिन्छ। चितवनको कार्यक्रममा अध्यक्ष श्यामप्रसाद र पटनाको कार्यक्रममा महासचिव मोदनाथ प्रश्रित सहभागी बन्ने काम भएको थियो।

सङ्गठन विस्तारको क्रममा २०४५ जेठ १५ गते प्रलेस केन्द्रीय समितिका महासचिव मोदनाथ प्रश्रितको उपस्थितिमा लुम्बिनी अञ्चल तयारी समिति पुनर्गठन गरियो। केन्द्रीय पार्षद् दिल साहनीको सभापतित्वमा भएको सो भेलाले ऋषिराम भुसालको संयोजकत्वमा दोस्रो लुम्बिनी अञ्चल सम्मेलन तयारी समिति बनायो। तयारी समितिका अन्य सदस्यमा बूंद राना, गोपीरमण उपाध्याय, प्रचण्डबहादुर बुढाथोकी, धर्मलाल भूसाल, कमल श्रेष्ठ सदस्य रहेका थिए। भेलाको सञ्चालक प्रलेसका केन्द्रीय सदस्य रामचन्द्र भट्टराई थिए।[१४८]

यसरी नै गण्डकी अञ्चलमा पनि जेठ १५ कै दिन प्रगतिशील लेखकहरूको भेला डाकिएको र त्यसले भाष्कर शर्मा,(भवानी पाण्डे) को अध्यक्षतामा नौ सदस्यीय अञ्चल सम्मेलन तयारी समिति गठन गऱ्यो। समितिका अन्य सदस्यमा शूरवीर पौडेल(उपाध्यक्ष) नूमराज बराल(सचिव) भूवन सुवेदी(कोषाध्यक्ष) र सदस्यमा हरि भण्डारी, राजेश्वर गिरी, शेषमणि आचार्य, अखिल भट्टराईहरू रहेका थिए। पोखरामा सम्पन्न सो भेलामा केन्द्रीय समितिका कोषाध्यक्ष निनु चापागाई, सदस्य रघु पन्त, सागर शर्मा र पार्षद रविलाल अधिकारीले भाग लिएका थिए।[१४९]

यसैबीच २०४५ मंसीर ४ गते काठमाडौंमा प्रलेसको राष्ट्रिय परिषद्को बैठक बस्यो। त्यसले सरकारद्वारा जनताको साँस्कृतिक साहित्यिक गतिविधिमा नियन्त्रण गरी दमन चर्काएकोमा तीब्र विरोध गर्दै खेद व्यक्त गऱ्यो। साथै त्यस प्रकारको दमन, थुनछेक र सेन्सरसीप बन्द गर्न माग गऱ्यो। बैठकले दाङ्का प्रलेस सदस्य रामप्रसाद प्रदीपको गिरफ्तारीमा रोष व्यक्त गर्दै अविलम्ब रिहाईको माग गऱ्यो। देशका विभिन्न भागमा पुस्तक पसल छापामारी पत्र-पत्रिका तथा पुस्तक जफत गरेकोमा तीब्र विरोध गऱ्यो।[१५०]

प्रलेस केन्द्रीय समितिले प्रगतिशील तथा प्रगतिवादी लेखनको समग्र पक्षलाई समेट्दै ऐतिहासिक रूपरेखा निकाल्ने सोचले इतिहास लेखन समिति बनाई काम सुरु गर्ने निर्णय गऱ्यो। यस निर्णयअनुसार प्रलेसले नेपालका सबै भाषाका प्रगतिशील तथा प्रगतिवादी साहित्यकारहरूमा देहायबमोजिमको अनुरोध गऱ्यो- "प्रगतिशील लेखक सङ्घले नेपालका सबै भाषाका प्रगतिशील साहित्यको इतिहास लेख्ने निर्णय गरी हाललाई सङ्घभित्रका केही साहित्यकारहरूलाई विभिन्न विधाहरूको अध्ययन गर्ने तथा त्यसको रूपरेखा तयार गर्ने जिम्मा दिई एउटा उपसमिति खडा गरेकोले यस

---

१४८. दृष्टि साप्ताहिक वर्ष ५ अङ्क ३५ असार १ गते २०४५।

१४९. झिसमिसे वर्ष ११ अङ्क ३३, वैसाख-असार २०४५।

१५०. दृष्टि साप्ताहिक वर्ष ६ अङ्क ३ मंसीर ५, २०४५।

क्षेत्रका सम्पूर्ण लेखक, पाठक तथा सहयोगीहरूलाई यो उपसमितिका निम्नलिखित व्यक्तिहरूलाई मौखिक तथा लिखित रूपमा सम्बन्धित सूचना दिएर सघाउन अनुरोध गर्दछौं" भन्दै फूटकर कविता तथा खण्डकाव्यका बारेमा जगदीशचन्द्र भण्डारीले, महाकाव्यका बारेमा गङ्गाप्रसाद उप्रेतीले, निबन्ध विधाको इतिहास लेखन मोदनाथ प्रश्रितले, समालोचना विधाको इतिहास लेखन आनन्ददेव भट्टले, कथाको रामहरि पौडेलले, नारी लेखनको सन्दर्भमा सुश्री पारिजातले, लोक साहित्य/गीतिकविताबारे रविलाल अधिकारीले र बालसाहित्यका सम्बन्धमा रमेश विकलले इतिहास लेख्ने निर्णय सहित काम बाँडियो । परन्तु उपर्युक्त विभाजन नेपाली भाषा साहित्यका निम्ति गरिएको हो र नेपालका अन्य सबै भाषा र साहित्यको ऐतिहासिक रूपरेखा तयार गर्न सम्बन्धित भाषा/साहित्य क्षेत्रका विज्ञहरूले आ-आफ्ना भाषा साहित्यका विविध फाँटको लेखनका निम्ति आफ्नै प्रकारले विधा विभाजनको व्यवस्था गर्नुहुनेछ ।"[१५१] भन्ने अभिमत तत्काल व्यक्त गरियो । यस कार्य विभाजनअनुरूप अपेक्षित काम भने भएको देखिँदैन र पछिल्लो नेतृत्वले अनुगमन गरेको पनि पाइँदैन ।

प्रलेसले यसै समयमा भूकम्प-पीडित सहायता कोषमा केही रकम आर्थिक सहयोग प्रदान गरेको थियो ।[१५२] मदन पुस्तकालयकी संस्थापिका जगदम्बा राणाको निधनमा शोक व्यक्त गर्ने कुरामा विवाद उठी समवेदना प्रकट गर्न नसकेको जस्ता पक्ष पनि विचारनीय पक्ष पनि देख्न पाइन्छ । प्रलेसको गतिशीलताका सम्बन्धमा दोस्रो राष्ट्रिय सम्मेलनमा प्रस्तुत कार्यप्रतिवेदनमा यस अवधिका कामको यसरी मूल्याङ्कन गरिएको छ- "प्रगतिशील लेखक सङ्घको प्रथम राष्ट्रिय सम्मेलन २०४४ साल पुष महिनामा सम्पन्न हुँदा प्रलेसको नेतृत्वमा सहभागी भई कार्य गर्न समूहगत र व्यक्तिगत स्तरमा ठूलो उत्साह र जाँगरको वातावरण देखिएको थियो ।" त्यस स्थितिलाई नेतृत्वले ठीक तरिकाले हाँक्न सकेन भन्दै त्यसैमा भनिएको छ- "तर प्रलेसको नेतृत्वको व्यहवार कुशलताको कमी र अन्य आन्तरिक कारण एवम् वामघटकहरू माझको अस्वस्थ प्रतिस्पर्धासमेत प्रलेसभित्र प्रतिविम्बित हुनजाँदा निर्धारित कार्यक्रमहरू कार्यान्वयन गर्ने उपयुक्त वातावरणको सिर्जना गर्न सकिएन"[१५३]

प्रथम सम्मेलनद्वारा निर्वाचित कार्य समितिको कामको उल्लेख गर्दै सोही प्रतिवेदनमा भनिएको छ- "यस कार्य समितिको कार्यकाल भित्र भएका केही उल्लेख्य कार्यहरू मध्ये २०४५ साल बैशाख महिनामा सम्पन्न कवि देवीप्रसाद किसानः व्यक्तित्व र कृतित्वको परिचर्चा, २०४५ साल असार महिनामा सम्पन्न समाजवादी यथार्थवाद बारे परिचर्चा, २०४५ साल साउनमा सम्पन्न बालसाहित्य परिचर्चा, २०४५ साल मंसीरमा सम्पन्न नेपाल भारत सम्बन्धको गतिरोधको स्थितिमा लेखकहरूको दायित्व शीर्षकअन्तर्गतको कार्यक्रम, २०४६ पुसमा सम्पन्न हृदयचन्द्रसिंह जयन्ती आदि हुन् । यसका अतिरिक्त हीरामणि शर्मा पौड्यालको श्रद्धाञ्जली सभा र

---

१५१. दृष्टि साप्ताहिक वर्ष ५ अङ्क ३५ असार १ गते २०४५ ।

१५२. दृष्टि वर्ष ५ अङ्क ५२ असौज २६ गते २०४५ ।

१५३. प्रलेस वर्ष १ अङ्क १ असौज २०४९ ।

युद्धप्रसाद मिश्रको श्रद्धाञ्जली सभा पनि प्रलेसको संयोजनमा सम्पन्न भएका हुन् । सम्विधान निर्माणको क्रममा हुनगएको दरबारिया षडयन्त्र बिरुद्ध प्रलेसको तत्परतामा भएको साहित्यकार-कलाकारहरूको विरोध जुलूस र प्रज्ञा-प्रतिष्ठानको पुरानै दरबारिया शैलीमा भएको पुनर्गठन बिरुद्ध सो संस्थाको स्वायत्तता र त्यसमा व्यापक प्रतिनिधित्वको माग अघि सारेर प्रलेसको तत्परतामा प्राज्ञिक सङ्घर्ष समितिद्वारा सञ्चालन गरिएका अनेकन कार्यकलापहरू पनि उल्लेखनीय छन् ।"[१५४]

प्रथम राष्ट्रिय सम्मेलनपछिका साङ्गठनिक गतिविधिमा आठ अञ्चल र १२ जिल्लाको पुरानो आधार त्यति दिगो देखिँदैन तर जिल्लाहरूमा भने क्रमशः सक्रियता बढ्दै गएको देखिन्छ । परन्तु दोस्रो सम्मेलनको प्रतिवेदनमा यस सम्बन्धी कुनै विवरण पाइँदैन ।

७.८.तेस्रो चरणका प्रकाशन तथा प्रतिभाहरू

सङ्गठन निर्माणका दृष्टिले महत्वपूर्ण रहेको यो तेस्रो चरण कृति प्रकाशनका दृष्टिले पनि महत्वपूर्ण नै रहेको छ । यसै समयावधिमा पुराना र नयाँ प्रतिभाहरूले प्रगतिशील तथा प्रगतिवादी भावधाराका अनेक विधामा थुप्रै कृतिहरू रचे । २०३६ को आन्दोलनपछिको खुला परिवेशले गर्दा सिर्जनात्मक गतिशीलता तीव्र बन्यो । साहित्यिक पत्रकारितामा पहिलेदेखि निस्कदै आएका सुस्केरा, सङ्कल्प, वेदना, झिसमिसे, लहरजस्ता पत्रिकाहरूको अतिरिक्त नयाँ-नयाँ थप पत्रिका, सामयिक सङ्कलनहरूसमेत प्रकाशित भए । हलकारा, सेरोफेरो, मधुमास, त्रिकोण, श्रृङ्खला, घोषणा, अनुभूति, कटिबद्ध, उत्साह आदि पत्रिकामा नयाँ-नयाँ स्रष्टाहरू देखापरे । प्रलेसको केन्द्रद्वारा प्रलेक नामक मुखपत्र तथा अञ्चल र जिल्लाबाट पनि साहित्यिक बुलेटिन प्रकाशित गरी आ-आफ्ना ठाउँका साहित्यिक इतिहास खोतल्ने, नयाँ प्रतिभा हुर्काउने काम भयो । पुस्तक प्रकाशनका निम्ति निजी प्रयत्नमा प्रकाशन संस्थाहरू देखापरे । यस सम्बन्धमा प्रथम राष्ट्रिय सम्मेलनको दस्तावेजमा भनिएको छ- "प्रगतिवादी साहित्यको विकासमा विभिन्न समय र परिस्थितिमा स्थापित प्रकाशन संस्थाहरूको पनि ठूलो योगदान रहेको छ ।[१५५] यसैक्रममा प्रगतिशील प्रकाशन मण्डल(काशी र काठमाडौं) प्रगति प्रकाशन(काठमाडौं) जनप्रिय पुस्तक भण्डार(पाटन) सिर्जना प्रकाशन(पोखरा) जोशिलो प्रकाशन(नारायणगढ) कल्पवृक्ष प्रकाशन(काठमाडौं) प्रभात जनसाहित्य परिवार(विराटनगर) प्रसिना प्रकाशन(लुम्बिनी) काठमाडौंकै लालिमा, पैरवी, गुनिलो, लहर, श्रृङ्खला, स्रष्टा आदि प्रकाशनहरूले पनि उल्लेख्य कृतिहरू प्रकाशित गरे । यसरी नै थुप्रै स्रष्टाहरूले निजी रूपमा स्वयं प्रकाशक रहेर पनि पुस्तकहरू प्रकाशित गरे ।

यस चरणका प्रगतिशील तथा प्रगतिवादी रचनाहरूमा बामदेव पहाडीको **कैदी र झ्यालखान** (२०३६), रामेशको सम्पादनमा निस्केका **जनताका गीतहरू** भाग १-५(२०३६-४६), कृष्णदास श्रेष्ठको **समाज विकास**(२०३७) र **मार्क्सवाद चिन्हारी माला** भाग १-४(२०३६-०४६), रमेश विकलको **सात थुङ्गा**(२०३७) **अविरल बग्छ**

---

१५४. प्रलेस वर्ष १ अङ्क १, असोज २०४९ पृ. २ ।

१५५. प्रलेसको प्रथम राष्ट्रिय सम्मेलनद्वारा पारित कार्यपत्र पेज १५ ।

इन्द्रावती(२०४०), आर.आर. चौलागाईको सामन्तीलाई चिट्ठी र नौलो बिहानी(२०३७), घनश्याम राजकर्णिकारको विदेशको यात्रा स्वदेशको सम्झना(२०३७), पारिजातको परिभाषित आँखाहरू र अनिंदो पहाडसँगै(२०३८), श्यामप्रसादको थुनुवाको डायरी(२०३८) साहित्यका पात्र-पात्री (२०३९) केही कविता केही गीत (२०४३) केही साहित्य र साहित्यकार(२०४२) साथी बनाउने काइदा(२०३९), भक्तबहादुर नेपालीको जेलभित्र(उपन्यास-२०३८) र चालामाला(कविता-२०४४), हरिहर खनालको आकास छुने डाँडो मुनी(२०३८) जनक शर्माको समाजवादबारे केही कुरा(२०३८), धर्मोगत शर्मा तुफानको विद्रोही आवाजहरू(२०३८), नरेन्द्र चापागाईको केही कृति केही प्रतिकृति(२०३८), विक्रम सुब्बाको कविको आँखा कविताको भाषा(२०३९) र सुम्निमा पारुहाङ(२०४५), मदनमणि दीक्षितको माधवी(२०३९) र वर्लिन डायरीका पाना(२०४१), रामेश्वर थापाको केही क्रान्तिकारी महिलाको चिन्हारी(२०३९), ऋषिराज बरालको प्रगतिवादी र नेपाली उपन्यास(२०४०), महेश्वर रायको काली सेतीका छालहरू(२०४०) र सीताको माटोदेखि लिङ्कनको देशसम्म(२०४३), जगदीशचन्द्र भण्डारीको मेरा आँखामा तानाका कथा र जमर्काहरू(२०४०), केशवप्रसाद उपाध्यायको विचार र व्याख्या(२०४०) र समको दुखान्त नाट्य चेतना(२०४५), घनश्याम कँडेलको केही अन्वेषण केही विश्लेषण(२०४०) देवयानी -खण्डकाव्य(२०४०) र पाश्चात्य यथार्थवादी नाटक(२०४६), सञ्जय थापाका खुइते कडेरिया(२०४०) पार्टीकी आमा(२०४२) पूर्वतिर (उपन्यास-१९८७) नओइलाउने फूल(उपन्यास(२०४१) र देउमाइको किनारमा(उपन्यास-१९९०), उदय शर्माको लोक विनोद(२०४०) पीडित आत्माका घूनहरू(२०४४) र छोरीलाई चिट्ठी (२०४५), हीरामणि शर्मा पौडेलको समालोचनाको बाटोमा(२०४१) र रचना विवेचना(२०४६), रायनको सिम्मा(गीति नाटक-२०४१), खगेन्द्र सङ्ग्रौलाको सेतेको संसार(कथा-२०४१), रामहरि पौडेलको सल्ला सुसाइ दिन्छ(२०४१), नेत्रलाल अभागीको सतिसाल मात्र ठिङ्ग उभिन सक्छ(२०४२), ललिजन रावलका केही गजलहरू(२०४२) र मरुभूमि माथि(कविता सङ्ग्रह), मोहनविक्रम सिंहको विचार विवेचना र विश्लेषण(२०४२), राजेन्द्र सुवेदीको सष्टा सृष्टि : द्रष्टा दृष्टि(२०४३), शुभ श्रेष्ठको मेरो छानामाथिको आकाश(२०४३), मोदनाथ प्रश्रितको भूतप्रेतको कथा(२०४२) नारी बन्धन र मुक्ति(१९७६) देशभक्त लक्ष्मीलाई(२०४३) अतीतका पाइला-(२०४३) जीवाणुदेखि मानवसम्म(२०४३) आस्था र प्रथा एक विवेचना (२०४४) र नानीहरूलाई असल कसरी बनाउने ?(२०४४), केशव बडालको किसान कार्यकर्ता बारे केही कुरा(२०४४), विमल चौधरीको बस्ति फेरिंदा (नाटक-२०४४), कृष्णप्रसाद पराजुलीको जुनतारा (बालकविता(२०४४), रविलाल अधिकारीको प्रगतिवादी नेपाली कविता(२०४४) अनुभव र आँखाहरू(२०४६) र हर्के खण्डकाव्य(२०४६), श्यामलको तपाईंहरू मार्फत(२०४४), गङ्गाप्रसाद उप्रेतीको स्मृतिका छालमा इटाली(२०४४), मोहन सिटौलाको परिभ्रमण(२०४४), शरद बनेपाको आलोचना र परिचय(२०४४),

अभिमन्यू(झलनाथ खनाल) को महेशमणिको अजीर्ण मार्क्सवाद(२०४५), ऋषिराम शर्माको रैतिको पनि इतिहास हुन्छ(२०४५), शीतबन्दुको सहयात्री(उपन्यास-२०४६) मुक्तिबन्धुका यी हाम्रा सन्तमानहरू (२०४६) आनन्ददेव भट्टको जगतको सृष्टि र सञ्चालन प्रक्रिया(२०४६), यु कार्कीको टल्कीरहने मोती र सल्किंदै गरेको विश्वास, विमल निभाको चौथो कालम, जनार्दन आचार्यको समय-समय, कवितारामको बकपत्र(२०४६) बुद्धिबहादुर थकालीको लाहुर जाने धोको, पूर्ण प्रकाश नेपाल यात्रीको बदलिंदो घामछायाँ, ठाकुर पराजुलीको नेपाली साहित्यको परिक्रमा(२०४६) विष्णु प्रभातको चिन्तन र सौन्दर्य ((२०४६) सरोज ओलीको विद्रोह र मुक्ति(२०४८), आदि अनेक पुस्तकहरू उल्लेख्य रहे। यस बाहेक पनि अनेकौं पुस्तक पुस्तिकाहरू यस चरणमा प्रकाशित भएका छन् जसलाई सूचनाको अभावमा यहाँ समावेश गर्न सकिएन।

यस समयका स्रष्टाहरूमा पुराना साहित्यकारहरूको सिर्जनात्मक निरन्तरताका साथ नयाँ अनुहार पनि देखापरेका छन् जसले विभिन्न विधामा कलम चलाउँदै आएका छन्। ती मध्ये- पुरानो पुस्ताबाट निरन्तरता कायम राख्नेमा भवानी घिमिरे, श्यामप्रसाद, देवीप्रसाद किसान, युद्धप्रसाद मिश्र, गोविन्द भट्ट, आनन्ददेव भट्ट, शान्तदास, रमेश विकल, बलराम श्रमजीवि, जनकप्रसाद हुमागाई, अलिमियाँ, मदनमणि दीक्षित, मोदनाथ प्रश्रित, खगेन्द्र सङ्गौला, चूडामणि रेग्मी, माधव भण्डारी, टी.आर. विश्वकर्मा, शक्ति लम्साल, गङ्गाप्रसाद उप्रेती, राजेन्द्र सुवेदी, पारिजात, विमल निभा, लीला उदासी, रामचन्द्र भट्टराई, कृष्णप्रसाद पराजुली, गोपीकृष्ण शर्मा, ठाकुर पराजुली, घनश्याम कँडेल, नरेन्द्र चापागाई, राधाकृष्ण मैनाली, दिल शाहनी, जयप्रसाद ढकाल, वेणु आचार्य, कुलप्रसाद खनाल, रूद्र खरेल, नेत्रलाल अभागी, रामविनय, केदारनाथ न्यौपाने, डा. माधव पोखरेल, मञ्जुल, पूर्णवहादुर वैद्य, नरेश शाक्य, आर.पी.श्रेष्ठ, गोविन्द विकल, मीनवहादुर विष्ट, दुर्गालाल, पद्मरत्न तुलाधर, विन्दु नेपाली(जीवराज आश्रित), मोहन दुवाल, विष्णु नवीन(१९९६-२०४१), राजवलगायत नयाँ स्रष्टाका रूपमा देखापरेका नारायण ढकाल, विक्रम सुब्बा, श्यामल, कृष्णसेन इच्छुक, राजभाइ जकमी, मीन द्वन्द्वी, अनिल पौडेल, बासुदेव अधिकारी, राजकुमार केसी, राजेन्द्र अधिकारी, कुन्ता शर्मा, आहुती, ईश्वरचन्द्र ज्ञवाली, मित्रलाल पंज्ञानी, अमर गिरी, शादूर्ल भट्टराई, अग्निशिखा, पूर्ण विराम, शारदारमण नेपाल, ऋतु आसिक, नारायण शर्मा, पुरुषोत्तम सुवेदी, यज्ञवहादुर डाँगी, घनश्याम ढकाल, हरिहर खनाल, हरिगोविन्द लुइँटेल, मातृका पोखरेल, मोहन श्रेष्ठ, कृष्ण पोखरेल, गोपाल गुरागाई, बुद्ध सायमी, मल्ल के. सुन्दर, ऋषिराम भुसाल, विष्णु प्रभात, रघु पन्त, उदय शर्मा, सञ्जय थापा, सुन्दर जोशी, दोर्णचार्य क्षत्री, ऋषिराम न्यौपाने, भक्तवहादुर नेपाली, नरनाथ लुइँटेल, त्रिरत्न शाक्य, विजय चालिसे, भिष्म उप्रेती, देविका तिम्सिना, रामहरि पौडेल, विजय सुब्बा, वम देवान, तारा गाउँले, भाप्कर शर्मा, मोहन सिटौला, अरूणा उप्रेतीलयागतका अनेकौं प्रतिभाहरू स्मरणीय छन्। यस प्रवाहमा थुप्रै नयाँ अनुहार देखापरेका छन्। उनीहरूमा केदारनाथ प्रधान, फत्तवहादुर के.सी., रामप्रसाद ज्ञवाली, नेत्र एटम, श्रीराम न्यौपाने, भागवत आचार्य, अनिरुद्ध तिमसिना, सुधा त्रिपाठी, शितविन्दु, विवश बस्ती, तारा

गाउँले, सुनिल पौडेल, पुष्पप्रसाद खरेल, नरमेन्द्र लामा, कुलमान सिंह, यु.कार्की, सुलोचना मानन्धर, तीर्थ न्यौपाने, यज्ञराज प्रसाईं, खड्गसेन ओली, कपिल लामिछाने, केशरजंग बराल, विनय कसजू, हीरा आकास, महेश चौधरी, गोपीरमण उपाध्याय, ऋषि भुसाल, डिल्लीराज अर्याल, लक्ष्मीदेवी अर्याल, लेखनाथ ज्ञवाली, वसन्तध्वज श्रेष्ठ, राधाकृष्ण शर्मा, नवराज शर्मा, डम्मर घिमिरे, लिखत पाण्डे, नारद गौतम, गिरी शिरिष, खेम काफ्ले, गणेश भट्टराई, रमेश भट्टराई, एकराज भट्टराई, सुकुम शर्मा, टीकाराम उदासी, मनरूप नेप्चुन, राजेश वान्तवा, भरत गुरागाईं, बलभद्र भारती, धर्मराज अधिकारी, केशव वाग्ले, नम्रता गुरागाईं, विष्णु रक्तदीप, हरिदेवी कोइराला, प्रतीक ढकाल, रामप्रसाद प्रदीप, शुशिला श्रेष्ठ, शान्ता मानवी, राजेन्द्र पराजुली, टङ्क उप्रेती, कृष्ण पाखिन आदि अनेकले फुटकर तथा कृतिगत रचना नेपाली साहित्यको प्रगतिशील तथा प्रगतिवादी भावधारामा दिएका छन् । सिर्जनाको यस क्षेत्रमा थुप्रै अरू प्रतिभाहरू पनि जुटिरहेका छन् भन्ने कुरामा अध्ययन कर्ताको गम्भीर स्वीकृति रहँदा रहँदै पनि संक्षिप्त सूचना मात्र दिइएको हो । साहित्यका विभिन्न विधामा कार्यरत ती प्रतिभाहरूको रचना र नाम नमेसी सहितको व्यवस्थित र विस्तृत एवं विश्लेषणात्मक इतिहास तयार गर्न वृहत् अध्ययन परियोजनाको व्यवस्था हुनुपर्ने देखिन्छ र समय क्रममा समीक्षक-अनुसन्धाताहरूको ध्यान त्यसतर्फ जानुपर्ने देखिन्छ ।

७.९ तेस्रोचरणको विधागत प्राप्ति चर्चा

प्रलेसको दोस्रो पुनर्गठनले सर्वप्रथम सङ्गठनलाई सिङ्गो साँस्कृतिक आन्दोलनको मोर्चा बनाउने प्रयास गऱ्यो । त्यसै प्रयत्नका रूपमा नै लेखक सङ्घमा कलाकारहरूलाई पनि समावेश गर्ने, गराउने सोच बन्यो । तर व्यवहारमा भने यो सोच दिगो बन्न सकेन । खासगरी साहित्य क्षेत्रलाई मात्र लेखकहरूसँग आवद्ध गरियो । कला, रङ्गमञ्चजस्ता संस्कृतिका सबल विधाहरूमा साधनारत प्रतिभालाई सङ्गठित गरिएन । त्यसो गर्ने अनुकूलता पनि व्यहारमा पाइएन । त्यसै अनुभवका आधारमा प्रथम राष्ट्रिय सम्मेलनद्वारा यसलाई पुनः लेखकहरूकै साझा मञ्चको रूप प्रदान गरियो । प्रगतिशील र प्रगतिवादी दुवै धाराका लेखकहरूको साझा संस्था भएको हुँदा यस चरणमा प्रलेसले प्रगतिवादको कमानीमा मित्रतत्वलाई समेट्ने काम गर्दै सर्वप्रथम सङ्गठनात्मक आधार निर्माण गऱ्यो । सङ्गठित लेखन परम्पराको उच्चतम प्राप्तिका निम्ति उद्देश्य र कार्यक्रममा सिर्जनालाई डोहोऱ्याउने जुन प्रयत्न पहिले पुष्पलालद्वारा अभिप्रेरित भई निर्वासित जीवन बिताइरहेका युद्धप्रसाद मिश्रजस्ता व्यक्तित्व पनि सङ्गठनात्मक गतिविधिमा लागेका थिए, त्यसको निरन्तरता देशभित्रै दिने प्रयत्न यस चरणमा भयो । सङ्गठनात्मक आधार निर्माणका क्रममा प्रलेसले यसै चरणमा आफ्नो सिद्धान्तको विस्तृत विश्लेषण पनि गऱ्यो । त्यसअघि सामान्यतया सामन्तवाद तथा साम्राज्यवादविरोधी लेखकहरूको संस्था भनिएको पाइए पनि विश्व सन्दर्भ, राष्ट्रिय प्रश्नहरू र साहित्यशास्त्रका अनेक विषयहरूमा यथोचित सुस्पष्टता थिएन । जब यस चरणको आरम्भमै त्यसबारे विस्तृत बहस भयो तब प्रलेस अघिल्ला चरणहरूमा गरिएका विभिन्न विचार मन्थनहरूको सार खिच्दै अघि बढ्यो । क्रान्तिकारी

जनवादी साँस्कृतिक मोर्चाद्वारा प्रस्तुत गरिएको नयाँ जनवादी संस्कृति नामक कार्यक्रमले दिग्दर्शन गरेको बाटोलाई स्वीकारेर दार्शनिक, राजनैतिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा मार्क्सवादी सिद्धान्तको अनुशरण गऱ्यो । त्यस कार्यक्रमले साँस्कृतिक आन्दोलनको सोचलाई सामाजिक विकासको चरणअनुरूप तीन आधारभूत विशिष्टतामा औंल्याएको छ । प्रलेसको कार्यक्रमले पनि नेपाली संस्कृतिलाई सामन्ती, अर्ध सामन्ती र अर्ध औपनिवेशी संस्कृतिमा वर्गीकरण गरी त्यसका बिरुद्धमा जुध्नुपर्ने खाँचो देखाएको छ । हाम्रो देशको यस वास्तविकतालाई सर्वप्रथम व्यवस्थित रूपमा अघिसार्ने काम भने पुष्पलालको अगुवाइमा गठित जनवादी साँस्कृतिक मोर्चाले नै गरेको थियो ।[१५६] जसको प्रथम अध्यक्ष युद्धप्रसाद मिश्र थिए । सिद्धान्तको प्रकाशमा सङ्गठन र सङ्गठनको आधारमा सङ्घर्ष गर्दै साँस्कृतिक फाँट पनि अघि बढ्यो । यस क्रममा सिर्जनात्मक गतिशीलता पनि पैदा भयो । अवसरवादीहरूद्वारा अपनाइएको प्रगतिशीलता र नक्कली प्रगतिवादको खोल च्यातिने. क्रममा कतिपय व्यक्ति लेखकहरू प्रलेसको भावधाराबाट पन्छिए । उनीहरूले भाषिक प्रयोग र व्याकरणका क्षेत्रमा काम गरे पनि विचारधाराका क्षेत्रमा भ्रमको खेति गर्न थाले । त्यति भएर पनि प्रलेसद्वारा गरिएका र अभिप्रेरित भएका विविध प्रगतिलाई नियाल्दा यस्तो स्थिति देखा पर्दछ :

(क) सङ्गठनात्मक आधार निर्माण गरी केन्द्रदेखि जिल्ला तहसम्म सङ्घ निर्माण गर्नु । सङ्गठनात्मक जग बलियो बनाउँदै लग्ने अभिप्रायले जनकपुर सम्मेलन, कोशी अञ्चल सम्मेलन र लुम्बिनी अञ्चल सम्मेलन गर्दै आठ अञ्चल र १२ जिल्लामा सङ्गठन निर्माण गर्नु र तिनीहरू मार्फत् साँस्कृतिक आन्दोलन तीव्र पार्नुका साथै २०४४ मा प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न गर्नु ।

(ख) सैद्धान्तिक अवधारणा प्रष्ट पार्दै अपिल प्रकाशित गर्नु, केन्द्रको मुखपत्र प्रलेक तथा कार्यक्रम र विधान प्रकाशित गर्नु, प्रथम राष्ट्रिय सम्मेलनद्वारा पारित कार्यपत्र विधान आदि प्रकाशित गर्नु, मार्क्सवादी सौन्दर्य चेतना अभिवृद्धि गर्न विविध विचारमन्थन कार्यक्रम गर्नु, कार्यपत्रसहितका विशेष गोष्ठिहरूको आयोजन गर्नु र सिङ्गो नेपाली साहित्यलाई विचार र प्रवृत्तिका आधारमा विश्लेषण गर्नु नै काम तीव्र पार्नु यस चरणमा देखा परेका अवधारणागत प्राप्ति हुन् । समाजवादी यथार्थवाद बारेको परिचर्चा पनि सैद्धान्तिक निखारकै निम्ति भएको देखिन्छ ।

(ग) भाषिक प्रयोगका सन्दर्भमा छिटफुटे चर्चाहरू पहिलेदेखि नै आएको भए पनि २०४५ पुष २५ मा सम्पन्न भाषा नीति सम्बन्धी विचार-मन्थन यस क्रममा उल्लेख्य रह्यो । यही चरणमा भाषिक प्रयोगका क्षेत्रमा ह्रस्वमात्र अपनाउने 'संकल्प' पत्रिका र दीर्घमात्र अपनाउन तर्क गर्ने जोशबहादुर(नेत्रलाल अभागी) को बहसले मात्र हैन 'रूपरेखा' मा बलमकनद(बालमकुन्ददेव पाण्डे)का नामबाट देखापरेको प्रयोगद्वारासमेत प्रभावित भएर विविध भाषिक प्रयोगहरू प्रकाशमा आए । जसमा स्थानीय भाषिका प्रयोग गर्ने, जातीय भाषाका शब्दलाई नेपालीमा स्थानदिने, झरोंवादी आन्दोलनको

---

१५६. पुष्पलाल, नयाँ जनवादी संस्कृति, प्रथम सस्करण २०२८, पृ.६७-७२)

प्रभावलाई पुनर्जीवन दिने र व्याकरणका क्षेत्रमा विशेष बहस चलाउने काम भए ।

(घ) व्यक्तित्व चर्चा र अभिनन्दनद्वारा प्रतिभालाई सम्मान गर्ने चिन्हारी दिँदै प्रगतिशील तथा प्रगतिवादी परम्परा अघि बढाउने काम पनि यस चरणमा भए । केवलपुरे किसानका सम्पूर्ण रचनाको सङ्ग्रह प्रकाशित गरियो र उनको व्यक्तित्व चर्चा चलाइयो । हृदयचन्द्रसिंह प्रधान, गोपप्रसाद रिमाल, गोकुल जोशीहरूको जयन्ती मनाउने र अन्तर्राष्ट्रिय प्रगतिशील प्रतिभाका रूपमा चिनिएका गोर्की, प्रेमचन्द र ल्युसुनको साहित्यिक योगदानको चर्चा चलाउने, उनीहरूका रचना अनुवाद गरी पत्रिकाहरूको विशेषाङ्क नै निकाल्नेजस्ता कामहरूको निरन्तरता पनि यस चरणका अन्य प्राप्ति रहे ।

(ङ) लोकसाहित्यको खोजी र तिनीहरूलाई नयाँ बान्की दिएर परिवर्तनशील चेतना प्रचार-प्रसारका निम्ति फैलाउनु, गीतियात्रा सञ्चालन गर्नु र गीति चक्का उत्पादन गर्नुजस्ता कार्यहरू पनि प्रलेसको गतिशीलताद्वारा अभिप्रेरित प्राप्तिका रूपमा रहेका छन् । यस क्रममा **पचास रुपियाँको तमसुक, सीम्मा, ठूली र हवाइको व्यथा** (गीति नाटक) जस्ता रङ्गमञ्चीय नाटकहरू व्यापक मात्रामा प्रदर्शित भए । सामाजिक परिवर्तनका निम्ति टेवा दिने काममा प्रज्ञा-प्रतिष्ठानको संरचना विरोधी सङ्घर्ष जन आन्दोलनपछिको सङ्घर्षशील चिन्हारी बनेर रहेको छ । राष्ट्रियताको पक्षपोषण गर्दै जनअधिकारका निम्ति आवाज उठाउने काममा सम्लग्न भएको तथ्य २०४६ सालको सङ्घर्षपछि संविधान बनाउने क्रममा सामन्ती तत्वद्वारा भएका षड्यन्त्रका विरुद्धमा जनसमुदायसँगै सडकमा ओर्लिएर सङ्घर्ष गरेको घटनाले दर्शाउँछ ।

साहित्यका विधाहरूका सन्दर्भमा हेर्दा पनि यस चरणमा कविता, कथा, उपन्यास र समालोचनाका क्षेत्रमा थुप्रै प्रतिभाहरू क्रियाशील रहे । श्यामप्रसाद, गोविन्द भट्ट, निनु चापागाईं, खगेन्द्र सङ्गौला, राजेन्द्र सुवेदी, ऋषिराज बराल, दिल शाहनी, मोदनाथ प्रश्रित, देवीप्रसाद सुवेदी, घनश्याम कँडेल, ठाकुर पराजुली, माधव पोखरेल, जीवेन्द्रदेव गिरी, रामहरि पौडेल, जगदीशचन्द्र भण्डारी, विष्णु प्रभात, चैतन्य, मुरारी अर्याल, आनन्ददेव भट्ट, चूडामणि रेग्मी, गणेश भण्डारी, डी.आर. पोखरेल, शक्ति लम्साल, शारदारमण नेपाल, मोहनविक्रम सिंह, ऋषि भुसाल, शरद बनेपा, बेदुराम भुसाल, शितविन्दु, कपिल लामिछाने, कृष्णप्रसाद पराजुली, रूद्र खरेल, गोपिकृष्ण शर्मा, केशव उपाध्याय, रामप्रसाद ज्ञवालीआदि अनेक प्रतिभाले समीक्षालाई सबल बनाइ रहेका छन् ।

निबन्धमा निजात्मक र परात्मक दुवै धारामा आ-आफ्नै ढङ्गले सामयिक विषयका अतिरिक्त दर्शन, राजनीति, मनोविज्ञान, इतिहास अर्थशास्त्र, प्रविधि, भूगोल र खगोलका बारेमा अनेकौं कोणबाट कलम चलेका छन् । पत्रकारिताको क्षेत्रमा यसले प्रतिवेदनलाई सशक्त रूप प्रदान गरेको छ भने हास्यव्यङ्ग्य शैलीको प्रयोगले विधागत सीमा नाघेर बढेको छ । निबन्धको निखारले सौन्दर्यशास्त्रको कडी पक्रेर भाववादी र भौतिकवादी सौन्दर्यशास्त्रको विवेचना गऱ्यो । लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिंह प्रधान, भैरव अर्याल, श्यामप्रसाद, श्रीधर खनाल, बालकृष्ण पोखरेल, ताना शर्मा, शङ्कर

लामिछाने आदिको पूर्वार्द्धपछि उत्तरार्द्धमा गोविन्द भट्ट, आनन्ददेव भट्ट, वल्लभमणि दाहाल, रमेश विकल, काजिमान कन्दङ्वा, देवेन्द्रराज उपाध्याय, जगदीश शमशेर ऊपारिजात, राजेन्द्र सुवेदी, मोदनाथ प्रश्रित, केदारनाथ प्रधान, पूर्णप्रकाश नेपाल, गणेशवहादुर प्रसाईं, मोहन सिटौला, कृष्णप्रसाद पराजुली, लिला उदासी, हंसपुरे सुवेदी, कुलप्रसाद खनाल, विमल निभा, राजव, श्यामल अदि अनेक प्रतिभा देखापरे र संस्मरणात्मक रचनामा सुधा त्रिपाठी, घनश्याम राजकर्णिकार, अनिल पौडेल, मोहन दुवाल, लक्ष्मीदेवी अर्याल आदि देखापरे ।

नाटकमा विजय मल्ल (१९८२), गोपालप्रसाद रिमाल, माधव भण्डारी, बासुशशी, मनबहादुर मुखिया रमेश विकल, भूपेन्द्रमान सर्वहारा, मोहन निरौला, वृद्धिबहादुर थकाली, बासुपासा, मोहनराज शर्मा, अशेष मल्ल, सरुभक्त, अविनास श्रेष्ठ, रामप्रसाद प्रदीप, मोदनाथ प्रश्रित, शार्दुल भट्टराई, दिल शाहनी, नरनाथ लुइँटेल, अग्निशिखा, सुरेश कार्की, उदय शर्मा, रायन, जीवन शर्मा, प्रकाश पर्वते लगायतका थुप्रै देखापरे । यसैक्रममा हाँस्यव्यङ्ग्य साहित्यले पनि थप गतिशीलता प्राप्त गऱ्यो र नयाँ-नयाँ प्रतिभाहरू यस क्षेत्रमा सक्रिय रहे ।

कविताको क्षेत्रमा सबैभन्दा बढी प्रतिभाहरू देखापरे । कवि भवानी घिमिरेदेखि लिएर भवानी थापासम्मका थुप्रै पुराना तथा नयाँ प्रतिभाहरू यस चरणमा सक्रिय रहे । फुटकर कविता खण्डकाव्य र महाकाव्यसम्मका रचना यस चरणमा सिर्जिए । खण्डकाव्यमा कवि घनश्याम कँडेलको, देवयानी, निलकण्ठ न्यौपानेको **पुरेतको मुखमा बुजो**, मित्रलाल पंज्ञानीको **'गतिमान गण्डकी'** अनि रामप्रसाद ज्ञवालीको **औंसीका फूलहरू**(महाकाव्य) यस क्रममा विशेष उल्लेख्य रहेका छन् । यसै अवधिमा प्रलेसले चालिसको दशकमा केही उल्लेखनीय कविहरूको कविता सङ्ग्रह पनि प्रकाशित गऱ्यो ।[१५७]

कथामा नारायण ढकाल, इस्लामी, हरिहर खनाल, ऋषिराज वराल, खगेन्द्र सङ्ग्रौला, विनय कसजू, कविताराम, भागिरथी श्रेष्ठ, पूर्ण विराम, रामहरि पौडेल, विजय चालिसे, देविका तिमसिना, सञ्जय थापा, तीर्थ न्यौपाने, हरिगोविन्द लुइँटेल, अविनास श्रेष्ठ, गोविन्द गिरी प्रेरणा, विवश वस्ती, भक्तवहादुर नेपाली, पुन्यप्रसाद खरेल, कृष्ण वेलवासे, राम विनय, विष्णु प्रभात, जनकप्रसाद हुमागाईं, केदारनाथ न्यौपाने, यु. कार्की, गिता केशरी, शिव श्रेष्ठ, घनश्याम ढकाल, रमेशमोहन अधिकारी, टीकाराम पोखरेल, शितल गिरी, चूडामणि वसिष्ठ, मदन मुमुक्षुआदि अनेक कथाकारहरू देखा परे ।

उपन्यासका क्षेत्रमा पनि यिनै प्रतिभा मध्येवाट अग्रसर भएको पाइन्छ । खगेन्द्र सङ्ग्रौला, पारिजात, सञ्जय थापा, शितविन्दु, आहुती, केदार न्यौपाने, भागिरथी श्रेष्ठ, तीर्थ न्यौपाने, गोविन्द गिरी प्रेरणा, भक्तवहादुर नेपाली आदि सिर्जनशील रहेका देखिन्छ । साहित्यिक प्रकाशन तर्फ पनि विभिन्न प्रकाशन संस्थाहरूले आ-आफ्नै पहलमा पुस्तक, पत्रिकाहरू प्रकाशित गरे । प्रगतिशील तथा प्रगतिवादी भावधाराको

---

१५७. प्रलेस, वर्ष १ अङ्क २, (२०५०) सम्पादक राजेन्द्र सुवेदी र रुद्र खरेल) ।

साहित्य भण्डारलाई भरिलो बनाए ।

विचार प्रवृत्तिका दृष्टिले पनि यस चरणको प्रगतिशील तथा प्रगतिवादी साहित्यले विभिन्न धाराप्रवाह र विचारप्रवृत्तिको निर्माण गऱ्यो । यसक्रममा प्रगतिशील भावधाराभित्रै तीन प्रवृत्ति देखापरे ।

१. सामन्ती प्रगतिशीलतामा आवद्ध पञ्चायती सुधारवाद ।
२. पूँजीवादी प्रगतिशीलतामा आवद्ध बुर्जुवा सुधारवादी ।
३. समाजवादी प्रगतिशीलतामा आवद्ध जनवादी क्रान्तिवाद ।

यी तीन विचार प्रवृत्तिले स्रष्टालाई आ-आफ्नै ढङ्गले अघिबढ्न प्रेरित गरेपछि नै नेपाली साहित्यमा यथास्थितिवादी दर्शन, साहित्य र राजनीतिका प्विरुद्धमा सुधार, परिवर्तन र क्रान्तिका गीतहरू गुञ्जिए । सामन्ती सुधारवाद र पूँजीवादी उदारवादका प्रवृत्तिले केही स्रष्टालाई अल्मल्याएको भए पनि धेरै कवि कलाकारहरू आमूल परिवर्तनको सन्देश बोकेर मैदानमा सङ्घर्षशील रहे । रत्नकुमार वान्तवा, ऋषि देवकोटा आजाद र नेत्रलाल अभागीजस्ता साहित्यिक स्रष्टाहरू पञ्चायती निरंकुशता विरोधी सङ्घर्षमा सहिद भए । उनीहरूका कतिपय रचनाले आज पनि प्रगतिवादी साहित्यमा आसन जमाइरहेका छन् । सामन्ती प्रगतिशीलताभन्दा पूँजीवादी प्रगतिशीलता अग्रगामी भए पनि समाजवादी प्रगतिशीलता नै आजको खाँचो हो भन्दै अघि लम्कनेहरूले नै प्रगतिवादी लेखनलाई आधार प्रदान गरे । यद्यपि यसैक्रममा कतिपय लेखकहरू स्वच्छन्दतावादमै रुमल्लिने, सामाजिक चिन्तनका क्षेत्रमा अराजकतावादी बन्ने र सङ्कीर्ण समूह स्वार्थमा टाँसिएर परस्पर आरोप-प्रत्यारोप लगाउनेजस्ता गलत प्रवृत्तिमा लीन पनि देखापरे । त्यति भएर पनि मूलधार जनता र राष्ट्रप्रतिको दायित्वबोध गरेर नै अघि बढ्यो र बढिरहेको छ ।

प्रगतिशील तथा प्रगतिवादी लेखन धाराको प्रभाव स्वरूप नै त्रिविले पनि पहिलोपटक यस फाँटका स्रष्टाहरूको सृजनात्मक व्यक्तित्व र देनका सम्बन्धमा शोध-कार्य गराउने आँट गऱ्यो । पञ्चायती ताडनाका कारण कक्रिएको बौद्धिकताले केही खुकुलो अनुभव गर्दै बी.पी. कोइराला, युद्धप्रसाद मिश्र, श्यामप्रसाद, गोकुल जोशी, केवलपुरे किसान, पारिजात, हृदयचन्द्रसिंह प्रधान, रमेश विकल, गोपालप्रसाद रिमालहरूका बारेमा शोध-कार्यहरू सम्पन्न भए । त्यति भएर पनि पाठ्यक्रममा भने अझै पनि प्रगतिवादी धाराका लेखकहरूलाई उचित स्थान दिने काम हुन सकेको छैन ।

अध्याय-आठ

प्रलेसका राष्ट्रिय सम्मेलनहरू

छयालीस सालको जनआन्दोलनपछि नेपाली साहित्यको प्रगतिशील तथा प्रगतिवादी धारामा अपेक्षित उत्साह देखापरेन । एकातर्फ पञ्चायतविरोधी सङ्घर्षमा निर्दलीय निरङ्कुशता विरोधी जुन ध्रुव निर्माण भएको थियो, त्यो बहुदलीय शासन प्रणाली पुनर्स्थापित भएपछि कायम नरहनु र अर्कोतर्फ स्वयम् प्रगतिवादीहरूमा पनि आन्दोलनको प्राप्तिलाई ठीक ढङ्गले हेर्ने दृष्टिकोणमा समस्या रहनुका कारणबाट पनि आशा गरेजस्तो गतिशीलता पैदा हुन सकेन । कतिपय साहित्यिक व्यक्तिहरू साँस्कृतिक आन्दोलनमा भन्दा राजनीतिक आन्दोलनमा संलग्न हुनु, उदारवादी स्रस्टाको रूपमा देखिन चाहने पुँजीवादी लेखकहरूले आफ्नो उद्देश्य प्राप्त भएको महशुस गर्नु, दलबद्धतामा रहेका साँस्कृतिक सङ्घसंस्थाहरूबीच कार्यक्रमिक एकता र परिस्थितिको सापेक्षतामा योजना निर्माण हुन नसक्नु, राजनीतिक खुलापनले पैदा गरेको तीव्र प्रतिस्पर्धाबीच साँस्कृतिक फाँटमा पनि व्यवसायिक होड् बढ्नु र प्रगतिशील एवम् प्रगतिवादी क्षेत्रसँग पुँजी, प्रविधि र व्यवस्थापन सीपको अभावग्रस्तता रहनुका कारण पनि प्रलेसले जे जति र जस्ता काम गर्नुपर्दथ्यो त्यो गर्न सकेन । यस्तै परिवेशमा संगठनात्मक क्रियाशीलता पनि मन्द गतिले लतारियो र २०४८ साल असोज ५ गते बल्ल दोस्रो राष्ट्रिय सम्मेलन आयोजना गर्न सक्यो । यस सम्बन्धमा मूल्याङ्कन गर्दै दोस्रो राष्ट्रिय सम्मेलनद्वारा पारित कार्य प्रतिवेदनमा भनिएको छ- 'नेतृत्वको व्यवहार कुशलताको कमी र अन्य आन्तरिक कारण एवम् बाम घटकहरू माझको अस्वस्थ्य प्रतिस्पर्धासमेत प्रलेसभित्र प्रतिबिम्बित हुन जाँदा निर्धारित कार्यक्रमहरू पनि कार्यान्वयन गर्ने उपयुक्त वातावरण सिर्जना गर्न सकिएन ।'[१५८] सम्मेलनमा अपेक्षित उपलब्धि हासिल गर्न नसकेको स्वीकार गरिए पनि तत्कालीन सचिव खगेन्द्र सङ्ग्रौलाद्वारा प्रस्तुत 'प्रगतिवाद: हिजो र आज' नामक प्रतिवेदनमा भनिएको छ-'जनआन्दोलन सम्झौतामा टुङ्गिएपछि जनताले आफ्नो चाहना आंसिक रूपमा पनि पूरा भएको अनुभव गर्न सकेन । शहर बजारका पठित सीमित मध्यमवर्गीय मानिसहरूले लेख्ने, बोल्ने, सभा र जुलुस गर्ने हक प्राप्त गरे तापनि अशिक्षित एवम् गास बास कपासको न्यूनतम व्यवस्था गर्न नसक्ने आमजनतामाझ वास्तविक भावी क्रान्तिको अपरिहार्यताप्रति सकारात्मक दृष्टिकोणको तीव्रता देखापर्नु स्वाभाविकै हो । स्वतन्त्रता र प्रजातन्त्रको चेतलाई यसै वस्तुगत तथा सामाजिक परिवेशमा निक्योल गर्दै सामन्ती सामाजिक

---

१५८. प्रलेस वर्ष १ अङ्क १, २०४९ असोज पृ. १

तथा राजनीतिक संरचनाका अवसानमुखी अवशेषको प्रतिनिधित्व गर्ने विचार संस्कृति र सिङ्गो सामाजिक बनोटमा तात्विक रूपमा आमूल परिवर्तनको चेतना र त्यस लक्ष्यप्रति उन्मुख स्वर शृङ्खलाहीन रूपमै भए पनि देखापर्नु निश्चय नै यस समयको महत्वपूर्ण प्राप्ति हो। सामन्ती निरङ्कुश शासकका विलासितापूर्ण सयनागारतर्फ नारा लगाउँदै बढेको क्रुद्ध, निशस्त्र विशाल जनसागर वा त्यस्तो निरङ्कुश राजनीतिक व्यवस्थाको संस्थापनका लागि २०१७ सालमा जनअधिकारको घाँटी निमोठ्ने शासकको सालिक भत्काउन आँट गर्ने दृष्टान्त नै यसपालाको जनआन्दोलनमा अभिव्यक्ति सामाजिक चेतनाको सर्वोच्च शृङ्खलाको कडी थियो। तसर्थ जनआन्दोलनको अपूर्ण अन्त्य र जनआकाङ्क्षा माथिको आघातप्रति लेखकहरूले आक्रोस प्रकट गर्नु मनासिप हो। साहित्यमा देखापरेको यो आक्रोस लेखकको उच्च संवेदनाको प्रतीक हो र चेतनाको यसै विन्दुमा उभिएर साहित्यिक आन्दोलनलाई अघि बढाउनु इतिहासले प्रलेसलाई सुम्पेको दायित्व हो।"[१५९]

समग्र साँस्कृतिक दायित्वप्रति सचेत रहँदारहँदै पनि प्रलेसले आफ्नो कार्यक्रमलाई सुव्यवस्थित गर्न सकेन। २०४४ को सम्मेलनपछि २०४७ सम्ममा गर्ने भनिएका कतिपय कामहरू अझैसम्म हुन सकेका छैनन्। जस्तो कि प्रलेसले २०४४-२०४७ का निम्ति तर्जुमा गरेको गुरुयोजनामा उल्लेख भएअनुसार प्रगतिशील वाङ्मयको पुस्तकालय खडा गर्ने, नेपालको प्रगतिशील साहित्यको इतिहास लेख्ने, प्रगतिशील बालसाहित्यको विकासका लागि विशेष कार्यक्रम थाल्ने। दर्शनशास्त्र र सौन्दर्य चिन्तनका क्षेत्रमा प्राज्ञिक गोष्ठीहरू गर्ने, विदेशी प्रगतिशील साहित्यको अनुवाद गर्ने, अग्रज साहित्यकारहरूको कृति, वृत्ति र जीवनी चर्चा गर्दै जयन्तीहरू मनाउने, प्रतिध्रुवको रूपमा रहेको समानान्तर साहित्य लेखनका बारेमा छलफल गर्ने, गलत विचारका रचनाको आलोचना गर्ने, प्रलेसको आफ्नै प्रकाशन नियमित गर्ने, प्रगतिशील साहित्यकारहरूको परिचयकोश तयार गर्ने, प्रगतिशील कलाकारसङ्घ गठन गर्न प्रेरित गर्ने। जिल्ला जिल्लामा प्रगतिशील साहित्य अभियान सञ्चालन गर्नेजस्ता कामहरूमध्ये कतिपय त लिखतमै थन्किए। तर प्रलेसको प्रकाशन, गोष्ठीहरू र व्यक्तित्व चर्चाका कामहरू भने हुँदै आइरहेका छन्। केही कामहरू थालिएका छन् र यो सकारात्मक स्थिति हो। तिनीहरूलाई यथोचित ध्यान दिएर अघि बढाउँदै लग्नुपर्ने खाँचो छ। वास्तवमा दीर्घकालीन ढङ्गले गर्नुपर्ने काम र अल्पकालीन योजनालाई सन्तुलित गर्दै प्रलेस अघि बढ्नुपर्ने आवश्यकता बोधले २०४८ असोज ५ गते दोस्रो राष्ट्रिय सम्मेलन आयोजना गरियो।

८.१ प्रलेसको दोस्रो राष्ट्रिय सम्मेलन (२०४८)

प्रगतिशील लेखक सङ्घ साँस्कृतिक क्षेत्रको संयुक्त मोर्चा हो। साङ्गीतिक फाँटलाई अलग्गै संस्था बनाएर चलाउनु बेश हुने ठानेर पहिलो सम्मेलनद्वारा यसलाई लेखन क्षेत्रमा सीमित गरेको थियो। साहित्यिक आन्दोलन विभिन्न पक्षका लेखकहरूको अल्पमत बहुमतको मतदान पध्दतिबाट हैन, सामाजिक आवश्यकताअनुरूप हुने

---

१५९. प्रलेस वर्ष १ अङ्क १, २०४९ असोज पृ. ५

पारम्परिक विचार-विमर्श, समर्पित साधना, उत्कृष्ट सृजन र त्यसको प्रचारप्रसारबाट अघि बढ्छ। साहित्य स्रष्टामा समाज र सम्पर्कमा रहेका व्यक्तिहरूको प्रचुर प्रभाव पर्ने भए तापनि उसको सृष्टि मूलतः निजी प्रयत्नमै निर्भर हुन्छ। त्यसैले प्रलेसमा यो वा त्यो घटक अथवा तटस्थ लेखकहरूको कोटा निर्धारणबाट हैन सिर्जनाको गुण र मात्रा बढाउने काममा सङ्घलाई माध्यम बनाएर बल्ल हामी ध्येयतिर अघि बढ्न सक्छौं भनिएको पाइन्छ।[१६०] तर व्यवहारमा भने यसका घटकहरू बीच पाको साँस्कृतिक सोच निर्माण हुन सकेन र वाम घटकहरूको कोटाबाट बन्ने संस्था बनाइयो। जसले गर्दा अपेक्षित सिर्जनशीलता र गतिका साथ अघि बढ्न सकेन। केन्द्रीय कार्यालय व्यवस्थित गर्न नसक्नु, प्रकाशन नियमत बनाउन नसक्नु र सङ्घको संरचनाका बारेमा पनि उपयुक्त सोच विकास गर्न नसक्नुका कारण प्रलेसको नाम ठूलो काम लुलो बनेर बस्यो। प्रगतिशील तथा प्रगतिवादी साहित्यिक क्षेत्रका समस्यालाई सरकार, संसद् र प्राज्ञिक संस्थाले आवश्यक ध्यान दिएनन्, निरन्तर पन्छाउँदै गए। पुस्तकहरूको प्रकाशन सङ्कटग्रस्त नै रह्यो। प्रकाशित पुस्तकहरू पनि व्यवस्थित वितरणको अभावले गर्दा लक्षित पाठक बीच पुग्न नसकेर थन्किए। सधैं घाटाको व्यापार बनेर प्रगतिशील तथा प्रगतिवादी प्रकाशनहरू सुक्दै गए। नवोदित प्रतिभालाई प्रोत्साहित गर्ने मञ्चहरू, प्रकाशनहरू र कार्यक्रमहरू पनि चलाउन सकिएन र पुरानै लेखकहरूलाई यथोचित सम्मान दिई सिर्जनात्मक निरन्तरतामा डोऱ्याउन सकिएन। त्यति भएर पनि प्रलेस धुकुर-धुकुर हिँडिरह्यो। यसो हुनुको कारण औंल्याउँदै सङ्घको मुखपत्रमा भनिएको छ- पहिलो कुरा, प्रलेस वामपन्थी आन्दोलनका विभिन्न पक्षहरूसँग सम्बद्ध रहेको साझा मञ्च भएकाले सम्बद्ध सबै पक्षबाट पुग्दो मात्रामा सरसहयोग प्राप्त हुन सकेको छैन। दोस्रो कुरा वामपन्थी आन्दोलनभित्रका अनेक मतमतान्तरका द्वन्द्वहरूको प्रभावले सङ्घभित्र सक्रिय वातावरणको सिर्जना हुन नसक्नु र तेस्रो कुरा केन्द्रीय कार्यालय सुव्यवस्थित हुन नसक्नु जस्ता कुराहरूले गर्दा सहयोग जुटाउन र जुटेकै सहयोगलाई पनि राम्ररी संयोजन र सदुपयोग गर्न सकिएको छैन।[१६१] वास्तवमा यही समस्याले नै प्रलेसलाई नराम्ररी गाँजेको छ।

प्रलेसको दोस्रो सम्मेलनपछि- 'हिंसा संस्कृतिका विरुद्धमा कलाकर्मीहरू !' नामक विशेष साँस्कृतिक सभा ०४९ वैशाख ११ मा टुँडिखेल खुलामञ्चमा आयोजना गरियो। कविवर युद्धप्रसाद मिश्रको निधनपछि श्रद्धान्जली सभाको तर्जुमा गरियो र सडक कविता कार्यक्रहरू सञ्चालन गरियो। यस क्रममा २०४८ साल चैत २३ मा कीर्तिपुरमा साहित्य-यात्रा नामक सडक कविता गोष्ठी र ०४९ जेठमा प्रज्ञा भवनमा विचारगोष्ठीको आयोजना गरियो। सो विचारगोष्ठीको विषय थियो- नेपाली साहित्यका समकालीन प्रवृत्तिहरू। निनु चापागाईं र राजेन्द्र सुवेदीद्वारा कार्यपत्र प्रस्तुत गरिएको सो विषयमा कृष्णचन्द्र सिंह प्रधान, मोदनाथ प्रश्रित र जगदीशचन्द्र भण्डारीले टिप्पणी गरेका थिए।

---

१६०. प्रलेस वर्ष १ अङ्क १ २०४९ असोज पृ. ९

१६१. प्रलेस वर्ष १ अङ्क १, २०४२ असोज पृ. ४४

वि.सं. २०४८ साल असोज ५ मा सम्पन्न प्रलेसको दोस्रो सम्मेलनले श्यामप्रसाद शर्माको अध्यक्षतामा नयाँ नेतृत्व चुन्यो । जसमा उपाध्यक्ष गङ्गाप्रसाद उप्रेती, महासचिव खगेन्द्र सङ्ग्रौला, सचिव राजेन्द्र सुवेदी, कोषाध्यक्ष हरिगोविन्द लुइँटेल र सदस्यहरूमा रूद्र खरेल, विष्णु प्रभात, रामहरि पौडेल, ऋषिराज बराल, घनश्याम ढकाल, जगदीशचन्द्र भण्डारी, शोभा गौतम, पूर्णबहादुर वैद्य, वासुदेव अधिकारी, अमर गिरी, हरिहर खनाल, महेश मास्के रहे । १७ सदस्यीय केन्द्रीय समितिमा केवलपुरे किसानलाई मानार्थ सदस्यता प्रदान गरियो भने पूर्वअध्यक्ष रमेश विकलसहित ९ सदस्यीय केन्द्रीय सल्लाहकार समिति गठन गरियो । अन्य सल्लाहकारहरूमा मोदनाथ प्रश्रित, आनन्देव भट्ट, जनकप्रसाद हुमागाईं, शक्ति लम्साल, शान्तदास मानन्धर, दुर्गालाल श्रेष्ठ, निनु चापागाईं र रामचन्द्र भट्टराई रहे ।

दोस्रो राष्ट्रिय सम्मेलन (२०४८) ले प्रलेसको राष्ट्रिय परिषद्मा केन्द्रीय समितिका सदस्यसहित थप अन्य सदस्यहरूमा पूर्णविराम (बलराम भट्टराई), आहुति (विश्वभक्त दुलाल), दिनेश भुजु, कणाद महर्षि, भाष्कर (भवानीप्रसाद पाण्डे), गोविन्द विकल, पारिजात, त्रिरत्न शाक्य, महेश्वर राय, झपेन्द्र जि.सी., ऋषिराम भुसाल, इस्माली (महेश पौडेल) दिल साहनी, डी.आर. पोखरेल, निर्मोही व्यास, ईश्वरचन्द्र ज्ञवाली, बुँद राना तथा राजभाइ जकमीलाई छान्यो ।[१६१]

दोस्रो राष्ट्रिय सम्मेलनको अध्यक्षता रमेश विकलले गरेका थिए । प्रतिवेदनका रूपमा मोदनाथ प्रश्रितको 'प्रलेस र साहित्यकर्मीको दायित्व' विषयक खण्ड तथा खगेन्द्र सङ्ग्रौलाको 'प्रगतिवाद: हिजो र आज' विषयक खण्ड प्रस्तुत गरेका थिए । सङ्ग्रौलाले प्रलेसको साङ्गठनिक गतिविधि पनि प्रस्तुत गरेका थिए । सम्मेलनमा सहभागीहरूमध्ये ऋषिराज बरालले खगेन्द्र सङ्गौलाद्वारा प्रस्तुत केही धारणा तथा वर्गीकरण त्रूटीपूर्ण रह्यो र प्रश्रितका भनाइहरू परस्पर बाझे भनी आफ्नो विचार व्यक्त गरेका थिए । त्यसै गरी सुरेश आलेमगरले व्यक्ति प्रतिभाको योगदानलाई आधार बनाउँदा मूल्याङ्कन कसरी गर्ने भन्ने प्रश्न उठाए । छलफल गर्ने स्रस्टामा आनन्ददेव भट्ट, राजेन्द्र सुवेदी, हरिगोविन्द लुइँटेल, मञ्जुल, आहुति, रामचन्द्र भट्टराई, मित्रलाल पंज्ञानी, इस्वरचन्द्र ज्ञवाली आदि थिए । आखिरमा सम्मेलनबाट प्राप्त सुझावका आधारमा नयाँ नेतृत्वले प्रतिवेदन परिमार्जित गर्ने गरी पारित भएको थियो ।

८.२ प्रलेसको तेस्रो राष्ट्रिय सम्मेलन (२०५०)

नेपाली जनताका परिवर्तनकामी उद्दात्त आकाङ्क्षा, वर्तमानका घनिभूत पीडा र नेपाली राष्ट्रियताका मर्महरूलाई कलात्मक वाणी दिने सिङ्गो अभिभारा नेपाली साहित्यको प्रगतिवादी धारामाथि आइलागेको वेला यस साहित्यिक आन्दोलनको केन्द्रीय संस्था र साझा ध्वजाको रूपमा रहेको प्रलेसको सान्दर्भिकता र महत्ता अझ बढ्न गएको कुरा तेस्रो राष्ट्रिय सम्मेलनको कार्यपत्रमा उल्लेख छ । सङ्घका महासचिव

---

१६२. प्रलेस तेस्रो राष्ट्रिय सम्मेलन अङ्क ३, २०५० पृ. ४-५ ।

खगेन्द्र सङ्ग्रौलाद्वारा प्रस्तुत 'प्रलेस चुनौती र दायित्व' नामक उक्त प्रतिवेदनमा पनि सङ्गठनात्मक प्रगतिको विवरण पाइँदैन। तर सैद्धान्तिक पक्षमा भने प्रगतिवादी चिन्तनका सन्दर्भमा सुस्पष्ट भनाइ रहेको छ। त्यसमा भनिएको छ- 'प्रगतिवादको सौन्दर्य दर्शन समाजवादी यथार्थवाद हो। सामाजिक यथार्थको कलात्मक प्रतिवम्बन वा पुनः सिर्जनाका सन्दर्भमा समाजवादी यथार्थवाद एक दृष्टिकोण, पद्धति र प्रविधि पनि हो। यथार्थवादका नामबाट प्रचलित अन्य अनेकन् मनचिन्ते र भ्रामक साहित्यिक वादहरूका विपरीत समाजवादी यथार्थवादको ठोस वस्तुगत र वर्ग आधारहरू छन्। समाजवादी यथार्थवादले वस्तुजगतको प्राथमिकतालाई स्वीकार गर्दछ र मनोगतजगत्लाई यसको जटिल प्रतिविम्बन मान्दछ। यस वादले वर्ग सङ्घर्षलाई समाज विकासको प्रमुख कारक र प्रेरक, श्रमिक जनगणलाई समस्त भौतिक र भावनात्मक सम्पदाका श्रष्टा र इतिहासको निर्माता ठान्दछ र त्यसैले तिनलाई आफ्नो श्रमका मालिक र आफ्ना नियतिको निर्णायकका रूपमा प्रतिस्थापित गर्ने प्रयत्न गर्दछ। यसले राज्यसत्ता, मानवता, न्याय र प्रेमको वर्गचरित्रलाई स्वीकार्दछ र. निरवर्गीय राज्यसत्ता, निरवर्गीय मानवता, निरवर्गीय न्याय र निरवर्गीय प्रेमसम्बन्धी आग्रहलाई भ्रान्तिकारी पाखण्ड ठान्दछ। यस सौन्दर्य दर्शनका दृष्टिमा साहित्य र कला वर्गीय समाजका विशेषाधिकार सम्पन्न इनेगिने ठालुहरूको विलासका साधन होइनन् बरु ती त व्यापक श्रमिक जनगणका निम्ति जागरणकारी र आनन्ददायी साधन हुन्। तसर्थ जीवनमा जस्तै कलामा पनि तटस्थताको कुनै अर्थ छैन।'

'राजनीति र राजनीतिक आन्दोलनमा सामाजिक यथार्थको प्रवलतम अभिव्यक्ति हुने गर्दछ र राजनीतिक आन्दोलन सामाजिक आकाङ्क्षाको स्पन्दनलाई बोध गर्ने एक भरपर्दो सूचक हुने गर्दछ। तथापि कला, राजनीतिका नितान्त समसामयिक र स्थलगत नाराहरूभन्दा गम्भीर सूक्ष्म दीर्घजीवी र व्यापक हुन्छ। त्यसैले, समाजवादी यथार्थवादले कलाको सापेक्ष स्वायत्तता र सापेक्ष शहास्वततालाई कदापि नकार्दैन। समाजवादी यथार्थवादका दृष्टिमा साहित्य-कलामा समृद्ध विषय वस्तुको चयन र परिमार्जित शिल्प विन्यासको ठूलो महत्व रहन्छ।'

समाजवादी यथार्थवादी वा प्रगतिवादसम्बन्धी उपरोक्त मान्यताहरूका दृष्टिबाट हाम्रो वर्तमान साहित्यिक आन्दोलनलाई नियाल्ने होभने यसमा अनेकन् छिपछिपे, अपरिपक्व, एकाङ्गी र भ्रामक धारणाहरू देखापर्ने छन्। हामीकहाँ कलात्मक दृष्टिबाट अप्रशोधित काँचा र चर्का नारा, सामाजिक जीवनको स्थुल निरीक्षण र सपाट वर्णन, कोरा सूत्रवाजी र निष्प्राण उपदेशवाजी, ठाडो आदर्शगान र तामसी आवेग, अप्रतिनिधिमूलक पात्र र परिवेश चयन र क्षणिक झोंकलाई समेत पनि बडो हलुका ढङ्गले समाजवादी यथार्थवाद भन्ने गरेको देखिन्छ। साथै छिपछिपे रूपवादलाई प्रगतिवाद ठान्ने भ्रान्त धारणा पनि हाम्रो आन्दोलनभित्र निकै प्रबल छ। यस प्रकार, साहित्य सिर्जना र साहित्य समालोचनाको समाजवादी यथार्थवादी दृष्टिकोणलाई त्यसको सही सैद्धान्तिक आधारमा बुझ्न नसक्दा र हाम्रो ठोस ऐतिहासिक-सामाजिक सन्दर्भमा सापेक्ष रूपबाट प्रयोग गर्न नजान्दा हाम्रा कतिपय सदाशयतापूर्ण र कष्टसाध्य प्रयत्नहरू व्यर्थमा खेर गइरहेका छन्। तसर्थ दृष्टिकोणको प्रश्नमा स्पष्टता

र त्यसको समयसापेक्ष प्रयोगविधिमा कुशलता प्राप्त गर्ने चेप्टा गर्नु प्रलेससामू रहेको आजको एक ज्वलन्त हाँक हो ।'[१६३]

प्रतिवेदनले प्रगतिवादी साहित्यमा रहेको निम्न पुँजीवादी चिन्तनप्रवृत्तिप्रति टिप्पणी गर्दै भनेको छ- 'वर्तमान प्रगतिवादी आन्दोलन आफै यथास्थितिको कैदी भएको छ । यो यथास्थिति भनेको द्वन्द्वरत र गतिशील सामाजिक यथार्थदेखि टाढा, कतै एकलासमा रहेको स्थिति हो । यस यथास्थितिलाई भत्काउनु भनेको वास्तवमा लेखकले आफ्नो निम्न-पुँजीवादी जीवनवृत्तलाई भत्काउनु हो । यसो गर्नु भनेको लेखकले जनजीवनको निकट सम्पर्कमा रहनु, वर्गद्वन्द्वलाई निरन्तर अनभूत गरी समाजविकासको दिशा र प्रगतिको गतिलाई नियालिरहनु हो । यस प्रक्रियाबाट गुज्रेर मात्र लेखकले साँचो अर्थमा यथार्थबोध गर्न सक्छ । यसरी बोध गरिएको यथार्थको कलात्मक अभिव्यक्ति मात्र जनजागरणकारी र आनन्ददायी साहित्य बन्न सक्छ ।'

यहाँ जति सजिलोसँग भनियो, गर्नलाई यो कार्य त्यति सजिलो छैन । साहित्यिक आन्दोलनको स्थितिलाई तोड्न हामी लेखकहरूले, माथि भनिएझैं, आफ्नो साँघुरो जीवन वृत्तलाई तोड्नुपर्छ, कठोर आत्म-समीक्षक बनी आफ्नो निम्नपुँजीवादी अहम्माथि निर्ममताका साथ प्रहार गर्नुपर्छ, आफ्ना रुची र संवेगहरूलाई नियन्त्रित, अनुशासित र परिस्कृत तुल्याउँदै जानुपर्छ । यो लेखकले स्वयम्लाई भावनात्मक रूपले रूपान्तरण गर्ने प्रक्रियाको एक अङ्ग हो । लेखकहरूमाझको सामूहिक र एकताबद्ध प्रयत्नद्वारा मात्र यस दिशातर्फ पाइला चाल्न सकिने छ । प्रलेसले आगामी दिनमा यससम्बन्धमा गम्भीर छलफल चलाई लेखक र उसले कार्य गर्ने सामाजिक यथार्थमाझ सम्पर्कका प्रभावकारी निकासहरू खोज्ने सामूहिक प्रयास गर्न सक्यो भने हाम्रो साहित्यमा यथास्थितिलाई तोड्ने दिशातर्फ क्रमशः पाइला चाल्दै जान सकिनेछ । यसरी मात्र जनताको साहित्य सिर्जना गर्न सकिनेछ । यसरी मात्र हाम्रो वर्ग प्रतिबद्धताले सार्थक रूप लिन सक्नेछ ।[१६४] त्यसरी नै प्रलेसलाई प्रकाशन व्यवस्थित गर्ने, अन्तरभाषिक आदानप्रदान बढाउने, बालसाहित्य सिर्जनामा ध्यान दिने काम गर्नुपर्ने आवश्यकता दर्शाउँदै सङ्घलाई नेपाली समाजको क्रान्तिकारी रूपान्तरणमा लगाउन र समुन्नत संस्कृति निर्माणको लागि प्रतिबद्ध व्यापक प्रगतिवादी क्षेत्रको साझा सङ्गम थलो बनाउन प्रतिवेदनले जोड दिएको छ । विविध दृष्टि-चिन्तन, रुची र शैलीहरूको उपस्थितिका कारण यो निर्द्वन्द र एकात्मक चिन्तन र शैलीयुक्त थलो कदापि हुन सक्तैन भन्दै मित्रहरू माझका विविध दृष्टि र शैलीसम्बन्धी द्वन्द्वहरूलाई समुचित ढङ्गले संयोजन, सञ्चालन र समाधान गर्नमा यसको नेतृत्व जति कुशल भयो प्रलेसले आफ्नो लक्षित दिशातर्फ त्यति नै बढी प्रगति गर्न सक्नेछ भन्ने ठहर गरिएको छ ।[१६५]

थापाथलीस्थित इन्जिनियरिङ क्याम्पसको हलमा २०५० साल पुस १६ र १७ गते प्रलेसको तेस्रो राष्ट्रिय सम्मेलन आयोजना गरिएको थियो । प्रगतिवादी साहित्यकार

---

१६३. प्रलेस तेस्रो राष्ट्रिय सम्मेलन अङ्क ३, २०५० पृ. ७-९ ।

१६४. प्रलेस तेस्रो राष्ट्रिय सम्मेलन अङ्क ३, २०५० पृ. ११ ।

१६५. प्रलेस तेस्रो राष्ट्रिय सम्मेलन अङ्क ३, २०५० पृ. ११ ।

गोविन्द भट्टले रातो मैनवत्ती बालेर त्यसको उद्घाटन गरेका थिए । सङ्घका संस्थापक अध्यक्ष श्यामप्रसादको सभापतित्वमा भएको पहिलो दिनको कार्यक्रममा विभिन्न पार्टीका प्रतिनिधिहरूले आ-आफ्ना मन्तव्यका क्रममा साहित्य संस्कृतिको क्षेत्रमा कार्यरत बुद्धिजीवीहरूको राष्ट्रिय जमघटले बौद्धिक अन्तरक्रिया र सिर्जनामा नयाँ उत्साह थप्ने अपेक्षा व्यक्त गरे । त्यसअघि आफ्नो उद्घाटन मन्तव्यमा भट्टले- 'साम्राज्यवादी षड्यन्त्र र साम्यवादीहरूका आफ्नै त्रुटीका कारण पूर्वी युरोपको विघटन भएको' चर्चा गर्दै 'मार्क्सवाद मरेको छैन, प्रगतिवाद सतत रूपमा अगाडि बढ्दो छ, इतिहासको गतिशीलतामा कहिलेकाहीँ त्यसको आंशिक सफलता देखिन सक्छ, पराजित हुनसक्छ तर त्यो मर्दैन किनकि त्यो विज्ञान सम्मत छ' भने । अन्त्यमा उनले प्रगतिशील लेखकहरू स-साना मतभेदमा विभाजित बन्न हुने विचार व्यक्त गरे ।

संयुक्त जनमोर्चाका तर्फबाट प्रतिनिधित्व गर्दै पम्फा भुसालले- 'समाजको वर्गीय ढाँचा अनुरूप लेखक कलाकारहरू पनि बाँडिएका छन् । प्रगतिशील लेखकहरू शोषित-पीडित जनताका पक्षधर हुन्' भन्दै नौलो जनवादलाई पक्रेर अघि बढ्न अनुरोध गरिन् । मालेमाका तर्फबाट सीताराम तामाङ्गले आफ्ना विचारहरू व्यक्त गर्दै- 'राजनैतिक सम्बद्धता भएर पनि हामी प्रथमतः लेखक हौं । प्रगतिशील लेखन जनताको आवाज हो, तसर्थ प्रलेसलाई पनि जनसाँस्कृतिक कर्मीहरूको साझा मञ्चका रूपमा दीर्घ जीवन दिनुपर्दछ' भने ।

नेपाल मजदुर किसान पार्टीका नेता नारायणमान विजुक्छेले- 'यो वर्ष माओत्सेतुङको शतवार्षिकी परेको हुँदा यस सन्दर्भलाई पनि सम्झौं' भन्दै 'नाटक नै जनताबीचमा पुग्ने सबैभन्दा बलियो माध्यम हो । हामीले भक्तपुरका किसानलाई ब्युँझाउने र सङ्गठित गर्ने काममा यसैलाई प्रयोग गऱ्यौं' भने र उनले सम्मेलनको सफलताको कामना व्यक्त गरे । कार्यक्रमको अन्त्यमा अध्यक्ष श्यामप्रसाद शर्माले समाजवादी शिविर भत्किनुमा भित्री कारण प्रमुख छ, त्यसैले हामी नेपाली प्रगतिवादीहरूले आफ्नो शिविर जोगाउन आफूभित्रका कमजोरी चिनौं, त्यसलाई हटाऔं र सबै एक जुट भएर अघि बढौं भन्दै उद्घाटन सत्र समापन गरे । प्रारम्भमा श्यामप्रसाद शर्मा, गोविन्द भट्ट र जनकप्रसाद हुमागाईं रहेको तीन सदस्यीय अध्यक्ष मण्डल गठन गरिएको थियो । भोलिपल्टको पहिलो चरणमा जनकप्रसाद हुमागाईंलाई अध्यक्षमण्डलको सभापतित्व सुम्पिएको थियो । दोस्रो सत्रमा पूर्वमहासचिव खगेन्द्र सङ्ग्रौलाद्वारा प्रलेसको साङ्गठनिक विस्तार र कार्य-अवधिभरी गरिएका कामहरूको प्रतिवेदन प्रस्तुत भयो । उनले 'प्रलेस चुनौती र दायित्व' शीर्षकमा विश्लेषणात्मक एवम् वैचारिक कार्यक्रम प्रस्तुत गरे । सम्मेलनका सहभागीहरूले सो कार्यपत्रमाथि व्यापक छलफल गरी राय, सुझावसहित संशोधनको माग गरे । त्यस क्रममा आनन्ददेव भट्टले- यथास्थितिका विरुद्ध सङ्घर्षशील हामीहरूले आफैंबीचमा सङ्कीर्णता तोड्न सक्नुपर्दछ । हाम्रो साँस्कृतिक आन्दोलनमा भयावह उदासीनता पैदा भएको भन्ने कुरा ठीक छैन । प्रतिवेदनमा सङ्ग्रौलाजीले जे गरी प्रस्तुत गर्नुभएको छ त्यसमा केही कुरा सच्याउनुपर्नेभएका छन्' भने बलभद्र भारती (सुर्खेत) ले 'जनवादी साहित्य र प्रगतिवादी साहित्यको भिन्नता प्रस्टिनु पर्ने' सुझाव दिए । मञ्जुलले गैरप्रगतिवादी विचारधाराका

तर यथार्थवादी रचना-शिल्प अँगालेका लेखकप्रति पनि हाम्रो ध्यान पुग्नुपर्दछ भन्ने विचार राखे । रामप्रसाद ज्ञवालीले नयाँ प्रतिभाहरू पुराना ढुङ्गाको लेउमा चिप्लिएका छन् भने । प्रश्रितले साँस्कृतिक आन्दोलनको मूल्याङ्कन गर्दा कमजोरीको पाटोलाई बढी उठाउने गर्नु हुँदैन भन्दै हाम्रो लेखन ठूला शहरमुखी हैन मोफसल र गाउँघरका गतिविधिमार्फत पनि व्यक्त भएका छन् र तिनीहरूलाई पनि देख्नुपर्छ, उल्लेखन गरिनुपर्छ भन्ने विचार व्यक्त गरे ।

प्राप्त सुझावहरूको अभिलेख राख्न विष्णुप्रभात र जगदीशचन्द्र भण्डारीलाई जिम्मा दिइएको थियो । अन्त्यमा आनन्देव भट्ट, बलभद्र भारती, मञ्जुल, रामप्रसाद ज्ञवाली, ताराकान्त पाण्डे, निनु चापागाईं, मणि थापा, लोकबहादुर थापा मगर, राजभाइ जकमी, वासुदेव अधिकारी, मोदनाथ प्रश्रित, महेश मास्के, विष्णु प्रभात, रामचन्द्र भट्टराई, आहुतिबाट उठाइएका विषय एवम् दिइएका सुझावहरूलाई ध्यानमा राख्दै नवनिर्वाचित केन्द्रीय कमिटीले परिस्कार गर्ने गरी त्यसलाई पारित गर्न प्रस्तोताबाट अनुरोध भएपछि तदनुकूल पारित भयो । त्यसपछि विधानमा छलफल शुरु भयो । गङ्गाप्रसाद उप्रेती, विष्णु प्रभात र रूद्र खरेलले संयुक्तरूपमा तयार गरेको विधान संशोधन प्रस्ताव उप्रेतीद्वारा हलमा प्रस्तुत भयो र दफावार छलफल चल्यो । हाउसबाट प्राप्त सुझावअनुसार विभिन्न संशोधनसहित त्यसलाई पारित गरियो । सम्मेलनको दोस्रो दिन नयाँ नेतृत्वको छनोट भयो र तेस्रो राष्ट्रिय सम्मेलनद्वारा निर्विरोध निर्वाचित केन्द्रीय समिति श्यामप्रसादकै अध्यक्षतामा यसप्रकार बन्यो- अध्यक्ष-श्यामप्रसाद शर्मा, उपाध्यक्ष-रामहरि पौडेल, महासचिव-निनु चापागाईं, सचिव-विष्णु प्रभात, कोषाध्यक्ष-ताराकान्त पाण्डेय, र सदस्यमा- गोविन्द भट्ट, खगेन्द्र सङ्ग्रौला, गङ्गाप्रसाद उप्रेती, वासुदेव अधिकारी, विश्वभक्त दुवाल 'आहुति' जगदीचन्द्र भण्डारी, कृष्ण सेन 'इच्छुक' पूर्णविराम, राजभाइ जकमी, अनिल पौडेल, रविकिरण 'निर्जिव' बलभद्र भारती । त्यसरी नै केन्द्रीय समितिका सदस्यहरूसहित राष्ट्रिय परिषद्मा आनन्ददेव भट्ट, जनकप्रसाद हुमागाईं, पवित्रा सुवेदी, हरिहर खनाल, मणि थापा, रूद्र खरेल, गोपिन्द्र पौडेल, मोहन दुवाल, दिनेश मैनाली, भक्तबहादुर पण्डित, राम विनय, सुधा त्रिपाठी, भीष्म उप्रेती, हरिगोन्दि लुइँटेल, लोकबहादुर थापामगर, घनश्याम पौडेल, मातृका पोखरेल, नन्दु 'परिश्रमी' चुनिए ।

तेस्रो सम्मेलनले प्रलेसको आचारसंहिता निर्माण गऱ्यो । लेखक सङ्घको इतिहासमा पहिलोपल्ट जारी गरिएको सो आचारसंहिता यस प्रकार छ-

(क) सङ्घभित्रका लेखकहरूमाझ वैमनस्यता, असमझदारी, कलह र फुट उत्पन्न हुने तथा सङ्घको सिद्धान्त र उद्देश्य विपरीत जाने किसिमका कुनै पनि वक्तव्य, मन्तव्य, लिखित अभिव्यक्ति आदि नदिने, त्यस्तो व्यवहार पनि नदेखाउने । साथै यस सङ्घको साझा उद्देश्यलाई हानी हुने गरी कुनै सङ्घसंस्थाको सदस्य नबन्ने ।

(ख) देशको सार्वभौमिकता, राष्ट्रिय अखण्डता, अन्तर्राष्ट्रिय भ्रातृत्व आदिमा विपरीत प्रभाव पर्ने मन्तव्य, वक्तव्य र लेख आदि नदिने ।

(ग) अन्धविश्वासयुक्त धारणाको प्रचारप्रसार नगर्ने ।

(घ) जनतासितको व्यवहार शोषकहरूको उद्देश्यअनुकूल पृष्ठपोषण हुने गरी कुनै पनि हालतमा नगर्ने ।

(ङ) आफ्नो लेखन र व्यवहारको क्षेत्रमा सामञ्जस्य ल्याउन निरन्तर प्रयत्नशील रहने ।

(च) जातीय एकता, भाषिक समानता, साँस्कृतिक आदानप्रदानका निम्ति विशेष अग्रसरता देखाउने ।

उपर्युक्त कुराहरूका विरुद्ध कुनै लेखकले कार्य गर्छ भने त्यस्ता सदस्यको गल्तीको प्रकृति हेरी सङ्घले सर्वप्रथम सामान्य आलोचना गर्नेछ । त्यति गर्दा पनि उक्त लेखकमा सुधार देखिएन भने कडा आलोचना गर्नेछ । त्यसको वेवास्ता गरियो भने नसिहत दिइनेछ । अन्त्यमा केही सुधार नहुने देखिएमा निलम्बन गरी निष्काशनसमेत गर्न सक्नेछ । तर उपर्युक्त कुनै किमिसले अनुशासनको कारबाही गर्दा पनि सम्बन्धित सदस्यलाई आफूले सफाइ दिन पाउने पूरा मौका दिइनेछ । साथै, कुनै पनि विषयमा व्यक्ति लेखकले सैद्धान्तिक तथा प्रयोगात्मक रूपमा आफ्ना विचारहरू प्रकट गरेको छ भने त्यो कुरा वैचारिक सङ्घर्षको विषय मात्र बन्नेछ । आचारसंहिताको विषय होइन । त्यसैले कुनै खास कुरो आचारसंहिताको विषय बन्न खास गरी असैद्धान्तिक, अवैचारिक, निजी संकुचितता र स्वार्थबाट प्रेरित भई सङ्घ, त्यसका सदस्य र नेपाली श्रमजीवी जनतालाई हानी पुऱ्याउने नियत झल्कन हुनुपर्दछ । जुन लेखक प्रलेसको विधान नै मान्दैन वा त्यसको विरुद्ध जानु ठीक ठान्छ उसले त वास्तवमा प्रलेसको सदस्यता स्वीकार गर्न सक्दछ न त त्यो गर्न नै योग्य हुन्छ ।[१६६]

८.२.१.सम्मेलनपछिका गतिविधिहरू

तेस्रो राष्ट्रिय सम्मेलनद्वारा निर्मित केन्द्रीय नेतृत्वले प्रगतिवादी साहित्यिक गतिविधिलाई तीब्रतर गर्दै अघि बढाउन विभिन्न कामहरू गरेको थियो । जसमा निर्धारित वार्षिक कार्यक्रमअन्तर्गत-२०५० सालको बैशाखमा सुनसरीको इटहरीमा 'आन्दोलनपछिका कविताका स्वर र संरचनाहरू' विषयक, २४ भाद्र २०५१ मा काठमाडौंमा 'साहित्यमा अन्तर्वस्तु र रूपको प्रश्न' विषयक, पौष २२ मा सुर्खेतमा 'साहित्यमा सरलता र स्तरीताको प्रश्न' विषयक विचारगोष्ठीमा छुट्टाछुट्टै सातवटा कार्यपत्रहरू प्रस्तुत गरिए भने दोस्रो वार्षिक कार्यक्रम अन्तर्गत १७ चैत २०५१ मा झापाको बिर्तामोडमा 'मार्क्सवादी चिन्तमा सौन्दर्य' विषयक, ७ जेठ २०५२ मा पोखरामा 'लेखकीय प्रतिबद्धता र स्वतन्त्रता' विषयक, २४ कात्तिकमा दाङमा 'प्रगतिवादी साहित्यको वर्तमान अवस्था र प्रवृत्ति' विषयक विचार गोष्ठीमा अलगअलग पाँचवटा कार्यपत्रहरू प्रस्तुत भएका थिए ।

८.३ प्रलेसको चौथो राष्ट्रिय सम्मेलन (२०५२)

प्रगतिशील लेखक सङ्घ, नेपालको चौथो राष्ट्रिय सम्मेलन २०५२ फागुन ११ र १२ गते काठमाडौमा सम्पन्न भयो । सो सम्मेलनमा देशका विभिन्न भागवाट

---

१६६. प्रलेस तेस्रो राष्ट्रिय सम्मेलन अङ्क २०५०, पृ. ३८-३९

१७३ जना प्रगतिशील तथा प्रगतिवादी लेखकहरूको सहभागिता रहेको थियो। सम्मेलनमा महासचिव निनु चापगाईंद्वारा प्रस्तुत 'प्रगतिशील लेखक सङ्घ र समस्याहरू नामक प्रतिवेदन पेश गरिएको थियो। विभिन्न चार समूहमा विभाजित सहभागीहरूद्वारा व्यापक छलफल गरी प्रस्तुत गरिएका उपयुक्त सुझावहरू समावेश गर्ने गरी सो प्रतिवेदन पारित भएको थियो। सो सम्मेलनले सङ्घको विधान संशोधनसम्बन्धी प्रस्ताव पनि आवश्यक छलफलसहित पारित गरेको थियो। अन्त्यमा सोही सम्मेलनले गोविन्द भट्टको अध्यक्षतामा नयाँ केन्द्रीय समितिको साथै राष्ट्रिय परिषद्को निर्वाचन गरेको थियो।[१६७]

चौथो राष्ट्रिय सम्मेलन २०५२ द्वारा निर्वाचित केन्द्रीय समिति, राष्ट्रिय परिषद् तथा सल्लाहकारहरू यस प्रकार देखिन्छन्। केन्द्रीय कार्य समितिमा गोविन्द भट्ट (अध्यक्ष), विमल निभा (उपाध्यक्ष), गङ्गाप्रसाद उप्रेती (महासचिव), विष्णु प्रभात (सचिव), मोहन दुवाल (कोषाध्यक्ष), र सदस्यहरूमा जनकप्रसाद हुमागाईं, अनिरुद्ध तिमसिना, नारायणप्रसाद शर्मा, जीवेन्द्रदेव गिरी, लिला उदासी, भक्तबहादुर पण्डित, सुधा त्रिपाठी, अमर गिरी, आर.आर. चौलागाईं, शीतविन्दु, नरनाथ लुईंटेल, अनिल पौडेल र राष्ट्रिय परिषद्मा केन्द्रीय समितिका सबै पदाधिकारी तथा सदस्यहरूसहित आनन्ददेव भट्ट, रामचन्द्र भट्टराई, रामविनय, वासुदेव अधिकारी, रामप्रसाद प्रदीप, चन्द्र भण्डारी, पुरुषोत्तम शर्मा, विजय सुब्बा, मित्रलाल पंज्ञानी, नन्दु परिश्रमी, पवित्रा सुवेदी, विवश वस्ती, पुन्य कार्की, विदुर चालिसे, विवेक वाइबा, होम भट्टराई रहे। त्यसै गरी सल्लाहकारमा श्यामप्रसाद शर्मा, रमेश विकल, मोदनाथ प्रश्रित, चूडामणि रेग्मी, भवानी घिमिरे र नरेन्द्र चापागाईं चुनिए।

तर सम्मेलनमा आचारसंहिता र नेतृत्व चयनका सम्बन्धमा केही मतभेद पनि देखापऱ्यो। त्यसको पृष्ठभूमिमा श्यामप्रसादले स्वीकारेको महेन्द्र प्रज्ञा पुरस्कारको प्रसङ्ग र राजीनामाको सन्दर्भमा भएका विवादहरू रहेको थियो। अन्तिम चरणमा सर्वपक्षीय समझदारीमा नेतृत्व बनाइनुपर्छ भन्ने र चुनावी प्रक्रिया अपनाइनुपर्छ भन्ने कुरामा विवाद केन्द्रित हुँदा सम्मेलनका सहभागीहरूमध्ये केहीले आफ्नो विमति जाहेर गर्दै सम्मेलन कक्ष छाडेर हिँडे। अध्यक्ष मण्डलमा रहेका व्यक्तिसमेत उठेर हिँडे र चुनावमा सहभागी भएनन्। यसरी चुनाव प्रक्रियामा भाग नलिनेहरूले छुट्टै भेला गरी एउटा प्रेस विज्ञप्ति प्रकाशित गरे। उक्त प्रेस विज्ञप्तिमा भनिएको छ- "प्रगतिशील लेखक सङ्घ सामन्तवाद-साम्राज्यवाद विरोधी प्रगतिशील लेखकहरूको साझा सङ्गठन (संयुक्त मोर्चा) को रूपमा इतिहासदेखि नै स्थापित रहिआएको हो। ठीक यही मान्यताका आधारमा फागुन ११, १२ गते यसको चौथो राष्ट्रिय सम्मेलन काठमाडौंमा सम्पन्न भइरहेको हो। तर सम्मेलनका क्रममा उठेका आचारसंहिता सम्बन्धी मान्यताका बारेमा रहेका विवादहरू एवम् केन्द्रीय समितिलगायत राष्ट्रिय परिषद्को निर्माणजस्तो महत्वपूर्ण र अहम् सवालमा राष्ट्रिय जनसाँस्कृतिक मञ्चको निकट रहेका लेखकहरूले

---

१६७. प्रलेस, वर्ष ४ अङ्क ४ बैशाख-असार २०५३ पेज- १०७।

एउटा पार्टी विशेषको विचारलाई लागू गर्दै सङ्गठनमा एकलौटी नेतृत्व स्थापित गर्ने प्रयत्न गरेको मात्र नभई अन्य लेखकहरूको साझा सहमतिमा लैजाने हरसम्भव प्रयासका विरुद्ध आफ्नो हैकमवादी प्रवृत्तिद्वारा प्रलेसको साझा स्वरूप र मान्यता एवं सहमतिको अवधारणा मिच्ने कार्य गरेकाले सो प्रवृत्तिको विरोध गर्दै नेपाल जनसाँस्कृतिक सङ्घ, इन्द्रेणी साँस्कृतिक समाज, रक्तिम साँस्कृतिक परिवार, जनकला सिर्जना समाज, प्रतिभा प्रवाहसँग सम्बद्ध एवम् अन्य स्वतन्त्र लेखकहरू समेतले चौथो सम्मेलन बहिष्कार गर्ने निर्णय गरेको कुरा स्पष्ट पार्न चाहन्छौं ।" विज्ञप्तिमा हस्ताक्षर गर्नेहरूमा- निनु चापागाईं (पूर्व महासचिव), जगदीशचन्द्र भण्डारी, आहुती (विश्वभक्त दुलाल), कृष्णसेन इच्छुक, बलभद्र भारती, ताराकान्त पाण्डेय, रूद्र खरेल, गोपिन्द्र पौडेल, घनश्याम ढकाल, अमर गिरी, इस्माली, यज्ञबहादुर डाँगी, ईश्वरचन्द्र ज्ञवाली, मातृका पोखरेल, राजेन्द्र अधिकारी, हरि भण्डारी, पदम खड्का, केशव नेपाल, कृष्ण बेलवासे, गोविन्द पोखरेल, डा. ऋषिराज बराल रहेका थिए । सम्मेलन सम्पन्न भएपछि २०५२ फागुन १३ गते प्रलेस केन्द्रीय समिति तथा राष्ट्रिय परिषद्को संयुक्त बैठक बस्यो । निर्वाचनमा सामेल हुँदैनौं भनी सम्मेलनस्थलबाट बाहिरएर वक्तव्य दिएकालाई केन्द्रीय समितिमा समावेश गर्ने गरी केन्द्रीय समितिको उपाध्यक्ष, सचिव र तीन सदस्यको स्थान तथा रष्ट्रिय परिषद्मा चार स्थान खाली राखिएको थियो । एक महिनाको प्रयासपछि पनि सहमति निर्माण हुन नसकेपछि २०५२ चैतमा बसेको दोस्रो बैठकले ती ठाउँहरूमा पदपूर्ति गऱ्यो । जसअनुसार केन्द्रीय समितिमा नारायण शर्मा (दाङ), शितविन्दु (बुटवल), लीला उदासी (झापा), नरनाथ लुइँटेल (झापा), अनिल पौडेल (मोरङ) लाई केन्द्रीय सदस्यमा र पवित्रा सुवेदी (सुर्खेत), राम विनय (चितवन) वासुदेव अधिकारी (धादिङ), विजय सुब्बा (तेह्रथुम)लाई राष्ट्रिय परिषद्मा थप गरियो । खाली राखिएका उपाध्यक्ष र सचिवमा विमल निभा र विष्णु प्रभातलाई बढुवागरी पदपूर्ति मनोनयन गरियो । सोही बैठकले रमेश विकल, चूडामणि रेग्मी र भवानी घिमिरेलाई सल्लाहकारमा थप गऱ्यो ।

नयाँ नेतृत्वले प्रलेसपत्रिका प्रकाशनलाइ नियमित गऱ्यो र सङ्घ दर्ता गर्ने काम गऱ्यो । पहिलो पल्ट प्रलेसको चिन्हारीपत्र तयार गरी प्रकाशन गऱ्यो । महाकाली सन्धि संसद्ले अनुमोदन गर्न नहुने धारणा व्यक्त गऱ्यो । झापा, मोरङ, पाल्पा, पर्सा, रौतहट, रूपन्देही, दाङ, सुर्खेत, दैलेख र मकवानपुर जिल्लामा प्रलेसका शाखाहरू गठन भए । झापा, सुर्खेत, बुटवल, वीरगन्ज, दाङ, इटहरी,मा कार्यक्रमहरू भए । भारतीय नेपाली लेखक मोहन दुखुन र गोमा शर्मालाई प्रलेसमा भेटघाट कार्यक्रम गरियो । नरेन्द्र चापागाइ र वामदेव पण्डितलाई उपचारार्थ आर्थिक सहयोग गरियो ।

८.३.१ चौथो सम्मेलपछिका साहित्यिक गतिविधिहरू

चौथो सम्मेलनद्वारा निर्मित नेतृत्वले प्रलेसको मुखपत्र **प्रलेस** पत्रिकालाई नियमित गऱ्यो । वार्षिक कार्यक्रमका आधारमा सङ्घलाई क्रियाशील गरायो । प्रलेसकै इतिहासमा पहिलोपल्ट प्रतियोगितात्मक वार्षिक कविता गोष्ठी आयोजना गराई प्रथम, द्वितीय र तृतीय हुनेलाई तीन, दुई र एक हजार नगद तथा प्रमाणपत्रले पुरस्कृत गर्ने

प्रचलन हुर्कायो । प्रगतिशील लेखक सङ्घको ४५ औं वार्षिकोत्सवका उपलक्ष्यमा २०५३ भदौ २२ गते शनिबार पहिलो पल्ट प्रतियोगितात्मक रूपमा राष्ट्रिय कविगोष्ठी आयोजना गरियो । यसका निम्ति देशका विभिन्न भागबाट कतिवाहरू प्राप्त भएका थिए । ती कविताहरूमध्येबाट मूल्याङ्कन समितिले तीन जना कविका रचनालाई प्रथम, द्वितीय र तृतीय घोषित गऱ्यो । जसअनुसार प्रथम हुने मकवानपुरका कवि विकास खतिवडा, द्वितीयमा दाङका सुदन पौड्याल र तृतीयमा (दुइ जना) झापाका तारा गाउँले र मोरङ्की नम्रता गुरागाईं छानिए । कार्यक्रम प्रलेसका अध्यक्ष गोविन्द भट्टको सभापतित्वमा भएको थियो भने गोष्ठीको उद्घाटन प्रलेसका संस्थापक अध्यक्ष श्यामप्रसादले गरेका थिए । कोषाध्यक्ष मोहन दुवालले सञ्चालन गरेको त्यस गोष्ठीमा महासचिव गङ्गाप्रसाद उप्रेतीले स्वागत मन्तव्य दिएका थिए । वार्षिकोत्सव कविता गोष्ठीको सो समारोहलाई पूर्वार्द्ध र उत्तरार्द्धमा बाँडिएको थियो । अगाडि प्रतियोगितात्मक कविता वाचन र पछि अप्रतियोगी कविता वाचन भएको थियो । उक्त कार्यक्रमको बीचमा प्रलेस केन्द्रीय समितिका सचिव विष्णु प्रभातद्वारा लिखित हाँस्यव्यङ्ग्यको संग्रह खुच्चिङ पुस्तकको विमोचन गरिएको थियो । सो कार्यक्रम थापाथलीको बैंकर्स क्लबको हलमा भएको थियो ।

गोष्ठी र विचार मन्थन कार्यक्रमको सन्दर्भमा नेपाल र भारतका नेपाली भाषी प्रगतिशील साहित्यकारका बीचमा झापामा **मितेरी कवि गोष्ठी** आयोजना गरियो । २०५३ साल पुस २६ र २७ गते झापाको शनिश्चरेमा आयोजित विचारमन्थनमूलक मितेरी कवि गोष्ठीमा नेपाल तथा भारतका प्रगतिशील कवि, लेखक तथा सामालोचकहरूको व्यापक उपस्थिति रहेको थियो । प्रगतिशील लेखक सङ्घ झापाका कोषाध्यक्ष घनेन्द्र शर्माले जिल्लाको साहित्यिक गतिविधि र गङ्गाप्रसाद अधिकारीले झापाको प्रगतिशील साहित्यिक गतिविधिको इतिहासका बारेमा संक्षिप्त कार्यपत्र प्रस्तुत गरिएको त्यस कार्यक्रममा नेपाल र भारतीय नेपाली साहित्यको प्रगतिवादी धारका सम्बन्धमा व्यापक छलफल भएको थियो । उक्त अन्तरक्रियामूलक विचार गोष्ठीमा भाग लिँदै डा.हृपिकेश उपाध्याय, भवानी घिमिरे वासुदेव अधिकारी, यज्ञराज प्रसाईं, सरोज ओली, गङ्गाप्रसाद उप्रेती, विष्णु प्रभात, नन्दु परिश्रमी, तेजराज खतिवडा, जनकप्रसाद हुमागाईं, पुण्यप्रसाद खरेल, ज्ञानेन्द्र खतिवडा, विजय सुब्बा र लीला उदासीले आ-आफ्ना आलोचनात्मक सुझावहरू दिएका थिए ।

विचार प्रस्तोतामध्येका खगेन्द्र सङ्ग्रौलाले मूलरूपमा २०४६ सालको जनआन्दोलनपछिका नेपाली प्रगतिशील साहित्यको स्थितिबारे आफ्ना विचार व्यक्त गर्दै सोभियत सङ्घको विघटनपश्चात् विश्वमै पुँजीवादी प्रजातन्त्रको लहर उठेको अवस्थामा नेपाल पनि त्यसको प्रभावबाट टाढा रहन सकेन । नेपालको संसदीय व्यवस्था र वर्तमान सामाजिक यथार्थ नेपाली जनताको विरुद्धमा रहेकाले वर्तमान प्रगतिशील साहित्य त्यही यथार्थबाटै अघि बढिरहेको कुरा बताए । उनले भने- 'प्रगतिशील एवं प्रगतिवादी साहित्यकर्मीहरूले गीत र नाटकको सरल माध्यमबाट सशक्त रूपमा जनतासमक्ष जानुपर्दछ । त्यसपछि क्रमशः कथा र उपन्यासको क्षेत्रलाई प्रभावकारी बनाउनुपर्दछ । यी सब कामका निमित्त सर्जकहरू मार्क्सवादी सौन्दर्यचिन्तन-

दृष्टिबाट स्पष्ट हुनु जरुरी छ। वर्तमान अवस्थामा विभाजित कम्युनिष्ट आन्दोलनको प्रभाव रहँदारहँदै पनि प्रगतिवादी साहित्यकाहरूले आधारभूत सवालहरूमा मतैक्यता कायम गर्न सक्नुपर्दछ। राष्ट्रियता र जनसरोकारका विषयहरूमा साझा कार्यक्रम बनाउन सक्नुपर्छ र मुलरूपमा नेपालीसमाज, समय र जनताको मुख्य दुश्मन र अन्तरविरोधको पहिचान गर्नु जरुरी छ। भारतीय नेपाली प्रगतिवादी आन्दोलनप्रति टिप्पणी गर्दै सङ्ग्रौलाले भने -'अहिले त्यो जातीय आन्दोलनका रूपमा देखिए पनि अन्ततोगत्वा त्यो आन्दोलन पनि वर्गीय आन्दोलनकै रूपमा विकसित हुनेछ ।" कार्यक्रमका अर्का विचारप्रस्तोता प्रलेस केन्द्रीय समितिका अध्यक्ष गोविन्द भट्टले नेपालको प्रगतिवादी साहित्यको इतिहास र प्रवृतिबारे आफ्ना विचार व्यक्त गर्दै भने- "द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादले, प्रगतिवादी साहित्यकारहरूलाई विश्वदृष्टिकोण निर्माण गर्न मार्ग निर्देशन गरेको छ। कुनै पनि मुलुकका प्राचीन साहित्यिक एवं साँस्कृतिक सिर्जनाहरूले त्यस मुलुकका कुनै पनि विचारमा आबद्ध भएर साहित्य सिर्जना गर्ने साहित्यकारहरूको विश्वदृष्टिकोण र सोचलाई प्रभावित गरेको हुन्छ। नेपाली प्रगतिवादी तथा प्रगतिशील साहित्यकारहरूको विश्व दृष्टिकोण एवं सोच पनि नेपाली प्राचीन साहित्य एवं साँस्कृतिक सिर्जनाहरूद्वारा प्रभावित छन्। नेपालको प्रगतिवादी साहित्यको इतिहास तथा अभिलेख अलिखित अवस्थामा रहेको छ। अन्तर्राष्ट्रिय एवं राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा देखापरेको विभाजनले नेपाली प्रगतिवादी तथा प्रगगतिशील साहित्यमा प्रत्यक्ष तथा परोक्ष प्रभाव पारेको छ। आफ्नो मुलुकको सामाजिक स्थिति र अन्य संरचनाको अध्ययन नगरी विदेशी प्रभावको पछि लागेर आधारभूत सिद्धान्त तय गर्ने जस्ता नेपाली कम्युष्टिहरूले गरेका भूलले साहित्यिक आन्दोलनमा पनि नोक्सानी पुऱ्याएको छ। वैचारिक स्थिति मजबूत गर्नका निमित्त अनिवार्य रहेको मार्क्सवादी अवधारणाको अध्ययन न्यून रहेको हाम्रो अधकल्चो र काँचोकचिलो स्थितिले हामीलाई फेर्दै न टुप्पाको अवस्थामा उभ्याएको छ। वर्ग सङ्घर्षका रूपहरूको बारेमा साहित्यमा बारम्बार देखापर्ने राजनीतिक अतिवादका सन्दर्भमा व्यापक छलफल र विचार-मन्थनको खाँचो छ, जसले वर्तमान स्थितिमा प्रगतिवादी तथा प्रगतिशील साहित्यकर्मीरूमा देखापरेका अन्यौलपूर्ण वातावरणलाई अन्त्य गर्दै वैचारिक एवं राजनीतिक स्पष्टताको मार्गप्रशस्त गर्नेछ। हाम्रो साहित्यिक आन्दोलनमा हावी हुँदै गएको वैचारिक न्यूनता भविष्यमा हाम्रै निम्ति गम्भिर समस्या र सङ्टको केन्द्रविन्दु बन्ने छ। अहिले नै हामीले यसलाई ठूलो चुनौती ठानेर हटाउने उपायहरू खोज्नै पर्दछ। यथार्थवादी सर्जकहरूले समाजको तस्वीर उतार्ने भएकाले साहित्यमा उनीहरूको महत्वपूर्ण स्थान रहने गर्दछ। समाजवादी विश्व दृष्टिकोणका प्रवर्तकहरू मार्क्स र एङ्गेल्सले पनि यथार्थवादी साहित्य-सर्जकहरूलाई सम्मान गर्नुभएको छ र त्यस किसिमको दृष्टिकोण दिनुभएको छ ।"

खगेन्द्र सङ्ग्रौला र गोविन्द भट्टले प्रस्तुत गरेका विचारहरूमाथिको छलफलमा सहभागी हुँदै तेजराज खतिवडा, बद्री विशाल पोखेल, पुण्य खरेल, अनिरुद्ध तिमल्सिना, हरिगोविन्द लुइँटेल, गङ्गाप्रसाद अधिकारी, ज्ञानेन्द्र खतिवडा, वासुदेव अधिकारी, नन्दु परिश्रमी, जनकप्रसाद हुमागाईं, मोहन दुवालले आ-आफ्ना धारणा व्यक्त गरेका

थिए । उनीहरूले पनि प्रगतिशील साहित्यमा देखापरेका कमीकमजोरीहरूको पहिचान गरिनुपर्ने, वैचारिक न्यूनताको अन्त्यका निमित्त अध्ययन-अनुसन्धान-प्रशिक्षण आदि कुरामा प्रलेसले ध्यान पुऱ्याउनुपर्ने, प्रकाशनका निमित्त अवसरहरूको विकास गरिनुपर्ने, प्रगतिवादी एवं प्रगतिशील साहित्यकर्मीहरूमा व्यवहार र लेखनमा एकरूपता देखिनुपर्ने, राजनीतिक धारणाले साहित्यिक आन्दोलनलाई विभाजित गर्न नहुने विचारहरू व्यक्त गरेका थिए ।

भारतका प्रगतिशील नेपाली कवि तथा लेखक मोहन दुखुनले भारतीय नेपाली साहित्यमा प्रगतिवादी आन्दोलनका बारे आफ्नो विश्लेषणात्मक विचार व्यक्त गर्दै भने- "हिन्दी साहित्यमा प्रेमचन्द लगायतका प्रगतिवादी साहित्यकारहरूको प्रभावमा परी बिना दृष्टिकोण नै भारतमा नेपाली प्रगतिशील साहित्यको सङ्गठनात्मक कार्य सुरु भएको थियो । पारसमणि प्रधानलगायतका केही साहित्यकारहरूले सरल साहित्य-सिर्जना गरे पनि आयामेलीहरूको जटिल लेखनले प्रगतिशील साहित्य-सिर्जनामा लगेका बद्रीनारायण प्रधान एवं गणेशलालजस्ता साहित्यकारहरूमा समेत अन्यौलको स्थिति ल्याइदियो । फलस्वरूप उनीहरूको प्रगतिवादी दृष्टिकोण सामान्य स्तरको मात्रै रह्यो ।" दुखुनको अरु भनाइ थियो- "अध्ययनको कमीले देखिने दिशाबोधको समस्या र पलायनको स्थितिलाई अन्त्य गर्न छलफल र विचार-मन्थन कार्यक्रमहरू सञ्चालन गर्न थालिए । प्रेमचन्दद्वारा स्थापित प्रगतिशील लेखक सङ्घसँगको सम्पर्क एवं सम्बन्धले पनि भारतीय नेपाली साहित्यकारहरूमा ठूलो हौसला थप्यो । प्रगंतिशील साहित्यकारहरूले सङ्कट आइलाग्दा कहिल्यै हतास नहुने, आशावादी हुने र वर्गीय दृष्टिकोणमा सधैं स्पष्ट र अडिग रहने साहस राख्नुपर्छ । अन्तर्विरोधसँग कहिल्यै डराउनु हुन्न र बहस सञ्चालन गरिरहनु पर्दछ । जसले राम्रो परिणाम अवश्य दिनेछ । दार्जीलिङमा प्रगतिवादी आन्दोलन कमजोर देखिए पनि यो आन्दोलन सिक्किममा मजबूत छ । संस्थागत रूपमा पहल नभए पनि भारतमा प्रगतिवादी नेपाली साहित्यको विकासका निमित्त आगामी दिनमा राम्रो पहल हुने स्थिति छ ।" दोस्रो दिन करीब सय जनाजति स्वदेशी तथा विदेशी कविहरूले कविता पाठ गरे । अनिल पौडेल र तेजराज खतिवडाका पुस्तहरू क्रमशः **काठमाडौंदेखि गान्तोकसम्म** (यात्रा-संस्मरण) र **अलपत्रेका फूलहरू** (कवितासङ्ग्रह) विमोचित भए । मितेरी कविगोष्ठिमा स्थानीय जनताको राम्रो सहयोग रहेको थियो ।

प्रगतिशील लेखक सङ्घद्वारा २०५३ माघ २५ गते शुक्रबार हृदयचन्द्रसिंह प्रधानको ८१ औं जन्मजयन्तीका अवसरमा एक विशेष विचार-मन्थन कार्यक्रम आफ्नै केन्द्रीय कार्यालय माइतीघरमा आयोजना गरियो । प्रगतिवादी साहित्यकार मोदनाथ प्रश्रितको सभापतित्वमा सम्पन्न सो कायक्रममा प्रलेससँग आबद्ध तथा अन्य साहित्यकारहरूको सहभागिता रहेको थियो । कार्यक्रमकै सन्दर्भमा प्रलेसका संस्थापक साहित्यकार श्यामप्रसादले पुराना संस्मरणहरू सुनाउँदै भने- मैले सम्झना गर्ने श्रद्धाका पात्रहरूमध्ये हृदयचन्द्रसिंह प्रधान पहिलो हुनुहुन्छ । उहाँ पूर्णतः भौतिकवादी हुनुहुन्थ्यो, देवकोटाझैं ढुलमुले होइन । हृदयचन्द्रसिंह प्रधान स्वदेशमै मर्ने हठ गरी

दिल्लीबाट छिटो फर्कनुभयो र हामीबाट पनि छिट्टै बिदा हुनुभयो। उहाँका रचनाका सबल पक्ष धेरै छन्। 'ऐसा मैं सोचता हुँ' भन्ने रचना उहाँको गौण पक्षमा पर्दछ।" विचार-मन्थन कार्यक्रमको आरम्भमा मोदनाथ प्रश्रितले- "जसरी पुष्पलाले जातीय रूपमा म नेवार भए पनि त्यो गौण कुरा हो, म कम्युनिष्ट हुँ र नेपाली हुँ, भनुहुन्थ्यो त्यसरीनै हृदयचन्द्रसिंह प्रधानमा पनि नेपालीपन पाइन्छ। उहाँले आफ्नो समयको चेतनामा उभिंदा पनि इलाकीय, जातीय सीमा पार गर्नुभएको छ। लेखकका कठिनाई टिप्ने कुरादेखि लिएर महिलाको पीडा पस्कनेसम्मका कामहरू कुशलतापूर्वक गर्नुभएको छ। क्रान्तिकारी आदर्शप्रति उहाँको निष्ठा ज्यादै अनुकरणीय रहेको छ।" भन्ने अभिव्यक्ति दिए। त्यसैगरी जनकप्रसाद हुमागाईंले आफ्नो अभिमत राख्दै- "हृदयचन्द्रसिंह प्रधानका कविताहरूको सङ्ग्रह प्रकाशित गर्नुपर्ने" खाँचो तर्फ निर्देश गरे भने जीवेन्द्रदेव गिरीले- "हृदयचन्द्रले गरेका भानुभक्तको मूल्याङ्कनका विशेषताहरू सामयिक र सही रहेको" चर्चा गर्दै उनको जीवनी लेखिनुपर्ने, विधागत रूपमा समेत हृदयचन्द्रसिंह बारेमा शोधकार्य गरिनुपर्ने आवश्यकता औंल्याए।[१६८]

२०५३ सालकै मंसीर १५ गते दाङ्का कवि एवं प्रलेस केन्द्रीय सदस्य नारायणप्रसाद शर्माको कविता संग्रह **"मातेको मान्छे र प्रजातन्त्र"** को विमोचन काठमाडौं सम्पन्न भयो। कविको व्यक्तित्व चर्चा अध्यक्ष भट्टबाट भएको थियो भने सचिव विष्णुप्रभातले नारायण शर्माको रचना-धर्मिताबारे चर्चा गर्दै उहाँलाई प्रगतिवादी कविको पङ्क्तिमा उभ्याए । व्यक्ति सत्ताको विरोध, काल्पनिक सत्ताको निषेध र मानवीय उदात्तता एवं श्रमिक वर्गीय मानवतावादको पक्ष पोषण शर्माको लेखनमा रहेका विशेषता रहेको चर्चा त्यस कार्यक्रममा गरियो ।[१६९]

यसरी नै प्रगतिशील लेखक सङ्घको वार्षिक कार्यक्रम अन्तर्गत बुटवलमा १८ फागुन २०५३ मा 'प्रगतिवादी कविता मान्यता र नेपाली प्रगतिवादी कविता' विषयक विचार गोष्ठि एवम् लुम्बिनी अञ्चल स्तरीय प्रगतियोगितात्मक कवितावाचन कार्यक्रम सम्पन्न भयो। कार्यक्रमको प्रमुख अतिथि श्यामप्रसाद र अन्य अतिथिगणमा साहित्यकार मोदनाथ प्रश्रित, प्रलेस महासचिव गङ्गाप्रसाद उप्रेति, सचिव विष्णु प्रभात, केन्द्रीय सदस्य शितविन्दु र अमर गिरी, कवि रामचन्द्र भट्टराई तथा प्रलेस पार्षद मित्रलाल पंज्ञानीको उपस्थिति थियो। कार्यपत्र प्रस्तुतकर्ता डा. कृष्णचन्द्र शर्मा र टिप्पणीकार ऋषि भुषाल थिए। सुकुन्दामा बत्तीबालेर उद्घाटन गरेपछि आफ्नो मन्तव्यमा- "प्रगतिशील तथा प्रगतिवादी साहित्य पर्यायवाची होइनन्, यसमा भिन्नता छ। सामन्तवादविरोधी लेखकहरू प्रगतिशील त हुन सक्छन् तर प्रगतिवादी नहुन पनि सक्छन्" भन्दै अतिथि श्यामप्रसादले- "साहित्यको महत्व सामाजिक परिवर्तनमा टेवा पुऱ्याउनु हो।" भनी बताए । त्यसपछि कार्यपत्र प्रस्तुत भयो र त्यसमा टिप्पणी गर्दै

---

१६८. प्रलेस पूर्णङ्क ७ माघ-चैत २०५३, पृ. १२७-१३०।

१६९. प्रलेस पूणङ्क ६, कार्तिक-मंसीर पुष २०५३ पृ. ९४ ।प्रलेस पूणङ्क ६, कार्तिक-मंसीर पुष २०५३ पृ. ९४।

ऋषि भुषालले- "कार्यपत्र अपेक्षा गरेअनुरूप विषय केन्द्रित नरहेको, प्रगतिशीलता र प्रगतिवाद वीच अल्मलिएको र प्रगतिवादको विपक्षी ध्रुवमा क्रियाशील रहेका कतिपय कविहरूका कविताहरू समेत समावेश गरेको र पारिजातजस्ती प्रतिभालाई भुल्न पुगेकोले प्रस्तोता निकै अलमलमा परेको" कुरा औल्याउँदै "पर्याप्त सुधार बिना सो कार्यपत्रलाई प्रलेसले स्वीकार्न नसक्ने अवस्था रहेको" तथ्य इङ्गित गरे । कार्यपत्रकै सन्दर्भमा बोल्दै साहित्यकार मोदनाथ प्रश्रितले- "प्रगतिशीलता इतिहासको निश्चित कालखण्डको सापेक्षतामा आधारित हुन्छ" भन्दै- धर्मको पनि प्रगतिशील भूमिका रहेको" चर्चा गरे । उनले "प्रेम मुस्कानबाट सुरु हुन्छ" भन्दै "प्रगतिशील साहित्यकारहरूले प्रेमानुरागी रचना पनि सिर्जना गर्नुपर्ने आवश्यकता दर्शाए । त्यसै सिलसिलामा बुटवलमा पनि कविता-मान्यता-साहितको कविगोष्ठी आयोजना गरिएको कुरा उल्लेख गरे । कार्यक्रममा वाचित कविताको समेत टिप्पणी गर्दै प्रलेस सचिव विष्णु प्रभातले समकालीन कविता लेखनमा देखापरेका गलत प्रवृतिको आलोचना गरे । उनले प्रगतिशीलता र प्रगतिवादका सन्दर्भमा आफ्नो विचार राख्दै प्रेमका सम्बन्धमा प्रश्रितद्वारात्यहाँ व्यक्त केही गलत विचारहरूको प्रतिवाद पनि गरे ।[१७०]

कवितावाचन कार्यक्रममा लुम्बिनी अञ्चलका सबै जिल्लाबाट लगभग पचास प्रतियोगी र करीब बीस अप्रतियोगी प्रतिभाहरू समावेश भएका थिए, जसमा १२/१५ जना महिला साहित्यकारहरू थिए । त्यसमध्ये पहिलो, दोस्रो र तेस्रोलाई क्रमश एक हजार, पाँचसय र तीनसय नगद तथा प्रमाणपत्रसहित पुरस्कारको पनि व्यवस्था गरिएको थियो । दुई जनालाई सान्त्वना पुरस्कार प्रदान गरिएको थियो । प्रथम हुनेमा नारद गौतम, द्वितीयमा गिरी शिरीष, तृतीयमा नैना गुरुङ र सान्त्वना पुरस्कार प्राप्त गर्नेमा कृष्ण साहारा र अनुपमा पौड्याल थिए ।

यसरी नै सुर्खेतमा २०५३ चैत्र १५ गते लोक साहित्यसम्बन्धी विशेष गोष्ठीको आयोजना गरिएको थियो । त्यसमा साहित्यकार राजेन्द्र सुवेदीले नेपाली लोक गीतमा प्रगतिवादी चेतना, रामहरि पौडेलले नेपाली लोककथामा प्रगतिवादी तत्व, जीवेन्द्रदेव गिरीले नेपाली उखानमा प्रगतिवादी स्वर र पूर्णप्रकाश नेपाल यात्रीले नेपाली लोक गाथामा प्रगतिवादी स्वर भन्ने विषयमा अलग-अलग कार्यपत्र प्रस्तुत गरेका थिए । प्रलेसद्वारा लोकसाहित्यका सन्दर्भमा आयोजना गरिएको यो अर्को महत्वपूर्ण कार्यक्रम थियो ।[१७१] यसले लोकसाहित्यमा प्रगतिवादी स्वर खोतल्ने काम सुरु गरेको छ र आगामी दिनमा सामन्तवाद तथा साम्राज्यवाद विरोधी स्वर खोतल्न प्रेरित गरेको छ । खासगरी नेपाली लोकसाहित्यका विभिन्न विधाहरूमा वेलायती साम्राज्यवादका बिरुद्ध लड्दै हुर्केको नेपाली राष्ट्रवादी चेतना अत्यन्त प्रखर रूपमा अभिव्यञ्जित भएको छ ।

प्रगतिशील लेखक सङ्घले जनकवि गोकुल जोशीको स्मृतिमा २०५४ जेठ ८ गते ललितपुरको लुभु, लामाटार क्षेत्रका ६ वटा माध्यमिक विद्यालयहरूबीच अन्तर

---

१७०. प्रलेस पूर्णाङ्क ७, माघ-चैत्र २०५३ पृ. १३१-१३२ ।

१७१. प्रलेस पूर्णाङ्क ८ वैशाख-जेठ-असार २०५४, पृ.४३

मा.वि. स्तरीय कविता प्रतियोगिता गरायो। त्यस कार्यक्रममा प्रलेसका केन्द्रीय सल्लाहकार चूडामणि रेग्मी, अध्यक्ष गोविन्द भट्ट, सचिव विष्णु प्रभात, सदस्य भक्तवहादुर नेपाली र जनकप्रसाद हुमागाईंले भाग लिएका थिए। कार्यक्रममा वालकुञ्ज मा.वि.का विवेककुमार के.सी. प्रथम, भ्याली पव्लिक मा.वि. की चन्द्रकला घिमिरे द्वितीय र चेतना मा.वि.का प्रदीप गौतम तृतीय भएका थिए। उनीहरूलाई पाँचसय, तीनसय र दुईसय नगद तथा विभिन्न पुस्तक पुरस्कार प्रदान गरिएको थियो। प्रलेसले माध्यमिक विद्यालयस्तरमा यसरी कार्यक्रम सञ्चालन गरेको यो पहिलो पटक थियो।[१७२]

प्रलेसको वार्षिक कार्यक्रमअन्तर्गत २०५४ मंसिर २८ गते काभ्रे श्रीखण्डपुरमा बालसाहित्यसम्बन्धी विचार-मन्थन तथा वालकवि-गोष्ठी सुसम्पन्न भयो। उद्घाटन समारोहमा स्वगत गर्दै मोहन दुवालले प्रलेसका तर्फवाट दोस्रो पटक आयोजित बालसाहित्य सम्बन्धी विचार-मन्थन काभ्रेमा गर्न पाउनु खुसी र गौरवको कुरा भएको बताए। सो विचार-मन्थन कार्यक्रममा जीवेन्द्रदेव गिरीले 'नेपाली बाल-पत्रिकाले बालसाहित्यको उत्थानमा पुऱ्याएको योगदान'विषयक र काभ्रे क्याम्पसका प्रमुख आशाकाजी सेवकले 'अहिलेको सञ्चारमाध्यमले वालमनस्थितिमा पारेको प्रभाव' विषयक कार्यपत्र प्रस्तुत गरेका थिए। दोस्रो सत्रमा प्रतियोगी बालप्रतिभाहरूले आ-आफ्ना रचना पाठ गरे र तीमध्येवाट अञ्जना तिमल्सिना प्रथम, मनोज श्रेष्ठ द्वितीय र लक्ष्मण थापा तृतिय भई पुरस्कृत भए भने सुधार शर्मा र निर्मला राउतलाई सान्त्वना-पुरस्कार प्रदान गरियो। सङ्घका संस्थापक एवं प्रसिद्ध प्रगतिवादी साहित्यकार श्यामप्रसाद शर्माको आतिथ्यमा सुनकोसी साहित्य-प्रतिष्ठानका सभापति कृष्णप्रसाद पराजुली, बालसाहित्य-साधक शान्तदास मानन्धर, साहित्यकार प्रा. राजेन्द्र सुवेदी, पूर्णप्रकाश नेपाली यात्री, घनश्याम कँडेल, देवीप्रसाद बनवासी, गोविन्द भट्ट, गङ्गाप्रसाद उप्रेती, मोहन दुवाल, विष्णु प्रभात, कुलमान सिंह, हरिगोविन्द लुईंटेल, जनकप्रसाद हुमागाईं, दामोदर अधिकारी (शिक्षक), अनिल पौडेल, मित्रलाल पंज्ञानी, अर्जुन पराजुली, लक्ष्मी गुरागाईं, मनरूप नेप्चुन, धर्मराज अधिकारी, शोभा गौतम, अम्बु कार्कीलगायत लगभग एक सय जति पाका साहित्यिक प्रतिभा र पच्चीस प्रतियोगी एवं त्यति नै अप्रतियोगी बालकवि सहभागी रहेको सो कार्यक्रम विहान ११ वजेदेखि वेलुका ५ बजेसम्म लगातार सञ्चालन भएको थियो।[१७३]

यसैगरी मोरङमा स्थानीय शाखाको आयोजनामा विचार-गोष्ठी सम्पन्न भयो। शाखा अध्यक्ष एकराज भट्टराईको अध्यक्षतामा भएको सो गोष्ठीको अनिरुद्ध तिम्सिनाले-संस्कृतिमा मानवीय विकास, बलराम पोखरेलले- वर्तमान नेपालको साँस्कृतिक अवस्था, संरक्षण र सम्वर्द्धन विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए। पहिलो कार्यपत्रमा हरिकृष्ण शाक्य र बद्रीविशाल पोखरेलले एवं दोस्रो कार्यपत्रमा गणेश क्षेत्री र विश्वराज पाण्डेले टिप्पणी गरेका थिए। कार्यक्रममा राधेश्याम दलीं, नवीन रञ्जित र कवि भानुभक्त पोखरेलले शुभ-कामना दिएका थिए।

---

१७२. प्रलेस पूर्णाङ्क ८ वैशाख-जेठ-असार २०५४, पृ १४४

१७३. प्रलेस पूर्णाङ्क १० माघ-चैत्र २०५३, पृ.१२५

८.३.२ चौथो राष्ट्रिय सम्मेलनको विवाद र त्यसपछिका गतिविधि

चौथो राष्ट्रिय सम्मेलनमा केही साथीहरूले निर्वाचनमा सहभागी नभएर हिँडेको कुरा पहिले उल्लेख भइसकेको छ । त्यसको मुख्य कारणका रूपमा भने सङ्घका संस्थापक एवं तेस्रो राष्ट्रिय सम्मेलनद्वारा दोस्रोपल्ट अध्यक्ष बनेका श्यामप्रसाद शर्माद्वारा प्रज्ञाप्रतिष्ठानले दिएको 'महेन्द्र प्रज्ञा पुरस्कार' स्वीकार गरेको घटना बन्न पुगेको थियो । एकलाखको उक्त पुरस्कार एमालेको सरकार सत्तामा छँदा शिक्षा तथा संस्कृति मन्त्री मोदनाथ प्रश्रितको परोक्ष भूमिकाद्वारा प्रगतिशील साहित्य स्रष्टालाई पहिलोपल्ट प्रदान गरिएको थियो । राज्यकोषबाट जनपक्षीय सरकारका पालामा प्रदत्त सो पुरस्कार लिनु उचित र अनुचित भन्ने विषयमा प्रलेस केन्द्रीय समितिमा व्यापक छलफल भयो । लिन हुन्छ भन्ने पक्ष बहुमतमा रहेको भए पनि अल्पमतले सो पुरस्कार लिएमा श्यामप्रसादले सङ्घबाट राजीनामा दिनुपर्ने कुरा उठाएपछि उनले राजीनामा दिएका थिए । अध्यक्षले राजीनामा दिएपछि उपाध्यक्ष रामहरि पौडेलले कार्यवाहक अध्यक्षका रूपमा बाँकी अवधिको कार्यभार बहन गरे । यो विषय चौथो सम्मेलनको बेला फेरि उठ्यो र प्रतिनिधिहरू पक्ष र विपक्षमा बाँडिए । विवादले निकै चर्को रूप लियो । सोही पृष्ठभूमिमा नेतृत्व छनौटको परम्परामा रहेको सर्वसम्मतिको सट्टा निर्वाचन प्रणालीमा जाने कुरा उठ्यो र त्यसलाई बहुसंख्यक सहभागीले समर्थन गरेपछि त्यसलाई प्रलेसको मान्यता विपरीत भनी अस्वीकार गर्दै एक्काईस जना स्रष्टाले सम्मेलन बहिस्कार गरेका थिए ।

चौथो सम्मेलनपछि बनेको नेतृत्वमा सबै बाम समूहसँग आवद्ध लेखकहरू नसमेटिएको स्थिति रहेको भए पनि त्यसमा केही स्वतन्त्र स्रष्टाहरू सहभागी थिए । देशका सबै भागबाट प्रतिनिधित्व भएको थियो । त्यस अतिरिक्त प्रलेसलाई साझा रूपमै लग्ने सोचमा पनि नेतृत्व प्रष्ट थियो । परन्तु सम्मेलनमा खाली राखिएका स्थानमा समावेश भएर काम गर्न भने चुनावबाट बाहिरिएका लेखकहरूले इन्कार गरे । उनीहरूले प्रलेसका गतिविधिमा सहभागी हुने तर नेतृत्वमा नबस्ने अडान राखे । फलस्वरूप पाँचौं राष्ट्रिय सम्मेलन तयारी समिति नबन्दासम्म स्थिति यथावत् रह्यो ।

नवगठित चौथो केन्द्रीय समिति तथा राष्ट्रिय परिषद्ले आफ्नो कार्यकालमा प्रलेसको जन्म दिवसमा सिर्जनशील काव्य गोष्ठी आयोजना गरी उत्कृष्ठ प्रतिभालाई पुरस्कार प्रदान गर्ने, भारतीय नेपाली साहित्यकारहरूसँग मितेरी कवि गोष्ठी गर्ने, हाँस्यव्यङ्ग्य निबन्ध, लोकसाहित्य, बालसाहित्यमा केन्द्रित गोष्ठीहरू गर्ने र प्रलेस पत्रिकाको नियमित प्रकाशन गर्ने र अङ्ग्रेजीमा चिन्हारी-पत्र प्रकाशन गर्ने, विभिन्न लेखकहरूको स्मृति दिवस मनाउने, विरामी लेखकहरूलाई आर्थिक सहयोग प्रदान गर्नेजस्ता कामहरू गर्दै अघि बढ्यो । प्रलेसलाई वैधानिक मञ्चका रूपमा सञ्चालन गर्ने गरी संस्था दर्ता गर्ने काम गऱ्यो । आर्थिक स्रोत जुटाउने, बैंकमार्फत हिसाबकिताब राख्ने काम गऱ्यो । सङ्गठनात्मक पक्षमा पनि सिन्धुली, झापा, मोरङ्ग, सुनसरी, धनकुटा, तेह्रथुम, सङ्खुवासभा, पाल्पा, मकवानपुर, दाङ, सुर्खेत आदि ठाउँमा प्रलेसका

शाखाहरू गठन भए। प्रगतिशील लेखन प्रकाशनमा उत्साहपूर्ण वातावरण बन्यो। वास्तवमा चौथो राष्ट्रिय सम्मेलनपछिको सङ्गठनात्मक क्रियाशीलता पूर्ववर्ती नेतृत्वका तुलनामा बढी रचनात्मक रहेको छ। यस क्रममा विभिन्न ठाउँमा कविगोष्ठी, पत्रिका प्रकाशन, प्रतिभा सम्मान र जयन्तीहरू मनाइएको देखिन्छ। सङ्गठनात्मक पक्षमा स्थानीय शाखा निर्माणका निम्ति सम्मेलनहरू भएका छन् र त्यसबाट सङ्गठन विस्तार हुन पुगेको छ। यसै क्रममा प्रगतिशील लेखक सङ्घको रूपन्देही शाखा सम्मेलन २०५४ भाद्र २८ का दिन सम्पन्न भयो। सङ्घका केन्दीय अध्यक्ष गोविन्द भट्टको प्रमुख आतिथ्यमा सम्पन्न भएको सो सम्मेलनमा मोदनाथ प्रश्रित, राजेन्द्र सुवेदी र विष्णु प्रभातले प्रगतिशील साहित्य लेखनका सन्दर्भमा आ-आफ्ना मन्तव्य व्यक्त गरेका थिए। खुला सत्रमा बोल्ने अन्य वक्तामा प्रदीप ज्ञवाली (शीतविन्दु), गोपीरमण उपाध्याय र सूर्यलालहरू थिए। बन्द सत्रमा संयोजक रामप्रसाद प्रदीपले प्रस्तुत गरेको प्रतिवेदनलाई आवश्यक परिमार्जन गर्न प्रस्तोता स्वयं लगायत शीतविन्दु, ऋषि भुसाल, सुशिला प्रधानाङ्ग, बूँद राना रहेको एउटा उपसमिति गठन गरिएको थियो र त्यसले आवश्यक परिष्कार गरेर नव गठित कार्यसमितिमा प्रस्तुत गर्ने निर्णयसहित स्वीकार गरेको थियो। सम्मेलनले डा. कृष्णचन्द्र शर्माको अध्यक्षतामा उपाध्यक्ष- बूँद राना, सचिव गिरी शिरिप, कोषाध्यक्ष सुसिला प्रधानाङ्ग र सदस्यमा कपिल लामिछाने, गुरूद्रत ज्ञवाली, ऋषि भुसाल, रामप्रसाद प्रदीप तथा गितु गिरी रहेको रूपन्देही शाखा कमिटी गठन गऱ्यो।[१७४]

बाराका लेखकहरूको सक्रियतामा २०५४ भाद्र ७ गते कलैयामा भएको भेलाले तदारुकता लिएपछि २०५४ आश्वीन २९ गते पथलैयामा प्रलेसको प्रथम बारा शाखा सम्मेलन सम्पन्न भयो। संस्थापक अध्यक्ष श्यामप्रसाद शर्मा तथा केन्द्रीय सदस्य आर आर चौलागाईको उपस्थितिमा सम्पन्न सो सम्मलेनले नवराज रिजालको अध्यक्षतामा बारा शाखा गठन गरेको छ। नव गठित शाखाको उपाध्यक्षमा श्रीराम पाण्डे, सचिवमा अमर त्यागी, उपसचिवमा भीम खरेल, कोषाध्यक्षमा रामकृष्ण काफ्ले, सदस्यमा ईश्वरराज ढुङ्गेल, जुनु क्षेत्री, विभु अधिकारी, मुकुन्द पौडेल, राम पराजुली, गोकुल घोडासैनी रहे।[१७५]

तेह्रथुम जिल्लाको म्याङलुङ बजारमा २०५४ पुस ५ गतेका दिन प्रलेस नेपालको स्थानीय शाखा गठन गरिएको थियो। पार्षद् विजय सुब्बाको आतिथ्यमा जिल्लाका प्रगतिशील लेखकहरूको एक भेलाले पर्वतकुमार राईको अध्यक्षतामा गठन गरेको सो शाखामा उपाध्यक्ष राम कुरुम्बाङ, सचिव परशुराम सुवेदी, सहसचिव पुष्पलाल गिरी, कोषाध्यक्ष दधिराम न्यौपाने र सदस्यहरूमा- कृष्ण परेम्बा, रूद्र कुरुम्बाङ, नारायण लुइँटेल, डिल्लीराम चापागाईं, लीला सिंगक, भेपराज सङ्ग्रौला, मोहन वियोगी र भानुभक्त ढुङ्गेल रहेका छन्। तदर्थ समितिका रूपमा गठित सो शाखाको सल्लाहकारमा गोपाल सङ्ग्रौला, केशव निरौला, खगेन्द्रराज सिटौला, हरिकृष्ण

---

१७४. प्रलेस पूर्णाङ्क ९ साउन-पुस, २०५३, पृ.१०८

१७५. प्रलेस पूर्णाङ्क ९ साउन-पुस, २०५३, पृ.१०८

दाहाल र अनिरुद्ध तिम्सिना रहेका छन्। यसअघि तेह्रथुममा २०५९ तिर प्रलेक सङ्घको तदर्थ समिति गठन गरिएको थियो। जसमा अध्यक्ष- सिद्ध तुम्बाहाम्फे, सचिव- सर्वजित लिङ्देन रहेका थिए तर त्यो निरन्तर क्रियाशील रहन सकेन।[१७६]

त्यसै गरी २०५४ माघ १८ गते शनिबार बाँके जिल्लाका साहित्यकार, लेखक र बाम बुद्धिजीवीहरूको एक वृहत् भेलामा प्रगतिशील लेखक सङ्घको बाँके शाखा तदर्थ समिति गठन भयो। सो समितिका संयोजक ओमप्रकाश शर्मा र सदस्यहरूमा डा. गोपलप्रसाद अधिकारी, महेन्द्र वी.सी., नन्दराम लम्साल, सत्यदेव भट्टराई, दिवाकर शर्मा, खोमदत्त देवकोटा, गौरा प्रसाईं, हरि गौतम 'दोषी', इन्द्रबहादुर बस्नेत र पशुपति गिरी रहनुभएको थियो। भेलालाई प्रगतिशील लेखक सङ्घका केन्द्रीय सदस्य जीवेन्द्रदेव गिरी र राष्ट्रिय परिषद् सदस्य वासुदेव अधिकारीले प्रगतिशील लेखक सङ्घको गतिविधि र प्रगतिशील लेखनका बारे जानकारी गराएका थिए। उपस्थित व्यक्तिहरूको परिचय आदान-प्रदानबाट सुरु भएको सो भेलामा ओमप्रकाश शर्मा, सत्यदेव भट्टराई, नन्दराम लम्साल र गौरा प्रसाईंले आ-आफ्नो मन्तव्य प्रकट गरेका थिए।[१७७]

यसै गरी दैलेखमा बलभद्र भारतीको उपस्थितिमा भएको एक भेलाले दैलेख शाखा तदर्थ समिति गठन गऱ्यो। सदानन्द रेग्मीको अध्यक्षतामा माधवप्रसाद खनाल(उपाध्यक्ष), इला मल्ल शाही (कोषाध्यक्ष), सुरत रावल (सचिव) र सदस्यमा आर. केसी, मिला शर्मा, हिरण्य दहाल, शान्तिप्रसाद शर्मा, मातृका अधिकारी छानिए।[१७८]

सिन्धुलीको भिमानमा पनि नारायणप्रसाद घिमिरेको संयोजकत्वमा तदर्थ समिति गठन भएको छ।[१७९] उदयपुरमा पुण्य कार्कीको सक्रियतामा सात सदस्यीय तदर्थ शाखा समिति गठन भएको छ। कोविद काफ्लेको संयोजकत्वमा गठित उक्त तदर्थ समितिमा विनोद पोखरेल, लीला दुखी, दुर्गा थापा, मोहन खत्री, धनकुमार श्रेष्ठहरू रहेको देखिन्छ।[१८०]

झापामा यसअघि नै सङ्गठन निर्माण भएको थियो। लिला उदासीको सभापतित्वमा २०५२ पुस ८ गते सम्पन्न जिल्ला सम्मेलनले नयाँ कार्यसमितिको चयन गरेको छ। सरोज ओलीको अध्यक्षतामा गठित सो आठ सदस्यीय समितिमा कमल गुरागाईं (उपाध्यक्ष), घनेन्द्र शर्मा (सचिव), डम्बर बस्नेत (कोषाध्यक्ष) सदस्यहरूमा श्रीमती राधिका राय, सम्भु ढकाल, देवेन्द्रकिशोर ढुङ्गाना र भवानी थापा रहेका छन्। प्रलेस झापा जिल्ला कार्यसमितिका सल्लाहकारहरूमा भवानी घिमिरे, डा. ऋषिकेश उपाध्याय, लीला उदासी, होम सुवेदी, यज्ञराज प्रसाईं, तेजराज खतिवडा, चूडामणि

---

१७६. प्रलेस पूर्णाङ्क १० माघ-चैत्र २०५३, पृ.१२३।

१७७. प्रलेस पूर्णाङ्क १० माघ-चैत्र २०५३, पृ.१२३

१७८. प्रलेस पूर्णाङ्क ४ वैशाख-असार २०५३, पृ.१०८

१७९. प्रलेस पूर्णाङ्क ४ वैशाख-असार २०५३, पृ.१०७।

१८०.(प्रलेस पूर्णाङ्क ५ श्रावण-भाद्र-आश्वीन २०५३, पृ.११७)

रेग्मी, के.बी. कार्की, खगेन्द्र प्रसाई र शिरो सान्दाइ छानिए ।[१८१]

पोखरामा सर्वप्रथम २०३७ असार २३ मा रविलाल अधिकारीको संयोजकत्वमा प्रलेक सङ्घ गण्डकी अञ्चल तयारी समिति बनेको थियो । पछि रविलालको सट्टा दील साहनी संयोजक बने । अञ्चल सम्मेलन हुन सकेन । २०४४ को प्रथम राष्ट्रिय सम्मेलनमा रविलाल पार्षद् बनेपछि भवानी पाण्डे (भाष्कर) अध्यक्ष र नुमराज बराल सचिव रहेको अर्को तदर्थ समिति बन्यो । त्यो पनि अपेक्षित रूपमा क्रियाशील बन्न सकेन । २०५० को तेस्रो राष्ट्रिय सम्मेलनपछि घनश्याम ढकालको अध्यक्षतामा सचिव सुरेन्द्र थापा मगर, कोषाध्यक्ष हरिदेवी कोइराला र सदस्यहरूमा कुलबहादुर केसी, गोविन्द शर्मा सुकुम, पशुपति तिमल्सिना र रामबहादुर बानियाँ रहेको अर्को कार्यसमिति बन्यो । त्यसपछि २०५३ साल पुष ५ गते सम्पन्न जिल्ला सम्मलेनले पुन रविलाल अधिकारीको अध्यक्षतामा कास्की शाखा पोखरामा गठन भयो । नवगठित कार्यसमितिमा उपाध्यक्ष- कुलबहादुर उप्रेती, सचिव- मदन मुमुक्षु, कोषाध्यक्ष- हरिदेवी कोइराला र सदस्यमा नारायण परिश्रमी, सुरेन्द थापा, पद्मराज ढकाल, नुमराज बराल, नारायण मरासिनी र सल्लाहकारमा कुलप्रसाद खनाल, भवानी पाण्डे र चेकबहादुर बरुवाल रहेका छन् ।[१८२] प्रलेस पोखराले २०५४ मंसिरदेखि साहित्यप्रभा नामक पत्रिका सामयिक सङ्कलनका रूपमा प्रकाशित गरिरहेको छ ।

प्रलेस मोरङ शाखाको दोस्रो सम्मलेन २०५४ श्रावण १८ गतेका दिन सम्पन्न भयो । सम्मेलनले बलराम पोखरेलको अध्यक्षतामा ९ सदस्यीय कार्य समिति र ५ सदस्यीय सल्लाहकार समिति गठन गरेको छ । प्राप्त जानकारीअनुसार सचिव देवी निरौला, कोषाध्यक्ष डिल्ली पोखरेल, सदस्यहरूमा विजयराज शर्मा, केशवप्रसाद आचार्य, मोहनप्रसाद काफ्ले, नेत्र नेउपाने, विशाल दाहाल, श्रीमती यशोदा पौडेल रहे भने सल्लाहकार समितिका सदस्यहरूमा नरेन्द्र चापागाई, एकराज भट्टराई मीनराज ढकाल, विश्वराज पाण्डे र नारायणप्रसाद आचार्य छानिएका थिए ।[१८३]

त्यसै गरी पाल्पामा प्रगतिशील लेखकहरूको भेलाले चिनियामान बज्राचार्यको अध्यक्षतामा प्रलेसको स्थानीय शाखा गठन गरेको छ । जसको उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष र सदस्यहरूमा क्रमशः आलोक शर्मा, नेत्रलाल पाण्डे, गोविन्द भट्टराई, लक्ष्मण देवकोटा, झपेन्द्र जिसी, सन्तोष अर्याल, खेमराज शर्मा रहेका छन् ।

सिराहामा २०५४ वैशाख ८ गते सम्पन्न शाखा सम्मेलनको उद्घाटन केन्द्रीय सचिव विष्णु प्रभातले गरेका थिए । सो सम्मेलनले भैरव गेलालको अध्यक्षतामा क्रमशः ढुण्डीराज भट्टराई, रोहित न्यौपाने, गोविन्द विष्ट, निर्मला कार्की उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष एवं सदस्यमा प्रकाश मित्र, भुवन मिरिङ्चिङ, जीतबहादुर कटुवाललाई चयन गऱ्यो । सम्मेलनमा केन्द्रीय सदस्य भक्तबहादुर नेपाली, मैथिली कवि चन्द्रशेखर र विश्वनाथ महतोले शुभकामना मन्तव्य दिएका थिए । मकवानपुर,

---

१८१. (प्रलेस पूर्णाङ्क ५ श्रावण-भाद्र-आश्वीन २०५३, पृ.११६)

१८२. (साहित्य प्रभा सम्पादक अधिकारी मंसिर, २०५४, प्रकाशक प्रलेस कास्की, पृ. ७६-७७) ।

१८३. प्रलेस पूर्णाङ्क ८ वैशाख-जेठ-असार २०५४, पृ.११७

चितवन र सुनसरी जिल्लामा पनि प्रलेसको शाखा गठन भएको छ। सुर्खेतमा त निकै पहिलेदेखि नै प्रलेस क्रियाशील छ। २०४७ वैशाख २९ मा खोपीराम लम्सालको अध्यक्षतामा पहिलो कार्य समिति गठन भयो। त्यसले आयोजना गरेको दोस्रो जिल्ला सम्मेलनवाट लीलाधर गौतमको अध्यक्षतामा नयाँ नेतृत्व गठन गऱ्यो र उक्त शाखामा देवहरि गौतम उपाध्यक्ष, बलभद्र भारती सचिव, पवित्रा सुवेदी कोषाध्यक्ष र सदस्यमा दीपक गौतम, टीकाप्रसाद पोखरेल, नन्दप्रसाद लम्साल, हरि पुन, शिवप्रसाद उपाध्याय, उदास विनायक र सुरेश भट्ट छानिए। पछि २०५२ मा सम्पन्न निर्वाचनद्वारा अध्यक्षमा बलभद्र भारती चुनिए। प्रलेस सुर्खेत शाखाले निरन्तर रूपमा रातो थुँगा नामक साहित्यिक पत्रिका वर्षैपच्छि प्रकाशित गरिरहेको छ।[१८४]

प्रलेस केन्द्रीयकार्यलयमा भएका गतिविधिमा भारतीय नेपाली लेखक मोहन दुखुन र गोमाको भ्रमण उल्लेख्य छ। दुखुनले प्रलेसको गतिविधि बुझेपछि 'समाजको कमजोर वर्गको हितमा काम गर्ने प्रगतिशील रचनाकर्मीहरूको कामबाट आफु प्रफुल्तिभएको कुरा लेखे।[१८५] त्यसरीनै अर्का भारतीय नेपाली साहित्यकार गोमा शर्माले (असाम) ब्रह्म पुत्रदेखि बागमतीसम्मका नेपालीको संगमबाट नयाँ नेपाली साहित्य जन्मने अपेक्षा व्यक्त गरिन्। उनको सम्मानमा प्रलेसले आफ्ना प्रकाशनहरू उपहार प्रदान गरेको थियो।

८.४ विधागत लेखनको तत्कालीन स्थिति

२०४६ को संयुक्त जनआन्दोलन र त्यसबाट प्राप्त उपलब्धिका रूपमा अपनाइएको बहुदलीय राज्य प्रणालीसँगै संस्कृतिका विधाहरूको प्रयोगमा पनि विविधता देखापर्दै गएको छ। साहित्य, सङ्गीत, कला र रङ्गमञ्चका क्षेत्रमा मूलतः पूँजीवादी अमूर्तताले व्यवसायिक रूपलिएको छ भने त्यसको विपक्षमा जनवादी विचारधाराको सामाजिक यथार्थ प्रतिविम्वित प्रतिबद्ध लेखन देखापरेको छ। यीनै दुई परस्पर द्वन्द्वरत विचारबद्ध साहित्य नै आजको नेपाली साहित्यको चुरो बनेको छ। यसै मेहीको वरिपरि सङ्गीत, कला र रङ्गमञ्च पनि रिंगेको छ। अभिनयमा झाँगिएको व्यावसयिकता पूँजीवादी सभ्यताको अङ्ग बनेको छ। संस्कृतिलाई मानसिक सभ्यताको चिन्हारी होइन नाफा आर्जन गर्ने साधन बनाउने प्रयत्नसमेत चलेको छ। त्यस प्रवृतिका बिरुद्धमा साहित्य, सङ्गीत, कला र अभिनयलाई जीवनको समुन्नतिका निम्ति, सामाजिक जागरणका निम्ति र मानव कल्याणका निम्ति प्रयोग गर्ने जनवादी स्रष्टाहरूको पङ्ति पनि निरन्तर बढ्दो नै छ। यही बढ्दो र विकासमान प्रवृतिको बाहक बनेर प्रगतिशील तथा प्रगतिवादी लेखन लम्किरहेको छ।

प्रगतिशील तथा प्रगतिवादी लेखनको लामो परम्परामा २०४६ को आन्दोलनले एउटा खुकुलो परिवेश प्रदान गरेको भए पनि साधनस्रोतको अभावका कारण अपेक्षाकृत यसको विकास र विस्तार साँस्कृतिक तहमा हुन सकेको छैन। परन्तु विभिन्न विधामा साहित्य सिर्जना भइरहेको छ र त्यसले एउटा नयाँ सम्भावनाको ढोका खोलिरहेको छ।

---

१८४. रातो थुँगा पूर्णाङ्क ४, असोज २०५३, पृ.२

१८५. प्रलेसको निर्णय पुस्तिका पृ.६०।

यसैक्रममा साहित्यका विभिन्न विधाहरू फष्टाइरहेका छन् । चित्रकला र चलचित्रमा कला चेतनाको नयाँ प्रवाह सिर्जना भएको छ । व्यङ्ग्य शैलीमा साहित्यिक गतिविधि बढेको छ । कविता सबभन्दा बढी उर्वर क्षेत्र बन्न पुगेको छ । निबन्ध, कथा र उपन्यासले पनि पाइला अगाडि नै सारेको छ । समालोचनाको क्षेत्रमा सैद्धान्तिक समीक्षा बढी र व्यवहारिक समीक्षा कम भैरहेको स्थिति देखिएको छ । त्यतिभएर पनि विधागत प्राप्तिको मात्रा निराशाजनक छैन ।

२०४६ पछिको कविताको सन्दर्भमा हेर्दा चालीसको दशकका मुख्य प्रवृतिलाई भुल्न सकिँदैन । प्रलेसद्वारा प्रकाशित **'चालिसको दशकका केही प्रगतिशील कविताहरू'**मा यस चरणका कविताको मुख्य प्रवृति औंल्याउँदै भनिएको छ-

१. वर्गीय चेतनाको उद्‌बोधन र सङ्घर्षप्रति प्रतिबद्धता ।

२. साविक निरङ्कुश राजतन्त्र अन्तर्गत उत्पीडन र हत्याको आतङ्कलाई तत्काल अन्त्य गर्ने विचार प्रस्तुत गर्दै त्यस्तो पाशविक कार्यप्रति आमजनताको घृणा, आक्रोश, क्षोभ र हाँकका अनुभूतिहरूको प्रतिविम्बन ।

३. उत्पीडित राष्ट्रका जनताको आफ्नो राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकताको अक्षुण्यता र प्रादेशिक अखण्डताप्रतिको दृढता र त्यस्ता संवेदनशील पक्षहरू लत्याएर सत्तासीन वर्गबाट गरिँदै आएका, गरिएका र गरिन लागेका राष्ट्रद्रोही, कुकृत्यप्रतिको विरोध र आमजनतालाई सचेत र सङ्गठित हुने प्रेरणाका साथ देशको यथार्थको प्रस्तुति ।

४. औधी पछाडिपरेका नारी जाति, बाँधाका रूपमा जीवन व्यतीत गरिरहेका जनता र शोषित मजदुरवर्गको जीवनका यथार्थ संवेगहरूको अभिव्यक्ति ।

५. बामपन्थी आन्दोलनभित्रका अवसरवादीहरूको चरित्र नङ्ग्याउँदै, भविष्यप्रति आस्थावान् रहँदै आमूल परिवर्तनप्रतिको पक्षधरताको प्रस्तुति ।

६. ग्रामीण क्षेत्रमा भइरहेको सामन्ती उत्पीडनका विरुद्ध सङ्गठित जनभावनाको प्रतिविम्बन ।

७. संस्थागत सामन्ती संरचनाको विरोध र नेपाली जनताका निम्ति दमन, भार र अभिशापका रूपमा रहेको त्यस्तो संरचनाको आमूल परिवर्तनप्रतिको उदीयमान जनचाहनाको प्रतिविम्बन ।

वास्तवमा यी प्रवृतिहरूले २०४६ पछिका लगभग हालसम्मकै कवितालाई समेत समेटेका छन् । सकारात्मक पक्षका रूपमा रहेका यी मूल प्रवृतिका अतिरिक्त जीवन यथार्थको उद्‌बोधन र सामन्ती शोषणको विरोधसँगै छन्द परम्पराको शैलीगत अनुशरण, संसदीय व्यवस्थाका विकृतिप्रतिको वितृष्णा जस्ता कुराहरू पनि यस चरणमा देखापरेका छन् । परन्तु यस चरणका कवितामा देखापरेको नकारात्मक प्रवृतितर्फ पनि हाम्रो ध्यान जानु जरुरी छ । यस पक्षको उद्‌घाटन राजेन्द्र सुवेदी र निनु चापागाईद्वारा प्रस्तुत कार्यपत्रले गरेको छ । त्यसअनुसार सत्तामुखी सोच, रूपवादी प्रवृति, पलायनवादी प्रवृति, व्यक्तिमनको गुफामा हराउने प्रवृति, सत्व र अस्तित्व बीच विभाजन देख्ने प्रवृति जस्ता नकारात्मक पक्ष पनि यस अवधिमा

देखापरेका छन् ।[१८६] साहित्य सिर्जनामा कमी आएको त छैन तर बालसाहित्यको क्षेत्रमा रचनात्मक गतिशीलता मन्द रहेको छ । भाषान्तर आदान-प्रदान मन्द छ । त्यति भएर पनि यस अवधिमा प्रगतिशील तथा प्रगतिवादी कविताहरूको प्रकाशनले निश्चित ठाउँ लिएको छ । यस अवधिमा प्राप्त पुस्तकहरूमा- रामचन्द्र भट्टराईको **झिंगे माछो**(२०४७) लोचनकुमार कट्टेलको **सोलुका छालहरू**(२०५०) बनियाँ कान्छाको **मनका तरङ्गहरू**(२०५३) मनरूप नेप्चुनको **यक्ष प्रश्नहरू**(२०५३) केवलपुरे किसानको **शंकै शङ्का**(२०५४) पुण्य कार्कीको **बाघले घाँस खायो**(२०५४) खड्गसेन ओलीको **बादलको गुफा**(२०५४) शुभ श्रेष्ठको **बन्दमनको पिञ्जडाभित्र**(२०५५) अच्यूतशरण अर्यालको **श्रवण कुमार**, मञ्जुलको **चोकटी कविता**(२०५५), रामजी ढकालको **रामजी ढकालका कविताहरू**(२०५५) आहुतीका **तपस्वीका गीतहरू**, बलभद्र भारतीको **मुक्ति सङ्घर्ष**, महेश मास्केका **भोकका कैदीहरू**, मुक्तिबन्धुको **युद्ध जारी छ** (गीति नाटक) राजकुमार केसीको **निहत्था मेरो सडक**, धर्मोगत शर्मा तुफानको **देशको माटो दुख्ने गर्दछ**, युद्धप्रसाद मिश्रको **युद्धप्रसाद मिश्रका कविताहरू**, कृष्णप्रसाद पराजुलीको **बादलका बुट्टाहरू**, घनश्याम कँडेलको **जीवनका सन्दर्भहरू**, वासुदेव अधिकारीको **समयका स्वरहरू**, शितविन्दुका **चिता जलिरहेछ**, कुन्ता शर्माको **म उभिएको ठाउँ**, पूर्ण विरामको **गोविन्दले ठीक भन्यो**, मित्रलाल पंज्ञानीको **गतिमान गण्डकी र सृष्टिकर्ता**, अनिल पौडेलको **फुटेर फेरी मनहरू**, आर.आर. चौलागाईको **चास्स-चुस्स**, सरोज ओलीको **तम्मर नदीको घून**, विदुर चालिसेका **सिसिफसको श्रापित मांसपिण्ड**, नारायण शर्माको **मातेको मान्छे र प्रजातन्त्र**, उमेश उपाध्ययाको **आस्थाको प्रदेश**, लीला उदासीको **यहाँ भाले बास्न निषेध छ**, नेत्रलाल अभागीको **सतिसाल मात्र ठिङ्ग उभिन्छ**, भीष्म उप्रेतीको **आकाश खस्यो भने के हुन्छ ?** रामप्रसाद ज्ञवालीको **औंशीका फूलहरू**(महाकाव्य) **तेराखका अलपत्रेका फूलहरू**, लगायत थुप्रै रहेका छन् ।

त्यसरी नै निबन्धमा मोदनाथ प्रश्रितका **केही साँस्कृतिक निबन्धहरू**(२०४६) **जीवनको बाटोमा** २०४८), राजेन्द्र सुवेदीको **खालि सिसी पुराना कागज**(२०४७) र **मेरो यात्रा मेरै परिवेश**(२०५४) गोपीरमण उपाध्यायको **हिन्दु धर्मशास्त्रमा मानव उत्पीडनका सन्दर्भहरू**(२०४६) श्यामप्रसाद शर्माको **हाम्रा बालबालिकाहरू र हाम्रो नयाँ पुस्ता**(२०४७), **१९९५ का मेरा रचनाहरू**(२०५३) रूद्र खरेलको **तपाईंको नाम के हो ?**(२०४८) र **तोरीलाहुरे चोकमा**(२०४३) भक्तबहादुर नेपालीको **स्मृतिका पानाहरू**(२०५१) प्रदीप नेपालको **मुक्त आकासको खोजीमा**(२०५४) मोहनविक्रम सिंहको **साहित्य संवाद**, अर्जुन ज्ञवालीको **समय सारथी**(२०५३) अनिल पौडेलको **काठमाडौंदेखि सिक्किमसम्म**(२०५३) सुधा त्रिपाठीको **जीवन सूत्र र स्वप्नभाष**, (२०५४) श्रीओम श्रेष्ठ रोदनको **अर्थहीन अर्थहरू**(२०५४) रहेका छन् । हास्यव्यङ्ग्य निबन्धमा शिवप्रसादको **जय नेताजी**, नरनाथ लुईटेलको **छेपन र चम्चा चिन्तन**, विष्णु प्रभातको **खुर्सानी पुराण**(

---

१८६. प्रलेस वर्ष १, २०४९ पृ. १९-२४

२०५१) **खुच्चिङ**(२०५३) **खुसखुस कम्पनी** र **मातृत्व**(२०५३) अर्जुन पराजुलीको **आन्द्रालोक**(२०५४) र संस्मरणमा नारायण ढकालको **तीन सम्वत्सर** माधव पोखरेलको **आफ्नो मान्छे** आदि अनेक रहेका छन् ।

कथामा पनि नारायण ढकालको **इरफान अली**(२०५१), ऋषिराज बरालको **वनमान्छेको कथा** र **बयान**, पारिजातको **बधशाला जाँदा आउँदा**, खगेन्द्र सङ्गौलाको **जनआन्दोलनका छर्राहरू**, घनश्याम ढकालको **समर्पणको बाटोमा**(२०५२) र **आजको महाभारत**(२०५४) कृष्णविनोद लम्सालको **परिस्थितिका मुद्दाहरू**(२०५२) सुधा बस्नेतको **अझै दैलो उघारै छ**(२०५४) विवश बस्तीको **नखनिएको खाडल**(२०५४) विनयकुमार कसजुको **लिस्नो**(२०५३) पुण्य खरेलको **पुनर्बहाली**(२०५४) आदि अनेक पुस्तकहरू प्रकाशित भए ।

उपन्यासमा भवानी पाण्डेको **बन्दी आबाज**(२०४६) र **अमर बस्ती**(२०५३) प्रदीप नेपालको **देउमाइको किनारमा**(२०४७) ऋषिराज बरालको **कमरेड हुतराजको राजधानी प्रस्थान**(२०४८) विश्वभक्त दुलाल'आहुती' को **नयाँ घर**(२०५०) भक्तबहादुर पण्डितको **भूतको ओखती**(२०५१) र **नेपाली आमा**(२०५३) रामप्रसाद ज्ञवालीको **जीवनका घुम्तिहरू**(२०५४) नारायण ढकालको **पीत संवाद**(२०५५) सुस्मिता नेपालको **एकान्त पनि रुन्छ**(२०५३) र **मेरा छातिका कोलाजहरू**(२०५५) जस्ता अनेकौं कृतिहरू देखापरे ।

समालोचनामा पनि यस अवधिमा निकै राम्रा र गहकिला पुस्तकहरू देखापरेका छन् । धर्मराज अधिकारीको **श्यामप्रसाद विश्लेषण र मूल्याङ्कन**(२०४७) आनन्ददेव भट्टको **व्यवहारिक समालोचना**(२०४८) देवीप्रसाद गौतमको **प्रगतिवाद: परम्परा र प्रवृति**(२०४९) डा. ऋषिराज बरालको **प्रगतिवाद**(२०४९) तथा **मार्क्सवाद र उत्तर आधुनिकतावाद**(२०५२) मुरारि अर्यालको **मार्क्सवादी सौन्दर्य विधान र आलोचना**(२०४९) जगदीशचन्द्र भण्डारीको **साहित्य चिन्तन र विवेचन**(२०५०) निनु चापागाईको **यथार्थवादी रचना दृष्टि र विवेचना**(२०५१) र **मार्क्सवादी चिन्तनमा सौन्दय{**(२०५४) रविलाल अधिकारीको **नेपाली समालोचनाको रूपरेखा**(२०५१) जयप्रसाद ढकालको **साहित्य र संस्कृति**(२०५२) राजेन्द्र सुवेदीको **सिर्जनविधाका परिधिमा पारिजात**(२०५३) र **नेपाली उपन्यास परम्परा र प्रवृति**(२०५३) जीवेन्द्रदेव गिरीको **भेरी क्षेत्रीय नेपाली क्रियाको संरचनात्मक विश्लेषण**(२०५३) चैतन्यको **मार्क्सवादी कलादृष्टि र समीक्षा**(२०५४) ताराकान्त पाण्डेको **कला साहित्य भूमिका र मूल्याङ्कन**(२०५४) गोविन्द भट्टको **गोविन्द भट्टका समालोचनाहरू**(२०५५) जस्ता अनेकौं पुस्तकहरू प्रकाशित भएका छन् ।

यसरी नै गीत-संगीतको क्षेत्रमा पनि प्रलेसको गतिशीलताले प्रभाव पारेको छ । रङ्गमञ्च अनि चलचित्रतर्फ पनि केही प्रगतिशील भावधाराका, क्रान्तिकारी सन्देश मूलक एवम् प्रगतिवादतर्फ उन्मुख टेली श्रृङ्खलाहरू निर्माण भएका छन् । जनगीति चक्काहरू प्रकाशित भएका छन् । यी सबै गतिविधिमा प्रगतिशील सांस्कृतिक संस्था प्रलेस र प्रतिवद्ध लेखनको प्रेरणाप्रद भूमिका विशिष्ठ रहेको छ ।

८.५ प्रलेसको पाँचौ राष्ट्रिय सम्मेलन (२०५६)

चौथो सम्मेलन सम्पन्न (२०५२ साल फागुन ११ र १२ गते) भएको चार वर्ष पछि अर्थात् विधिवत् सम्पन्न हुनु पर्ने समयभन्दा एक वर्ष ढिलो २०५६ साल फागुन २८ र २९ गते थापाथली क्याम्पसको सभाकक्षमा प्रलेसको पाँचौ राष्ट्रिय सम्मेलन आयोजना गरियो। सम्मेलनको ढिलाईमा तत्कालीन परिवेश एवं चौथो सम्मेलन बहिस्कार गर्ने लेखकहरूलाई समेट्ने सदाशय कारक पक्ष रहेको थियो। यो तथ्य २०५६ असार ८ गतेको वक्तव्यमा देख्न सकिन्छ। त्यसमा उल्लेख छ- "प्रलेस नेपाल, साम्राज्यवाद सामन्तवाद, प्रभुत्ववाद तथा विस्तारवादको विरोधगर्ने आमुल परिवर्तनका पक्षधर समाजवादी-यथार्थवादीधाराका नेपाली लेखकहरूको संयुक्त मञ्चको रूपमा स्थापित साहित्यिक संस्था भएको कुरा सर्वविदितै छ। हाल यो संस्था आफ्नो पाँचौ सम्मेलनको तयारीका क्रममा छ। विगत चौथो सम्मेलन सम्पन्न हुँदा विविध कारणवश केही कमी-कमजोरी र त्रुटीहरू हुनगई यो संयुक्तमञ्चका सहयात्री केही साथीहरूलाई सङ्घको छाता भित्र समेट्न यो कार्यसमिति प्रयत्नशील रहेको र पाँचौ सम्मेलन हुनु अघि पनि यो प्रयत्नलाई अझ गम्भिर रूपमा अघि बढाउन हामी अझ प्रयत्नशील छौं। यो संस्थाको उद्देश्य बमोजिम यसलाई चुस्त एवं क्रियाशील बनाउन सङ्घ भित्र रहेका र हाल यसमा समाहित नरहेका आदरणीय लेखक मित्रहरूको समान सहभागिता आवश्यक छ। त्यसैले सङ्घको चौथो सम्मेलन सम्पन्न गर्दा हुनगएका गल्ती कमजोरीलाई संच्याई यस संस्थालाई यसको उद्देश्यबमोजिमको सच्चा संयुक्त मञ्च बनाउन खुला दिलले छलफल गरी सहज बाटो तयार पार्न हामी समस्त प्रगतिशील एवं समाजवादी यथार्थवादका पक्षधर लेखक एवम संस्थाहरूबाट उचित सल्लाह एवम् सहभागिताको अपेक्षा गर्दछौं। पाँचौ राष्ट्रिय सम्मेलनको सङ्घारमा सिद्धान्तनिष्ठ एकता कायम गर्दै समयले सिर्जना गरेका चुनौतिलाई सबैले मिलेर समाना गर्न आफ्नो हरसम्भव सहयोगसहित छलफल एवं वार्ताका लागि हामी सबै साथीमा खुला दिलले आह्वान गर्दछौं।" अध्यक्ष गोविन्द भट्ट र महासचिव गङ्गाप्रसाद उप्रेतीको हस्ताक्षरयुक्त सो वक्तव्य सार्वजनिक भएपछि वार्ताको सहज स्थिति निर्माण भयो र सबैलाई समेटेर पाँचौ सम्मेलन आयोजक समिति गठन गर्ने समझदारी बन्यो। सोही समझदारी अनुरूप प्रलेसको केन्द्रीय समितिको विस्तारीत वैठक आयोजना गरी गोविन्द भट्टको संयोजकत्वमा केन्द्रीय समितिका सदस्यहरू सहित थप खगेन्द्र सङ्ग्रौला, निनु चापागाई, जगदीशचन्द्र भण्डारी, केशव नेपाल, घनश्याम ढकाल, लोकनारायण सुवेदी, चन्द्रबहादुर उलक, वासुदेव अधिकारी, विष्णु प्रभात, चन्द्रदेव जोशी, हरीगोविन्द लुइँटेल रहेको २७ सदस्यीय पाँचौ राष्ट्रिय सम्मेलन मूल व्यवस्थापन समिति गठन गरियो। त्यस मातहत, आर्थिक, प्रतिवेदन, विधान शंशोधन, सदस्यता वितरण, कार्यक्रम सञ्चालन र प्रचार प्रसार उपसमितिहरू बने। फलस्वरूप पाँचौ सम्मेलन पुनः एकताबध्द रूपमा सम्पनन हुन पुग्यो।

प्रलेसको पाँचौ राष्ट्रिय सम्मेलनको उद्घाटन कवि भवानी घिमिरेले गरे भने सम्बोधन सङ्घका संस्थापक अध्यक्ष श्यामप्रसाद शर्मा तथा साहित्यकार मोदनाथ प्रश्रित, शक्ति लम्साल, खगेन्द्र सङ्ग्रौला, रूद्र खरेल, घनश्याम ढकाल, जगदीशचन्द्र भण्डारी, लोकनारायण सुवेदी, हृषिकेश उपाध्याय, गायक कलाकार जेवी टुहुरे, जीवन शर्मा र माधव प्रधानहरूले गरे। महासचिव गङ्गाप्रसाद उप्रेतीले प्रतिवेदन सचिव विष्णु प्रभातले विधान संशोधन प्रस्ताव प्रस्तुत गरेपछि व्यापक छलफल गरेर त्यसलाई पास गरियो। मूल व्यवस्थापन समितिका सदस्य निनु चापागाईंले स्वागत भाषण र हरिगोविन्द लुइँटेलले धन्यवाद ज्ञापन गरे। पाँचौ सम्मेलनले निनु चापागाईंको अध्यक्षतामा घनश्याम ढकाल (उपाध्यक्ष) जिवेन्द्रदेव गिरी (महासचिव) केशव नेपाल (सचिव) नरनाथ लुईटेल (कोपाध्यक्ष) तथा सदस्य हरूमा- चूडामणि रेग्मी, नारायण प्रसाद शर्मा, अनिरुध्द तिमसिना रूद्र खरेल, दिल साहनी, रामप्रसाद, प्रदीप, अमर गिरी, इस्माली, ऋषिराज बराल, जगदीशचन्द्र भण्डारी, रमेशप्रसाद भट्टराई, इश्वरचन्द्र ज्ञवाली, देवीप्रसाद गौतम, पुष्पराज राजकर्णीकार १९ सदस्य रहेको केन्द्रीय समिति बनायो। सम्मेलनले- शुभङ्कर कँडेल, रणेन्द्र बराइली, आशकुमार, यकिना अगाध, प्रेमसागर पौडेल, मातृका पोखरेल, नारमणि हार्तुम्छाली, नवराज शर्मा, सीता शर्मा, पोषराज पौडेल, कृष्णसेन इच्छुक, ताराकान्त पाण्डे, पुण्यप्रसाद खरेल, कपिल लामिछाने, पुष्पकमल सुवेदी, कृष्णमोहन जोशी, यज्ञवहादुर डाँगी, वद्री विशाल पोखरेल, सुदर्शन श्रेष्ठ र अनिल पौडेललाई राष्ट्रिय परिषद सदस्य छान्यो। सम्मेलन पछि वसेको केन्द्रीय समितिको वैठकले पदाधिकारी सहित सातसदस्यीय सचिवालय गठन गऱ्यो।[१८७]

८.५.१ पाँचौं सम्मेलन पछिका प्रलेस गतिविधिहरू

पाँचौ सम्मेलन पछि प्रलेसको एघारौं अङ्क प्रकाशित भयो। त्यसपछि जनआन्दोलनका दश वर्ष र अभिव्यक्ति स्वतन्त्रता (२०५७ वैसाख २४) प्रगतिवादी मूल्य-मान्यता र लेखकीय आचरण (जेठ ९ पोखरामा) वार्षिककोत्सवको उपलक्षमा भाषिक समानता बारे गोष्ठि (असौज ५ काठमाडौंमा) समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृतिहरू (मंसीर २३ दाङमा) सांस्कृतिक साम्राज्यवाद र जनसाँस्कृति कर्मीहरूको दायित्व (माघ २७ इटहरी) र समकालीन प्रगतिवादी कथाका प्रवृतिहरू (चैत १८ रूपन्देहीमा) विषयक गोष्ठिहरू गर्ने कामहरू भए। त्यसरी नै २०५८ श्रावण १२ मा नेपालका विभिन्न भाषामा प्रगतिशील साहित्यको अवस्था' विषयक विचारगोष्ठि भक्तपुरमा सम्पन्न भयो। 'प्रगतिशील साँस्कृतिक आन्दोलन: समस्या प्रवृति र दिशा (२०५८ असौज ५ काठमाडौं) तथा वर्तमान अवस्थामा अभिव्यक्ति स्वतन्त्रता र वुद्धिजीविहरूको भूमिका (२०५९ वैसाख ९ काठमाडौं) विषयक गोष्ठिहरू पनि काठमाडौंमै

---

१८७. प्रेस विज्ञप्ती प्रलेस वर्ष ५ पृर्णांङ्क ११ पृ. ५९

सम्पन्न भए । प्रलेसको आयोजनामा 'जनताका सुशेलीहरू' नामक कार्यक्रम २०५८ भाद्र ९ मा सांस्कृतिक संस्थान जमलमा प्रस्तुत भयो । यस अवधिमा सुर्खेत, दाङ, सुनसरी, मोरङ, रूपन्देही, झापा, कास्की, बारा, उदयपुर खोटाङ, सिन्धुपाल्चोक, धनकुटा, बागलुङ, दोलखा, बाँके, कालीकोट, मुगुमा प्रलेस शाखाहरूले स्थानीय साहित्यिक गतिविधि सम्पन्न गरे । त्यस अघि देखि नै क्रियाशील रहेका तेह्रथुम, पाल्पा, मकवानपुर, लाहान र दैलेखमा पनि प्रलेसले आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आईरहेको छ ।[१८८] पाँचौ राष्ट्रिय सम्मेलन पछिका प्रलेस गतिविधिहरूले वैचारिक गम्भिरता तर्फ अग्रसर गराएको देखिन्छ । विशेष गरी विषयगत विश्लेषणका गहन कार्यपत्रहरू, राजधानी काठमाडौं बाहिरका विचार गोष्ठिहरू र तिनीहरूको सङ्ग्रहका रूपमा प्रलेसको प्रकाशनले यस पक्षलाई दर्शाएको छ । २०५९ भदौ १५ गते झापाको काकरभित्तामा आयोजित 'प्रगतिशील निबन्धलेखन र तिनका प्रवृतिहरू' विषयक गोष्ठि, २०५९ मंसीर २८ मा बुटवलमा आयोजित- 'नेपाली प्रगतिवादी नाटक परम्परा विकास र सम्भावना' विषयक गोष्ठिहरू पनि यस सृङ्खलाका महत्वपूर्ण कार्य बनेका छन् ।[१८९]

८.६ प्रलेसको छैठौं राष्ट्रिय सम्मेलन (२०५९)

प्रलेस नेपालको छैठौं राष्ट्रिय सम्मेलन २०५९ फागुन २४ र २५ गते कीर्तिपुर स्थित त्रिभुवन स्मृति भवनमा सम्पन्न भएको थियो । पाँचौ सम्मेलनद्वारा गठित केन्द्रीय समितिका अध्यक्ष निनु चापागाईंको सभापतित्वमा प्रारम्भ भएको छैठौं राष्ट्रिय सम्मेलनको उद्घाटन संस्थापक अध्यक्ष श्यामप्रसादले गरेका थिए । विभिन्न वामपन्थी पार्टीका प्रतिनिधिहरूले उद्घाटन सत्रमा आ-आफ्ना पार्टीको तर्फबाट शुभकामना दिएका थिए । त्यस क्रममा नारायणमान विजुक्छे रोहित(नेमकिपा) रघुपन्त (एमाले) सोनाम लामा (एकता केन्द्र) कृष्णदास श्रेष्ठ (मालेमा) अमिक शेरचन(जनमोर्चा) ऋषि कट्टेल (माले) तथा प्रभु नारायण चौधरी (मार्क्सवादी) श्याम श्रेष्ठ(समाजवादी) हरूले सम्मेलनको सफलताको कामना व्यक्त गरे । सम्मेलनमा प्रलेसका संस्थापक श्यामप्रसाद शर्मा, पूर्व अध्यक्ष रमेश विकल, संस्थापक कोषाध्यक्ष केवलपुरे र शहीदकवि कृष्णसेन इच्छुकप्रति सम्मान व्यक्त गरियो । बन्दसत्रको आरम्भ भएपछि निवर्तमान महासचिव जीवेन्द्रदेव गिरीले संगठनात्मक प्रतिवेदन पेश गरे । रामहरी पौडेल, रामप्रसाद प्रदीप, जीवन शर्मा, राजेन्द्र सुवेदी र कुमार थापालाई अध्यक्ष मण्डलका रूपमा चयन गरेर सुरु भएको बन्द सत्रले प्रतिनिधिहरूलाई पाँच समूहमा विभक्त गरी छलफल सञ्चालन गऱ्यो र भोली पल्ट प्रतिनिधिहरूबाट सुझावलाई

---

१८८ प्रलेस पूर्णाङ्क १२, २०५९ पृ. १२९-१३९

१८९. प्रेस विज्ञप्ति, २०५६ चैत्र १, प्रलेक वर्ष ५ पूर्णाङ्क ११ वैशाख,जेष्ठ, पृ.५९ ।

समावेश गर्ने गरी साङ्गठनिक प्रतिवेदन सँगै विधान संशोधन तथा राष्ट्रिय अन्तर्राष्ट्रिय विभिन्न प्रस्तावहरूपारित भए । उमेश उपाध्याय, दिलवरदान र कृष्ण बेल्वासे रहेको निर्वाचन समितिले गोप्य मतदान प्रकृयाका आधारमा चुनाव गराएर २१ जनाको केन्द्रीय समिति सहित ४३ जनाको राष्ट्रिय परिषद गठन भयो । जसमा रूद्र खरेल(उपाध्यक्ष) घनश्याम ढकाल(महासचिव), रमेश भट्टराई(सचिव) र मातृका पोखरेल(कोषाध्यक्ष) निर्विरोध भए । अध्यक्षमा खगेन्द्र सङ्गौलालाई पराजित गरेर आनन्ददेव भट्ट अत्यधिक बहुमतद्वारा चुनिए ।

सदस्यहरूमा अनिरूद तिमसिना, अमर गिरी, कपिल लामिछाने, कुलप्रसाद खनाल, केशव नेपाल, जगदीशचन्द्र भण्डारी, ताराकान्त पाण्डे, दिल साहनी, पुण्य खरेल, पूर्ण विराम, पोषराज पौडेल, महेश मास्के, मित्रलाल पंज्ञानी, स्नेह सायमी, सीता शर्मा, पुष्प राजकर्णिकार चुनिए । त्यसैगरी राष्ट्रिय परिषद सदस्यमा- कृष्णचन्द्र शर्मा, जीवन शर्मा, देवजङ्ग शाही, देवविक्रम राई, देवी नेपाल, देविका तिमल्सिना, पशुपति तिमल्सिना, पृथ्वीवहादुर सिंह, प्रेमसागर पौडेल, बाबुराम दाहाल, भगवानचन्द्र ज्ञवाली, भिक्टर प्रधान, मनरूप नेप्चुन, रणेन्द्र बराइली, राममणि पोखरेल, विवश वस्ती, स्वागत नेपाल, सुकुम शर्मा, सुशिला प्रधानाङ्ग, हरिगोविन्द लुईटेल, हेम राई, गिरीराज शर्मा रहे । छैठौं केन्द्रीय समितिको वैठकले १३ सदस्यीय सल्लाहकार समिति गठन गऱ्यो । दोस्रो वैठकले तीन वर्ष भित्रमा प्रलेसको आफ्नै भवन बनाउने, लेखक उपचार कोष स्थापना गर्ने, दक्षिण एसियाली प्रलेस गठन गर्ने, पुराना स्थापित लेखकहरूका नाममा पुरस्कार स्थापना गर्ने, प्रकाशनलाई नियमित गर्ने 'प्रगतिशील भावधाराका प्रतिनिधि रचना प्रकाशन गर्ने' प्रगतिशील लेखक परिचय कोश तयार गर्ने जस्ता दीर्घकालीन काम गर्ने निर्णय सँगै वार्षिक कार्यक्रम पारित गऱ्यो । प्रगतिशील उपन्यास गोष्ठि (सुर्खेत) उत्तर आधुनिकतावादको वास्तविकता (झापा) प्रगतिशील महिला लेखन (काठमाडौं) सम्बन्धी गोष्ठिहरू गर्ने निर्णय गऱ्यो ।[१७०]

छैटौं राष्ट्रिय सम्मेलन पछि प्रलेसले चितवन, सुर्खेत काडमाडौं र लाहानमा पूर्व निर्धारित विषयमा गोष्ठीहरू सम्पन्न गऱ्यो । प्रतिगमन विरुध्द लोकतान्त्रिक कविगोष्ठीको आयोजना गरेर संयुक्त मञ्च निमार्णमा सहयोगी भूमिका पूरा गऱ्यो । निरङ्कुशतन्त्र विरोधी सिर्जनात्मक भित्ते लेखन (२०६० चैत १८ काठमाडौं) गोकुल जोशी प्रतिमा अनवरण कार्यक्रम (२०६२ जेठ, झापा) का अतिरिक्त विभिन्न जिल्लाका सम्मेलन तथा साहित्यिक गोष्ठीमा केन्द्रैवाट सहभागी भएर स्थानीय साहित्यिक गतिविधिलाई हौस्याउने काम गऱ्यो । प्रलेसको छैठौं सम्मेलनसम्म आईपुग्दा विभिन्न शाखाहरूले पनि आफ्नो इतिहास निर्माण गरेका छन् । तिनको शोधखोज गरेर विस्तृत

---

१७०. प्रलेस केन्द्रीय कार्यलयद्वाराजारी गरीएको २०६० वैसाख २३ गतेको परिपत्रअनुसार ।

अभिलेख तयार गर्नु पर्ने खाँचो छ। सीमित जानकारी एवं संस्थागत आधारमा भन्दा हालसम्म पाल्पाबाट **कलम** (२०४०) सुर्खेतबाट **रातो थुँगा** (२०४८) दाङ्बाट **सुसेली** (२०५४) र **बहिङगा** (२०५७) कास्कीबाट **साहित्य प्रभा** (२०४५) मोरङबाट **मोरङ प्रलेस**, झापाबाट **सुखानी** (२०५५) सुनसरीबाट **सुनसरी प्रलेस**, सिन्धुपाल्चोकबाट **विहान** (२०५९) खोटाङबाट **आकाश गङ्गा** (२०५९) जस्ता पत्रिकाहरू प्रकाशित भएका छन् र तिनीहरूले स्थानीय प्रतिभाहरूको रचनाका अतिरिक्त राष्ट्रिय साहित्यमा समेत टेवा दिएका छन्। यद्यपि प्रलेस आफै प्रकाशक नरहेर प्रकाशित भइ आएका साहित्यिक पत्रिकाहरूले पनि हाम्रो प्रगतिशील तथा प्रगतिवादी साँस्कृतिक आन्दोलनमा महत्वपूर्ण स्थान राखेका छन् र तिनीहरूको अलग्गै अध्ययन, विश्लेषण र मूल्याङ्कन हुनु पर्दछ।

९. लोकतान्त्रिक सङ्घर्षमा प्रलेसका स्रष्टाहरूको योगदान र निष्कर्ष

नेपाली समाजको रूपान्तरणका लागि साँस्कृतिक फाँटका सिर्जनकर्मीहरूले निकै लामो समयदेखि सङ्घर्ष गर्दै आईरहेका छन्। उनीहरूले साहित्य, कला र सङ्गीतको साधनामा मात्रै आफूलाई सीमित नगरेर चिन्तन, संस्कार र सभ्यताको उन्नयनका लागि सामाजिक व्यवस्थामा स्वतन्त्रता, बन्धुत्व र समानता स्थापनाको लागि, लोकतन्त्र समाजवाद र शान्तिका लागि अथक यात्रीका रूपमा प्रस्तुत गरेका छन्। निरङ्कुशताको विरोधमा राणाशाही शासनको अन्त्यका लागि गरिएको बलिदानी सङ्घर्षदेखिनै नेपाली स्रष्टाहरू सङ्घर्षको मैदानमा ओर्लिए। यस तथ्यलाई प्रायः सबैले उल्लेख गर्ने गरेको पाइए पनि सामाजिक जागरण-चेतका सम्बाहक नेपाली साहित्यकार, कलाकारहरूको समग्र साँस्कृतिक सङ्घर्षको विस्तृत र गहन शोधखोज, अध्ययन भएको छैन। नेपाली साहित्यको इतिहासमा सामाजिक विसङ्गतिका विरुद्धमा कला, साहित्य र सङ्गीतलाई एउटा बलियो विचारधारात्मक हतियारका रूपमा प्रयोग गर्दै प्रगतिशील भावधारालाई अँगालियो। हाम्रो साँस्कृतिक इतिहासमै एक अटुट वैचारिक प्रतिबद्धता साथ कुनै लेखनधारा प्रवाहित छ भने त्यो प्रगतिशील धारा नै छ र यसले हरेक चरणमा प्रतिपक्षमा रहेको समानान्तर साहित्यलाई समेत प्रभावित गर्दै आएको छ। आधुनिक कालको नेपाली साहित्यमा सर्वाधिक चर्चित महाकवि लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल र हृदयचन्द्र सिंह जस्ता पुरानो पुस्ताका प्रतिभाहरूदेखि वर्तमानका प्रयोगवादी कवि बैरागी काँईलासमेत प्रगतिशील लेखन प्रवृतिबाट केही न केही मात्रामा प्रभावित छन्। प्रगतिशीलतालाई प्रगतिवाद तर्फ लम्कन सघाउने र आफ्नो लेखनलाई समाजवादी यथार्थवादको मान्यतामा ढाल्न रुचाउने थुप्रै पुराना तथा नयाँ प्रतिभाहरूले नेपालको लोकतान्त्रिक सङ्घर्षमा आफूलाई सामेल गरेका छन् र कतिपय शहीद भएका छन्। गोकुल जोशी, युद्धप्रसाद मिश्र, नेत्रलाल अभागी र कृष्णसेन इच्छुकहरूको वीरगाथासँगै श्यामप्रसाद शर्मा, केवलपुरे किसान, भवानी घिमिरे, आनन्ददेव भट्ट, रमेश विकल, पारिजात, गोविन्द भट्ट, मोदनाथ प्रश्रित, मोहन वैद्य'किरण' (चैतन्य) निनु चापागाई, शक्ति लम्साल, खगेन्द्र सङ्ग्रौलाहरूको योगदानलाई हामीले सम्झनै पर्दछ। प्रत्येक लेखकका केही कमजोरीलाई आधार बनाएर उनीहरूको सिर्जनात्मक देन सङ्घर्षशीलता र सम्बद्धता भुल्नु भनेको इतिहासलाई समग्रतामा नहेर्नु हो।

हाम्रो अतीत निरङ्कुशताका बिरुद्ध जुधेको आन्दोलनका रूपमा छ र हाम्रो वर्तमान पनि निरङ्कुशता बिरुद्धको सङ्घर्षबाट बिमुख छैन । त्यसैले लोकतान्त्रिक साहित्य, कला र सङ्गीत निर्माणका लागि जो जसले जे जति जहिलेसम्म योगदान दिएका छन् त्यसको यथार्थपरक विस्लेषण र मूल्याङ्कन गरिनु पर्दछ । खासगरी जङ्गबहादुर राणाबाट प्रारम्भ भएको निरङ्कुशताले राजा ज्ञानेन्द्रसम्म आइपुग्दा जसरी अनेकौं रूप प्रदर्शन गरेको छ त्यसरी नै हाम्रो साँस्कृतिक सङ्घर्षमा पनि लोकतन्त्र प्राप्तिको आन्दोलन सामान्य सुधारवादी चिन्तनदेखि आमूल परिवर्तनकारी विशिष्ठ सोचसम्म प्रकट भएको छ । अथवा भनौं सन्त साहित्यदेखि क्रान्तिकारी साहित्यसम्मका रूपहरूमा सिर्जित छन् । एउटा निश्चित सीमासम्म पूँजीवादी साहित्य चिन्तनले पनि सामन्ती साहित्यका तुलनामा प्रगतिशील भूमिका पूरा गरेको छ । त्यसैले हाम्रो दृष्टिकोण वस्तुनिष्ठ, वैज्ञानिक एवम् ऐतिहासिक हुनु जरुरी छ । लोकतान्त्रिक स्रष्टाहरूको लामो संघर्षशील इतिहास प्रगतिशील लेखनको इतिहास हो र यसको केन्द्रविन्दुमा कमानी सरह प्रगतिशील लेखक सङ्घ नै रहेको छ । प्रगतिशील लेखन यात्रामा सामेल भएका सबै स्रष्टाहरू प्रगतिवादी लेखनमा पुग्दैनन् । कोही प्रतिध्रुवमा फर्कन्छन्- भूपी, डीपी, ताना र धर्मराजझैं, कोही लक्ष्यमा पुग्छन्- युद्धप्रसाद मिश्र, पारिजात र कृष्णसेन इच्छुक झैं । नेपाली साहित्यको प्रगतिवादी धारमा आधार बनेर रहेका-जनसङ्घर्षहरूले नै प्रगतिशील स्रष्टालाई समेत उर्जा दिंदै आएको छ । वीरहरूको बलिदानपूर्ण गाथा, शोषण दमनले विदीर्ण पीर- व्यथा र परिवर्तनका निम्ति समर्पित निष्ठा नै लोकतान्त्रिक साहित्यको जीवनयथार्थ बनेको छ । सामाजिक वर्गद्वन्द्वका विविधरूप मार्फत अभिव्यक्त यथार्थले साहित्य, सङ्गीत र कलालाई वर्गपरक सौन्दर्यचेत प्रदान गरेको छ । जनताको सर्वोच्चतालाई स्वीकाररेर अघि बढ्दा नै प्रगतिशील लेखनले आधा शताब्दी लामो सङ्गठित लेखन परम्परा हुर्काएको हो । तसर्थ प्रगतिवादलाई संचेतन ढङ्गले केन्द्रविन्दु स्वीकार्ने र स्वस्फूर्त ढङ्गले त्यसको वरीपरि घुम्ने जनपक्षीय स्रष्टाहरूले लोकतान्त्रिक सङ्घर्षमा आफ्नो सहभागितालाई निरन्तरता दिएका छन् र त्यसप्रकारको सङ्घर्षशील निरन्तरताको उच्चतम अवस्था जनयुद्धसम्म नै आफूलाई होमेका छन् ।

प्रगतिवादी साँस्कृतिक आन्दोलनको एउटा हिस्साका रूपमा रहेको प्रगतिशील लेखनले जनविरोधी साहित्य चिन्तनको विकल्प दिंदै सर्वथा नयाँ मानवमूल्य अघि सारेको छ । वैधानिक सङ्घर्षमा सीमित स्रष्टालाई पनि क्रमशः अवैधानिक सङ्घर्षतर्फ तानेर साहित्य, सङ्गीत र कलालाई सामाजिक परिवर्तनको साधन बनाएको छ र यसबीच झण्डै एक दशकदेखि राष्ट्रियता, जनतन्त्र र समाजवादको एकत्वमा निर्मित नयाँ लोकतन्त्रको मागले सुधारवादलाई पनि परिवर्तनको क्रान्तिकारी मोड प्रदान गर्ने प्रयत्न निकै तीव्रता साथ हाम्रो आन्दोलनमा देखापरेको छ । सशस्त्र सङ्घर्षको कार्यनीतिले जनयुद्धको अवस्था निर्माण गरेपछि साहित्यमा पनि त्यसको प्रतिबिम्ब पर्दै गएको छ । वि.सं. २०६३ सम्म आइपुग्दा प्रगतिशील लेखक सङ्घ संसदीय तथा समरबद्ध शक्तिका अनुयायी वामपन्थी स्रष्टा-द्रष्टाहरूको समेत साझा मञ्च बनेर काम गरिरहेको छ ।

लोकतान्त्रिक गणतन्त्रको झण्डा उचालेर जनआन्दोलनमा निरन्तर सहभागी बन्ने क्रममा थुप्रै सहयात्री सङ्घ, संस्थाहरू खडा भए र तिमीहरूसँग हातमालो गर्दै प्रलेस अघि बढ्यो। यसरी अघि बढ्ने क्रममा वि.सं. २०६२ साउन २३ गते लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च गठन भयो। त्यसको संयोजकमा वैरागी काइँला रहे। अध्यक्षहरूमा आनन्ददेव भट्ट, तुलसी भट्टराई, निनु चापागाई तथा महासचिवमा रमेशप्रसाद भट्टराई तथा सचिवमा मातृका पोखरेल रहे। अन्य सदस्यमा खगेन्द्र सङ्ग्रौला, यज्ञनिधि दाहाल, देशभक्त खनाल, नवीन सुब्बा, प्रदीप ज्ञवाली, वेञ्जु शर्मा, विष्णुविभु घिमिरे, अमर गिरी, आहुती, रमेश भट्टराई आदि रहेका छन्। खासगरी सामन्ती प्रतिगामी सांस्कृतिक हमलाहरूको प्रतिकार गर्दै जातीय, क्षेत्रीय तथा भाषिक विभेदको विरोध, बहुजातीय बहुक्षेत्रीय, बहुभाषिय, बहुलवादी सामाजिक संरचना अनुकूल लोकतान्त्रिक वैज्ञानिक संस्कृति निर्माण र संरक्षणमा पहल गर्ने र स्रष्टाहरूको पेशागत हकहितको पक्षपोषण गर्दै आपसी सहयोग र सदभाव बढाउने जस्ता उद्देश्य राखेर लोकतन्त्रमा विश्वास राख्ने पूँजीवादी तथा समाजवादी चिन्तनधाराका स्रष्टाहरूको साझा संस्थाका रूपमा यो देखा पऱ्यो। व्यक्तिगत र संस्थागत दुवै किसिमले आवद्ध हुन सकिने र नेतृत्व पनि चक्रप्रणाली अनुरूप रहने यसको धारणा छ। २०६३ को जनआन्दोलनमा मञ्चको संयोजनमा सवैथरिका लेखक, कलाकारहरूको भरपूर संलग्नता रह्यो। २०६२ माघ ८ गते यसैको आयोजनामा भएको **सिर्जना-यात्रा**, बानेश्वरबाट प्रलेस अध्यक्ष आन्नदेव भट्ट, उपाध्यक्ष- रूद्र खरेल, पूर्व अध्यक्ष निनु चापागाई सचिव रमेशप्रसाद भट्टराई, कोषाध्यक्ष-मातृका पोखरेल लगायत साहित्यकार तुलसीप्रसाद भट्टराई, गायक नन्दकृष्ण जोशी आदि पक्राउ परे। चैत्र ३० गते ३५ भन्दा बढी संघसंस्थाको सहभागितामा लोकतान्त्रिक स्रष्टा मञ्च तथा गुरुकुलको संयोजनमा प्रदर्शित जुलूसमा प्रहरी हस्तक्षेपका अतिरिक्त गोली नै चल्यो। त्यस क्रममा चलचित्र कर्मी देशभक्त खनाल, प्रा. सञ्जीव उप्रेती, साहित्यकार हरिगोविन्द लुइँटेल, आर एम डंगोल, ठाकुर बेल्वासे आदि पक्राउ परे। गुरुकुलमा प्रहरी हस्तक्षेप भयो। २०६३ साल वैसाख १ गतेको संघर्षमा पुनः आनन्ददेव भट्ट, निनु चापागाई, रमेशप्रसाद भट्टराई, रूद्र खरेल, इस्माली, डा. महेश मास्के, डा. सरोज धिताल, डा. रामप्रसाद उप्रेती, गायक नन्दकृष्ण जोशी कवि अर्जुन पराजुली आदि थुप्रै स्रष्टाहरू गिरफ्तार भए।

निष्कर्षमा भन्दा सङ्गठित लेखनको परम्परामा नयाँ विचार र मान्यताका साथ स्थापित प्रगतिशील लेखक सङ्घले २००९ देखि हालसम्म निरन्तर सिर्जनात्मक गतिविधि परिवर्तनकारी संघर्ष र लोकतान्त्रिक संस्कृति निर्माणका लागि आफ्ना गतिविधधि सञ्चालन गर्दै आएको छ। प्रारम्भमा राष्ट्रिय अन्तर्राष्ट्रिय जागरणको परिवेश र प्रेरणाबाट अघि बढेको यस संस्थाले पछि क्रमशः आफ्नै साँस्कृतिक मान्यताका रूपमा प्रगतिवादलाई अङ्गीकार गरेको छ। आफ्नो मूल मान्यता, चिन्तन र आधार प्रगतिवाद भए पनि नेपाली समाज र साँस्कृतिक आन्दोलनका परिप्रेक्ष्यमा प्रगतिशील भावधारलाई पनि सहयात्रीका रूपमा सँगसँगै हिंडाल्नु पर्ने दायित्वबोधबाट यो संस्था सचेत रहिआएको छ। यसको जन्मकालदेखिकै उद्देश्य र कार्यक्रममा सामन्तवाद तथा साम्राज्यवाद विरोधी सञ्चेतना विद्यमान छ। प्रलेसको स्थापना वीरगञ्जमा २००९ साल असौज ५ गते अर्थात् २० सेप्टेम्बर १९५२ मा भएका हो।

यसलाई काठमाडौंमा पनि त्यतिखेरै स्थापना गर्न खोजिएको भए पनि त्यो गठन हुन सकेन र त्यसै कारणबाट विलम्ब भई प्रगति पत्रिका २०१० सालदेखि मात्र प्रकाशित हुन सकेको थियो । पछि २०१६ साल तिर मात्र काठमाडौंमा सङ्गठन बन्न सकेको थियो । ९-१० सालतिरको चर्चा र प्रयत्न पछि साहित्य चिन्तनमा तीव्र बादविवाद पैदा भएको तथ्य तत्कालीन पत्र पत्रिकाहरूमा प्रकाशित तथ्यले पुष्टि गर्दछ, जसको चर्चा माथि भईसकेकै छ ।

प्रलेसको स्थापना सँगै नेपाली साहित्यशास्त्रमा नयाँ सौन्दर्य चेतको सञ्चार भएको पाइन्छ । भाववादी सौन्दर्यशास्त्रको सट्टा भौतिकवादी सौन्दर्यशास्त्रको प्रचार-प्रसारले साहित्य सिर्जनामा यथार्थवादको नयाँ परम्परा हुर्काउँदै गयो । यसै क्रममा विधागत कृतिहरू अगाडि आए । भाषा सम्बन्धी नयाँ धारणा अघि सार्नु, साहित्यिक पत्रकारिताको विकासमा योगदान दिनु, लेखकहरूको व्यवसायिक हितका निमित आवाज उठाउनु, लोकतन्त्र प्राप्तिको सङ्घर्षमा सामेल हुनु जस्ता काम गर्दै प्रलेस अघि बढ्यो । दोस्रो पुनर्गठन अघिसम्म यसको विधान र कार्यक्रम व्यवस्थित भएको देखिँदैन तर पुनर्गठन सँगै प्रकाशित अपिल र प्रलेकको पहिलो अङ्कले यस पक्षमा धेरै कुरा छर्लङ्ग्याएको छ ।

पहिलो चरणका प्रकाशनहरूको जस्तै दोस्रो चरणका प्रकाशनको पनि नेपाली प्रगतिवादी साहित्यको इतिहासमा विशेष स्थान रहेको छ । दोस्रो पुनर्गठन पछि सङ्गठनात्मक आधार बलियो बन्दै गएको छ । आठ अञ्चल अठ्ठाईस जिल्लासम्म यसका शाखा विस्तार भएको पाइन्छ । आञ्चलिक सम्मेलनहरू र राष्ट्रिय सम्मेलनहरूले साहित्यिक मान्यता, प्रवृति र धाराको मात्र लेखाजोखा नगरी मुलुकको जातीय साहित्यतर्फ पनि ध्यान पुऱ्याउन थालेको देखिन्छ । राष्ट्रिय प्रतिभाहरूको सम्मान र अन्तर्राष्ट्रिय सम्पर्क जस्ता क्षेत्रमा पनि प्रलेसले आफूसक्दो काम गर्दै अघि बढिरहेको देखिन्छ ।

वर्तमानमा यसले सङ्गठनात्मक, सिर्जनात्मक र सङ्घर्षको क्षेत्रमा आफूलाई लगाइरहेको छ । नियमित सम्पर्क र भेटघाटका निम्ति केन्द्रीय कार्यालय व्यवस्थित गर्नु, केन्द्रीय प्रकाशनका रूपमा प्रलेस नियमित प्रकाशित गर्नु, विचार-मन्थन कार्यक्रम सञ्चालन गर्दै विधागत गोष्ठीहरू गर्नु र देशव्यापी रूपमा मात्र सीमित नरही नेपाली भाषी अन्य देशका प्रगतिशील लेखकहरूसँग पनि मितेरी विस्तार गर्नु, जनताका मागसँगै आफ्ना आवाजलाई घन्काएर सङ्घर्षमा ओर्लिनु जनच्छीय चिन्तनधारा अंगालेर समानान्तर साहित्य शास्त्रका विकास गर्नु जस्ता कार्यले गर्दा यसको भविष्य उज्जल रहेको देखिन्छ । प्रलेसको यस अध्ययनबाट नेपाली प्रगतिशील तथा प्रगतिवादी भावधाराको लेखनबारे थप अध्ययन गर्न सकिने विविध क्षेत्र र दिशाहरू उद्घाटन भएका छन् । जस्तो कि- नेपाली प्रगतिशील तथा प्रगतिवादी फाँटका स्रष्टाहरूको पहिचान तथा प्रवृत्ति विश्लेषण, लोकतान्त्रिक सङ्घर्षमा नेपाली स्रष्टाहरूको योगदान, प्रगतिशील लेखनको इतिहास आदि । यी सबै तथ्यहरूले गर्दा नेपाली साहित्यमा प्रगतिशील लेखनलाई प्रेरित गर्ने एक मात्र सङ्गठित संस्था प्रलेस र यसले दिएको योगदानबाट नेपाली साहित्य सम्पन्न बन्दै गएको कुरा अब धेरैले स्वीकार्नथालेका छन् ।

□□

सन्दर्भ ग्रन्थ सूची

१. प्रा. अभि सुवेदी, पाश्चात्य काव्य सिद्धान्त, नेराप्रप्र. काठमाडौं ।
२. प्रा. आनन्ददेव भट्ट, जनताको साहित्य, प्रथम संस्करण २०४५ ।
३. डा. ऋषिराज बराल, प्रगतिवाद, प्रथम संस्करण २०४९ ।
-ऐ. मार्क्सवाद र उत्तर आधुनिकतावाद, २०५३ ।
-ऐ.प्रगतिवाद र नेपाली उपन्यास, प्रथम संस्करण २०४० ।
४. कृष्णचन्द्रसिंह प्रधान, भञ्ज्याङनिर प्रथम संस्करण २००९ ।
५. डा. कृष्णलाल हंस, प्रगतिवादी काव्य साहित्य, म. प्र. हि.ग्र. एकेडेमी, संस्करण- १९७१ ।
६. गोविन्दप्रसाद लोहनी- यो हो सोभियत रुस, प्रथम संस्करण २००९ ।
-ऐ नेतृत्वको भोक, प्रथम संस्करण २००९
७. ग्रीष्मबहादुर देवकोटा, राजनैतिक दर्पण भाग १, प्रथम संस्करण २०१६ ।
८. प्रा. चुडामणि बन्धु, देवकोटा, साझा प्रकाशन, ललितपुर, दोस्रो संस्करण २०१६ ।
९. जयप्रसाद ढकाल, साहित्य र संस्कृति, प्रथम संस्करण २०४३ ।
१०. डीपी अधिकारी, नेपाली साहित्य र आलोचना, प्रथम संस्करण ।
११. प्रा. ताना शर्मा, भानुभक्तदेखि तेस्रो आयामसम्म, साझा प्रकाशन पाँचौं संस्करण २०४१ ।
१२.प्रा. दयाराम श्रेष्ठ संभव पच्चीस वर्षका नेपाली कथा, नेराप्रप्र- प्रथम संस्करण २०३९ ।
१३. डा. देवीप्रसाद गौतम, प्रगतिवादी परम्परा र मान्यता, प्रथम संस्करण २०४९
१४. निनु चापागाई, यथार्थवादी रचना दृष्टि र विवेचना २०५१ ।
१५. पुष्पलाल, नयाँ जनवादी संस्कृति छानिएका रचना भाग ३, संस्करण २०५४ ।
-ऐ. नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास, २०५३ ।
१६. फादर कामिल वुल्के शब्दकोष, हिन्दी-अंग्रेजी संस्करण ।
१७. मन्मथनाथ गुप्त प्रगतिवादकी रूपरेखा- हिन्दी संस्करण १९६२ ।
१८. महानन्द सापकोटा, पच्चीस वर्षको भाषिक चर्चा, नेराप्रप्र. २०५३ ।
१९. मोराश/दयाराम संभव, नेपाली साहित्यको इतिहास, चौथो संस्करण २०४९ ।
२०. रविलाल अधिकारी प्रगतिवादी नेपाली कविता, लेकाली प्रकाशन, २०४४ पोखरा ।
-ऐ- नेपाली समालोचनाको रूपरेखा, प्रथम संस्करण २०५१ ।
२१. राजेन्द्र सुवेदी, नेपाली उपन्यास परम्परा र प्रवृति, भूमिका प्रकाशन २०५३ ।
२२. विष्णु प्रभात, चिन्तन र सौन्दर्य, पहिलो संस्करण २०४८
२३. श्यामप्रसाद शर्मा थुनुवाको डायरी, २०३८ लालिमा प्रकाशन, काठमाडौं ।
-ऐ. केही साहित्य र साहित्यकार, प्रथम संस्करण २०४२
-ऐ. आएका चिठी, प्रथम सं. २०५५

सन्दर्भ पत्रपत्रिकाहरू

१. उत्साहका केही अङ्कहरू
२. कलम, २०४० पाल्पा
३. गोरखापत्र- २०६१ सालका अङ्कहरू
४. छलफलका २०४१-५१ सम्मका सबै अङ्कहरू
५. श्रृङ्खलाका सबै अङ्कहरू
६. झिसमिसेका सबै अङ्कहरू
७. दृष्टि साप्ताहिक (२०४३-५३)
८ नयाँ कलम(अङ्क, २०३९)
९. निर्माण, पूर्णाङ्क ३०, सिक्किम)
१०. प्रकाश साप्ताहिक (सबै अङ्क, २०५८)
११. प्रगति -वर्ष-१ अङ्क ४, २०१०)
१२. प्रलेक(२०३८)
१३. प्रलेसका सबै अङ्कहरू(२०६२ सम्म)
१४. प्रलेसका आञ्चलिक प्रकाशनहरू
१५. बहस(हिन्दी पत्रिका अङ्क ५, १९८४)
१६. भानु सडक कविता अङ्क, गोकुल जोशी
१७. मेची अञ्चलस्तरीय सम्मेलनको प्रतिवेदन(२०२५)
१८. युगधाराका केही अङ्क
१९. रातो थुंगाका सबै अङ्क
२०. लहरका सबै अङ्क
२१. वेदनाका सबै अङ्क
२२ शारदा (२००८ चैत्र अङ्क)
२३. साथी -वर्ष १२ अङ्क ३, २०५३)
२४. साहित्य (२०१६/१७ का केही अङ्क)
२५. साहित्य प्रथमादुवै अङ्क)
२६. सङ्कल्प(सबै अङ्क)

समाप्त

विष्णु प्रभात

(निबन्धकार/समालोचक)

जन्म/स्थान : वि.सं. २००९ वैशाख १०,
मदनपोखरा-१, पाल्पा

आमा/बाबु : मनकुमारी उपाध्याय, ऋषिराम अर्ज्याल

शिक्षा/विषय : एम्.ए. (नेपाली), विद्यावारिधि (शोधार्थी)

सेवा/सम्मान : पत्रकारिता, साहित्य, गोरखापत्र संस्थान, ने.प्र.प्र., लेखन ।
राष्ट्रिय प्रतिभा सम्मान (२०५४), शान्तिदूत सम्मान (२०६३) ।

कृति/सृजना :

चिन्तन र सौन्दर्य (साहित्यशास्त्र, २०४६), मार्क्सवादी सिद्धान्त र व्यवहार (दर्शन, २०४७), संस्कृतिमा विकल्पवाद (संस्कृति, २०५२), मातृत्व (समाजशास्त्र, २०५३), खुर्सानी पुराण (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०५१), खुच्चिङ (हास्यव्यङ्ग्य निबन्ध, २०५३), खुसखुस कम्पनी (हास्यव्यङ्ग्य निबन्ध, २०५९), कम्युनिस्ट पार्टी र प्रजातन्त्र (राजनीति, २०५५), खुलेखुला कुरा (हास्यव्यङ्ग्य निबन्ध, २०५६), एघारौं अवतार (हास्यव्यङ्ग्य समीक्षा, २०५८), कलममाथिको कलम (समालोचना, २०५८), खुलदुली (हास्यव्यङ्ग्य निबन्ध, २०५८), खुराक (हास्यव्यङ्ग्य निबन्ध, २०५९), अर्ज्यालवंशीय विद्वत्परम्परा (अनुसन्धान ग्रन्थ, २०६०), प्रलेसको सङ्क्षिप्त इतिहास (अनुसन्धान ग्रन्थ, २०५२), सांस्कृतिक रूपान्तरणको प्रश्न (प्रबन्ध, २०५९), पारिजात र हरिमाया (निबन्धसङ्ग्रह, २०५९), पश्चिमाञ्चलको नेपाली साहित्य प्रवृत्तिगत अध्ययन (शोध, २०६३) ।

सम्पादन/अनुवाद :

पुष्पलालका छानिएका रचनाहरू (भाग १, २०५३), नेपाली पत्रकारहरू (भाग १, २०५१), हास्यव्यङ्ग्य विमर्श (२०६१), टेढो ऐना (हास्यव्यङ्ग्यसङ्ग्रह, २०६३), साहित्यकार-कलाकार परिचयकोश (२०६३), छलफल, प्रकाश, दृष्टि, समदृष्टि (साप्ताहिक) तथा नवयुग, विकल्प, प्रलेस, मुक्तिमोर्चा लगायत धुप्रै पत्रिकाहरूको सम्पादन ।

पुरस्कार/पदक :

वक्तृत्वकलामा प्रथम (लुम्बिनी, २०३५), राष्ट्रिय निबन्ध प्रतियोगितामा प्रथम (पुष्पलाल स्मृति प्रतिष्ठान, २०५६)

फोन : ०१-४४३०३२६

ISBN 99946-43-51-7

9789994643516